# चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधार्थी
विष्णुप्रसाद पौडेल
शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. ६-३-१९-९८६-२००७

नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७२/२०१६

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी विष्णुप्रसाद पौडेलले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ________________
विभागीय प्रमुख हस्ताक्षर

सहप्राध्यापक विष्णुप्रसाद सापकोटा ________________
शोधनिर्देशक हस्ताक्षर

प्रा.डा. नारायणप्रसाद खनाल ________________
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७२/११/२०
३ मार्च २०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र विष्णुप्रसाद पौडेलले **चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/११/१०

२२ फेब्रुअरी २०१६

**सहप्राध्यापक विष्णुप्रसाद सापकोटा**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर तह द्वितीय वर्षको नयाँ पाठ्यक्रम अनुसार दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधकार्यको सामग्री सङ्कलन, वर्गीकरण र विश्लेषण जस्ता अनेक जटिल अवस्थामा यसको पूर्णताका लागि जुनसुकै बखत आफ्नो अमूल्य समय प्रदान गरेर आवश्यक सल्लाह, निर्देशन र पृष्ठपोषण प्रदान गर्दै निर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु सहप्राध्यापक विष्णुप्रसाद सापकोटाप्रति कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोध लेखनका लागि हौसलाका साथै प्रेरणा, आवश्यक राय तथा सुझाव एवम् परामर्श दिनुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटाप्रति कृतज्ञता ज्ञापन गर्दछु । शीर्षक चयनदेखि लिएर शोध प्रस्ताव स्वीकृत गरी शोधलेखनका क्रममा आवश्यक सल्लाह र सुझाव दिँदै सामग्री सङ्कलनमा सहयोग गरिदिनुहुने तत्कालीन नेपाली विभागका विभागीय प्रमुख तथा वरिष्ठ समालोचक प्रा.डा. नारायणप्रसाद खनालप्रति पनि म कृतज्ञ र आभारी छु ।

शोधलेखनकै क्रममा आवश्यक सहयोग र उचित सल्लाह प्रदान गर्नुहुने त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पसका आदरणीय गुरुहरू सहप्राध्यापकद्वय डा. धनेश्वर भट्टराई र दीननाथ पण्डितप्रति आभार व्यक्त गर्दछु । सामग्री सङ्कलनमा सहयोग गर्ने आत्मीय भाइ विप्लव गौतम र लेखन कार्यमा सल्लाह सुझाव दिने आत्मीय मित्र सन्तोष सापकोटाप्रति कृतज्ञ छु । यस शोधकार्यका लागि पुस्तक तथा पत्रपत्रिका सरल र सहज रूपमा उपलब्ध गराई सहयोग गर्ने नारायणी कला मन्दिर, रामेश्वर पुस्तकालय तथा वाचनालय, वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय, उद्योग वाणिज्य संघ, चितवन र उद्योग वाणिज्य संघ-रत्ननगर र तिनका प्रमुखहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

आजसम्म मेरो अध्ययन कार्यलाई अनुकूल वातावरण सिर्जना गरी शोधलेखन कार्यमा हौसला र प्रेरणा प्रदान गर्नुहुने पूजनीय माता-पिता एवं परिवारका सम्पूर्ण सदस्यहरूमा हार्दिक आभार व्यक्त गर्दछु । यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कन गरिदिनुहुने कालिका कम्प्युटर सर्भिस, नारायणगढका सञ्चालक महेश पौडेललाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७२/११/१०

२२ फेब्रुअरी २०१६

...........................

**विष्णुप्रसाद पौडेल**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| अनेलेस | अखिल नेपाल लेखक संघ |
| आइ.ए. | इन्टरमिडियट अफ आर्टस |
| आ.मा.वि. | आवासीय माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एम.ए. | मास्टर अफ आर्टस् |
| एमाले | एकीकृत मार्क्सवाद लेनिनवाद |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| चिसाप | चितवन साहित्य परिषद् |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.के.शि.वि. | नेपाली केन्द्रीय शिक्षण विभाग |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशित |
| प्रलेस | प्रगतिशील लेखक संघ |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अर्फ आर्टस |
| भ.उ.म.न.पा. | भरतपुर उपमहानगरपालिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| मोराश | मोहनराज शर्मा |
| र.न.पा. | रत्ननगर नगरपालिका |
| वि.सं. | विक्रम संवत् |
| वि.वि. | विश्वविद्यालय |
| स्व.वि.यु. | स्वतन्त्र विद्यार्थी युनियन |
| सा.स. | साहित्य सङ्गम |

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यका उद्देश्यहरू २

१.४ पूर्वकार्यको विवरण र समीक्षा ३

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ८

१.६ सामग्री सङ्कलन विधि ८

१.७ शोधकार्यको सीमाङ्कन ८

१.८ शोधविधि ९

१.९ शोधपत्रको रूपरेखा ९


## परिच्छेद : दुई

## उपन्यासको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया


२.१ विषय प्रवेश ११

२.२ उपन्यासका परिभाषा र स्वरूप ११

२.३ उपन्यासका संरचक तत्त्वहरू १३

२.३.१ कथावस्तु/विषयवस्तु १४

२.३.२ चरित्र/पात्रविधान १५

२.३.३ परिवेश १६

२.३.४ उद्देश्य १७

२.३.५ दृष्टिबिन्दु १७

२.३.६ भाषाशैली १८

२.४ उपन्यासको वर्गीकरण २०

२.४.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण २३

२.४.२ प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण २५

२.४.३ प्रस्तुतिगत प्रधानताका आधारमा उपन्यासको वर्गीकरण २६

२.४.४ शैलीका आधारमा उपन्यासको वर्गीकरण २७

२.४.५ परिणति वा प्रभावका आधारमा उपन्यासको वर्गीकरण २८

२.४.६ आयामका आधारमा उपन्यासको वर्गीकरण २९

२.४.७ सङ्गठनका आधारमा उपन्यासको वर्गीकरण ३०

२.५ उपन्यास र अन्य विधा ३०

२.५.१ कथा र उपन्यास ३१

२.५.२ उपन्यास र महाकाव्य ३२

२.५.३ उपन्यास र नाटक ३२

२.६ नेपाली उपन्यासको विकास प्रक्रिया ३३

२.६.१ प्राथमिक काल (वि.सं. १८२७ - वि.स.. १९४५) ३४

२.६.२ माध्यमिककाल (वि.सं. १९४६-१९९०) ३५

२.६.३ आधुनिककाल (वि.सं. १९९१ देखि वर्तमानसम्म) ३६

२.७ निष्कर्ष ३७

**परिच्छेद : तीन**

**चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन र विश्लेषण**

३.१ विषय प्रवेश ३९

३.२ चितवनका साहित्यिक गतिविधि ४०

३.२.१ काव्यिक गतिविधिका दृष्टिमा चितवन ४३

२.२.२ कथकीय गतिशीलताका दृष्टिमा चितवन ४४

३.२.३ चितवनको नैबन्धिक गतिविधि ४५

३.२.४ चितवनको नाटक/एकाङ्की गतिविधि ४६

३.२.५ चितवनमा समालोचनाको गतिविधि ४६

३.२.६ चितवनको उपन्यासको गतिविधि ४७

३.३ चितवनको साहित्य र केन्द्रीय साहित्यको बीचको अन्तर:सम्बन्ध ४८

३.४ चितवनको साहित्यमा नारी हस्ताक्षर ५१

३.५ चितवनको उपन्यास साहित्यमा नारी हस्ताक्षर ५३

३.६ शोभा रानाको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन ५५

३.६.१ शोभा रानाको जीवनी ५५

३.६.२ शोभा रानाको व्यक्तित्व ५६

३.६.३ शोभा रानाको साहित्यिक लेखनको प्रेरणा र दृष्टिकोण ५७

३.६.४ 'बेवारिसे' उपन्यासको तत्त्वगत अध्ययन ५८

३.६.४.१ परिचय ५८

३.६.४.२ कथानक ५९

३.६.४.३ पात्रविधान ६०

३.६.४.४ परिवेश ६३

३.६.४.५ उद्देश्य ६३

३.६.४.६ भाषाशैली ६४

३.६.४.७ दृष्टिबिन्दु ६५

३.६.४.८ निष्कर्ष ६५

३.६.५ 'सिकार' उपन्यासको तत्त्वगत अध्ययन ६५

३.६.५.१ परिचय ६५

३.६.५.२ कथानक ६६

३.६.५.३ पात्रविधान ६८

३.६.५.४ परिवेश ७१

३.६.५.५ उद्देश्य ७१

३.६.५.६ भाषाशैली ७२

३.६.५.७ दृष्टिबिन्द ७२

३.६.५.८ निष्कर्ष ७२

३.७ सरला जोशीको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन ७३

२.७.१ सरला जोशीको जीवनी ७३

३.७.२ सरला जोशीको व्यक्तित्व ७४

३.७.३ सरला जोशीको साहित्यिक लेखनको प्रेरणा र दृष्टिकोण ७४

३.७.४ 'अन्तिम स्वीकार' उपन्यासको तत्त्वगत अध्ययन ७५

३.७.४.१ परिचय ७५

३.७.४.१ परिचय ७६

३.७.४.२ कथानक ७७

३.७.४.३ पात्र विधान ८०

३.७.४.४ परिवेश ८०

३.७.४.५ उद्देश्य ८०

३.७.४.६ भाषाशैली ८०

३.७.४.७ दृष्टिबिन्दु ८१

३.७.४.८ निष्कर्ष ८२

३.८ जलेश्वरी श्रेष्ठको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन ८२

३.८.१ जलेश्वरी श्रेष्ठको जीवनी ८३

३.८.२ जलेश्वरी श्रेष्ठको व्यक्तित्व ८४

३.८.३ साहित्यिक लेखनको प्रेरणा र उपन्यासप्रतिको दृष्टिकोण ८४

३.८.४ 'मेहनती गौरी' बाल उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन ८५

३.८.४.१ परिचय ८५

३.८.४.२ कथानक ८६

३.८.४.३ पात्र विधान ८६

३.८.४.३ परिवेश ८८

३.८.४.५ उद्देश्य ८८

३.८.४.६ भाषाशैली ८९

३.८.४.७ दृष्टिबिन्दु ८९

३.८.४.८ निष्कर्ष ९०

३.८.५ 'सुनपरी' बाल उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन ९०

३.८.५.१ परिचय ९०

३.८.५.२ कथानक ९०

३.८.५.३ पात्रविधान ९१

३.८.५.४ परिवेश ९२

३.८.५.५ उद्देश्य ९२

३.८.५.६ भाषाशैली ९३

३.८.५.७ दृष्टिबिन्दु ९३

३.८.५.८ निष्कर्ष ९३

३.८.६ औपन्यासिक तत्त्वका आधारमा 'नियती चक्र' उपन्यासको अध्ययन ९४

३.८.६.१ परिचय ९४

३.८.६.२ कथानक ९४

३.८.६.३ पात्र विधान ९५

३.८.६.४ परिवेश ९८

३.८.६.५ उद्देश्य ९८

३.८.६.६ भाषाशैली ९९

३.८.६.७ दृष्टिबिन्दु १००

३.८.६.८ निष्कर्ष १००

३.९ शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन १०१

३.९.१ शारदा ढुङ्गानाको जीवनी १०१

३.९.२ शारदा ढुङ्गानाको व्यक्तित्व १०२

३.९.३ साहित्यिक लेखनको प्रेरणा र उपन्यासप्रतिको दृष्टिकोण १०३

३.९.४ 'अन्तिम द्वन्द्व' औपन्यासिक कृतिको तत्त्वगत आधारमा अध्ययन १०४

३.९.४.१ परिचय १०४

३.९.४.२ कथानक १०५

३.९.४.३ पात्रविधान १०६

३.९.४.४ परिवेश १०८

३.९.४.५ उद्देश्य १०८

३.९.४.६ भाषाशैली १०९

३.९.४.७ दृष्टिबिन्दु ११०

३.९.४.८ निष्कर्ष ११०

३.९.५ 'अचानो परेको जीवन' उपन्यासको अध्ययन १११

३.९.५.१ परिचय १११

३.९.५.२ कथानक ११२

३.९.५.३ पात्रविधान ११३

३.९.५.४ परिवेश ११५

३.९.५.५ उद्देश्य ११५

३.९.५.६ भाषाशैली ११६

३.९.५.७ दृष्टिबिन्दु ११७

३.९.५.८ निष्कर्ष ११८

३.९.६ 'प्रश्नचिह्न' उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन ११८

३.९.६.१ परिचय ११८

३.९.६.२ कथानक ११९

३.९.६.३ पात्रविधान १२०

३.९.६.४ परिवेश १२२

३.९.६.५ उद्देश्य १२२

३.९.६.६ भाषाशैली १२३

३.९.६.७ दृष्टिबिन्दु १२४

३.९.६.८ निष्कर्ष १२४

३.९.७ औपन्यासिक तत्त्वका आधारमा 'दुखेका दिन' उपन्यासको अध्ययन १२५

३.९.७.१ परिचय १२५

३.९.७.२ कथानक १२६

३.९.७.३ पात्रविधान १२७

३.९.७.४ परिवेश १३०

३.९.७.५ उद्देश्य १३०

३.९.७.६ भाषाशैली १३०

३.९.७.७ दृष्टिबिन्दु १३२

३.९.७.८ निष्कर्ष १३२

३.१० निरूपा प्रसूनको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन १३२

३.१०.१ निरूपा प्रसूनको जीवन १३३

३.१०.२ निरूपा प्रसूनको व्यक्तित्व १३३

३.१०.३ साहित्यिक लेखनको प्रेरणा र उपन्यासप्रतिको दृष्टिकोण १३४

३.१०.४ औपन्यासिक सिद्धान्तका आधारमा 'अभिषेक' उपन्यासको अध्ययन १३५

३.१०.४.१ परिचय १३५

३.१०.४.२ कथानक १३६

३.१०.४.३ पात्रविधान १३७

३.१०.४.४ परिवेश १३९

३.१०.४.५ उद्देश्य १३९

३.१०.४.६ भाषाशैली १४०

३.१९.४.७ दृष्टिबिन्दु १४१

३.१०.४.८ निष्कर्ष १४१

३.११ प्रवृत्तिका आधारमा चितवनका नारी उपन्यासकारका उपन्यासहरूको अध्ययन १४२

३.१२ निष्कर्ष १४४

## परिच्छेद : चार

## चितवनका नारी स्रष्टाका औपन्यासिक प्रवृत्ति, साहित्यिक योगदान र मूल्याङ्कन

४.१ चितवनका नारी स्रष्टाका औपन्यासिक प्रवृत्ति १४६

४.१.१ उपन्यासकार शोभा रानाका औपन्यासिक प्रवृत्ति १४६

४.१.२ उपन्यासकार सरला जोशीका औपन्यासिक प्रवृत्ति १४७

४.१.३ उपन्यासकार जलेश्वरी श्रेष्ठका औपन्यासिक प्रवृत्ति १४८

४.१.४ उपन्यासकार शारदा ढुङ्गानाका औपन्यासिक प्रवृत्ति १४९

४.१.५ उपन्यासकार निरूपा प्रसूनका औपन्यासिक प्रवृत्ति १५०
४.२ चितवनका नारी उपन्यासकारका साहित्यिक योगदान १५१
४.२.१ विधागत योगदान १५१
४.२.२ कलात्मक योगदान १५२
४.२.३ चितवनका नारी उपन्यासकारहरूको मूल्याङ्कन र स्तर निर्धारण १५४
४.२.४ निष्कर्ष १५६

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ पृष्ठभूमि १५७
५.२ परिच्छेद एकको निष्कर्ष १५७
५.३ परिच्छेद दुईको निष्कर्ष १५७
५.४ परिच्छेद तीनको निष्कर्ष १५७
५.५ परिच्छेद चारको निष्कर्ष १५८
५.६ समग्र निष्कर्ष एवम् उपसंहार १५८

**सम्भावित शोध शीर्षकहरू** १६०

**परिशिष्ट : एक** १६१

**सन्दर्भसामग्री**

क) सन्दर्भग्रन्थसूची १६२
ख) सन्दर्भपत्रिकासूची १६५

# तालिकासूची


तालिका नं. १ : **बेवारिसे** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ६२

तालिका नं. २ : **शिकार** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ७०

तालिका नं. ३ : **अन्तिम स्वीकार** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ७९

तालिका नं. ४ : **मेहनती गौरी** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ८८

तालिका नं. ५ : **सुनपरी** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ९२

तालिका नं. ६ : **नियति चक्र** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ९७

तालिका नं. ७ : **अन्तिमद्वन्द्व** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण १०७

तालिका नं. ८ : **अचानो परेको जीवन** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण ११४

तालिका नं. ९ : **प्रश्नचिह्न** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण १२१

तालिका नं. १० : **दुखेका दिन** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण १२९

तालिका नं. ११ : **अभिषेक** उपन्यासका पात्रको शैलीवैज्ञानिक वर्गीकरण १३८

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

साहित्य सृजनाका दृष्टिले उर्वर मानिने चितवनका नारी स्रष्टाहरूको उपस्थिति महत्त्वपूर्ण रहेको छ । साहित्यका कविता, आख्यान वा कथा र उपन्यास, नाटक र निबन्ध जस्ता विधा तथा तिनका उपविधाहरूमा नारीहरूले सशक्त रूपमा कलम चलाएका छन् । चितवन जिल्लाका नारी स्रष्टाहरूले उपन्यासमा निकै सक्रिय भई कलम चलाएका छन् । हालसम्म चितवनमा रहेका नारी स्रष्टाका औपन्यासिक कृति र तिनको कालक्रमिक विवरण यसप्रकार रहेको छ :-

| क्र.सं. | कृतिकार | कृति | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | शोभा राना | क) बेवारिसे | नवीन राना, चितवन | (२०५२) |
| | | ख) सिकार | शोभा राना, काठमाडौं | (२०५६) |
| २ | सरला जोशी | अन्तिम स्वीकार | मुकेश प्रकाशन, वाराणसी | (२०५८) |
| ३ | जलेश्वरी श्रेष्ठ | क) मेहनती गौरी | बनिता प्रकाशन, विराटनगर | (२०६१) |
| | | ख) नियति चक्र | सहयोगी प्रकाशन, काठमाडौं | (२०६९) |
| | | ग) सुनपरी | बनिता प्रकाशन, विराटनगर | (२०६३) |
| ४ | शारदा ढुङ्गाना | क) अन्तिम द्वन्द्व | नारी साहित्य प्रतिष्ठान, काठमाडौं | (२०६२) |
| | | ख) अचानो परेको जीवन | नारी साहित्य प्रतिष्ठान, काठमाडौं | (२०६३) |
| | | ग) प्रश्नचिह्न | नारी साहित्य प्रतिष्ठान, काठमाडौं | (२०६५) |
| | | घ) दुखेका दिन | ब्रह्म-बसुन्धरा स्मृति प्रतिष्ठान, चितवन | (२०६९) |
| ५ | निरूपा प्रसून | अभिषेक | ज्योति साहित्य प्रतिष्ठान, काठमाडौं | (२०६६) |

चितवनमा रहेर उपन्यास सृजनाका माध्यमबाट नेपाली साहित्यको विकासमा योगदान दिने यस्ता नारी स्रष्टाहरूका उपन्यासहरूको अध्ययन विश्लेषण हुनु अत्यन्त

आवश्यक भएको देखिन्छ तर यी उपन्यासहरूको सामान्य चर्चा-परिचर्चा मात्र भएको देखिन्छ । यसैले उपर्युक्त पाँच जना नारीहरूका एघार वटा उपन्यासहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक देखिन्छ । यसैले प्रस्तुत अध्ययनका लागि **चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन** विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ समस्याकथन

चितवनमा रहेर उपन्यास लेख्ने नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन नै यस शोधकार्यको प्रमुख समस्या हो । यस समस्याका मुख्य बुँदा यसप्रकार रहेका छन् :-

क) चितवनका नारी उपन्यासको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया के-कस्तो रहेको छ ?

ख) चितवनका नारी उपन्यासकारहरूका कृतिहरूको अध्ययन-विश्लेषण कसरी गर्न सकिन्छ ?

ग) चितवनका नारी औपन्यासिक प्रवृत्ति र योगदान के रहेको छ र तिनको मूल्याङ्कन के-कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूमा केन्द्रित रहेर यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

समस्याकथनमा आधारित प्रश्नहरूमा केन्द्रित रहेर चितवनका नारी उपन्यासकारहरूको अध्ययन र विश्लेषण गरिएको यस शोधकार्यमा निम्निलिखित उद्देश्यहरू रहेका छन् :-

क) उपन्यासको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया पहिल्याउनु ।

ख) चितवनका नारी स्रष्टाहरूका उपन्यासको अध्ययन-विश्लेषण गर्नु ।

ग) चितवनका नारी उपन्यासकारका औपन्यासिक प्रवृत्ति र योगदान पत्ता लगाई तिनको मूल्याङ्कन गर्नु ।

उपर्युक्त उद्देश्यहरूमा आधारित रहेर यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

चितवनमा रहेका नारी उपन्यासकारहरूको सामान्य चर्चा-परिचर्चा भए पनि व्यवस्थित अध्ययन भने भएको पाइँदैन । चितवनमा रहेका नारी स्रष्टाहरूद्वारा प्रकाशित औपन्यासिक कृति र तिनका सम्बन्धमा गरिएका विभिन्न चर्चा-परिचर्चा, समालोचना र टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :-

क) लक्ष्मणप्रसाद गौतमले **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण** ग्रन्थमा शोभा रानाको **बेवारिसे** उपन्यासमा भाषिक प्रवाहको अभाव रहे पनि उच्छृङ्खलता नभएको र लेखिकाले भावुकताको संसारलाई देखाउन चाहेको भनाइलाई प्रस्तुत गरेका छन् (गौतम, २०५२ : १०४-११०) ।

ख) सरस्वती रिजालले **बेवारिसे** उपन्यासको *मेरो विचारमा* भूमिका लेखमा लेखिकाको वैचारिक प्रस्तुति प्रशंसनीय रहेको र उपन्यास भावनात्मक सम्प्रेषणको माध्यम बनेको अभिव्यक्ति दिएकी छन् (रिजाल, २०५२ : भूमिका) ।

ग) गोविन्द टन्डनले आफ्नो *शुभेच्छा* शीर्षकको भूमिकामा **सिकार** उपन्यासले वर्तमान समयमा देखिँदै गएको यथार्थताको चित्रण गरेको र कलात्मकताको केही कमी भए पनि यसले दिन खोजेको सन्देश समयानुकूल भएको बताएका छन् (टन्डन, २०५६ : भूमिका) ।

घ) गायत्री श्रेष्ठ र सरस्वती रिजालले **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरु** पुस्तकमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरूको चर्चा गर्ने क्रममा नारी उपन्यासकारको पनि चर्चा गरेका छन् । यसै क्रममा शोभा रानाको **बेवारिसे** उपन्यासलाई सामाजिक यथार्थका रूपमा चिनाउँदै चितवनकी पहिलो नारी युवा उपन्यासकार भएको बताएका छन् र चितवनमा नारी उपन्यासकारको उपस्थिति न्यून रहेको पनि चर्चा गरेका छन् (श्रेष्ठ र रिजाल, २०६२ : १९) ।

ङ) प्रभा भट्टराईले आफ्नो *अन्तिम द्वन्द्वका बारेमा केही कुरा* लेखमा **अन्तिम द्वन्द्व** उपन्यासलाई नारीहरूको जीवनकथामा आधारित यथार्थवादी उपन्यासका रूपमा चिनाउँदै यसमा बोलचालको भाषा प्रयोग भएको बताएकी छन् (भट्टराई, २०६२ : भूमिका) ।

च) रमेश विकलले आफ्नो *एउटा छोटो र मीठो बालकथा* शीर्षकको भूमिका लेखमा **मेहनती गौरी** बालसाहित्यको भण्डारमा एउटा राम्रो र प्रेरणादायी कृति भएको उल्लेख गर्नुका साथै प्रस्तुति र अभिव्यक्ति बालोपयोगी सुन्दर र सुरुचिपूर्ण भएको बताएका छन् (विकल, २०६२ : भूमिका) ।

छ) रमेश प्रभातले *चितवनका साहित्यिक कृतिहरुको अभिरेखाङ्कन* लेखमा चितवनका विविध विधाका कृतिहरूको विवरण दिने क्रममा उपन्यास विधाका स्रष्टा, तिनका कृति, प्रकाशक र प्रकाशन वर्षको सूचीबद्ध विवरण पेस गरेका छन्, जसमा शोभा रानाको **बेवारिसे** र सरला जोशीको **अन्तिम स्वीकार** उपन्यासलाई समावेश गरेका छन् (प्रभात, २०६४ : १२५-१३९) ।

ज) गीता केशरीले आफ्नो लेख *अचानो परेको जीवनलाई नियाल्दा*मा **अचानो परेको जीवन** उपन्यासलाई नारीप्रधान उपन्यासका रूपमा प्रस्तुत गर्दै समाजको यथार्थवादी चित्रण भएको कुरा बताएकी छन् । साथै उनले नारी चेतना, परिवर्तन र अधिकारका लागि सङ्घर्ष गर्ने उपन्यास हो भनेकी छन् (केशरी, २०६५ : भूमिका) ।

झ) गीता केशरीले नै आफ्नो लेख *प्रश्नचिह्न किन ?* मा **प्रश्न चिह्न** उपन्यासको भूमिका लेख्ने क्रममा बालविवाह, बहुविवाह जस्ता प्रथाको अन्त्य गर्नुपर्ने पक्षमा यो उपन्यास रहेको र नारी क्रान्तिका लागि अग्रसर भएको बताएकी छन् (केशरी, २०६५ : भूमिका) ।

ञ) पूर्णप्रसाद अधिकारीले *चितवनको आख्यान : विगत र वर्तमान* लेखमा चितवनको आख्यान लेखनको विगत र वर्तमान अवस्थालाई उल्लेख गर्दै चितवनमा साहित्यिक जागरण आरम्भ भएको पच्चीस वर्षपछि मात्र उपन्यास रचना गर्ने परम्परा बसेको बताएका छन् । यसका साथै उपन्यास विधामा प्रकाशित चितवनका औपन्यासिक कृतिको पनि सामान्य टिप्पणी गरेका छन् । अधिकारीले शोभा रानाको **बेवारिसे** उपन्यासलाई सामाजिक विषयवस्तुमा आधारित र सरला जोशीको **अन्तिम स्वीकार** उपन्यासलाई भावुक प्रेमको जीवन्त उदाहरणका रूपमा सङ्क्षिप्त विश्लेषण गरेका छन् (अधिकारी, २०६५ : १६५-१७०) ।

ट) भागीरथी श्रेष्ठले आफ्नो भूमिकामा **सुनपरी** बाल उपन्यासले नैतिक र इमान्दार हुनुपर्ने शिक्षा दिएको कुरा बताएकी छन् भने गाउँ र सहर दुवै क्षेत्रमा सुविधाको उपयोग हुनुपर्छ भन्ने संस्कार बालबालिकामा विकास गराउनु पर्छ भन्ने उद्देश्य यस उपन्यासमा पाइने कुरा उल्लेख गरेकी छन् (श्रेष्ठ, २०६६ : भूमिका) ।

ठ) ज्ञानप्रसाद बास्तोलाले *साहित्य यात्रामा राम्रो खुड्किलो निरूपा प्रसूनको अभिषेक* शीर्षकको लेखमा **अभिषेक** उपन्यासलाई सानो भए पनि चटनीजस्तो र एउटै उपन्यासभित्र दुई ओटा उपन्यास समेटिएकाले रोचक रहेको चर्चा गर्दै यस उपन्यासका बारेमा सामान्य टिप्पणी गरेका छन् (बास्तोला, २०६७ : ३) ।

ड) दीपकमणि 'दाजुभाइ'ले *निरूपा र प्रेमको ह्याङओभर* शीर्षकमा **अभिषेक** उपन्यासको विषयवस्तुमाथि प्रकाश पार्दै निरूपा प्रसूनको उपन्यास लेखन शैलीलाई देखाएका छन् साथै उपन्यासमा प्रेमको प्रभाव ज्यादा परेको उल्लेख गरेका छन् (दाजुभाइ, २०६७ : भूमिका) ।

ढ) रमण घिमिरेले *शैलीगत नविनता* शीर्षकमा **अभिषेक** उपन्यासलाई भाषिक मिठास र प्रस्तुति शैलीले कवितात्मक बनाएको छ भन्दै उपन्यासको शैलीगत नवीनताका बारेमा चर्चा गरेका छन् (घिमिरे, २०६७ : भूमिका) ।

ण) ध्रुवचन्द्र गौतमले *अभिषेक सम्भावनाको छाल* लेखमा **अभिषेक** उपन्यासलाई प्रेम कथामा आधारित दुई उपन्यासको समावेश भएको दुःखान्त उपन्यासका रूपमा चित्रण गरेका छन् (गौतम, २०६७ : भूमिका) ।

त) कृष्ण धराबासीले *साइबर प्रेमको एक नमुना* लेखमा **अभिषेक** उपन्यासलाई नयाँ पुस्ताको भावनाको प्रतिनिधित्व गर्न सफल साइबर प्रेमको एक नमुना उपन्यासका रूपमा चित्रण गरेका छन् । (धराबासी, २०६७ : २५-२८) ।

थ) नवराज लम्सालले **अभिषेक** उपन्यासको पश्च आवरण पृष्ठमा निरूपाको उपन्यासले जीवनवादी बाटोमा हिँड्न सिकाएको कुरा उल्लेख गरेका छन् (लम्साल, २०६७ : आवरण पृष्ठ) ।

द)	ठाकुर शर्माले **अभिषेक** उपन्यासको पश्च आवरण पृष्ठमा नवीनतम प्रयोगद्वारा नयाँ पुस्ताको सोच र शैलीलाई अगाडि सारिएको मौलिक एवम् सामाजिक उपन्यासका रूपमा अभिषेक उपन्यासलाई चित्रण गरेका छन् (शर्मा, २०६७ : आवरण पृष्ठ) ।

ध)	सुधा त्रिपाठीले *नारीवादको कठघरामा नेपाली साहित्य* पुस्तकमा प्रगतिशील महिला लेखिकाका रूपमा जलेश्वरी श्रेष्ठलाई चिनाएकी छिन् (त्रिपाठी, २०६७ : २१०) ।

न)	गोविन्दराज विनोदीले *चितवनका स्रष्टा र साहित्य* लेखमा चितवनका स्रष्टा साहित्यको चर्चा गर्ने सन्दर्भमा चितवनको आख्यानमूलक गद्यअन्तर्गत उपन्यास विधाको पनि चर्चा गरेका छन् । यसै क्रममा विनोदीले शोभा राना, सरला जोशी र शारदा ढुङ्गानाको एक-एक ओटा औपन्यासिक कृति रहेको उल्लेख गरेका छन् ( विनोदी, २०६७ : ४१-४६) ।

प)	पार्वती सापकोटाले **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रमा चितवनमा रहेर उपन्यास लेख्ने उपन्यासकार शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व, अचानो परेको जीवन, प्रश्नचिह्न** औपन्यासिक कृतिको तत्त्वगत आधारमा विश्लेषण गरेकी छन् (सापकोटा, २०६७ : ४०-६०) ।

फ)	ऋषिराम भट्टराईले *चितवनका नारी साहित्य स्रष्टाहरुको सर्वेक्षण र विश्लेषण* शीर्षकको शोधपत्रमा चितवनका नारी स्रष्टाहरूको चर्चा गर्ने क्रममा उपन्यासकार शोभा रानाको **बेवारिसे** र **सिकार** उपन्यास साथै सरला जोशीको **अन्तिम स्वीकार** उपन्यासको तत्त्वगत आधारमा विश्लेषण गरेका छन् (भट्टराई, २०६७ : ५४-६०, ७२-७६) ।

ब)	विजयराज न्यौपानेले **लमजुङको साहित्यिक इतिहास** पुस्तकमा लमजुङको साहित्यिक इतिहासको चर्चा गर्ने क्रममा उपन्यासकार शारदा ढुङ्गानाको सामान्य जीवनी र कृतित्वका बारेमा छोटो चर्चा पनि गरेका छन् । **अन्तिम द्वन्द्व, अचानो परेको जीवन, प्रश्न चिह्न** उपन्यास र **बसुन्धरा** (स्मृतिकाव्य) को विषयवस्तु प्रस्तुत गर्दै उनका उपन्यासमा आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीको **नासो** कथासङ्ग्रहको प्रभाव परेको बताएका छन् (न्यौपाने, २०६८ : २६१-२६२) ।

भ)	लीला लुइटेलले **नेपाली महिला उपन्यासकार** पुस्तकमा शोभा रानाको **बेवारिसे** उपन्यासमा बेवारिसे बालिकाले भोग्नु परेका पीडालाई मार्मिक रूपमा प्रस्तुत गरेकी

छिन् । उनले समाजमा जरो गाडेर बसेको जातिभेदको विरोध पाइने यस उपन्यासमा अन्तर्जातीय विवाहको समर्थन गरिएको भनेकी छन् । **सिकार** उपन्यासमा छली तथा धोकेबाज व्यक्तिले अबोध र निर्दोष नारीलाई आफ्नो छलमा पारेर वासनाको सिकार बनाई उसको जीवन बर्बाद गरिदिने कथ्यलाई अभिव्यक्त गरिएको बताउँदै शोभा रानाका उपन्यासहरू प्राकृतिक सत्यको प्रतीकात्मक प्रस्तुति गर्न सफल छन् भनेकी छन्, साथै उनले सरला जाोशीको **अन्तिम स्वीकार** उपन्यास प्रेम विषयमा आधारित हुनुका साथै यसमा सामाजिक अन्धविश्वासका कारण नारीमाथि हुने उत्पीडन, स्वस्थ र प्रेममय समाजको चाहना अभिव्यञ्जित छ भन्दै पारिवारिक स्नेह र वात्सल्यको प्रस्तुति, ग्रामीण जीवनका सरलता, स्वच्छता र हार्दिक पक्षलाई अघि सारिएको उल्लेख गरेकी छन् (लुइटेल, २०६८ : ४१-४२, ५९) ।

म) गीता केशरीले **दुखेका दिन** उपन्यासभित्र रहेको *दुखेका दिनभित्र पस्दा* लेखमा यो दुःखै दुःखको इतिहास जेलिएको र नायिकाप्रधान उपन्यास भएको चर्चा गरेकी छन् ( केशरी, २०६९ : ङ-ज) ।

य) ज्ञानु अधिकारीले *चितवन जिल्लामा नारी साहित्यकारहरुको उपस्थिति : सङ्क्षिप्त आकलन* लेखमा चितवनका नारी उपन्यासकारका बारेमा चर्चा गर्ने क्रममा शोभा रानाको **बेवारिसे** र **सिकार** उपन्यास, सरला जोशीको **अन्तिम स्वीकार** उपन्यासको चर्चा-परिचर्चा गर्दै उपन्यास विधामा नारी स्रष्टाको उपस्थिति खट्किएको अनुभव गरेकी छन् (अधिकारी, २०६९ : १६५-१६८) ।

र) धनेश्वर भट्टराईले **कायाकैरन** पत्रिकामा प्रकाशित *अन्तिम स्वीकार उपन्यासमा पाइने प्रणय चेतना* लेखमा चितवनकी नारी स्रष्टा सरला जोशीको **अन्तिम स्वीकार** उपन्यासमा पाइने प्रणय चेतनाको विश्लेषण गरेका छन् (भट्टराई, २०६९ : २) ।

ल) ध्रुवचन्द्र गौतमले *औपन्यासिक यात्रालाई शुभकामना* शीर्षक लेखमा **नियति चक्र** उपन्यासलाई नारी स्वतन्त्रताको पक्षमा रहेको र पुरुषप्रधान समाजको यथार्थलाई उदाङ्गो पार्ने काम पनि यस उपन्यासमा भएको बताएका छन् (गौतम, २०६९ : ८९-९५) ।

व)	रजनी ढकालले *अन्यायले उरालेको नारी आवाज : जलेश्वरी श्रेष्ठ* शीर्षक लेखमा श्रेष्ठका व्यक्तिगत जीवन भोगाइ र उनको लेखन कलाका विषयमा अन्तरङ्ग कुराकानीलाई प्रस्तुत गरेकी छन् । गफ गराइको शैलीमा उनको आन्तरिक प्रतिभा र सङ्घर्षको इतिहासलाई समेत उल्लेख गरेकी छन् (ढकाल, २०६९ : ८९-९५) ।

श)	राजेन्द्र सुवेदीले *सामाजिक दुर्नियतिको नियति चक्र : जलेश्वरी श्रेष्ठको औपन्यासिक सिर्जना चेत* शीर्षकको लेखमा **नियतिचक्र** उपन्यासमा पुरानो र नयाँ पुस्ता बीचको संस्कारगत विषमता, जातीयता र वर्गीयताको विभेद, आस्था र निष्ठाका बीचमा देखिएका विसङ्गत पक्षहरूको चित्रण गरिएको बताउँदै नेपाली उपन्यासमा समसामयिकताको सुरुवात २०३३ लाई मानिएको भन्दै विधामिश्रण, विधाभग्नता, विवस्तुता, विचिन्तनता, विसंरचनात्मकता, स्थापित मूल्यहरूप्रतिको उदासीनता, चिन्तनमा बहुलता, सौन्दर्य चिन्तनको आग्रह आदि समसामयिकताका अभिलक्षण हुन् भनेका छन् (सुवेदी, २०६९ : ८-१०) ।

ष)	लक्ष्मण गौतमले *चितवनको साहित्य : विगत र वर्तमान* लेखमा चितवनको साहित्यलाई विगत र वर्तमानका सन्दर्भमा केलाउने क्रममा निरूपा प्रसूनलाई चितवनका उपन्यासकारका रूपमा स्थान दिएका छन् (गौतम, २०७० : १३९) ।

यसरी चितवनका नारी उपन्यासकारहरूका बारेमा भएका पूर्वकार्यहरूले चितवनका नारी उपन्यासकारहरूलाई चिनाउने प्रयास गरेका छन् । नारी उपन्यासकारहरूका बारेमा सामान्य अध्ययन, विश्लेषण र मूल्याङ्कन प्रायः सबै पुस्तक, पत्र-पत्रिकामा भएको देखिन्छ । अतः यस शोधकार्यमा चितवनका नारी उपन्यासकार र तिनका कृतिहरूमा केन्द्रित भई तिनको विस्तृत अध्ययन-विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

चितवनका नारी उपन्यासकारहरू र तिनका उपन्यासका बारेमा व्यवस्थित रूपमा अध्ययन, सर्वेक्षण र विश्लेषण गर्नु आफैमा औचित्यपूर्ण कार्य हो किनभने यस शोधकार्यबाट चितवनका नारी उपन्यासकारहरूको समग्र पहिचान प्रस्तुत हुनुका साथै यसका बारेमा अध्ययन गर्न खोज्ने जिज्ञासुहरूलाई पनि यो थप सामग्री बन्ने कुरामा विश्वास गर्न

सकिन्छ । अर्को कुरा यस शोधकार्यबाट ओभ्फेलमा परेका मोफसलका प्रतिभाहरूको पहिचान समेत हुनेछ, त्यसैले यस शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता स्वतः सिद्ध हुन्छ ।

## १.६ सामग्री सङ्कलन विधि

यस शोधकार्यको लागि सामग्री सङ्कलन गर्न सम्बन्धित नारी उपन्यासकारका ग्रन्थहरू र तिनका बारे लेखिएका पुस्तक र लेखहरूलाई आधार बनाइएकाले यी सामग्रीका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ, साथै सम्बन्धित विषय विशेषज्ञ व्यक्तिहरूसँग सल्लाह, सुझाव र परामर्श समेत लिइएको छ । यसै गरी सम्बद्ध स्रष्टासँग जीवनी सम्बन्धी जानकारीका लागि टेलिफोनमा मौखिक अन्तर्वार्ता पनि गरिएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको विषयगत क्षेत्र चितवनका नारी उपन्यासकार र तिनका कृतिहरूको अध्ययन र विश्लेषण गर्नु रहेको छ । चितवनमा रहेका नारी उपन्यासकारहरूको जीवनी सङ्क्षिप्त रूपमा उल्लेख गर्दै तिनीहरूका औपन्यासिक कृतिहरूको तत्त्वगत रूपमा अध्ययन र विश्लेषण यस शोधकार्यको क्षेत्र रहेको छ । यस शोधकार्यमा चितवनमा रहेका नारी स्रष्टाद्वारा लेखिएका २०६९ सालभित्रमा प्रकाशित औपन्यासिक कृतिहरूको मात्रै अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यका लागि वर्णनात्मक, व्याख्यात्मक, अनुसन्धानात्मक, जीवनीपरक जस्ता समालोचनात्मक शोध विश्लेषण पद्धतिको प्रयोग गरिएको छ । यसका साथै निगमनात्मक शोधपद्धतिको प्रयोगसमेत गरेर विषय विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको आन्तरिक संरचनालाई सङ्गठित र सुव्यवस्थित बनाउन यस शोधकार्यलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदहरू निम्नानुसार रहेका छन्ः-

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा र उपसंहार प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : उपन्यासको सैद्धान्तिक स्वरूप र प्रक्रिया**

यस परिच्छेदअन्तर्गत विषय प्रवेश, उपन्यासका परिभाषा र स्वरूप, उपन्यासका संरचक घटक वा तत्त्वहरू, उपन्यासको विषयवस्तु, प्रवृत्ति, प्रस्तुतिगत प्रधानता, शैली, परिणति वा प्रभाव, आयाम, सङ्गठनका आधारमा वर्गीकरण, उपन्यास र अन्य विधा, कथा र उपन्यास, उपन्यास र महाकाव्य, उपन्यास र नाटक, नेपाली उपन्यासको विकास प्रक्रिया, प्राथमिक काल, माध्यमिक काल, आधुनिक काल र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन**

यस परिच्छेदमा विषय प्रवेश, चितवनका साहित्यिक गतिविधि अन्तर्गत काव्य, कथा, नाटक/एकाङ्की, समालोचना, उपन्यास, चितवनको साहित्य र केन्द्रीय साहित्य बीचको अन्तरसम्बन्ध, चितवनको साहित्य र उपन्यास साहित्यमा नारी हस्ताक्षर, शोभा राना, सरला जोशी, जलेश्वरी श्रेष्ठ, शारदा ढुङ्गाना, निरूपा प्रसूनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, प्रवृत्तिका आधारमा चितवनका नारी उपन्यासकारहरूका उपन्यासहरूको अध्ययन र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : चितवनका नारी स्रष्टाका औपान्यासिक प्रवृत्ति, साहित्यिक योगदान र मूल्याङ्कन**

यस परिच्छेदअन्तर्गत चितवनमा रहेर उपन्यास प्रकाशित गर्ने नारी उपन्यासकारका औपन्यासिक कृतिहरूको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा औपन्यासिक तत्त्वलाई आधार बनाइएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा राष्ट्रिय स्तरको तुलनामा चितवनका नारी उपन्यासकारको योगदानको मूल्याङ्कन गरिएको छ, साथै प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधपत्रका बाह्य संरचनालाई आदिभाग र अन्त्यभागमा विभाजन गरी आदि भागमा स्वीकृति पत्र, निर्देशकको मन्तव्य र कृतज्ञता ज्ञापन आदि समावेश गरिएको छ भने अन्त्यभागमा परिशिष्ट र सन्दर्भसामग्रीका साथ साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# उपन्यासको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया

## २.१ विषय प्रवेश

साहित्यका मुख्य विधा आख्यान, कविता, निबन्ध र नाटकमध्ये आख्यान विधाको उपविधाका रूपमा उपन्यासलाई लिने गरिन्छ । उपन्यास गद्य शैलीमा लेखिएको आख्यानको सशक्त र प्रभावकारी उपविधा हो । उपन्यासले सम्पूर्ण जीवन र मानव इतिहासलाई प्रतिनिधित्व गर्न सक्ने क्षमता राख्दछ । लोकाख्यानका भावगत र अनुभूतिगत मूल्यहरूलाई शब्दको कलात्मक संयोजनद्वारा निर्माण गरी उपन्यासलाई वर्तमान अवस्थासम्म विकसित गराउने कार्य तीव्र गतिमा भैरहेको देखिन्छ । उपन्यास शब्दको शाब्दिक अर्थले नजिकै विन्यास गर्नु वा जीवनको सामीप्यता प्रदान गर्नु भन्ने अर्थ दिन्छ । 'न्यास' शब्दमा 'उप' उपसर्ग लागेर बनेको यो शब्द सम्पूर्ण उप+नि+अस्+अ (घञ्) = (उपन्यास) गरी व्युत्पन्न भएको देख्न सकिन्छ । 'अस्' धातुबाट बनेको उपन्यास शब्दबाट जीवनको ग्रहणीय, मननीय र अनुकरणीय विषयवस्तुको प्रस्तुति हुने गरेको मानिन्छ । उपन्यासमा मानव सभ्यताको चित्रण र प्रकृति प्रदत्त शाश्वत सत्यको उद्घाटन गरिन्छ । विश्व साहित्यमै चर्चित विधाका रूपमा चिनिएको उपन्यासले आख्यान साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । उपन्यासलाई गद्यमा लेखिएको महाकाव्य पनि भन्ने गरिन्छ । उपन्यासको वस्तुगत पहिचानका सन्दर्भमा कैयौँ परिचिन्तकहरूले आ-आफ्ना मत प्रस्तुत गरेका छन् । तिनै मतहरूलाई उपन्यासका परिभाषाका रूपमा ग्रहण गर्न सकिन्छ । उपन्यास सम्बन्धी परिभाषाले नै यसको स्वरूप निर्धारणमा सहयोग पुऱ्याउँछ ।

## २.२ उपन्यासका परिभाषा र स्वरूप

उपन्यास पूर्ण संरचना भएको गद्यात्मक साहित्यिक संरचना हो । उपन्यासको संरचना र स्वरूपका सम्बन्धमा सबैको एउटै मत देखिँदैन । विभिन्न विद्वान्हरूले आ-आफ्नै ढाँचा र शैलीका आधारमा उपन्यासलाई चिनाएका छन् । पूर्वीय र पाश्चात्य विद्वान्हरूका

विचारमा केही समानता भेटिए पनि पाश्चात्य विद्वान्हरूले नै दिएको उपन्यासको परिभाषालाई स्वीकार गरिएको छ । उपन्यास पूर्वमा भन्दा पश्चिममा बढी विकसित भएको र उपन्यासको सैद्धान्तिक स्वरूप पनि पाश्चात्य साहित्यबाट निर्मित भएकाले उपन्यासको परिभाषाका सन्दर्भमा केही विद्वान्हरूका भनाइहरूलाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

राल्फ फक्स - "उपन्यास कोरा कथात्मक गद्य लेखन नभएर मानव जीवनको गद्य हो र यो समग्र मानव जीवनलाई अभिव्यक्त गर्ने पहिलो कला हो ।"

रिचर्ड - "कल्पित आख्यानद्वारा गद्य भाषामा जीवनको व्याख्या गर्ने कृतिलाई उपन्यास भनिन्छ ।"

हर्बट मुलर - "उपन्यास मानव अनुभवको आदर्श वा यथार्थ निरूपण हो र यसमा अनिवार्यतः जीवनको आलोचना रहन्छ ।"

बेब्स्टर - "एउटै कथानक अन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्नेपात्र र तिनका क्रियाकलापहरूको चित्रण भएको विशाल आयामयुक्त कल्पित गद्याख्यानलाई उपन्यास भनिन्छ ।"

क्याम्ब्रिज इन्साइक्लोपिडिया - "उपन्यास साहित्यको १८औँ शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो र यसमा मानवजीवनको व्यापक पक्ष समेटिएको हुन्छ ।"

उपर्युक्त परिभाषाहरूले उपन्यासको सैद्धान्तिक ढाँचा स्वरूप र संरचनाका सम्बन्धमा टिप्पणी गरेको पाइन्छ । यी सबै परिभाषाहरूलाई अध्ययन गरी उपन्यासको परिभाषा र स्वरूप निर्धारण गर्न सकिन्छ । जीवनका विविध पक्षलाई विस्तृत आयाममा प्रस्तुत गरिएको गद्याख्यानात्मक भाषिक संरचनालाई उपन्यास भनिन्छ भन्ने परिभाषा निष्कर्षका रूपमा लिन सकिन्छ । यिनै परिभाषाहरूबाट उपन्यासको स्वरूप निर्धारण हुन्छ । उपन्यासको स्वरूप कस्तो हुन्छ भन्ने सन्दर्भमा निम्न लिखित बुँदाहरूले स्पष्ट मार्ग निर्देश गरेका छन् :

क) उपन्यासले जीवनका सम्पूर्ण पक्षको चित्रण गर्दछ ।

ख) उपन्यास विस्तृत आयाममा संरचित साथै विभिन्न परिच्छेद भाग वा अध्यायमा विभाजित हुन्छ ।

ग) उपन्यास गद्यमा आधारित आख्यानको शृङ्खलाबद्ध साहित्यिक रचना हो ।

घ) उपन्यासमा मुख्य घटनाका साथै सहायक वा प्रासङ्गिक कथाहरू पनि जोडिएर आउँछन् ।

ङ) उपन्यासमा विस्तृत परिवेश, बहुलपात्र र धेरै कालखण्डको चित्रण गरिन्छ ।

च) उपन्यास विभिन्न संरचक अङ्गद्वारा निर्माण भएको पूर्ण रचना हो ।

अन्यविधाभन्दा पछि सुरु भएर चाँडै विकसित भएको उपन्यास जीवनको मार्गदर्शकका रूपमा अगाडि आएको छ । जस्तो सुकै प्रविधि र प्रक्रियाको अनुसरण गरे पनि जीवनलाई बुझेर निष्कर्ष दिने प्रयास गरिनु उपन्यासको मौलिक धर्म हो. । समय, स्थान र व्यक्तित्वको मर्यादालाई पालन गरेर शैली र सीमाभित्र समग्र जीवन प्रस्तुत गर्नु सङ्क्षेपमा व्यक्त हुनु उपन्यासको स्वरूप हो । मान्छेले अनायासै समीकरण गरेका जीवनकणहरू अनियमित रहँदारहँदै पनि ठोस र नियमबद्धझैँ बन्न पुग्दछन् । यिनै परिणतिको स्वभाविक प्रस्तुति हो उपन्यास (सुवेदी, २०६४ : १४) । यो परिणति जुन उपन्यासमा प्रयुक्त हुन्छ, त्यो उपन्यास सफल हुन्छ ।

उपन्यासको स्वरूपका सम्बन्धमा एडिथ ब्हार्टनले भनेका छन्- “समय ठाउँ र महत्त्वको ख्याल राखेर तिनीहरूलाई कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित गर्नु नै उपन्यासको स्वरूप हो (प्रधान, २०५२ : ४) । यथार्थमा प्रत्येक वस्तुको क्रमबद्धता नियमितता मात्र उपन्यासको स्वरूप नभई जस्तो र जसरी चित्रण गर्न खोजिएको हो त्यहाँभित्र पनि आफ्नै किसिमको पूर्णता वा सम्पूर्णको कुनै मार्मिक रूप निर्मित भएको हुनुपर्छ भन्ने तथ्यप्रति अनुदार भइदिनु हुँदैन । यसरी अवयवहरूको नियमित फर्मुला विपरीत प्रयुक्त हुनेहरूको कुनै पनि शृङ्खला हुन्छ र कुनै निश्चित शैलीमा व्यक्त भएर रूपाङ्कित हुने हुँदा घटना, चरित्र, कथात्मकता आदिको रोचक तथा विश्लेषणात्मक आलेख वा तिनीहरूको संयोजन कुशलता उपन्यासको स्वरूप हो (प्रधान, २०५२ : ४) । उपन्यासका परिभाषा र यसका स्वरूपहरूले उपन्यासका निम्ति आवश्यक पर्ने संरचक घटकबारे जानकारी प्रदान गर्दछ ।

## २.३ उपन्यासका संरचक घटक वा तत्त्वहरू

उपन्यासलाई निश्चित आकार प्रदान गर्ने वा उपन्यास निर्माणमा आवश्यक पर्ने अङ्ग वा अवयवहरूलाई नै उपन्यासका संरचक घटक वा तत्त्वहरू भनिन्छ । प्रत्येक

उपन्यास एउटा पूर्ण सिङ्गो रचना भएकाले उपन्यासका घटकहरूको पारस्परिक संयोजन र मेल आवश्यक पर्छ । विभिन्न तत्त्वहरूको कुशल संयोजनबाट मात्र एउटा सिङ्गो रचनाको सम्भव हुन्छ । साहित्यका सबै विधालाई निर्माण गर्ने छुट्टाछुट्टै तत्त्वहरू छन् । यी तत्त्वहरू केही मात्रामा समान किसिमका हुन्छन् । उपन्यास आख्यानात्मक रचना भएकाले यसमा घटना/विषयवस्तु, चरित्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिबिन्दुजस्ता तत्त्वहरू अनिवार्य र प्राथमिक स्तरका हुन्छन् भने द्वन्द्व, बिम्ब, प्रतीक, अलङ्कार, शीर्षक, संवाद विधान आदि सहायक तत्त्वमा समावेश हुन्छन् ।

## २.३.१ कथावस्तु/विषयवस्तु

कथावस्तु, घटना, स्थिति, अवस्था वा प्रसङ्गहरूको योजनाबद्ध विन्यास हो । यसलाई कथानक पनि भनिन्छ । घटनाहरूको तारतम्य र कार्यव्यापारको योजना विस्तारलाई कथानकले प्रस्तुत गर्दछ । कथानककै माध्यमबाट रचनाकारले आफ्नो जीवन दर्शन पनि प्रस्तुत गर्दछ । कथानकमा कार्य-कारण शृङ्खला आबद्ध हुन्छ । यसमा कौतुहलता, उत्सुकता, बौद्धिकता, तार्किकता र काल्पनिकताको आधिक्य रहन्छ । घटनावलीलाई शिलशिलाबद्ध रूपमा प्रस्तुत गर्नु उपन्यासको मुख्य कथानक हो । विषयवस्तु विभिन्न स्रोतबाट ग्रहण गरिन्छ । विषयवस्तुका आधारमा उपन्यास सामाजिक, ऐतिहासिक, पौराणिक, मिथकीय, मनोवैज्ञानिक आदि प्रकारमा विभाजन गर्न सकिन्छ । राजेन्द्र सुवेदीका अनुसार उपन्यासमा निहित कथाका स्वरूपलाई आधार मानेर उपन्यासका कथानकलाई चारभागमा विभाजन गर्न सकिन्छ । कथानकलाई प्रस्तुत गर्ने तरिकाहरूमाः १) साहसिक (अभियान) उपन्यास, २) नाटकीय उपन्यास, ३) घटना प्रधान उपन्यास र ४) चरित्रप्रधान उपन्यास यी चारओटा संज्ञा दिएर उपन्यासलाई चारभागमा विभाजन गर्न सकिन्छ (सुवेदी, २०६४ : १९) । कथानकीय स्वरूपले नै उपन्यासको आकारप्रकार निर्धारणमा सहयोग पुऱ्याउँछ ।

प्रारम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम वा चिनारी, सङ्घर्ष-आरम्भ, सङ्घर्ष विकास, चरम सङ्घर्ष रास र उपसंहारजस्ता कुराहरू कथानकका आदि, मध्य र अन्त्यका क्रममा रहन्छन् भने त्यस्तो कथानकलाई रैखिक ढाँचाको कथानक मान्न सकिन्छ भने क्रमभङ्ग भई आएमा त्यस्तो कथानकलाई वृतकारीय वा व्यतिक्रमी कथानक भनिन्छ ।

उपन्यासमा कथानक आत्माको रूपमा रहने भएकाले अन्य तत्त्वहरू पनि कथानककै परिधिमा घुमेका हुन्छन् ।

## २.३.२ चरित्र/पात्रविधान

उपन्यासमा आउने व्यक्ति वा चरित्रलाई पात्र भनिन्छ । कहिलेकाँही व्यक्ति बाहेक अन्य प्राणी वा वस्तु पनि पात्रका रूपमा सहभागी हुन सक्दछन् । उपन्यास वृहद् रचना भएकाले यसमा धेरै पात्रहरूको उपस्थिति गराउनु पर्ने हुन्छ । सबै पात्रहरूलाई उचित स्थानमा प्रयोग गर्नु पात्रविधान हो । पात्रले नै कथावस्तुलाई अगाडि बढाउने काम गर्छ । उपन्यासमा पात्रहरूको सहभागिता, वक्ता र श्रोता, सम्बोधक र सम्बोधित, प्रेषक र प्रापक आदिका रूपमा रहन्छ । पात्रले आफ्नो चरित्रको प्रदर्शनद्वारा कथानकलाई जीवन्त र सक्रिय तुल्याउने हुनाले पात्रलाई चरित्र पनि भनिएको छ । यसलाई सहभागी पनि भनिन्छ । उपन्यासमा प्रयुक्त पात्रहरूको स्वभाव, कार्यव्यापार र संवादले पाठकलाई सत्यताको भ्रम सिर्जना गरिदिन्छ । यही भ्रमबाट पाठकले काव्यको आनन्दको अनुभूति गर्दछ । चरित्र चित्रणकै माध्यमबाट हरेक सहभागीहरूका व्यक्तिगत र निजी प्रवृत्ति एवम् गुणहरू स्पष्ट पार्ने तथा तिनलाई सशक्त र जीवन्त तुल्याउने काम गरिन्छ । चरित्र चित्रण भनेको विशेष परिस्थितिमा अल्झेको मान्छे कतिखेर कुन भावनाद्वारा अभिप्रेरित हुन्छ र त्यस प्रेरणाका फलस्वरूप ऊ के सोच्छ ? के बोल्छ ? के गर्छ ? आदि कुराहरू सजीवताकासाथ देखाउनु हो । कृतिमा घटनावली र कथानकलाई गतिशील, प्रभावकारी र विकसित तुल्याउने तथा कृतिलाई सार्थक र गरिमामय बनाउने सन्दर्भमा चरित्र चित्रणको महत्त्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा चरित्र वा पात्रका रूपमा देखिने व्यक्ति, पशुपक्षी, जनावर र वस्तुलाई सहभागी र तिनलाई देखाउने ढङ्ग वा तरिकालाई चरित्र चित्रण भनिन्छ (लुइँटेल, २०६९ : ४८) । चरित्र चित्रण भनेको पात्रीय कार्यका आधारमा पात्रका निजी विशेषताको विवेचना हो । उनले आफ्नो जिम्माका कार्य सम्पादन गर्दा देखाएको अकुशलताको रेखाङ्कन हो ।

उपन्यासमा आउने पात्रहरूलाई विभिन्न आधारमा विधाजन गर्न सकिन्छ । लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थिर, जीवन चेतनाका आधारमा व्यक्तिगत र वर्गीय, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य, आबद्धताका आधारमा बद्ध र मुक्त गरी पात्रको वर्गीकरण गर्न सकिन्छ (त्रिपाठी, २०४१/०४२ : ६८) । उपन्यासमा पात्र

चयन गर्दा कथावस्तु सुहाउँदो र परिवेश अनुकूलको भएमा मात्र उपन्यास प्रभावकारी बन्न सक्छ ।

## २.३.३ परिवेश

उपन्यासमा घटित घटनाका लागि उपयुक्त मानिएको स्थल वा कार्य पीठिकालाई परिवेश भनिन्छ । परिवेश अन्तर्गत समय, स्थान र वातावरण समावेश हुन्छन् । यसलाई पर्यावरण, परिवृत्त, परिधिजस्ता शब्दले पनि सम्बोधन गर्ने गरिन्छ । कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ समय र वातावरण नै परिवेश हो । देश, काल र वातावरण परिवेश भएकाले देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय र वातावरणले कार्यव्यापारबाट उत्पन्न पाठकीय प्रभावलाई जनाउँछ । सहभागीहरूले कार्य गर्ने तथा घटनाहरू घट्ने परिवेश अन्तर्गत समय विशेष वा स्थान विशेषको रीतिस्थिति, चालचलन, आचार, व्यवहार, रहनसहन सोचाइ, अनुभव आदि पनि पर्दछन् । उपन्यासमा यी कुराहरू बढी र महत्त्वपूर्ण ढङ्गले आएमा स्थानीय रङ्गको सिर्जना हुन्छ र उपन्यास आञ्चलिक बन्छ । आञ्चलिकताको आधिवाक्य भएको तथा ऐतिहासिक भावभूमिमा आधारित उपन्यासमा परिवेशको अझ महत्त्वपूर्ण स्थान रहन्छ (लुइँटेल, २०६९ : ४८) । परिवेश पात्रको क्रीडाभूमि, त्यसको बनोट र त्यसबाट बुझिने अर्थको समष्टि हो ।

देश, काल र वातावरणले उपन्यासरूपी जीवनको स्वास्थ्यमा सहयोग पुऱ्याउने स्नायविक गठन वा स्नायु प्रणालीको भूमिका निर्वाह गर्दछ । अर्थात् यसले उपन्यासको कथावस्तु र चरित्रमा स्वभाविकता, यथार्थता र प्रभावोत्पादकताको गुण निर्वाह गरेको हुन्छ । परिवेशले पात्रलाई गोडा टेकाउँछ । कथानकलाई विश्वसनीयता प्रदान गर्दछ । परिवेशले उपन्यासका घटना वा भावको रङ्ग निर्धारण गर्दछ ।

उपन्यासमा परिवेश व्यापकरूपमा आएको हुन्छ । व्यापक कथावस्तु समेटिने हुनाले समय पनि धेरै समेटिएको छुन्छ । साथै उपन्यासमा आन्तरिक र बाह्य परिवेशको सिर्जना गरिएको हुन्छ । बाह्य परिवेशले भौतिक अवस्थालाई बुझाउँछ भने आन्तरिक परिवेशले मानसिक अवस्थालाई चित्रण गर्दछ । घटना कहिले घट्यो, कहाँ घट्यो, र कसरी घट्यो ? भन्ने कुरा परिवेशले व्यक्त गर्दछ । उपन्यासमा वर्णन गरिएको कार्यव्यापारप्रति

वास्तविकताको अनुभूति गराउन वस्तु तथा सहभागीलाई सार्थक र जीवन्त तुल्यनउन एवम् समग्र कृतिलाई विशिष्टता प्रदान गर्न र परिवेशले विशेष सहयोग पुऱ्याउने भएकाले उपन्यासमा परिवेशलाई महत्त्वपूर्ण संरचक घटक वा तत्त्व मानिएको छ ।

### २.३.४ उद्देश्य

कुनै पनि रचना गर्दा केही न केही उद्देश्य राखिएको हुन्छ । उपन्यासका सन्दर्भमा उद्देश्य भनेको उपन्यासले दिने विचार वा दर्शन हो । उद्देश्यलाई प्रयोजन पनि भन्ने गरिन्छ । साहित्यको प्रयोजनका सन्दर्भमा पूर्वीय र पाश्चात्य विद्वान्हरूले यस कृतिको प्राप्ति आनन्दानुभूति, शिक्षा प्राप्ति र लोक मङ्गललाई महत्त्वपूर्ण मानेका छन् । उपन्यासको मुख्य उद्देश्य भनेको शिक्षा वा उपदेश दिनु, मनोरञ्जन प्रदान गर्नु, आनन्ददिनु, यथार्थको प्रकटीकरण गर्नु आदि हुन् । वर्तमान उपन्यासहरू जीवनको सापेक्षतामा अन्तर्निहित छन् । मुख्य उद्देश्य र सहायक उद्देश्य गरी उपन्यासमा धेरै उद्देश्यहरूको प्रकटीकरण हुन सक्छ । लेखकले आफ्नो विचार कुनै पात्रका माध्यमबाट वा प्रत्यक्षरूपमा पनि उल्लेख गरेको हुन्छ । जीवनको व्यापक अनुभूति युगीन मूल्य-मान्यता र उपन्यासकारको जीवन दर्शन नै उद्देश्यका रूपमा प्रकट हुन्छन् । यथार्थको सूक्ष्म निरीक्षण गरी कलात्मक प्रस्तुति दिनु नै उपन्यासको उद्देश्य हो ।

उद्देश्य प्रत्यक्षरूपमा व्यक्त भयो भने त्यो उपन्यास कलात्मक मानिँदैन । यसलाई अपरोक्ष ढङ्गले पात्र वा परिवेशका माध्यमबाट व्यक्त गर्नु प्रभावकारी मानिन्छ । उद्देश्यले पाठकलाई मानसिकरूपमा प्रभाव पार्न सक्नुपर्छ । उपन्यासको कथ्य विषय र उद्देश्यका बीचमा सङ्गति हुनु आवश्यक छ ।

### २.३.५ दृष्टिबिन्दु

उपन्यासलाई पाठकका सामु कसरी उपस्थित गराउने भन्ने निर्णय दृष्टिबिन्दुबाट हुन्छ । उपन्यासमा कसको घटना छ र त्यो घटनाको समाख्याता को हो भन्ने कुरा नै दृष्टिबिन्दु हो । कृतिलाई कसरी प्रस्तुति गर्ने र घटनाको विस्तार कसरी गर्ने भन्ने कुरा दृष्टिबिन्दुले स्पष्ट पार्दछ । लेखकले आफ्ना विचार वा धारणालाई पाठकसामु पुऱ्याउने अवस्था, परिस्थिति र तरिका दृष्टिबिन्दु हो । यसले लेखक र पाठकका बीचमा सम्बन्ध

स्थापित गर्ने सेतुको काम गरेको हुन्छ । दृष्टिबिन्दुले उपन्यासकारको मूल अभिप्राय र उसको उपस्थितिलाई समेत जनाउँछ । दृष्टिबिन्दु भनेको कृतिमा अन्तर्निहित विचारधारालाई पहिल्याउने सजिलो तरिका पनि हो । उपन्यासमा व्यक्त गरिने विचारधारा समाख्याताका माध्यमबाट अभिव्यक्त हुन्छ । कृतिमा प्रथमपुरुष दृष्टिबिन्दु र तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिन्छ ।

प्रथमपुरुष दृष्टिबिन्दुलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ । यस्तो दृष्टिबिन्दु प्रयोग गर्दा म/हामी पात्रका माध्यमबाट घटनाको वर्णन गरिएको हुन्छ । यसमा उपन्यासकार आफै उपन्यासमा सहभागी भई घटनाको संयोजन गर्दछ । आफ्नै कथालाई प्रस्तुत गरेझैँ लेखकले वर्णन गर्ने भएकाले यो आत्मकथाजस्तो शैली बन्दछ । उपन्यासभित्रै लेखकलाई उपस्थित गराएर लेख्ने तरिका प्रथमपुरुष दृष्टिबिन्दु हो । म र हामी केन्द्रीय भूमिकामा रहेर समाख्याता भएमा त्यो केन्द्रीय दृष्टिबिन्दु र गौणरूपमा सहयोगीको भूमिकामा रहेमा त्यो परिधीय दृष्टिबिन्दु हुन्छ । खास गरी मनोवैज्ञानिक उपन्यासमा यस्तो दृष्टिबिन्दुको प्रयोग गरिन्छ । प्रथमपुरुष दृष्टिबिन्दु प्रयोग गर्दा लेखक र पाठकको प्रत्यक्ष सम्बन्ध जोडिने भएकाले पाठकसँग लेखकको आत्मीयता, घनिष्ठता र विश्वसनीयता प्राप्त हुन्छ ।

तृतीयपुरुष दृष्टिबिन्दुलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ । यसमा लेखक कृति बाहिरै रहेर ऊ, त्यो, तिनी, उनीजस्ता माध्यमबाट वा कसैको नाम विशेषबाट घटनाको वर्णन गर्दछ । यसमा कथालाई उपन्यासकारले सर्वज्ञ, सीमित र वस्तुगत ढङ्गले प्रस्तुत गर्दछ । कथयिताले घटनाका कुरालाई आफ्नो नियन्त्रणमा लिएर सबै कुराको वर्णन र टिप्पणी गर्दछ भने त्यसलाई सर्वज्ञ दृष्टिबिन्दु भनिन्छ । सीमित दृष्टिबिन्दुमा कथयिताले कुनै निश्चित वा सीमित पक्षको मात्र वर्णन गर्दछ । वस्तुगत दृष्टिबिन्दुमा कथयिता कुनै पात्रको मनभित्र नपसी आफ्नो सामु जेजस्तो घटना छ त्यस घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्दछ । विशेष गरी सामाजिक र घटना प्रधान उपन्यासमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको हुन्छ ।

## २.३.६ भाषाशैली

भाषा भनेको उपन्यासलाई प्रस्तुत गर्ने माध्यम हो भने शैली भनेको प्रस्तुत गर्ने तरिका हो । उपन्यासमा भाषाशैलीको विन्यास भाषा, शैली, प्रतीक, बिम्ब, अलङ्कार, मिथक

आदिको व्यवस्थापनबाट निर्माण हुन्छ । भाषा संरचनाभित्र ध्वनि व्यवस्था, शब्द व्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्थाको प्रयोग हुन्छ । उपन्यास गद्य विधा भएकाले यसको भाषा स्थूल र न्यून लयात्मक क्रमबद्ध ढङ्गले प्रवाहित र व्याकरणसम्मत भाषाको प्रयोगलाई महत्त्व दिइन्छ । हुनत कतिपय उपन्यासहरू कवितात्मक शैलीका पनि हुन्छन् । उपन्यास साहित्यिक रचना भएकाले यसमा बिम्ब र प्रतीकको प्रशस्तै प्रयोग गरिएको हुन्छ भने अलङ्कारलाई भाषिक स्तर अनुसार प्रयोग गरिन्छ । उपन्यासमा भाषिक गति र यतिको पनि भूमिका रहन्छ । यसले गद्यलयको सिर्जना गर्दछ । भाषालाई पात्रको स्तर सुहाउँदो र विषयवस्तु सापेक्ष प्रयोग गर्नु उपयुक्त मानिन्छ । भावलाई पाठकसामु पुऱ्याउने र घटनाको मूर्तरूप देखाउने माध्यम भाषा भएकाले यो उपन्यासका निम्ति अनिवार्य तत्त्व मानिएको छ । उपन्यासमा क्लिष्ट र दुरूह भाषाभन्दा सरल, सहज र बोधगम्य भाषाको प्रयोग गर्नुपर्छ । उपन्यासको भाषा बोलचालको भाषाको निकट हुनु राम्रो मानिन्छ ।

शैली भनेको लेखकीय विचारलाई मूर्तरूप दिन भाषालाई व्यक्त गर्ने तरिका हो । यो व्यक्ति पिच्छे फरक-फरक पनि हुन सक्छ । कृतिगत संरचनाका सन्दर्भबाट हेर्दा शैली अन्तर्गत चयन, अग्रभूमिकरण र प्रयुक्ति विविधता पर्दछन् । भाषिक एकाइहरूको कृतिमा सुव्यवस्थित र तात्पर्य मूलकका लागि गरिने छनौटलाई चयन भनिन्छ । यसमा भाषिक एकाइका विभिन्न विकल्पहरू मध्येबाट विचारपूर्वक छनौट गरिन्छ । कृतिको भाषिक एकाइबाट विलक्षणता उत्पन्न गराई पाठकको ध्यानाकर्षण गराउने काम अग्रभूमीकरण हो । यस अन्तर्गत विचलन र समानन्तरता आउँछन् । विषयक्षेत्र, माध्यम र प्रयोक्ताका आधारमा भाषिक प्रयोगमा देखिने विविधतालाई प्रयुक्ति विविधता भनिन्छ (लुइँटेल, २०६९ : ४८) । शैली उपन्यास लेखनको ढङ्ग हो । यो ढङ्ग विविधतामय हुन्छ । भिन्नता नै यसको पहिचान हो ।

उपन्यास लेख्ने शैली यति नै प्रकारका हुन्छन् भनेर किटान गरेको भेटिँदैन । शैलीलाई सामान्यतया युग, लेखक विशेष, तह र भाषिक प्रयोगका आधारमा विभाजन गर्न सकिन्छ । सौन्दर्यमूलक विन्यासद्वारा गरिने लेखकीय अभिव्यक्तिको विशिष्ट ढाँचालाई शैली भनिन्छ । लेखकले आफ्ना कृतिमा के कस्ता शब्द, वाक्य आदि भाषिक एकाइको चयन गरेको छ र कसरी तिनीहरूको विन्यास मिलाएको छ साथै कुन तरिकाबाट भाव वा विचारको अभिव्यक्त गरेको छ भन्ने कुरा शैलीबाट थाहा हुन्छ । शैली व्यक्तिगत,

औपचारिक, अनौपचारिक, कलात्मक, आलङ्कारिक, वर्णनात्मक, विवरणात्मक, विचारात्मक, यात्रात्मक, आत्मालापीय, वार्तालापीय, नाटकीय आदि विभिन्न प्रकारका हुन्छन् । भाषा र शैलीको विशेष विन्यासद्वारा उपन्यास कलात्मक बन्न सक्छ । शैलीले कृतिको साहित्यिक संरचना र भाषिक संरचनालाई जोड्ने काम गर्छ ।

उपर्युक्त उपन्यासका अनिवार्य तत्त्वहरू बाहेक संवाद, द्वन्द्व, कौतुहलता र शीर्षक विधानलाई पनि उपन्यासका तत्त्व अन्तर्गत राखेको पाइन्छ । उपन्यासमा अनुकूल र प्रतिकूल चरित्रको समावेश हुनुले द्वन्द्वको सिर्जना हुन्छ भने कहिलेकाँही परिस्थितिका बीचमा पनि द्वन्द्व पैदा हुन सक्छ । द्वन्द्व सङ्घर्षबाट उपन्यासले आफ्नो निश्चित गन्तव्य फेला पार्ने भएकाले द्वन्द्वलाई उपन्यासको प्रभावकारी तत्त्व मानिन्छ । त्यस्तै उपन्यासमा धेरै पात्रहरूको प्रयोग हुने भएकाले यसमा संवादको भूमिका पनि रहन्छ । उपन्यासमा छोटा र सरल संवाद उपयुक्त मानिन्छ । संवादले घटना र विचारलाई अग्रगति प्रदान गर्दछ । त्यस्तै कौतुहलता भनेको अब के हुन्छ भन्ने पाठकको जिज्ञासा हो । यसबाट उपन्यासका घटनाहरू रहस्यमय बन्न पुग्छन्, जसले गर्दा पाठकलाई पढौँपढौँ लाग्ने वातावरणको सिर्जना हुन्छ । त्यसैले कौतुहलता पनि उपन्यासमा आवश्यक मानिन्छ । शीर्षक सम्पूर्ण उपन्यासलाई प्रतिनिधित्व गर्न सक्ने परिचय हो । यो शब्द वा पदावलीका रूपमा रहन्छ । यही शीर्षक विस्तारित भएर उपन्यासको रूप लिन्छ । शीर्षकबाटै उपन्यासको परिचय पाइने हुनाले यसलाई पनि आवश्यक तत्त्व मानिन्छ । शीर्षक चयन गर्दा पात्र, विषयवस्तु वा उद्देश्यका आधारमा चयन गरेको देखिन्छ । शीर्षक छोटो, मीठो र प्रभावकारी हुनु आवश्यक छ ।

यसरी उपन्यासका कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीलाई महत्त्वपूर्ण र अनिवार्य तत्त्व मानिए पनि संवाद, द्वन्द्व, कौतुहलता र शीर्षक विधान पनि आवश्यक तत्त्व हुन् । यी सबै तत्त्वको कुशल संयोजनबाट एउटा प्रभावकारी र कलात्मक उपन्यासको जन्म हुन पुग्छ । यी सबै तत्त्वको तारतम्यता, क्रमबद्धता र अन्योन्याश्रित सम्बन्धबाट नै सिङ्गो र पूर्ण संरचना भएको उपन्यासको रचना हुन सक्छ ।

## २.४ उपन्यासको वर्गीकरण

उपन्यासलाई पश्चिमा साहित्यको देन मानिन्छ । उपन्यास आख्यान साहित्य भएकाले यसले जीवन र जगत्का विविध पक्षलाई समेटेको हुन्छ । त्यसैले उपन्यास एउटै

शैली र एउटै विषयवस्तुमा अडिग रहँदैन । उपन्यासको व्यापक क्षेत्र र संरचनालाई आधार मानेर विभिन्न विद्वान्हरूले यसको वर्गीकरण गरेका छन् । एड्विन म्योरले उपन्यासलाई चार प्रकारमा विभाजन गरेका छन् :

क) घटनाप्रधान उपन्यास

ख) चरित्रप्रधान उपन्यास

ग) नाटकीय उपन्यास

घ) इतिवृत्तात्मक उपन्यास

रबर्ट हेरिसले उपन्यासलाई निम्नलिखित प्रकारमा वर्गीकरण गरेको पाइन्छः

क) साहसिक उपन्यास

ख) अन्योक्तिमूलक वा नीतिकथात्मक उपन्यास

ग) अउपन्यास

घ) नीतिकथा

ङ) आत्मकथात्मक

च) अधिक बिक्री हुने वा सस्ता कागजमा छापिएका आख्यान उपन्यास

छ) शिक्षामूलक उपन्यास

ज) बालउपन्यास

झ) क्रिश्चियन उपन्यास

ञ) धार्मिक वा साम्प्रदायिक उपन्यास

ट) जासुसी, रहस्यमूलक, रोमाञ्चक उपन्यास

ठ) सस्तो खाले जासुसी उपन्यास

ड) नकारात्मक काल्पनिक उपन्यास

ढ) लेखापढी उपन्यास

ण) शृङ्गारिक उपन्यास

त) स्वैरकाल्पनिक उपन्यास

थ) गोथिक उपन्यास

द) रेखाचित्रात्मक उपन्यास

ध) ऐतिहासिक उपन्यास

न) अधिपाठ उपन्यास

प) अन्तरक्रियात्मक उपन्यास

फ) बहुसाँस्कृतिक उपन्यास

ब) आचारणमूलक उपन्यास

भ) लघु उपन्यास

म) पशुसम्बन्धी उपन्यास

य) खलनायकी उपन्यास

र) उत्तरआधुनिक उपन्यास

ल) चलचित्रात्मक उपन्यास

व) सर्वहारा वर्गीय उपन्यास

ष) मनोविश्लेषणात्मक उपन्यास

श) क्षेत्रीय उपन्यास

स) छद्मनाभी उपन्यास

ह) नदी उपन्यास

क्ष) रोमान्स उपन्यास

त्र) विज्ञान आख्यानामूलक उपन्यास

ज्ञ) भावुक उपन्यास

अ) क्रमिक उपन्यास

आ) शृङ्खलाबद्ध र धारावाहिक उपन्यास

इ) जासुसी उपन्यास

ई) काल्पनिक आदर्शवादी उपन्यास

उ) पाश्चात्य उपन्यास

उपन्यासको वर्गीकरण गर्दा व्यक्तिविशेषको प्रभाव प्रशस्त पाइन्छ । यस्तो अवस्थामा वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले गरिएको वर्गीकरणलाई आधार मान्नुपर्ने हुन्छ । रचनागत विविधता र नवीन शिल्पशैलीलाई आधार मानी उपन्यासको वर्गीकरण गर्नु उपयुक्त मानिन्छ । उपन्यासको वर्गीकरण गर्ने प्रमुख आधारहरूमा विषयवस्तु, धारा वा प्रवृत्ति,

प्रस्तुतिगत प्रधानता, शैली, परिणति वा प्रभाव, आयाम, सङ्गठन आदि हुन सक्छन् । यिनै आधारमा उपन्यासको वर्गीकरण गरिएको छ (लुइटेल, २०६९ : ६-७) ।

## २.४.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

विषयवस्तु उपन्यासको सर्वप्रमुख तत्त्व हो । विषयवस्तुले घटना वा कथानकलाई प्रस्तुत गर्दछ । घटनाहरूको अवस्था र योजनाबद्ध विन्यासका लागि विषयवस्तुले सुरुदेखि अन्त्यसम्म कथानकलाई डोऱ्याएको हुन्छ । यस्तो विषयवस्तु कार्य कारण सम्बन्धका आधारमा स्थापित भएको हुन्छ । उपन्यास विविध विषयमा लेख्न सकिन्छ । एउटै उपन्यासमा पनि धेरै विषयवस्तु समावेश गर्न सकिने हुँदा उपन्यासको विषयवस्तु व्यापक हुन्छ भन्ने पुष्टि हुन्छ । उपन्यासको सिर्जना समाज, दर्शन, इतिहास, मनोविज्ञान, राजनीति, धर्म संस्कृतिजस्ता क्षेत्रबाट विषयवस्तुको ग्रहण गरेर गरिन्छ । विषयवस्तुका आधारमा लेखक खगेन्द्रप्रसाद लुइटेलले उपन्यास निम्नलिखित प्रकारका हुन्छन् भनेका छन् :

क) सामाजिक उपन्यास

ख) ऐतिहासिक उपन्यास

ग) राजनैतिक उपन्यास

घ) मनोवैज्ञानिक उपन्यास

ङ) साँस्कृतिक उपन्यास

च) धार्मिक पौराणिक उपन्यास

छ) रहस्य/रोमान्समूलक उपन्यास

ज) दार्शनिक उपन्यास

झ) वैचारिक उपन्यास

ञ) विविध विषयक उपन्यास (लुइटेल, २०६९ : ८-९)

समाजसँग सम्बद्ध विषयवस्तुमा आधारित उपन्यासलाई सामाजिक उपन्यास भनिन्छ । यस्ता उपन्यासले समाजको यथार्थ, समस्या, विकृति, भेदभाव, झैझगडाजस्ता विषयलाई समेटेका हुन्छन् । सामाजिक उपन्यासमा समाजमा प्रचलित संस्कार परम्परा र चालचलनको पनि चित्रण गरिएको हुन्छ । यी उपन्यासहरू प्रायः तृतीयपुरुष दृष्टिबिन्दुमा

लेखिन्छन् । ऐतिहासिक उपन्यास भनेको इतिहास सम्बद्ध विषयवस्तुमा आधारित उपन्यास हो । यस्ता उपन्यासमा इतिहासका घटना, पात्र र परिवेशलाई युगीन परिवेश अनुरूप पुनर्निर्माण गरेर देखाइन्छ तर इतिहासको यथार्थ पक्षलाई भने जस्ताको तस्तै प्रयोग गरिन्छ । राजनैतिक विषयसँग आबद्ध विषयवस्तुमा आधारित उपन्यास राजनैतिक उपन्यास हुन्छन् । तात्कालीन राजनैतिक सम्बन्धलाई आधार बनाएर लेखिएका उपन्यासहरूले राजनैतिक घटना राजनैतिक व्यक्ति र राजनैतिक परिवेशको प्रस्तुति दिन्छ । फ्रायडवादी सिद्धान्तका आधारमा मनको विश्लेषण गरी लेखिएका उपन्यासलाई मनोवैज्ञानिक विश्लेषणात्मक उपन्यास भनिन्छ । यस्ता उपन्यासहरू घटना प्रधानभन्दा चरित्र प्रधान हुन्छन् । मनोवित्रानभित्र पनि यौन मनोविज्ञान, अपराध मनोविज्ञान, बालमनोविज्ञान, समाजमनोविज्ञानजस्ता विषयवस्तुहरू समेटिएका हुन्छन् ।

धर्म, परम्परा, चालचलन र रीति रिवाजको समष्टि स्वरूपलाई अँगालेर लेखिएका उपन्यासहरू साँस्कृतिक उपन्यास अन्तर्गत पर्दछन । यस्ता उपन्यासले कुनै युग, राष्ट्र वा जातिको संस्कृतिको पहिचान गराउँछन् । यस्तै धर्म र पुराणसँग आधारित उपन्यासहरू धार्मिक, पौराणिक उपन्यास हुन् । धर्मले बताएका सदाचार, निष्ठा र भक्तिभावना साथै पुराणमा आधारित घटनालाई यस्ता उपन्यासमा समेटिएको पाइन्छ । ज्ञानविज्ञान, जीवन, ईश्वर, प्रकृति, वस्तु आदिको गहन विश्लेषण गरी विचार र दर्शनको प्रस्तुति गर्ने उपन्यासहरू दार्शनिक उपन्यास हुन् । यस्ता उपन्यासमा घटना भन्दा विचारको प्रबलता हुन्छ साथै अन्य उपन्यासभन्दा दुरूह र दुर्बोध्य पनि हुन्छन् । वैचारिक उपन्यास भनेको विभिन्न विचारकहरूद्वारा स्थापित भएका विचारधारालाई आधार मानेर लेखिएका उपन्यास हुन् । कुनै वाद वा सिद्धान्तको अनुशरण गरी त्यसकै समर्थनमा लेखिने भएकाले यसमा पनि घटनाको प्रबलता कम देखिन्छ । आश्चर्य चकित घटना, अद्भुत रहस्य, टुनामुनाजस्ता विषयमा आधारित जासुसी र तिलस्मी खालका उपन्यासलाई रहस्य-रोमान्समूलक उपन्यास भनिन्छ । यसमा अलौकिक घटना, अतिकाल्पनिकता, अतिमानवीय घटनाको प्रस्तुति हुनु यस्ता उपन्यासको विशेषता हो । यस्ता उपन्यासलाई ऐयारी उपन्यास पनि भनिन्छ । त्यस्तै विविध विषयक उपन्यास अन्तर्गत प्रेमप्रणयमूलक, विज्ञान विषयक, साइबर कल्चर आदि आधुनिक प्रविधि र चिन्तनको विषयवस्तुलाई समेटिएको हुन्छ ।

### २.४.२ प्रवृत्तिका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा पाइने प्रवृत्ति, विचार वा वादका आधारमा उपन्यासलाई वर्गीकरण गर्ने परम्परा धारा वा प्रवृत्ति हो । उपन्यास विभिन्न धारा वा प्रवृत्तिमा आधारित भई घटनाको वर्णन गर्ने हुनाले धारा वा प्रवृत्तिका आधारमा पनि उपन्यासलाई वर्गीकरण गर्ने चलन रहेको छ । यस आधारमा उपन्यासलाई चार प्रकारमा विभाजन गर्नु उपयुक्त देखिन्छ :

क) आदर्शवादी उपन्यास

ख) यथार्थवादी उपन्यास

- अ) आदर्शोन्मुख यथार्थवादी उपन्यास
- आ) ऐतिहासिक यथार्थवादी उपन्यास
- इ) सामाजिक यथार्थवादी उपन्यास
- ई) समाजवादी यथार्थवादी उपन्यास
- उ) आलोचनात्मक यथार्थवादी उपन्यास
- ऊ) मनोविश्लेषणात्मक यथार्थवादी उपन्यास

ग) स्वच्छन्दतावादी उपन्यास

घ) प्रयोगवादी उपन्यास

- अ) अस्तित्ववादी विसङ्गतिवादी उपन्यास
- आ) प्रकृतिवादी उपन्यास
- इ) अतियथार्थवादी उपन्यास
- ई) विनिर्माणवादी उपन्यास
- उ) नारीवादी उपन्यास (लुइटेल, २०६९ : १७-१८)

यथार्थलाई भन्दा आदर्शलाई महत्त्व दिएर लेखिएका उपन्यास आदर्शवादी उपन्यास हुन् । मानिसलाई सत् मार्गतर्फ अग्रसर गराउने, चारित्रिक सुधार गर्ने, आत्मविश्वासी र सदाचारी तुल्याउने उद्देश्यले लेखिएका उपन्यासहरू आदर्शवादी हुन्छन् । यस खालका उपन्यासमा पात्र, परिवेश र घटनालाई आदर्शै आदर्शले छोपिएको हुन्छ । त्यस्तै यथार्थवादी उपन्यास भन्नाले समाजमा घटन सक्ने यथार्थ घटनालाई आधार बनाएर लेखिएका उपन्यासहरू भन्ने बुझिन्छ । यस्तो यथार्थ इतिहास, समाज, राजनीति, मनोविज्ञानजस्ता विषयवस्तुसँग सम्बन्धित हुन्छन् । यथार्थवादी उपन्यास कतै आदर्शोन्मुख भएर देखा पर्छ

भने कतै आलोचनात्मक यथार्थवादी बन्न पुग्छ । यसरी हेर्दा यथार्थवादी उपन्यासका पनि थुप्रै प्रकारहरू हुन्छन् । भावनाको प्रबलता भएको र स्वच्छन्द शैलीमा लेखिएको उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भनिन्छ । यसमा काल्पनिकता, भावुकता, अलौकिकता, प्रकृतिचित्रण, आत्मगतताजस्ता विशेषताहरू पाइन्छन् । यसले स्वतःस्फूर्त अभिव्यक्तिलाई जोड दिन्छ । प्रयोगवादी उपन्यासमा चलनचल्तीभन्दा भिन्न किसिमले आधुनिक चिन्तन र नवीन प्रविधिको प्रयोग गरिन्छ । परम्परालाई भन्दा आधुनिकतालाई पछ्याउने प्रयोगवादी उपन्यासको भाषाशैली केही जटिल हुन्छ । जीवनलाई लम्बाइ, चौडाइ, उचाइ र गहिराइका आधारमा विश्लेषण गर्ने प्रयोगवादी उपन्यास पनि अस्तित्ववादी, विसङ्गतिवादी, प्रकृतवादी, अतियथार्थवादी, विनिर्माणवादी, नारीवादी उपन्यासका रूपमा विकसित भएको देखिन्छ । विसङ्गतिबाट अस्तित्वको खोजी गर्ने आदर्शलाई स्वीकार नगरी मानिसको नैसर्गिक रूप र प्राकृतिक क्रियाकलापलाई महत्त्वदिने चेतनप्रवाह शैलीका माध्यमबाट स्वचालित लेखन गर्ने परम्परालाई भत्काएर नितान्त नवीनताको खोजी गर्ने विधाभञ्जन र विधाभिश्रण गर्ने साथै नारी अस्मिता र नारी समस्यालाई आधार बनाएर लेखिएका सबै खाले उपन्यासहरू प्रयोगवादी उपन्यास अन्तर्गत पर्दछन् । प्रयोगवादी उपन्यास लेखन आधुनिक उपन्यास लेखनको नवीन शैली र चिन्तनको महत्त्वपूर्ण प्राप्ति मानिन्छ ।

यथार्थवादको समय मुख्यतः १९औं शताब्दीको उत्तरार्ध मानिन्छ । यो दर्शनशास्त्र, समाजशास्त्र र कलाशास्त्रपछि साहित्यशास्त्रमा देखा परेको हो । यथार्थवादका पनि सामाजिक यथार्थवाद, प्रकृतवादी यथार्थवाद, समाजवादी यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, प्रगतिवादी यथार्थवादजस्ता प्रकारहरू देखिएका छन् (पौडेल, २०६९ : ....) ।

## २.४.३ प्रस्तुतिगत प्रधानताका आधारमा उपन्यासको वर्गीकरण

उपन्यास रचना गर्दा घटना, चरित्र र परिवेशमध्ये कुनलाई बढी महत्त्व दिएर लेखिएको छ त्यसका आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ । यसलाई नै प्रस्तुतिगत प्रधानता भनिएको हो । यस आधारमा उपन्यास तीन प्रकारका हुन्छन् :

क) घटनाप्रधान उपन्यास

ख) चरित्रप्रधान उपन्यास

ग) परिवेशप्रधान उपन्यास (लुइटेल, २०६९ : ३१)

कथावस्तुलाई बढी महत्त्व दिएर लेखिएका उपन्यासहरू घटनाप्रधान उपन्यास हुन् । घटनाको प्रबलता भएका उपन्यासहरू प्रायः गरी बुझिने खालका हुन्छन् । सामाजिक, धार्मिक र पौराणिक विषयवस्तुमा लेखिएका उपन्यासहरू घटना प्रधान हुन्छन् । यसको आख्यान स्थूल किसिमको हुन्छ । त्यस्तै कथावस्तुभन्दा पात्र वा सहभागीको चरित्रलाई महत्त्व दिएर लेखिएका उपन्यासहरू चरित्रप्रधान हुन्छन् । खास गरी मनोविज्ञानमा आधारित उपन्यासले चरित्रको उद्घाटन गरेका हुन्छन् । यसमा विश्लेषणात्मक शैली र आत्मकथानात्मक ढाँचा अँगालिएको हुन्छ । देश-काल र वातावरणलाई मुख्य विषय बनाएर लेखिएका उपन्यासलाई परिवेश प्रधान उपन्यास भनिन्छ । भौगोलिक, सामाजिक र साँस्कृतिक पक्षको चित्रण गर्दै स्थानीय परिवेशलाई महत्त्व दिने परिवेश प्रधान उपन्यासहरू आञ्चलिक उपन्यासका रूपमा चिनिन्छन् ।

## २.४.४ शैलीका आधारमा उपन्यासको वर्गीकरण

सामान्यतया अभिव्यक्ति प्रस्तुत गर्ने तरिका वा ढाँचालाई शैली भनिन्छ । शैलीले उपन्यासको साहित्यिक संरचना र भाषिक संरचनालाई जोड्ने काम गर्छ । शैली अन्तर्गत चयन अग्रभूमिकरण र प्रयुक्ति विविधता पर्दछन् । शैली अनेक प्रकारको हुने हुँदा यस आधारमा उपन्यास पनि विविध किसिमका हुन्छन् । शैलीका आधारमा उपन्यासलाई पाँच प्रकारमा विभाजन गरेको पाइन्छ :

क) वर्णनात्मक उपन्यास

ख) आत्मकथात्मक उपन्यास

ग) संवादात्मक/नाटकीय उपन्यास

घ) पत्रात्मक उपन्यास

ङ) दैनिकी मूलक उपन्यास (लुइटेल, २०६९ : ३४)

उपन्यासमा आउने घटना, पात्र र परिवेशको प्रस्तुति वर्णनात्मक तरिकाले गरिएका उपन्यासलाई वर्णनात्मक उपन्यास भनिन्छ । यसमा घटनाको विवरण र विश्लेषण पनि गरिएको हुन्छ । यस्ता उपन्यास तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिन्छन् । सजिलो तरिकाले प्रस्तुत गर्न सकिने हुँदा अधिकांश उपन्यास वर्णनात्मक नै हुन्छन् । खासगरेर सामाजिक र

मनोवैज्ञानिक उपन्यासहरू वर्णनात्मक शैलीमा लेखिएका हुन्छन् । आत्मकथात्मक उपन्यास लेखन शैली भनेको घटनाको प्रस्तुति म पात्रका माध्यमबाट व्यक्त गरी आत्मालाप वा आत्मकथाका रूपमा प्रस्तुत गरिने शैली हो । यो प्रथमपुरुष दृष्टिबिन्दुमा मनोवादात्मक शैलीको प्रयोग गरी लेखिएको हुन्छ । यसमा घटना वर्णनभन्दा चरित्र चित्रणमा जोड दिइन्छ । संवादात्मक वा नाटकीय उपन्यास शैली दुई वा दुईभन्दा बढी सहभागीहरूका बीचमा संवाद वा वार्तालाप गराएर लेखिने शैली हो । नाटक कै जस्तो संवाद प्रक्रिया हुनाले यसलाई नाटकीय शैली भनिएको हो । यसमा द्वन्द्वको प्रबलता पाइन्छ भने सहभागी पनि परिवर्तन भइरहने अवस्था भइरहन्छ । संवादबाटै उपन्यासको कथानकलाई गतिशील तुल्याउने काम हुन्छ ।

पात्र वा चिठीको शैलीमा घटना, सहभागी र परिवेशको प्रस्तुति गरिने उपन्यास लेखनको शैलीलाई पत्रात्मक शैली भनिन्छ । यसमा एक व्यक्तिले अर्को व्यक्तिलाई सम्बोधन गरेर चिठीकै ढाँचामा विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । पत्रात्मक शैलीमा लेखिएका उपन्यास खासगरी प्रेम प्रणयमूलक हुन्छन् भने यसमा चेतन प्रवाह शैलीको प्रयोग गरिएको हुन्छ । दैनिक जीवनमा घटेका घटनालाई आधार बनाएर दैनिकी लेखनको ढाँचामा लेखिएका उपन्यासहरू दैनिकीमूलक उपन्यास हुन् । यसमा व्यक्तिगत जीवनका सबै पक्षलाई समेट्ने प्रयास गरिएको हुन्छ । दैनिकी वा डायरी शैली पनि भनिने दैनिकीमूलक शैलीको प्रयोग नेपाली उपन्यास लेखनमा कमै प्रयोग गरेको पाइन्छ ।

## २.४.५ परिणति वा प्रभावका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासको अन्त्य कसरी भएको छ र त्यसले पाठकलाई कस्तो प्रभाव पारेको छ भन्ने आधारमा पनि उपन्यासको वर्गीकरण गर्न सकिन्छ । उपन्यासको अन्त्यसँगै त्यसको प्रभाव पनि झल्कने हुनाले प्रभाव वा परिणतिका आधारमा उपन्यासलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ : सुखान्त उपन्यास र दुःखान्त उपन्यास ।

मिलन वा संयोगमा अन्त्य भएको उपन्यासलाई सुखान्त उपन्यास भनिन्छ । यस्ता उपन्यासले सुखद पक्षको अनुभूति गराउँछन् । घटना प्रतिकूलबाट अनुकूलतर्फ उन्मुखहुनु, पात्रहरूको मिलन हुनु र उपन्यासले सुख, खुशी र मिलनको वातावरण तयार गरी अन्त्य

हुने उपन्यासहरू सुखान्त उपन्यास हुन् । त्यसै गरी विछोड वा वियोग भएर दुःख, समस्यामा अन्त्य भएका उपन्यास लेखनको शैलीलाई दुःखान्त उपन्यास भनिन्छ । यस्ता उपन्यासमा उपन्यासको घटना अनुकूलबाट प्रतिकूल हुँदै जान्छ भने पात्रहरूका बीचमा झैझगडा, मृत्युशोक वा विछोडको पीडाले दुःखको रूप लिएको हुन्छ । दुःखान्त उपन्यासमा त्रास र करुणाको प्रस्तुति सघनरूपमा भएको पान्इछ ।

## २.४.६ आयामका आधारमा उपन्यासको वर्गीकरण

उपन्यासको आकार वा लेख्ने मात्रालाई आधार मानेर आयामका आधारमा उपन्यासको वर्गीकरण गर्ने चलन छ । हुनत उपन्यास यत्ति नै आकारको हुनुपर्छ भनेर स्पष्ट किटान नगरे पनि यसले जीवनजगतको विविध पक्षलाई समेट्ने भएकाले यो स्वाभाविक रूपमा ठूलो आकारमा संरचित हुन्छ । सबै उपन्यासले उत्तिकै घटना र परिवेशको वर्णन गर्न सक्दैनन् । घटना र पात्रको सहभागिताका आधारमा उपन्यासलाई सानो वा ठूलो रूपमा परिणत गर्ने काम हुन्छ । उपन्यासको आकारको वर्गीकरण गर्दा पृष्ठ सङ्ख्याका आधारमा नभई त्यसले समेटेको विषयवस्तु र कृतिको संरचनालाई ध्यान दिनुपर्ने हुन्छ । आयामका आधारमा उपन्यासलाई तिनप्रकारमा विभाजन गर्न सकिन्छः वृहत उपन्यास, मध्यम उपन्यास र लघु उपन्यास ।

विस्तृत क्षेत्र ओगटेको र ठूलो आयाम भएको उपन्यासलाई वृहत् उपन्यास भनिन्छ । यस्ता उपन्यासहरू धेरै परिच्छेद वा अध्यायमा विभाजित हुन्छन् । व्यापक परिवेश र घटनालाई समेट्ने हुनाले यसमा मूलकथासँगै उपकथाहरू पनि जोडिएर आएका हुन्छन् । मध्यम उपन्यास भनेको आयामका दृष्टिले वृहन् उपन्यासभन्दा केही सानो आकारका उपन्यासलाई बुझिन्छ । यसमा घटना र परिवेशको व्यापक चित्रण नभई आवश्यक मात्रामा प्रस्तुत गरिन्छ । यस्ता उपन्यासहरू विभिन्न भाग वा अध्यायमा परिणत हुन पनि सक्छन् नहुन पनि सक्छन् । मध्यमस्तरको उपन्यास वृहद् र लघु आयामको उपन्यास भन्दा भिन्न हुन्छ । उपन्यासमा पात्र, परिवेश विचार विषयको मध्य एवं मझौला प्रस्तुति रहन्छ । यसमा वृहद् उपन्यासमाझैं पात्रीय यात्राको दीर्घता रहँदैन । परिवेशगत संक्षिप्तता, कालगत लघुता यसका पहिचान हुन् । यस्ता उपन्यासहरूमा प्रायः भाग वा परिच्छेदको योजना गरिँदैन ।

घटनालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु यस्ता उपन्यासको विशेषता हो । लघु उपन्यासलाई उपन्यासिका पनि भनिन्छ ।

### २.४.७ सङ्गठनका आधारमा उपन्यासको वर्गीकरण

सङ्गठन भनेको उपन्यास रचना गर्दा आवश्यक पर्ने तत्त्व वा अवयवहरूको व्यवस्थापन हो । यसरी व्यवस्थापन गर्दा हरेक तत्त्व वा अवयवलाई निश्चित क्रममा प्रस्तुत गरिएको हुन्छ । घटनालाई प्रस्तुत गर्ने पनि विभिन्न तरिकाहरू हुन्छन् । क्रमिक रूपमा वर्णन गर्ने एउटा प्रविधि हो भने घटनालाई नमिलाईकन अगाडि पछाडि बनाएर प्रस्तुत गर्ने अर्को शैली हो । यस आधारमा उपन्यासलाई सरल र जटिल उपन्यास गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

उपन्यासको घटनाक्रम आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेर आएका उपन्यासलाई सरल उपन्यास भनिन्छ । यसमा कथानकको सोझो प्रस्तुति हुन्छ । यसले कथानकको क्रमबद्धतालाई नबिगारिकन सरसर्ती वर्णन गर्दछ । यस्ता उपन्यासहरू पढ्दा सजिलै बुझिने हुनाले प्रायः यस्ता उपन्यासहरू लेखिएका छन् । उपन्यासको घटनालाई जटिल किसिमले प्रस्तुत गरी पाठकलाई पनि बुझ्न कठिन हुने खालका उपन्यास जटिल उपन्यास हुन् । यसमा घटनाक्रमको शृङ्खला मिलेर आएको हुँदैन । घटनालाई घुमाउने, एक अर्काप्रति जेल्ने र एउटै घटनाभित्र अनेक घटनाहरूको मिश्रण गरिएमा उपन्यासहरू जटिल उपन्यास हुन् । यस्ता उपन्यासहरू आकारका दृष्टिले प्रायः वृहत् खालका हुन्छन् ।

उपन्यासलाई वर्गीकरण गर्ने उपर्युक्त सातओटा आधारहरू बाहेक दृष्टिबिन्दुका आधारमा र प्रयोगशीलताका आधारमा पनि वर्गीकरण गरेको पाइन्छ । दृष्टिबिन्दुका आधारमा प्रथम पुरुषात्मक, तृतीय पुरुषात्मक र मिश्रित गरी तिन प्रकारका उपन्यास पाइन्छन् भने प्रयोगशील सन्दर्भका आधारमा अउपन्यास, अधिउपन्यास, नवउपन्यास, सूत्रउपन्यास र अनुभव उपन्यास भनी वर्गीकरण गरेको देखिन्छ ।

## २.५ उपन्यास र अन्य विधा

साहित्यका विविध रचनाहरूमध्ये उपन्यास आख्यानात्मक गद्य रचना हो । यो व्यापक विषयवस्तु समेटेर लेखिएको हुन्छ । साहित्यका अन्य विधामा जस्तै यसमा पनि विषयवस्तु, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीगत तत्त्वहरूको संयोजन गरिएको हुन्छ ।

उपन्यास आख्यानको एउटा प्रकार भएको हुँदा यसको नजिकको सम्बन्ध आख्यानसँग रहेको छ । कथातत्त्वको ढाँचामा खडा भएको रचना नै आख्यानात्मक हुन्छ । नेत्र एटमअनुसार उपन्यास अन्य साहित्यिक विधाका सापेक्षतामा कस्तो स्वरूप वरण गरेर अस्तित्वमा रहेको छ अर्थात् उपन्यास र अन्य आख्यानात्मक विधाहरूबीच कस्तो समानता र असमानता छ भन्ने कुराका सन्दर्भमा उपन्यासको सम्बन्ध कथा, आत्मकथा, नाटक र महाकाव्यसँग बढी हुन्छ (एटम, २०५८ : ७०) । आख्यानात्मक दृष्टिले कथा र उपन्यास एउटै वंशका दुई सन्तान देखिन्छन् । काव्यमा आख्यान कमजोर हुन्छ । उपन्यास र कविताको भाषा पनि फरक हुन्छ । कथन कला फरक हुन्छ । यही फरकपनले उपन्यास अन्य विधाबाट छुट्टिन्छ ।

साहित्यका यिनै विधामा पाइने समानता र भिन्नता बुझ्नका लागि तिनीहरूको तुलनात्मक अध्ययन आवश्यक हुन्छ । उपन्यासको सम्बन्ध कथा, नाटक र महाकाव्यसँग बढी रहने भएकाले यिनीहरूसँगको सम्बन्धलाई यस शीर्षक अन्तर्गत चर्चा गरिएको छ ।

### २.५.१ कथा र उपन्यास

कथा र उपन्यास दुबै आख्यानात्मक गद्य रचना हुन् । दुबैमा घटनाको प्रधानता भए पनि कथा आकारका दृष्टिले सानो र उपन्यास ठूलो आकारको हुन्छ । यसो भन्दैमा कथालाई लम्ब्याउँदैमा उपन्यास र उपन्यास छोट्याउँदैमा कथा बन्न सक्दैन । तत्त्वगत रूपमा समानता पाइए पनि तिनीहरूको संरचना र प्रयोगका सन्दर्भमा प्रशस्त भिन्नता भेटिन्छ ।

कथा र उपन्यासमा धेरै समानता पाइन्छ । यी दुवै आख्यान साहित्य हुन् भने यिनीहरूलाई गद्यमा प्रस्तुत गरिन्छ । साथै दुबैमा तत्त्वगत समानता पाइन्छ । यी दुबै विधाको प्रस्तुति अप्रत्यक्ष किसिमको हुन्छ भने सामान्य तया वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग गरिन्छ । यी दुवै साहित्यका श्रव्य पाठ्य भेद हुन् । दुवैमा कथयिताको उपस्थिति अनिवार्य रहन्छ ।

कथा र उपन्यासमा यति धेरै समानता भए पनि तिनीहरूका बिचमा भिन्नता पनि प्रशस्त पाइन्छ । उपन्यास वृहत् वा विस्तृत आकारको हुन्छ भने कथा लघु वा सीमित आकारको हुन्छ । उपन्यास विभिन्न भाग वा परिच्छेदमा विभाजित हुन्छ भने कथामा त्यस्तो विभाजन देखिँदैन । उपन्यासले समग्र जीवनको चित्रण गर्छ भने कथाले जीवनको कुनै एक पक्षको मात्र चित्रण गर्दछ । उपन्यासमा एक वा सोभन्दा बढी कथाहरू समावेश हुन्छन् भने कथामा एउटा मात्र कथाका प्रस्तुति हुन्छ । उपन्यासले धेरै परिवेश र समयलाई समेट्छ

भने कथामा छोटो समय र परिवेशको चित्रण हुन्छ । उपन्यासको उद्देश्य विशिष्ट र धेरै हुन्छ भने कथाको उद्देश्य निश्चित वा तोकिएको मात्र हुन्छ ।

### २.५.२ उपन्यास र महाकाव्य

उपन्यास र महाकाव्य आख्यान साहित्यका वृहत् स्वरूप भएका साहित्यिक रचना हुन् । प्राचीन समयमा उपन्यासभन्दा महाकाव्यको स्थान अगाडि थियो भने अहिले आएर उपन्यासको लेखन र लोकप्रियता बढेको छ । उपन्यासलाई गद्यमा लेखिएको महाकाव्य भन्नुले पनि यिनीहरूका बिचमा सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

उपन्यास र महाकाव्यमा पाइने समानता भनेको यी दुवैमा स्वतन्त्र ढङ्गले घटनाको सविस्तार वर्णन गरिएको हुन्छ । साथै यी दुवै आकारका दृष्टिले वृहत् घटनाको व्यापकता विस्तृत परिवेशको चित्रण गरिएको हुन्छ । दुबै रचनामा जीवनको समग्र पक्षको चित्रण गरिन्छ । धेरै पात्रको प्रयोग गर्नु, सहभागीका माध्यमबाट घटनालाई अगाडि बढाउनु, जीवनका विभिन्न पक्षको उद्घाटन गर्ने विशिष्ट उद्देश्य हुनु, दुबैको शैली वर्णनात्मक र अप्रत्यक्ष हुनुले दुबैमा रहेको समानता स्पष्ट पुष्टि हुन्छ ।

उपन्यास र महाकाव्यका बिचमा केही भिन्नता पनि रहेको छ । उपन्यास गद्यमा लेखिन्छ भने महाकाव्य पद्यमा लेखिन्छ । उपन्यास स्वतन्त्ररूपमा लेखिने र कुनै शास्त्रीय विधि विधानमा आधारित नरहेको रचना हो भने महाकाव्य शास्त्रीय ढाँचामा लेखिने सर्गबद्ध रचना हो । महाकाव्यमा प्रायः गरी इतिहास पक्षलाई वर्णन गरिनछ भने उपन्यासमा वर्तमान पक्षको चित्रण गरिन्छ, सामाजिक पक्षलाई बढी प्राथमिकता दिइन्छ । महाकाव्य गद्य शैलीमा पनि लेखिन्छ तर गद्य शैलीका महाकाव्यमा लयको आन्तरिक प्रयोग हुने हुँदा गद्य महाकाव्य र उपन्यासमा फरकपन भेटिन्छ । उपन्यासमा सरल भाषाको प्रयोग हुन्छ भने महाकाव्यमा आलङ्कारिक र जटिल भाषाको प्रयोग पाइन्छ । उपन्यास पछिल्लो समयको चर्चित साहित्यिक विधा हो भने महाकाव्य प्राचीन समयको महत्त्वपूर्ण साहित्यिक रचना हो ।

### २.५.३ उपन्यास र नाटक

उपन्यास र नाटक आख्यानात्मक संरचना भएका वृहत् रचना हुन् । आकारका दृष्टिले समान र विषयवस्तुका दृष्टिले पनि समान भेटिने उपन्यास र नाटकका बिचमा केही समानता र केही भिन्नता पान्इछन् ।

उपन्यास र नाटकमा आख्यान साहित्यको प्रयोग हुन्छ । यी दुवैमा कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीगत तत्त्वको प्रयोग हुन्छ । यी दुवै विधा आयामका दृष्टिले वृहत् र विभिन्न भाग वा अध्यायमा विभाजित हुन्छन् । दुवै विधामा जीवनका विविध पक्षको चित्रण गरिएको हुन्छ । दुवैमा चरित्र चित्रणको व्यापकता र धेरै पात्रहरूको प्रयोग गरिएको हुन्छ । प्रायः गरी तत्त्वगत समानता भेटिने नाटक र उपन्यास उद्देश्यका दृष्टिले पनि समान किसिमका छन् ।

उपन्यास र नाटकका बीचमा भिन्नता पनि रहेको छ । उपन्यास गद्यभाषामा लेखिन्छ भने नाटक गद्य र पद्या दुवै भाषामा लेख्न सकिन्छ । उपन्यास भाग, अध्याय र परिच्छेदमा विभाजित हुन्छ भने नाटक अङ्क र दृश्यमा विभाजित हुन्छ । उपन्यास पाठ्य र श्रव्य विधा हो भने नाटक दृश्य विधा हो । उपन्यासको प्रस्तुति अप्रत्यक्ष हुन्छ भने नाटकको प्रस्तुति प्रत्यक्ष हुन्छ । उपन्यास खासगरी वर्णनात्मक शैलीमा लेखिन्छ भने नाटक संवादात्मक शैलीमा लेखिन्छ । उपन्यासमा संवादको प्रयोग ऐच्छिक रूपमा गर्न सकिन्छ तर नाटकमा संवाद अपरिहार्य हुन्छ । उपन्यास लेखनमा स्वतन्त्रता हुन्छ, असम्भव घटनालाई पनि वर्णन गर्न सकिन्छ भने नाटकमा मञ्चन गर्न सकिने घटनालाई मात्र समावेश गरिएको हुन्छ । उपन्यास वाचन कलासँग सम्बन्धित हुन्छ भने नाटक अभिनय कलासँग सम्बन्धित हुन्छ । उपन्यास खुला वातावरणमा आधारित हुन्छ भने नाटक बढी यान्त्रीक र मञ्चप्रधान साहित्यिक विधा मानिन्छ ।

यसरी उपन्यासलाई साहित्यका कथा, महाकाव्य र नाटकका बिच तुलना गरी तिनीहरूका बिचमा रहेको समानता र भिन्नतालाई केलाउन सकिन्छ । यिनीहरूसँगको सम्बन्ध भिन्नताका आधारमा नै उपन्यासले आफ्नो छुट्टै स्वस्थ्य स्वरूप ग्रहण गरेको छ । त्यसैले उपन्यास साहित्यको एक प्रभावकारी र पूर्ण रचना बनेको छ ।

## २.६ नेपाली उपन्यासको विकास प्रक्रिया

पाश्चात्य साहित्यको देन मानिने उपन्यासको परम्परा नेपालीसाहित्यमा आख्यान लेखन परम्पराबाट प्रारम्भ भएको हो । वि.सं. १८२७ वा नेपाल एकीकरणको अभियानसँगै सुरुवात भएको उपन्यास लेखनको पम्परा वर्तमान अवस्थासम्म आइपुग्दा विभिन्न शैली र संरचनाकासाथ विकसित भएको पाइन्छ । प्रारम्भिक अवस्थामा औपन्यासिक तत्त्वको अभाव

रहेकाले उक्त समयलाई उपन्यास लेखनको आधारभूमि मात्र मान्न सकिन्छ । उर्दू, फारसी भाषाका गद्यात्मक रचना र संस्कृत साहित्यका अनूदित आख्यानलाई उपन्यासको रूप दिँदै लेख्ने परम्परा मध्यकालमा आइसकेपछि जासुसी र तिलस्मी उपन्यास लेखनका रूपमा विकसित भएको देखिन्छ । उपन्यासको प्रारम्भिक स्रोत संस्कृत, फारसी, उर्दू वा हिन्दीका आख्यान, प्रेमाख्यान, जासुसी तिलस्मी कथा नै हुन् । यसबाट प्रभावित भएर नेपाली उपन्यासको पनि थालनी गरियो । सुरुसुरुमा संस्कृतकै उपाख्यानहरू अनुदित भए र त्यसकै आधारमा मौलिक उपन्यास पनि लेखिएका हुन् (प्रधान, २०५२ : ४०१) । यसरी लगभग दुईसय पचासवर्ष पार गरेको नेपाली उपन्यासको इतिहासलाई तीन कालखण्डमा देखाउन सकिन्छ :

## २.६.१ प्राथमिक काल (वि.सं. १८२७ - वि.सं. १९४५)

शक्तिबल्लभ अर्ज्यालद्वारा अनुवाद गरिएको **महाभारत विराटपर्व** वि.सं. १८२७ देखि नेपाली उपन्यास लेखन प्रारम्भ भएको मानिन्छ । यो कृति संस्कृत भाषाबाट अनुवाद गरिएको हो । यस्तै वि.सं. १८३१ तिर लेखिएको पृथ्वीनारायण शाहको दिव्योपदेश र १९१० तिर लेखिएको जङ्गबहादुरको बेलायत यात्रा आख्यान भिन्न साहित्यका रचना छन् । उनीहरूले उपन्यास लेखनका लागि केही पृष्ठभूमि प्रदान गरेका छन् । यस समयमा **रामायण, महाभारत** र पुराणसँग सम्बद्ध विभिन्न धार्मिक, नैतिक, औपदेशिक विषयवस्तुमा आधारित लामा-छोटा आयामका गद्याख्यानको अनुवाद रूपान्तरण भएको देखिन्छ । यस समयमा धार्मिक-पौराणिक उपन्यास, नैतिक-औपदेशिक उपन्यास, रोमान्समूलक उपन्यास र ऐतिहासिक उपन्यासहरू लेखिएको पाइन्छ ।

धार्मिक-पौराणिक उपन्यास अन्तर्गत **कृष्णचरित्र, रामायण, महाभारत,** पुराण र व्रतमाहात्म्य कथाका माध्यमद्वारा लेखिएका उपन्यास पर्दछन् । त्यस्तै नैतिक-औपदेशिक उपन्यास अन्तर्गत धर्मकर्म, सत्कार्य र सदाचारतर्फ उन्मुख गराउने उपन्यासहरू पर्दछन् । पुराण, वेद, **उपनिषद्** आदि पुराण र व्रतमाहात्म्यका कथालाई पनि यस समयमा उपन्यासको रूप दिएको पाइन्छ । यसका साथै प्रेम-प्रणयमूलक रोमान्टिक उपन्यासहरू, अरबी, फारसी भाषामा लेखिएका उपन्यासहरू र लोकाख्यानमा आधारित उपन्यासलाई निरन्तरता दिएको

पाइन्छ । यसका साथै इतिहाससँग सम्बद्ध विषयवस्तुमा आधारित उपन्यासहरू पनि प्राथमिक कालमा देखिएका छन् । यस समयमा औपन्यासिक तत्त्वको कमी देखिन्छ । सबै विधाको मिश्रण जस्तो लाग्ने रचनाहरू सिर्जना हुनु, भाषागत परिष्कार नहुनु, विषयवस्तुको सङ्गठन मिल्न नसक्नु, धेरै आख्यानहरू घटनाप्रधान हुनु जस्ता विशेषताहरू प्राथमिक कालका औपन्यासिक कृतिमा भेटिन्छन् । यस समयका उपन्यासकार र उपन्यास कृतिहरूमा शक्तिबल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** - १८२७, **हास्यव्यङ्ग्य**-१८५५, भानुदत्तको **हितोपदेश मित्रलाभ**-१८३३, सुन्दरानन्द वाणाको **अध्यात्मरामायण**-१८९०, **त्रिरत्न सौन्दर्यगाथा**-१८९०, भवानीदत्त पाण्डेको **मुद्राराक्षस**-१८९२, गंगाप्रसाद प्रधानको **नेपाली बाइबल**-१९४०, विष्णुपद पाध्याको **लालहीराको कथा**-१८८९ आदि महत्त्वपूर्ण मानिन्छन् ।

## २.६.२ माध्यमिककाल (वि.सं. १९४६-१९९०)

नेपाली उपन्यासको माध्यमिक कालको प्रारम्भ हरिकृष्णद्वारा रचित र शिवदत्त शर्माद्वारा अनूदित **वीरसिक्का**-१९४६ बाट भएको मानिन्छ । यस समयमा राणाकालीन भोगविलास, मनोरञ्जनको समय भएकाले शृङ्गारिक भावधाराका उपन्यास लेखिन पुगेका छन् । मनोरञ्जनकै अभिप्रायबाट तयार गरिएका हिन्दी, फारसी, उर्दू, अरबी र बङ्गाली भाषाका उपन्यासहरूलाई नेपालीमा अनुवाद गरी उपन्यास रचना गरेको देखिन्छ । यस समयमा केही अनूदित उपन्यास र केही मौलिक उपन्यास पनि देखा परेका छन् । माध्यमिक कालमा आइपुग्दा उपन्यास विधाले औपन्यासिक स्वरूप पनि ग्रहण गरेको देखिन्छ । यस समयमा शृङ्गारिक उपन्यास, मनोरञ्जनात्मक उपन्यास, रहस्य रोमान्समूलक उपन्यास, धार्मिक पौराणिक उपन्यास, नैतिक औपदेशिक उपन्यास, सामाजिक उपन्यास र ऐतिहासिक उपन्यास लेखिएका छन् । मानवीय प्रेम-प्रणय, भोगविलासिता, अलौकिक र अद्भुत घटनाको चित्रण, लोकाख्यानहरू जासुसी तिलस्मी, ऐयारी घटनाको प्रस्तुति, धार्मिक पौराणिक विषयवस्तुको प्रस्तुति, नीति उपदेशको प्रयोग, सामाजिक कुरीति र विसङ्गतिको चित्रण साथै इतिहास सम्बद्ध विषयवस्तुलाई प्रस्तुत गर्नु समग्र माध्यमिक कालको विशेषता हो । यस समयमा **गोर्खापत्र**-१९५८, **उपन्यास तरङ्गिणी**-१९५९, **सुन्दरी**-१९६३ जस्ता पत्रपत्रिकाहरूले पनि उपन्यास लेखनको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

नेपाली उपन्यासको माध्यमिक कालका प्रमुख उपन्यासकार र तिनका उपन्यासहरूमा सदाशिव शर्मा अधिकारीको **चन्द्राकान्ता**-१९५६, **नरेन्द्र मोहिनी**-१९५८, **महेन्द्र प्रभा**-१९५९, गिरीशबल्लभ जोशीको **वीरचरित्र**-१९६०, **बहादुर चरित्र**-१९५७, **प्रारब्ध दर्पण**-१९६३, विज्ञानविलास पद्मनाभ सापकोटाको-**डा. सूर्यप्रसाद**-१९७२, **महारानी प्रियंवदा**-१९७३, पहलमानसिंह स्वाँरको **एकलाख रूपैयाँको चोरी**-१९७४, ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा**-१९८५, अम्बालिका देवीको **राजपुत रमणी** सन् १९३२, वेदनाथ आचार्यको **दयाकी भावी** वि.सं. १९८०, शम्भुप्रसाद ढुङ्गेलको **वीरवल विलास**- सन् १९७३, **शुकसागर**-१९८१ आदि प्रमुख मानिन्छन् । माध्यमिक कालीन उपन्यासको अनुवाद परम्पराका साथै मौलिक उपन्यासको थालनी हुनु, शृङ्गारिक विषयवस्तुमा आधारित हुनु, औपन्यसिक ढाँचाका मौलिक कृति लेखनतर्फ अग्रसर हुनु, मानवीय र मानवेतर पात्रको प्रयोग हुनुजस्ता प्रवृत्तिहरू देखिएका छन् ।

### २.६.३ आधुनिककाल (वि.सं. १९९१ देखि वर्तमानसम्म)

रुद्रराज पाण्डेको **रूपमती** १९९१ उपन्यासले आधुनिक कालको प्रारम्भ गरेको हो । यस उपन्यासमा आधुनिकताका अभिलक्षणहरू केही मात्रामा रहेका छन् किनभने अतिरञ्जनात्मक र काल्पनिक उपन्यास लेखनलाई छाडेर मौलिक यथार्थवादी, सामाजिक उपन्यास लेखनलाई **रूपमती** उपन्यासले आत्मसात् गरेको छ । रुद्रराज पाण्डेको रूपमतीबाट थालिएको नेपाली उपन्यासको आधुनिक कालले अहिलेसम्म आइपुग्दा विभिन्न चरण, उपचरण, मोड र घुम्तीहरू पार गरिसकेको छ । प्रमुख प्रवृत्तिगत परिवर्तनका आधारमा नेपाली उपन्यासको आधुनिक काललाई निम्न लिखित चार चरणमा विभाजन गर्नु उपयुक्त देखिन्छ :

क) पहिलो चरण - वि.सं. १९९१ - २०१५

ख) दोस्रो चरण - वि.सं. २०१६ - २०२०

ग) तेस्रो चरण - वि.सं. २०२१ - २०३५

घ) चौंथो चरण - वि.सं. २०३६ देखि हालसम्म (लुइँटेल, २०६९ : ११४)

नेपाली उपन्यासको पहिलो चरणमा मुख्य तथा सामाजिक आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, ऐतिहासिक यथार्थवादी, सामाजिक यथार्थवादी, समाजवादी यथार्थवादी, प्रवृत्तिका उपन्यासहरू लेखिएका छन् । त्यस्तै दोस्रो चरणमा मनोविश्लेषणात्मक उपन्यासको

प्रबलता देखिन्छ भने आञ्चलिक उपन्यासले पनि स्थान जमाएको छ । उपन्यासको तेस्रो चरणमा अस्तित्ववादी, विसङ्गतिवादी उपन्यास लेखन र जासुसी एवम् सस्ता खाले यौनजन्य, प्रेमप्रणयमूलक उपन्यासको पनि सिर्जना भएको देखिन्छ । त्यस्तै उपन्यासको चौथो चरणमा प्रयोगवादीधारामा आधारित उपन्यासका साथै श्यामव्यङ्ग्य, स्वैरकल्पना, मिथकीय प्रयोग र दार्शनिक पक्षलाई प्रयोग गरेको पाइन्छ । यस आधुनिक नेपाली उपन्यासमा यथार्थवादी र स्वच्छन्दतावादी प्रवृत्तिका थुप्रै उपन्यासकारहरूले उपन्यास रचेको देखिन्छ । पछिल्लो समयमा उत्तरआधुनिक चिन्तन अन्तर्गत अउपन्यास, अनुभवन्यास, अधिउपन्यासजस्ता उपन्यास लेखन शैलीको पनि विकास भएको देखिन्छ । उपन्यास लेखनमा नयाँ नयाँ शैली, आयाम र संरचनामा लेख्ने परम्पराले आधुनिक उपन्यासहरू हरेक दृष्टिले प्रभावकारी मानिन्छन् । उत्तर आधुनिकताकै चिन्तनबाट प्रभावित भएर विधाभञ्जन, विधा मिश्रण, विनिर्माणजस्ता लेखन शैलीलाई अँगाल्दै उपन्यासलाई नवीन ढाँचामा बदल्ने काम भएको छ ।

नेपाली उपन्यासको यति लामो इतिहासमा थुप्रै प्रवृत्ति र विशेषताहरू समेटिएको देखिन्छ । प्राथमिककालीन समयमा उपन्यासको खासै स्वरूप प्राप्त नभए पनि माध्यमिक काल र आधुनिक कालसम्म आइपुग्दा उपन्यास लेखनका नयाँ नयाँ स्वरूप र शैलीको विकास भएको छ । उपन्यास लेखनलाई अझै नवीनता प्रदान गर्न र प्रभावकारी विधाका रूपमा स्थापित गर्न अनेकौँ प्रविधि, शोच र चिन्तनको विकास भइरहेको छ ।

यति ठूलो साहित्यिक श्रेष्ठता प्राप्त गरेको नेपाली उपन्यासको इतिहास निर्माणमा नेपाल देश र देशबाहिरका विभिन्न लेखक, लेखिकाको योगदानको भूमिका महत्त्वपूर्ण मानिन्छ । यसमा चितवन जिल्लाको भूमिकाकम महत्त्वको छैन । चितवनका लीलामणि भट्टराई, केशव भट्टराई, माधव खनाल, अमर न्यौपाने, धनराज गिरी, रविकिरण निर्जीव आदि दर्जनौँ पुरुष उपन्यासकारका अतिरिक्त शोभा राना, सरला जोशी, जलेश्वरी श्रेष्ठ, शारदा ढुङ्गाना निरूपा प्रसून समेतका नारी उपन्यासकारहरूको क्रियाशीलता अविस्मरणीय छ । साहित्यिक गतिविधिका दृष्टिले चितवन जिल्लाको भूमिका अग्रणी छ ।

## २.७ निष्कर्ष

नेपाली साहित्यका विविध विधाहरूमध्ये उपन्यासविधा आख्यान साहित्यको एउटा प्रभावकारी र सशक्त विधा मानिन्छ । उपन्यास आफैमा पूर्ण संरचना भएको विधा भएकाले

यसको पनि आफ्नै सैद्धान्तिक स्वरूप रहेको छ । समग्र जीवनको व्याख्या गर्न सक्ने र वृहद् स्वरूप भएको उपन्यास पाश्चात्य साहित्यको देन हो । उपन्यासका सम्बन्धमा विभिन्न विद्वान्हरूले मतभेद राखे पनि वास्तवमा उपन्यासको स्वस्थ्य गद्याख्यानमा आधारित व्यापक परिवेश, जीवन जगतको समग्र पक्षको चित्रण, उद्देश्यमा विविधता आदि रहेका छन् । एउटा सिङ्गो उपन्यास कृति बन्नका लागि त्यसमा विषयवस्तु, पात्र, उद्देश्य, परिवेश, भाषाशैली, संवाद, द्वन्द्व, दृष्टिबिन्दु, शीर्षक जस्ता तत्त्वहरूको आवश्यकता पर्छ । नेपाली उपन्यासका सन्दर्भमा आधुनिक नेपाली उपन्यासको प्रारम्भ वि.सं. १९९१ देखि भएको हो । यस समयदेखि अहिलेसम्म नेपाली उपन्यासले विभिन्न चरणहरू पार गर्दै आएको छ । ती चरणभित्र पनि आदर्शोन्मुख यथार्थवादी, सामाजिक यथार्थवादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादी, नारीवादी, मिथकीय प्रवृत्तिका उपन्यासहरू प्रशस्त लेखिएका छन् । उपन्यास साहित्यको छुट्टै विधा भएको तर यसको संरचना भने आंशिक रूपमा कथा, नाटक र महाकाव्यसँग मिल्दोजुल्दो देखिन्छ । प्रायः गरी यी विधाहरूमा तत्त्वगत समानता पाइन्छ । यिनै आधारमा उपन्यासलाई साहित्यको स्वतन्त्र विधाका रूपमा उल्लेख गरिएको छ ।

# परिच्छेद : तीन

# चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन

## ३.१ विषय प्रवेश

नेपाल देशको तेस्रो प्रदेश अन्तर्गतको जिल्लाका रूपमा चिरपरिचित चितवन साहित्यिक दृष्टिले अग्रणी छ । भौगोलिक हिसाबले केही पहाडी भूभाग र केही तराईको भूभाग रहेको मिश्रित भूबनावटका साथमा चितवन क्षेत्र अवस्थित रहेको छ । समशीतोष्ण हावापानी पाइने चितवन जिल्लामा थारु र चेपाङ् आदिवासी जाति हुन् भने ब्राह्मण, क्षेत्री, नेवार, तामाङ्ग आदि जातिहरू पहाडी क्षेत्रबाट आएर बसोबास गरेको देखिन्छ । त्यस्तै यहाँ तराईका अन्य जातिहरूको पनि बसोबास देखिन्छ । नेपालका पचहत्तर जिल्लाका विभिन्न जाति र चितवनको आफ्नै मौलिकता देखाउने थारु, चेपाङ्ग जातिको साँस्कृतिक, सामाजिक जनजीवन मिश्रित भई भिन्नै सामाजिक संरचना भएकाले चितवनलाई नेपालको छहत्तरौं जिल्ला भनेर चिनिने गरिएको प्रसङ्ग यहाँ उल्लेख्य छ (गौतम, २०५२ : १) । भूमिको बनोट, बसोबास, पूर्वाधार विकास, सहरी सुख सुविधा आदि दृष्टिमा चितवन विविधतामय छ । जात, धर्म, संस्कृति, सामाजिक पहिचानका दृष्टिले पनि चितवन विविधतामय छ ।

नेपाली साहित्यको विकास परम्परामा चितवनको योगदान पनि महत्त्वपूर्ण देखा परेको छ । समग्र राष्ट्रको साहित्यिक गतिविधिलाई अग्रसर गराउन साहित्यिक विधाहरूलाई परिष्कृत र सैद्धान्तिक स्वरूप प्रदान गर्न चितवनका स्रष्टाहरूले गरेको प्रयास सराहनीय देखिन्छ । चितवनको साहित्यिक लेखनको परम्परा थारु जातिको अलिखित परम्पराबाट विकसित हुँदै वि.सं. २०१६ सालबाट औपचारिक रूपमा थालनी भएको देखिन्छ । त्यस पछि चितवनमा साहित्यिक लेखनको लहर चलेको देखिन्छ । विभिन्न साहित्यिक रचनाहरू कविता, कथा, नाटक, निबन्ध, उपन्यास र समालोचनाका क्षेत्रमा चितवनका स्रष्टाहरूले कलम चलाएको पाइन्छ । चितवनको साहित्य लेखनमा पुरुष साहित्यकारका साथै नारी साहित्यकारको उपस्थिति पनि महत्त्वपूर्ण रूपमा देखा परेको छ । सुरुमा विभिन्न पत्र-पत्रिकाका माध्यमबाट विभिन्न लेख रचनाहरू प्रकाशित गरेर साहित्यको श्रीबृद्धि गरेका

चितवनका नारी साहित्यकारहरूले आफ्ना रचनामा सामाजिक अन्याय, अत्याचार र राजनैतिक विसङ्गतिलाई मूल विषयवस्तु बनाएको देखिन्छ ।

चितवनमा सर्वप्रथम नारी साहित्यकारका रूपमा सरस्वती रिजाल र गायत्री श्रेष्ठ देखा परेका छन् । साहित्यकार सरस्वती रिजाल **मधुपर्क, मारुनी, वागीश्वरी** आदि विविध साहित्यिक पत्रिकाका लेख रचनाहरूमा देखा परेकी छिन् । अर्की वरिष्ठ नारी साहित्यस्रष्टा गायत्री श्रेष्ठ यस समयमा **मधुपर्क, गरिमा, समकालीन साहित्य, मारुनी, वागीश्वरी** आदि पत्रिकाहरूबाट चिनिन पुगेकी छिन् । पत्र-पत्रिकामा सीमित नारी स्रष्टाहरूको इतिहासलाई तोड्दै वि.सं. २०४० सालमा चितवन नारायणगढमा स्थायी बसोबास गरेकी साहित्यकार सुवर्ण कक्षपतिले **मेरी धवला** कृति प्रकाशन गरेकी थिइन् । चितवनका नारी स्रष्टाको इतिहासमा प्रथम पुस्तकका रूपमा प्रकाशित यस पुस्तकका केही सबल र दुर्वल पक्षहरू देखा परेका छन् । यस पुस्तकमा कविता र कथा दुवै विधा समावेश भएका छन् । यसमा प्रकृतिलाई बिम्बका रूपमा स्थापित गर्दै सामाजिक अन्याय, कुरीति र कुसंस्कारको विरोध पाइन्छ (भट्टराई, २०६७ : १९) ।

साहित्यका विविध विधामा कलम चलाउने नारी स्रष्टाहरूमध्ये उपन्यास विधामा कलम चलाउने पहिलो नारी स्रष्टाका रूपमा शोभा राना देखिएकी छन् । वि.सं. २०५२ मा प्रकाशित उनको **बेवारिसे** उपन्यास नै नारीद्वारा लेखिएको चितवनको पहिलो उपन्यास मानिन्छ । चितवनको साहित्य क्षेत्रमा कविता, कथा र निबन्ध विधामा थुप्रै नारी साहित्यकारको सहभागिता भए पनि उपन्यास लेखकका रूपमा ज्यादै कम नारी साहित्यकारको उपस्थिति देखिन्छ । चितवनका नारी उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन विश्लेषण गर्नु पूर्व चितवनको साहित्यिक गतिविधि, चितवनका नारी स्रष्टाहरूको उपस्थिति आदिका सन्दर्भमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

## ३.२ चितवनका साहित्यिक गतिविधि

कुनै पनि राष्ट्रको साहित्यिक विकासमा विभिन्न क्षेत्र र स्थानहरूबाट दिएको योगदान महत्त्वपूर्ण साबित हुन्छ । त्यस्तै नेपालको साहित्यिक विकासमा क्षेत्रगत र जिल्लागत योगदान पनि महत्त्वपूर्ण भएर देखा परेको छ । विविधताको जिल्ला भनेर चिनिने चितवनले पनि नेपालको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान गरेको छ । चितवन

जिल्लामा जन्मेर वा चितवन जिल्लाको सेरोफेरोमा रहेर गरिएका साहित्यिक क्रियाकलाप, लेख, रचना र कृति प्रकाशन, साहित्यिक सङ्घ-संस्थाको स्थापना, पत्र-पत्रिका प्रकाशन, साहित्यिक सभागोष्ठी आदि सबै पक्षलाई चितवनका साहित्यिक गतिविधि अन्तर्गत समेट्न सकिन्छ । चितवनका साहित्यिक गतिविधिको अध्ययन गर्दा चितवनको साहित्य सिर्जनाको पृष्ठभूमि, विकास प्रक्रिया, साहित्य स्रष्टाहरूको सक्रियता आदि विषयलाई पनि केलाउनु पर्ने हुन्छ । साहित्यका विभिन्न विधामा चितवनले दिएको योगदान चितवनको साहित्यिक क्रियाकलापमा यहाँका स्रष्टाहरूको सहभागिता र चितवनको साहित्यिक विधाको स्वरूप र संरचनाका बारेमा अध्ययन गर्नु यस शोधको मूख्य क्षेत्र पनि हो ।

चितवनको साहित्यिक सिर्जन परम्पराको आधार भूमिका रूपमा थारु जातिको लोक साहित्यलाई लिन सकिन्छ । यहाँको साहित्य सिर्जन परम्परालाई हेर्ने हो भने थारु जातिको अलिखित लोक साहित्य र पहाडका आ-आफ्ना ठाउँबाट ल्याइएका लोक-साहित्यिक परम्परा नै केही समयसम्म सक्रिय रहेका छन् । २०१६ सालमा कलानाथ अधिकारीले थारुलोक कथा **जितिया पावनी** लाई थारु भाषामै लिपिबद्ध गरी प्रकाशनमा ल्याउने कार्य गरे । त्यसैताका केही विद्यालय खुले र शैक्षिक जागरण आयो । फलतः पहाडबाट आई बसोबास गरेका व्यक्तिहरूले नेपाली साहित्यको अध्ययन गर्न थालेपछि साहित्य सिर्जन परम्पराको थालनी भयो (गौतम, २०५२ : ३) । अहिले आएर यो परम्परा झ्याङ्गिएर ठूलै बगैंचा बनिसकेको छ ।

वि.सं. २०२२ सालमा रामपुरमा भएको राष्ट्रिय साहित्य गोष्ठी, २०२४ सालमा भएको जिल्ला स्तरीय साहित्य गोष्ठीका साथै वीरेन्द्र क्याम्पसका तत्कालीन प्रिन्सिपल आनन्ददेव भट्ट र साहित्यकार प्रेमविनोद नन्दन चितवनको साहित्यिक गतिविधिलाई मूर्तरूप दिन सक्रिय रहेका देखिन्छन् । वि.सं. २०२३ सालमा साहित्यकार प्रेमविनोद नन्दनले **सपनीबाट ब्युँझेर** कविता सङ्ग्रह प्रकाशित गरेका थिए, जुन कृति चितवनबाट प्रकाशित प्रथम मौलिक कृति हो (खनाल, २०५७ : ८५) । अहिले प्रेमविनोद नन्दन नै केन्द्रीय स्तरकै सफल गीतकारका रूपमा परिचित छन् ।

वि.सं. २०२५ मा आनन्ददेव भट्ट, घनश्याम कँडेल, प्रेमविनोद नन्दन, हरिहर खनाल, रविकिरण निर्जीव आदि नौ जनाको प्रयासमा **दोभान** साहित्यिक पत्रिकाको प्रकाशन हुनु नै

चितवनमा लिखित नेपाली साहित्यिक परम्परा थालनीको. श्रीगणेश हो (गौतम, २०५२ : ३) । चितवनमा **दोभान**भन्दा अझ उच्च र कलात्मक पत्रिकाहरू प्रकाशित छन् । ती पत्रिकाका लेखकहरूका निम्ति **दोभान** र यसका सम्पादक प्रेरक छन् ।

वि.सं. २०२८ को नयाँ शिक्षायोजना, २०३६ को जनमत सङ्ग्रह आदिको प्रभावबाट प्रभावित भएर चितवनमा स्वच्छन्दतावादी र प्रगतिवादी विचारधाराका साहित्यिक रचनाहरू सिर्जना भएका छन् । २०१८ सालमा स्थापित नारायणी कला मन्दिरले नाटक मञ्चन प्रक्रियालाई गतिशील तुल्याउँदै साहित्यिक विकासमा थप योगदान पुऱ्याएको देखिन्छ । २०२४ सालसम्म प्रायः अप्रकाशित रूपमै सिर्जनाहरू भई रहे पनि २०२२/२०२३ देखि २०३० सालसम्मको अवधिलाई साहित्य लेखनका दृष्टिले निकै उर्वर समय मान्न सकिन्छ । युवा प्रतिभा अनिल सिग्देलको **मिलन** खण्डकाव्य र **केही समालोचनात्मक रेखाङ्कनहरू** समालोचनासङ्ग्रह प्रकाशन २०३६/०३७ का बीचमा प्रकाशित भएका **दोभान** जस्ता तीनओटा पत्रिकाहरूले नेपाली साहित्यमा नवीनतम प्रयोगलाई भित्र्याएको पाइन्छ । २०३६/०३७ को राजनैतिक वातावरणले साहित्यमा अलिकति नयाँ घुम्तीको निर्माण गरेकाले यस अवधिलाई चितवनको साहित्यिक यात्राको दोस्रो चरणका रूपमा मान्न सकिन्छ (गौतम, २०५२ : ५) । ०३७ सालपछि खुमनारायण पौडेल, गोविन्द विनोदी जस्ता नव-साहित्यकार उदाए पछि चितवनको साहित्य सशक्त रूपमा अगाडि बढ्यो । ०३६ देखि ०४६ सम्म कविता र कथा विधामा सीमित रहेको चितवनको साहित्यले २०४७ सालमा निबन्ध र त्यसपछि उपन्यास लेखनका साथै समलोचना कृतिहरू पनि भित्र्याउन सफल भयो । चितवन जिल्लामा साहित्यिक उर्वरताको विकासमा दशवर्षे जनयुद्धले केही प्रभाव पारे पनि साहित्यिक सचेतताका साथ साहित्यिक रचना गर्ने परम्पराले निरन्तरता पाएको देखिन्छ । यसका साथै ०६२/०६३ को जनआन्दोलन, आन्दोलन पछि प्राप्त भएको लोकतन्त्र र गणतन्त्रको प्राप्तिले चितवनका साहित्यकारलाई पनि प्रशस्तै प्रभाव पारेको देखिन्छ । फलस्वरूप लोकतान्त्रिक, गणतान्त्रिक र सङ्घीयता सम्बन्धी विषयलाई आधार बनाएर चितवनका स्रष्टाहरूले साहित्यिक विधाहरूको सिर्जना गरेको देखिन्छ । चितवनमा रचना गरिएका कविता, कथा, निबन्ध, उपन्यास, समालोचना र नाटक विधाका गतिविधिहरूलाई छुट्टाछुट्टै रूपमा उल्लेख गर्नु शीर्षक सम्मत देखिन्छ ।

## ३.२.१ काव्यिक गतिविधिका दृष्टिमा चितवन

चितवन जिल्लामा कविता लेखनको इतिहासलाई हेर्दा प्रेमविनोद नन्दनको **सपनीबाट ब्युँझेर** २०२३ नै पहिलो प्रकाशित प्रथम मौलिक कृतिका रूपमा देखा परेको छ । चितवनको काव्य परम्परा फूटकर कविता सङ्ग्रहमा मात्र सीमित नभएर शोककाव्य, खण्डकाव्य र महाकाव्य पनि लेखिएको पाइएको छ । पोषराज पौडेलको **शहीद गाथा** (२०५७) महाकाव्य, ईश्वरी ओझाको **अभिभारा**-२०६८ महाकाव्य, हरिहर सविताको **पुष्पपत्र**-०६४ महाकाव्य, अनिल सिग्देलको **मिलन** खण्डकाव्य र कोमलनाथ कोइरालाको **अन्नपूर्ण** - २०३७ शोककाव्य प्रकाशित छन् । त्यस्तै दुर्गानाथ उपाध्यायको **बुद्धिविनोद प्रश्नोत्तरी**-२०३६, खेमराज त्रिपाठीको **मार्कण्ड**-०३३ काव्य, पोषराज पौडेलको **माडीयात्रा**-०३९, **मेक्सिम गोर्की**-०४३, **आमा : स्मृतिका छालमा** शोककाव्य-०४९, रविकिरण निर्जीवको **छेपेटार**, बामदेव पण्डितको **हाम्रा पूर्वज काव्य**-०४०, हरिहर सविताको **मणि** शोककाव्य-०४८, **जानुका** शोककाव्य-०४८, सुदर्शन प्रधान 'उत्तम' को **देवचुली** - २०४८, कवितासङ्ग्रह, कपिल अज्ञातको **अज्ञातका कवितासङ्ग्रह**-०४७, खुमनारायण पौडेल **अन्तिमेत्थम्**-२०४९, गोविन्दराज विनोदीको **मेरो वर्तमानता**-०४७ कवितासङ्ग्रह, **निर्मम निर्मम घडीहरू**-०५६ गजलसङ्ग्रह **आँखाका नानी**-२०५७ बालकवितासङ्ग्रह, **छन्दविनोद**-२०५९, **अविश्रान्त**-०५९, **हिमस्पर्श**-०६६, **अनुपमा धरती**-०६६ काव्यकृति प्रकाशित भएका छन् । चितवन जिल्लामा कविता विधामा कलम चलाउने अन्य स्रष्टाहरूमा जगतराज पौडेल, देवदत्त अधिकारी, धर्मप्रधान अकिञ्चन, मित्रलाल ढकाल, रविकिरण निर्जीव, रेशम विरही घिमिरे, लीलामणि भट्टराई, विजयराज भट्टराई, सरस्वती रिजाल, सुवर्ण कक्षपति, हरिहर खनाल, होमनाथ सापकोटा, केशवराज आमोदी, सुरेन्द्र अस्तफल, रामबाबु पौडेल, सरिता तिवारी, एकनारायण पौडेल, शारदा ढुङ्गाना, राजेन्द्र घायल, गिरीधारी विशिष्ट, ईश्वरी ओझा, चेतकान्त चापागाई, प्रकाश चापागाईं, बालकृष्ण थपलिया, भूपिन, सुमनराज श्रेष्ठ, विमलप्रकाश देवकोटा, दुर्गाप्रसाद घिमिरे, ध्रुवकिरण रेग्मी, शशीकिरण रेग्मी, केशवराज सुवेदी, शोभा राना, सरला जोशी आदि रहेका छन् । चितवन जिल्लामा अन्य विधाका तुलनामा कविता विधामा बढी कलम चलेको पाइन्छ ।

यसरी हेर्दा चितवनको कविता साहित्य निकै उर्वर रहेको पाइन्छ । महाकाव्यदेखि लिएर कविताका सानारूप गजल, हाइकु, तान्का, गीत र सूत्रकविताको समेत लेखनकार्यलाई चितवनका कविहरूले निरन्तरता दिएका छन् । गद्य र पद्य दुवै शैलीका कविताहरूको

सम्मिश्रण भेटिने चितवन जिल्लालाई काव्यनगरीका रूपमा पनि चित्रण गरेको पाइन्छ । गजल लेखनका दृष्टिले अत्यन्तै उर्वर रहेको चितवन जिल्ला गजलको राजधानी हो भन्ने भनाइ पनि प्रसिद्ध छ । जेहोस् कविताकाव्यका क्षेत्रमा चितवन जिल्लालाई चरमचुलीमा पुऱ्याउने सम्भावनाहरू प्रशस्त भेटिन्छन् ।

## २.२.२ कथकीय गतिशीलताका दृष्टिमा चितवन

काव्य विधाका तुलनामा चितवनमा कथा सिर्जनाको कालक्रमिक वरीयताले दोस्रो स्थान ओगटेको छ । खास गरेर चितवनका कथा सर्जकहरूले प्रगतिवादी प्रवृत्तिलाई अँगालेर कथा लेखेको पाइन्छ । वर्तमान समयमा आएर प्रयोगवादी र समसामयिक विचार धाराका कथाहरू लेखेको देखिन्छ । चितवनमा लघुकथा लेखनको विकास पनि भएको छ । चितवन जिल्लामा कथा विधाको प्रारम्भका रूपमा हरिहर खनाल र यिनको **अजम्बरी गाउँ** २०३७ कथा सङ्ग्रहबाट प्रारम्भ भएको पाइन्छ । यसका साथै मदनमोहन जोशी, हरिहर सविता र लघुकथा लेखनमा सूर्यमणि अधिकारी अग्रपङ्क्तिमा देखिएका छन् । कथा लेखनको इतिहास कविता लेखन भन्दा केही पछि भए पनि चितवन साहित्यकै इतिहास कथा विधाबाट भएको हो । चितवनमा रहेर कथा लेख्ने कथाकार तिनका कथा सङ्ग्रहहरूमा मदनमोहन जोशीको **भरियाको कथा** २०४८, हरिहर खनालको **आकाश छुने डाँडामुनि**-०३८, **देशप्रदेश, बमको छिर्का**-०४७, हरिहर पौडेलको **इतिवृत्त**-२०५१, हरिहर सविताको **कालरात्रि**-०४७ आदि उल्लेख्य छन् । अन्य कथाकारहरूमा सूर्यमणि अधिकारी, लीलामणि भट्टराई, गोवर्धन पूजा, सरस्वती रिजाल, वी.पी. तिवारी, सोमनाथ घिमिरे, रामबाबु घिमिरे, गोपाल कृष्ण आचार्य, सावित्री पाठक, मित्रबन्धु पौडेल, पूर्णबहादुर अधिकारी, होमनाथ रेग्मी, अर्जुन अस्तफल, बुद्धिमान अधिकारी, केशवराज आमोदी आदि रहेका छन् । चितवनको कथा साहित्यमा करिब पाँच दशकको अवधिमा विभिन्न शैली र शिल्प विधानका कथाहरू लेखेको पाइन्छ । चितवनको कथा साहित्यमा कथाकार हरिहर खनाल र हरिहर पौडेललाई नै प्रतिनिधि कथाकारका रूपमा लिन सकिन्छ । आफ्नो करिब तीन दशकको कथायात्रामा खनालले दिएका कथाहरूलाई महत्तम प्राप्तिका रूपमा लिन सकिन्छ । चितवनको कथाकारिता सन्दर्भमा हरिहर पौडेलको **इतिवृत्त**ले एउटा नवीन घुम्तीको निर्माण गरेको देखिन्छ । कथामा यथार्थवादी, अस्तित्ववादी, विसङ्गतिवादी, प्रगतिवादी चेतना र प्रयोगवादी आयामहरू प्रस्तुत गर्नु चितवनका कथाका विशेषता हुन् ।

### ३.२.३ चितवनको नैबन्धिक गतिविधि

चितवनमा औपचारिक निबन्ध लेखनको थालनी २०२४ सालमा चितवनमा जिल्ला स्तरीय रूपमा आयोजित साहित्य गोष्ठीमा निबन्धतर्फको पनि बेग्लै प्रतियोगिता भएको र ती निबन्धहरूलाई **दोभान** मा प्रकाशित गरिसके पछि नै निबन्धको रूप बाहिरिएको देखिन्छ । यस्तै साहित्यिक गोष्ठीहरूमा वाचित निबन्धहरूको परम्परा र पृष्ठभूमिबाट चितवनमा नेपाली निबन्ध लेखन परम्पराको श्रीगणेश भएको हो (गौतम, २०५२ : ९२) । यसपछि **नौलो राँको** र **छहरो** पत्रिकाका माध्यमबाट निबन्ध लेखनले अग्रगति लियो भने २०४७ मा आएर निबन्धले कृतिसङ्ग्रहका रूपमा प्रकाशित हुने अवसर पायो । रामबाबु घिमिरेको **म हरेस खान थालेको छु** - २०४७ र रविकिरण निर्जीवको **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** - २०४७ निबन्ध सङ्ग्रह प्रकाशित भएपछि चितवनमा पुस्तकाकार निबन्ध कृतिको थालनी भएको हो । निबन्धको इतिहासलाई हेर्दा चितवनमा हास्यव्यङ्ग्यात्मक, राष्ट्रवादी, नारीवादी, सामाजिक, आर्थिक विषयसँग सम्बन्धित निबन्ध लेखनले निरन्तरता पाएको देखिन्छ । चितवनका सर्जकहरूद्वारा लिखित निबन्धहरू निजात्मक, वस्तुपरक, यात्रा संस्मरणात्मक शैलीका प्रगतिवादी, स्वच्छन्दतावादी र अस्तित्ववादी निबन्धहरू भेटिएका छन् । रविकिरण निर्जिवको **सोझा निर्जीवका बाङ्गा निबन्धहरू**-२०४७, तिलकराज शर्माको **पार्टी खोल्ने धुनमा**-२०५२, रामबाबु घिमिरेको **म हरेस खान थालेको छु**-२०४७, **लेख्न नपर्ने कुरा** (२०५७), नारायणप्रसाद खनालका **गोर्खाको डायरी** (२०६१), **नारायणीका लहरलहर** (२०६१), **स्वप्न यात्रा र चिठी** (२०६६)**, नागपञ्चमी** (२०६९), भूपिनको **चौबीस रिल**, केशवराज आमोदीको **प्लिज म ऐले टेन्सनमा छु** (२०७१), सङ्गीत आयामको **दासहरूको कुम्भमेला**, आदि निबन्धसङ्ग्रहहरू रहेका छन् । चितवनका अन्य निबन्धकारहरूमा गङ्गाराम श्रेष्ठ, राजकृष्ण कँडेल, डी.के. शाही, केदारनाथ खनाल, मणि काफ्ले, रमेश दुवाडी, अनिल सिग्देल, कपिल अज्ञात, हरिहर खनाल, धीरेन्द्र बानिया आदि प्रमुख मानिन्छन् ।

चितवनको निबन्ध सिर्जनाको परम्परामा निबन्ध सर्जकहरूको उपस्थिति कम देखिए पनि सिर्जित निबन्धात्मक कृतिहरू भने विश्लेषणात्मक, खोज अनुसन्धानमूलक र दार्शनिक प्रवृत्तिका रहेका छन् । चितवनको स्थानीय परिवेश र विषयवस्तुलाई आधार बनाएर निबन्ध लेख्नु चितवनका निबन्धको विशेषता हो । चितवनबाट प्रकाशित हुने **आरन, पल्लव, हाम्रो**

**सिर्जना, सुनगाभा, वागीश्वरी, कैलाश, अभिव्यञ्जना, मधूलिका, सम्प्रेषण** जस्ता पत्र-पत्रिकाले पनि निबन्ध लेखनमा निरन्तर सहयोग पुऱ्याइरहेका छन् ।

## ३.२.४ चितवनको नाटक/एकाङ्की गतिविधि

नाटक दृश्य विधा अन्तर्गत पर्ने साहित्यिक रचना भएपनि यसलाई सर्वप्रथम लेख्य रूपमा प्रस्तुत गरिन्छ । चितवनको साहित्यिक परम्परामा नाटक मञ्चन गर्ने परम्परा २०१७ सालदेखि सुरुवात भए पनि नारायणी कला मन्दिरको स्थापना पछि औपचारिक रूपमा थालनी भएको हो । मञ्चनीय नाटकहरू मञ्चनमा मात्र सीमित रहेका र प्रकाशित हुन नसकेको अवस्था देखिन्छ । नाटकको एक भेदका रूपमा रहेको एकाङ्कीको लेखन भने ०३६ सालमा प्रकाशित हरिहर खनालको **यौटा गोष्ठीको अन्त्य** एकाङ्कीबाट प्रारम्भ भएको हो । यही एकाङ्की नै नाटक लेखन परम्पराको पहिलो खुड्किलो हो । त्यसैले चितवनको साहित्यिक गतिविधिमा कविता, कथा लेख्ने धेरै सर्जकहरू जन्मिए पनि नाटक लेखनका सर्जकहरू भने विरलै भेटिन्छन् । चितवनमा नाटकका क्षेत्रमा कलम चलाउने सर्जकहरूमा प्रकाश चापागाईँ र उनको **बदला** लघुनाटक २०४०, मीनप्रसाद सहायको **घाइते सपना** लघु नाटक रहेका छन् । त्यस्तै एकाङ्कीहरूमा अनिल सिग्देलको **जब बत्ती बलेको हुन्छ** कृति देखिएको छ । नाटक लेखनका क्षेत्रमा नारायणी कला मन्दिरसँग सम्बद्ध चितवनका कलाकार शिव रेग्मी पनि देखिन्छन् । उनका नाटकहरू मञ्चनकै दृष्टिले वा मञ्चनकै लागि लेखिएका हुन्छन् र प्रकाशित भने देखिँदैनन् । सङ्ख्यात्मक र गुणात्मक दृष्टिले चितवनको नाट्यभूमि उर्वर देखिन्छ, जुन कुरा पुष्प आचार्यद्वारा लिखित **नेपाल गयो भन्दिनु है** (नाटक-२०५८), **मैना** (नाटकसङ्ग्रह-२०६२), **अन्तिम लास** (नाटकसङ्ग्रह-२०६३), **हराएको सूर्य** (नाटकसङ्ग्रह-२०६५) ले प्रमाणित गरेका छन् ।

## ३.२.५ चितवनमा समालोचनाको गतिविधि

वि.सं. २०१७ देखि चितवनमा प्रारम्भ भएको साहित्यिक गतिविधिसँगै समालोचना लेखन परम्पराको पनि थालनी भएको हो । **दोभान** पत्रिकामा रहेका समालोचनात्मक लेख नै प्रथम लिखित समालोचना हुन् । यसमा श्याम थापाद्वारा लिखित *मुटुको व्यथामा सामाजिक पृष्ठभूमि* समालोचनात्मक लेख प्रकाशित छ भने अतिथि साहित्यकारका रूपमा मोराशको

*आजको नेपाली साहित्य : समसामयिकता नभएको ठड्यौरो लेख* प्रकाशित छ । २०३३ मा अनिल सिग्देलको **केही समालोचनात्मक रेखाङ्कनहरू** प्रकाशित भए पछि नै चितवनले समालोचनाको पहिलो पुस्तकाकार कृति प्राप्त गर्‍यो (गौतम, २०५२ : ११०) । वर्तमानसम्म आइपुग्दा चितौने समालोचनाले आफ्नो पहिचान पस्किसकेको छ ।

चितवनको समालोचना लेखन परम्परालाई गायत्री श्रेष्ठ, नारायणप्रसाद खनाल, लक्ष्मणप्रसाद गौतमजस्ता समालोचकहरूले विकसित गराउँदै वर्तमान अवस्थासम्म ल्याउने काम गरेका छन् । चितवनको समालोचना लेखनलाई अगाडि बढाउने समालोचक र तिनका कृतिहरूमा गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** - २०४६, नारायणप्रसाद खनालको **केही रहर केही ठहर** - २०४९, **समीक्षा प्रहर प्रहरका**-२०६१, **समस्यापूर्ति लेखन परम्परामा लेखनाथ पौड्यालका कविता** - २०६४, **समीक्षाका आकारहरू** - २०६४, लक्ष्मणप्रसाद गौतमको **नन्दनको काव्यिक परिवेश** - २०५२, **समसामयिक नेपाली कवितामा बिम्ब विधान**-२०६०, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** -२०५२ आदि रहेका छन् । चितवनमा रहेर समालोचना विधामा कलम चलाउने अन्य सर्जकहरूमा एकनारायण पौडेल, धनेश्वर भट्टराई, होमनाथ सापकोटा, मतिप्रसाद ढकाल, डी.आर. पोखेल, कपिल अज्ञात, दामोदर रिजाल, भवनाथ सडौला, पूर्णप्रसाद अधिकारी, रामचन्द्र सुवेदी, विष्णुप्रसाद सापकोटा, गोविन्द विनोदी, कुलप्रसाद ढुङ्गाना, रमेश प्रभात, घनश्याम पौडेल, कृष्णप्रसाद सापकोटा, भागवतशरण न्यौपाने, मुरलीधर घिमिरे, ज्ञानु अधिकारी, सरस्वती रिजाल, केशवराज आमोदी, एच.के. श्रेष्ठ, गणेशप्रसाद खराल, दीननाथ पण्डित, हरिहर सविता, भीष्मराज पौडेल आदि रहेका छन् ।

प्राम्भमा समालोचना लेखन त्यति सक्रिय नभए पनि हाल आएर भाषा साहित्य र सैद्धान्तिक पक्षमाथि समालोचना गर्ने समालोचकहरूको सङ्ख्या निकै बढेको छ । निर्णयात्मक, प्रभावपरक, तुलनात्मक, सैद्धान्तिक र प्रायोगिक समालोचना लेखिनु चितवनको समालोचनाको मूलभूत विशेषता हो ।

## ३.२.६ चितवनको उपन्यासको गतिविधि

चितवनको साहित्यिक लेखनको परम्परामा उपन्यास धेरै पछि प्रारम्भ भएको हो । साहित्य लेखनको लगभग पच्चीस वर्षपछि प्रारम्भ भएको उपन्यास लेखनको औपचारिक

थालनी रामबाबु घिमिरेको २०३३ मा प्रकाशित **रित्तो आकाश** उपन्यासले गरेको हो । त्यसपछि एकै चोटि २०४७ पछि मात्र उपन्यास लेखनले गतिशीलता पाएको देखिन्छ । २०४७ मा लीलामणि भट्टराई र केशवराज भट्टराईको सहलेखनमा लिखित **हिमाल रुन्छ** उपन्यास देखापरे पनि यति बेलाका उपन्यासहरू औपन्यासिक कलात्मक दृष्टिले त्यति उत्कृष्ट हुन सकेका छैनन् । प्रारम्भमा चितवनको औपन्यासिक विधा त्यति उर्वर नरहेपनि २०५० पछिको समयमा उपन्यास लेखनका दृष्टिले उच्चतम उपलब्धि प्राप्त भएको पाइन्छ । चितवनका उपन्यासकार र तिनका औपन्यासिक कृतिहरूमा नारायण गौतमको **त्यो को हो ?** (२०५०), माधव खनालको **परित्याग** (२०४९), मित्रबन्धु पौडेलको **बिर्सन नसकेको तस्वीर** (२०४९), शोभा रानाको **बेवारिसे** (२०५२), **सिकार** (२०५६), के.घायलको **जय पराजय** (२०५५) लघु उपन्यास, सरला जोशीको **अन्तिम स्वीकार** (२०५८), जलेश्वरी श्रेष्ठको **मेहनती गौरी** (२०६१), **सुनपरी** (२०६३), **नियति चक्र** (२०६९), शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व** (२०६२), **अचानो परेको जीवन** (२०६३), **प्रश्नचिह्न** (२०६५), **दुखेका दिन** (२०६९), निरूपा प्रसूनको **अभिषेक** (२०६६), नवराज तिमिल्सिनाको **विडम्बना** (२०६०), अमर न्यौपानेका **सेतो धरती, पानीको घाम, करोडौं कस्तुरी,** ईश्वर कँडेलको **इकोज**, धनराज गिरीको **अनन्त पाइला** आदि रहेका छन् । समग्रमा हेर्दा चितवनको उपन्यासविधाले पछिल्लो समयमा निकै प्रगति गरेको देखिन्छ । अमर न्यौपानेद्वारा लिखित **सेतो धरती** (२०७०) उपन्यासले मदनपुरस्कार जस्तो राष्ट्रिय पुरस्कार प्राप्त गर्नु चितवनको औपन्यासिक लेखन क्षेत्रको विशिष्टतम गौरवको विषय हो ।

## ३.३ चितवनको साहित्य र केन्द्रीय साहित्य बीचको अन्तरसम्बन्ध

साहित्य र साहित्यकार कुनै भौगोलिक सीमामा बाँधिदैनन् । साहित्यकारले रचना गरेको सिर्जना सार्वजनीन र सार्वकालिक हुन्छ । यति हुँदाहुँदै पनि भाषागत आधारमा वा भौगोलिक आकारमा निश्चित क्षेत्रलाई आधार मानेर साहित्यको सीमाङ्कन गर्ने चलन रहेको छ । खास गरेर नेपालको सम्पर्कको भाषा नेपाली भएकाले नेपालको समग्र साहित्यलाई नेपाली साहित्य भनेर नामकरण गरेको पाइन्छ । हुन त नेपालमा अन्य भाषाका साहित्यिक गतिविधिहरू पनि फस्टाएका छन्, विकासतर्फ उन्मुख भएका छन् तर यहाँ

नेपाली साहित्यसँग सम्बन्धित गतिविधिलाई मात्र समेटिएको छ । नेपालभित्र जुनसुकै ठाउँमा पनि हुने नेपाली साहित्य सम्बन्धी गतिविधिलाई क्षेत्रीय स्तरमा, अञ्चल स्तरमा र जिल्ला स्तरमा विभाजन गर्ने चलन रहेको छ । यसरी विभाजन गर्दा कुनै पनि स्थानको साहित्यिक इतिहास, प्रारम्भ, विकासप्रक्रिया र लेखकको सहभागितालाई अध्ययन गर्न सजिलो पर्छ साथै भएका कमी कमजोरी र समस्याको निराकरणका लागि पनि यस्तो अध्ययन उपलब्धिपूर्ण मानिन्छ । नेपाली साहित्यका सन्दर्भमा हरेक जिल्लामा हुने साहित्यिक गतिविधिलाई छुट्टाछुट्टै रूपमा केलाउन सकिन्छ । यसरी केलाउँदा प्रत्येक जिल्लाको साहित्यिक अवस्था के-कस्तो रहेको छ ? सोका बारेमा स्पष्ट जानकारी हुन्छ । यसका साथै निश्चित स्थानको साहित्यिक गतिविधि र केन्द्रीय साहित्यिक गतिविधिका बीच के कस्तो अन्तरसम्बन्ध छ भनेर विश्लेषण पनि गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको शीर्षक चितवनका नारी उपन्यासकारसँग सम्बन्धित भएकाले उक्त शीर्षकको अध्ययनका लागि चितवनको साहित्यिक गतिविधि र केन्द्रीय साहित्यिक गतिविधि बीचको अन्तरसम्बन्धलाई केलाउनु विषय सान्दर्भिक देखिन्छ ।

चितवनमा जन्मिएर वा चितवनलाई कर्मथलो बनाएर चितवनकै सेरोफेरोमा रहेर लेखिएका साहित्यलाई चितवनको साहित्य भनिन्छ । यस अन्तर्गत चितवनमा बसोबास गर्ने साहित्यकार, चितवनका साहित्यिक सङ्घ-संस्था, पत्र-पत्रिका र साहित्यिक सभा गोष्ठीमा प्रस्तुत भएका सबै खाले साहित्यिक रचनाहरू चितवनको साहित्य अन्तर्गत पर्दछन् । केन्द्रीय साहित्य भनेको समग्र नेपाली साहित्य हो । यो नेपाली भू-भाग र नेपाल बाहिरको भू-भागमा सक्रिय रहेको साहित्यिक गतिविधिलाई समेट्ने खालको हुन्छ । अर्थात् केन्द्रीय साहित्यले कुनै एक भूभागको मात्र प्रतिनिधित्व गर्दैन । यो केवल नेपाली भाषाका साहित्यसँग मात्र सरोकार राख्दछ । केन्द्रीय साहित्यको विकासमा चितवन साहित्यको पनि भूमिका महत्त्वपूर्ण रहेको छ । चितवनका साहित्यमा लेखिएका सबै कृति केन्द्रीय स्तरमा पुग्न सकेका छैनन् तर केन्द्रीय स्तरमा लेखिएका साहित्यलाई पनि उछिन्ने खालका साहित्य कृतिहरू पनि चितवनको साहित्यमा भेटिएका छन् । यसको ज्वलन्त उदाहरणका रूपमा मदनपुरस्कार विजेता अमर न्यौपानेको **सेतो धरती** र राधा पौडेलको **खलङ्गामा हमला**लाई लिन सकिन्छ । चितवन जिल्लामा कविता, कथा, उपन्यास, निबन्ध र नाटकजस्ता विधाहरू

केन्द्रीय तहमा झैँ सङ्ख्यात्मक रूपमा बृद्धि हुन नसके पनि चितवनको प्राकृतिक, सामाजिक, भौगोलिक, राजनैतिक परिवेशसँग सम्बन्धित विषयवस्तुलाई समेट्ने गरी लेखिएका छन् । केन्द्रीय साहित्यमा साहित्यिक विकासका लागि सरकारी, गैर सरकारीका साथै अन्तराष्ट्रिय सहयोग पनि प्राप्त हुन्छ भने चितवन जिल्लाको साहित्यिक विकासका लागि स्थानीय रूपमै सहयोग जुटाउनु पर्ने बाध्यता देखिएको छ । यति हुँदाहुँदै पनि चितवनको साहित्यले केन्द्रीयस्तरको साहित्यसँग समतुल्य हुन जमर्को गरिरहेको देखिन्छ । यसैको परिणाम स्वरूप चितवन जिल्लामा साहित्यिक विकासका लागि विभिन्न सङ्घ, संस्था खुलेका छन् । एफ्.एम्. रेडियो, पत्रपत्रिकाको प्रकाशन र जिल्ला स्तरीय, क्षेत्रीय, राष्ट्रिय सभा गोष्ठीको आयोजना गरिएका छन् । यसका साथै साहित्यिक विकासका लागि घरदैलो अभियान, सडकनाटक, सडक कविताजस्ता माध्यमबाट साहित्यलाई गतिशील बनाउने प्रयास गरेको देखिन्छ ।

केन्द्रीय स्तरको साहित्य सबै पक्षसँग सम्बन्धित भएकाले यसले कुनै एक क्षेत्रको मात्र प्रतिनिधित्व गर्न सक्दैन तर चितवनको साहित्यले चितवनका समस्या, चितवनको सामाजिक सन्दर्भ, साँस्कृतिक परिवेश र आर्थिक गतिविधिलाई समेत चित्रण गर्न सफल भएको छ । केन्द्रीय साहित्यमा नव प्रतिभाहरूले सजिलै स्थान प्राप्त गर्न सक्दैनन् । धेरै समयसम्म स्थापित भई सकेपछि गुणात्मक साहित्य सिर्जनाको आधारमा केन्द्रीयस्तरको साहित्यकार बन्न सक्छ । चितवनको साहित्यका सन्दर्भमा चितवन जिल्लाका कुना काप्चामा रहेका नवोदित सर्जकहरूलाई साहित्य क्षेत्रमा प्रवेश गराउन चितवन जिल्ला हर्दम प्रयासरत छ । केन्द्रीयस्तरको साहित्यमा मानक भाषाले मात्रै महत्त्व पाएको देखिन्छ । चितवनको साहित्यमा भने चितवनको स्थानीय भाषा, बोलीचालीको भाषा, मौलिक शब्द र स्थानीय वस्तुको प्रयोगलाई महत्त्व दिइएको देखिन्छ ।

केन्द्रीय साहित्य र चितवनको साहित्यका बीचमा अन्तःसम्बन्ध रहेको छ । चितवनका कतिपय साहित्यकारहरू नै केन्द्रीय साहित्यकारका रूपमा स्थापित भएका छन् । केन्द्रीय साहित्यलाई मजबुत बनाउका लागि चितवन जिल्लाकै साहित्यकार केशवराज आमोदीले थालनी गरेको छन्द बचाउ अभियान, एकीकृत अखिल जनसाँस्कृतिक महासङ्घद्वारा सञ्चालित शारदा घर दैलो प्रतिभा प्रवाह कार्यक्रम, प्रलेस, अनेलेस, चिसाप,

चिवापजस्ता साहित्यिक संस्थाको योगदान सराहनीय रहेको छ । चितवनकै साहित्यमा कलम चलाएर केन्द्रीय साहित्यकारका रूपमा दरिन पुगेका समालोचक, लक्ष्मणप्रसाद गौतम नारायणप्रसाद खनाल, साहित्यकार प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, अमर न्यौपाने, राधा पौडेलको योगदानलाई पनि चितवन साहित्यले केन्द्रीय साहित्यप्रति गरेको उदारमना सहयोगका रूपमा लिन सकिन्छ ।

उपर्युक्त आधारहरूलाई हेर्दा केन्द्रीय साहित्यले चितवन साहित्यको सहयोगबाट सशक्त र विकसित हुने मौका पाउनुका साथै चितवनको साहित्यले पनि केन्द्रीय साहित्यका गतिविधिका आधारमा आफ्ना क्रियाकलापलाई अगाडि बढाइरहेको पाउन सकिन्छ । यी सबै स्पष्ट आधारहरूले केन्द्रीय साहित्य र चितवनको साहित्यका बीचमा अन्तःसम्बन्ध रहेको कुरा पुष्टि गरेका छन् ।

## ३.४ चितवनको साहित्यमा नारी हस्ताक्षर

चितवनको साहित्य सिर्जनाको इतिहास २०१६ सालबाट प्रारम्भ भएको हो । चितवनमा साहित्य सिर्जना गर्ने स्रष्टाहरूमा पुरुषको सङ्ख्याको अनुपातमा महिलाको सङ्ख्या ज्यादै न्यून रहेको छ । थोरै सङ्ख्यामा रहे पनि नारी साहित्य स्रष्टाहरूले चितवनको साहित्य विकासका लागि कविता, कथा, निबन्ध, समालोचना र उपन्यासजस्ता विधामा कलम चलाएर समग्र साहित्यकै विकासमा योगदान पुऱ्याएका छन् । चितवनको नारी साहित्य सिर्जन परम्पराको इतिहास त्यति लामो छैन । फुटकररूपमा चितवनमा कलम चलाउने नारी हस्ताक्षर को-को हुन् भन्ने सम्बन्धमा अझसम्म सही तथ्य फेला नपरे पनि गायत्री श्रेष्ठ र सरस्वती रिजाल नै फुटकर रूपमा लेख्नेहरूमा बढी चिनिएका छन् । पुस्तकाकार कृति प्रकाशनका दृष्टिले गायत्री श्रेष्ठलाई नै सर्वप्रथम लिनुपर्ने हुन्छ भने त्यसपछि सरस्वती रिजालको नै नाम आउँछ (श्रेष्ठ र रिजाल, २०६२ : ११) । गायत्री श्रेष्ठ र सरस्वती रिजालको लेखन परम्पराबाट विकसित हुँदै आएको नारी स्रष्टाको लहर विस्तार विस्तार फैलिँदै गएको देखिन्छ । चितवनमा रहेर कलम चलाउने नारी स्रष्टाहरूमा सुवर्ण कक्षपति, शोभा राना, भावना शर्मा, प्रभा बराल, लक्ष्मी ढकाल, कल्पना कँडेल, सरिता तिवारी, विष्णु उषा, शान्ति शर्मा, भावना पाठक लगायतका थुप्रै स्रष्टाहरूले कलम

चलाएका छन् । विधागत रूपमा हेर्दा कविता विधामा सबैभन्दा धेरै नारी स्रष्टाको उपस्थिति देखिन्छ भने निबन्ध विधामा नारी स्रष्टाको उपस्थिति नगण्य रूपमा रहेको छ ।

कविता विधामा कलम चलाउने चितवनका नारी हस्ताक्षर र तिनका कृतिहरूमा सुवर्ण कक्षपतिको **मेरी धवला** (२०४०), सरस्वती रिजालको **एक झुल्को घाम** (२०५१), कल्पना कँडेलको **प्रकृति स्मृति** (२०५३), चन्द्रवदना घिमिरेको **स्वेता** (२०५६), मैना घिमिरेको **दुःखीको पुकार** (२०५६), लक्ष्मी ढकालको **शब्दहरू अविराम यात्रामा** (सहलेखन) (२०५७), सरिता तिवारीको **बुद्ध र लाभाहरू** (२०५७), हिरादेवी पौडेलको **जीवन** कविता सङ्ग्रह (२०६१), गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र** (२०६२), शीतल कादम्बिनीको **सुगन्ध यात्रा** (२०६२), कृष्णकुमारी मतहको **संयोग-वियोग** (२०६२), सरस्वती रिजालको **प्रबोधन** (२०६३), सरला जोशीको **शब्दको सुवास** (२०६३), जमुना अधिकारीको **नयन** (२०६३), तारा बरालको **आक्रोश** (२०६४), विद्या भण्डारी 'चिराग'को **नेपथ्यका कुरा** (२०६४), कृपा श्रेष्ठको **विश्वासपछिको वियोग** (२०६४), गीता लामिछानेको **म पनि गुराँस हुन पाए** (२०६४), कल्पना आचार्यको **आमाभित्रको देश** (२०६५), भावना शर्माको **जुनको आतङ्क** (सहलेखन २०६६), शारदा ढुङ्गानाको **वसुन्धरा स्मृतिकाव्य** (२०६६), ज्ञानु अधिकारी र सिन्धु गौतमको **शब्दमृत्यु र सपनाको हत्या** (२०६७) आदि पर्दछन् ।

चितवनका नारी स्रष्टाहरूले फुटकर रूपमा कविता विधाका उपविधा गजल, गीत, मुक्तक, हाइकुजस्ता रचनाहरू पनि गरेको पाइन्छ । वर्तमान परिप्रेक्ष्यमा चितवन जिल्लामा नवोदित नारी स्रष्टाको जमघट र उपस्थिति बाक्लै देखिएको छ ।

चितवनको कथा विधामा कलम चलाउने नारी स्रष्टाहरू ज्यादै कम देखिन्छन् । कल्पना अधिकारीको **प्रेमद्वीप** (२०६१), **आमा** (२०६२), **उत्ताउली** (२०६४) र सरस्वती रिजालको **प्रसङ्ग भ्रम र पात्रहरू** (२०६५) कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । यसदेखि बाहेक चितवनका अन्य नारी स्रष्टाहरूले फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा कथा प्रकाशित गरेको देखिन्छ ।

निबन्धविधामा अहिलेसम्म एक जनामात्रै नारी स्रष्टाले कलम चलाएको पाइन्छ । कृष्णकुमारी सुवेदीको **माया तथा लीला** (२०६०) कृति नै चितवनको नारी स्रष्टाको पहिलो र एकमात्र प्रकाशित निबन्धात्मक कृति हो । यसदेखि बाहेक केही नारी स्रष्टाले विभिन्न पत्र-पत्रिकामा फुटकर निबन्धहरू रचना गरेको देखिन्छ ।

चितवन जिल्लामा समालोचना विधामा कलम चलाउने परम्परा २०४० कै दशकबाट प्रारम्भ भएको हो । चितवनका दुई नारी सर्जक (समालोचक) गायत्री श्रेष्ठ र सरस्वती रिजालद्वारा प्रकाशित **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** (२०६२), गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** (२०४६), **केही कृति केही दृष्टि** (२०६५), ज्ञानु अधिकारीको **नेपाली कथाको इतिहास** (सहलेखन) (२०६८) जस्ता समालोचना सङ्ग्रहहरू प्रकाशित भएका छन् । चितवनमा रहेका नारी स्रष्टाका समालोचना लेखहरू विभिन्न पत्र-पत्रिका तथा स्मारिकाहरूमा प्रकाशित भएका छन् ।

चितवनको साहित्यमा नारी स्रष्टाद्वारा लिखित उपन्यास लेखनको प्रारम्भ शोभा रानाद्वारा लेखिएको **बेवारिसे** (२०५२) उपन्यासबाट भएको हो । त्यस समयदेखि अहिलेसम्म उपन्यासका क्षेत्रमा कलम चलाउने नारी हस्ताक्षरहरू पाँचजना रहेका छन् । शोभा रानाको **बेबारिसे** (२०५२), **सिकार** (२०५६), सरला जोशीको **अन्तिम स्वीकार** (२०५८), शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व** (२०६२), **अचानो परेको जीवन** (२०६३), **प्रश्नचिन्ह** (२०६५), **दुखेका दिन** (२०६९), जलेश्वरी श्रेष्ठको **मेहनती गौरी** (२०६१), **सुनपरी** (२०६३), **नियतिचक्र** (२०६९), निरूपा प्रसूनको **अभिषेक** (२०६६) चितवनका नारी स्रष्टाद्वारा लिखित उपन्यासहरू हुन् ।

यसरी चितवनका नारी स्रष्टाहरूले कविता, कथा, निबन्ध, समालोचना र उपन्यासका क्षेत्रमा कलम चलाएर चितवनको तथा समग्र नेपाली साहित्यकै श्रीबृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## ३.५ चितवनको उपन्यास साहित्यमा नारी हस्ताक्षर

चितवनमा जम्मा जम्मी पाँचजना नारी स्रष्टाहरूले उपन्यास लेखेका छन् । उपन्यास लेख्नु स्वयम्मा जटिल कार्य हो । यस्तो कार्यमा नारीहरू समेत अग्रसर भएर चितवनले पाँच पाँचजना नारी स्रष्टा जन्माउनु गौरवको विषय मानिन्छ । चितवनको उपन्यास विधामा कलम चलाउने पहिलो नारी स्रष्टा शोभा राना हुन् । उनको **बेवारिसे** ( २०५२), **सिकार** २०५६) दुईओटा उपन्यास प्रकाशित छन् । चितवनकै पहिलो उपन्यासकारका रूपमा आफ्नो स्थान सुरक्षित गरेकी रानाले आफ्ना उपन्यासमा सामाजिक

यथार्थ पक्षलाई चित्रण गर्दै नारीले भोग्नु परेका समस्यालाई केलाएकी छन् । औपन्यासिकतत्त्वले पूर्ण रहेका उनका उपन्यास भाषाशैलीय दृष्टिले पनि सरल, प्रभावकारी र सम्प्रेषणीय बनेका छन् । वस्तु सङ्गठनका हिसाबले यिनका उपन्यास सशक्त छन् ।

चितवनको उपन्यास विधामा कलम चलाउने अर्की नारी हस्ताक्षर सरला जोशी हुन् । उनको **अन्तिम स्वीकार** (२०५८) उपन्यास प्रकाशित भएको छ । चितवन जिल्लालाई नै कार्यक्षेत्र बनाएकी जोशीले **अन्तिम स्वीकार** उपन्यासमा प्रणय चेतनालाई नै प्रमुख र केन्द्रीय चेतनाका रूपमा उपयोग गरेको देखिन्छ । आदर्श दृष्टान्तको सङ्केत र प्रेम सम्बन्धले पारेको प्रभावका बारेमा उपन्यासमा वर्णन गरिएको छ । आकारका दृष्टिले सानो भए पनि बिन्दुमा सिन्धु अटाउने क्षमताको उपन्यासका रूपमा अन्तिम स्वीकारलाई लिन सकिन्छ ।

चितवनकी उपन्यास नारी स्रष्टाका रूपमा तेस्रो स्थानमा रहेकी जलेश्वरी श्रेष्ठले **मेहनती गौरी** (२०६१), **सुनपरी** (२०६३), **नियति चक्र** (२०६९) गरी तिनओटा उपन्यास प्रकाशन गरेकी छन् । श्रेष्ठको **मेहनती गौरी** र **सुनपरी** बालउपन्यास हुन् । बालबालिकाका लागि शिक्षाप्रद रहेका यी उपन्यासहरू पठनका दृष्टिले सरल र पठनीय छन् । चित्रात्मक प्रस्तुति रहेका उक्त उपन्यासहरूले बाल बालिकाको भविष्यलाई कसरी उज्ज्वल बनाउन सकिन्छ भन्ने विषयमा पुष्टि गरेका छन् । त्यस्तै **नियति चक्र** उपन्यास नारी स्वतन्त्रतालाई विषयवस्तु बनाएर लेखिएको नारीवादी उपन्यास हो । यसमा पुरुष प्रधान समाजको यथार्थलाई उदाङ्गो पार्ने कोशिस गरिएको छ ।

त्यस्तै चितवनकी अर्की उपन्यास नारी स्रष्टाका रूपमा शारदा ढुङ्गानाको नाम अग्र पङ्क्तिमा आउँछ । चितवन जिल्लामा सबैभन्दा धेरै उपन्यास लेख्ने अहिले सम्मको पहिलो उपन्यासकार शारदा नै हुन् । उनका **अन्तिम द्वन्द्व** (२०६२), **अचानो परेको जीवन** (२०६३), **प्रश्नचिन्ह** (२०६५), **दुखेका दिन** (२०६९) गरी चारओटा औपन्यासिक कृति प्रकाशित छन् । **अन्तिम द्वन्द्व** उपन्यास सत्य घटनाको पृष्ठभूमिमा लेखिएको उपन्यास हो । यसमा विवाहित नारी पुरुषका बीचमा मिलन हुन नसक्दा उत्पन्न भएको समस्यालाई देखाइएको छ । अचानो परेको जीवन उपन्यासमा समाजका एकल महिला वा विधवा महिलाले भोग्नु परेका पीडा र समस्यालाई प्रस्तुत गरिएको छ । **प्रश्नचिन्ह** उपन्यासमा लेखकका पारिवारिक

जीवनसँग मेल खाने घटनाहरूलाई आधार बनाइएको छ । यो उपन्यास नारीवादी उपन्यास हो । ढुङ्गानाको अन्तिम उपन्यास **दुखेका दिनमा** हिंसा र प्रतिहिंसाको तीतो इतिहास कति कहाली लाग्दो हुँदो रहेछ भन्ने कुरालाई वास्तविकताको पृष्ठभूमिमा प्रस्तुत गरिएको छ ।

चितवनमा उपन्यासका क्षेत्रमा कलम चलाउने अर्की नारी स्रष्टा निरूपा प्रसून हुन् । उनको **अभिषेक** (२०६६) उपन्यास प्रकाशित भएको छ । उनको यो उपन्यास मौलिक एवम् सामाजिक उपन्यास हो । नवीनतम प्रयोगद्वारा नयाँ पुस्ताको शोच र शैलीलाई अगाडि सारिएको यस उपन्यासमा काव्यात्मक भाषाको प्रयोग गरिएको छ ।

यस प्रकार चितवनमा पाँच जना उपन्यासकार नारी स्रष्टा र एघार वटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । सामाजिक समस्या, प्रेम प्रणय, पारिवारिक कलह, बाल बालिकाको भविष्य आदि विषयवस्तुमा आधारित यी उपन्यासहरूले समग्र नेपाली उपन्यासको विकासमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## ३.६ शोभा रानाको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन

चितवनको साहित्यिक इतिहासमा उपन्यास लेख्ने पहिलो नारी स्रष्टा शोभा रानाले कविता र आख्यान विधामा कलम चलाएको पाइन्छ । खास गरी उपन्यासकारका रूपमा आफ्नो स्थान सुरक्षित गरेकी रानाले सामाजिक विषयवस्तुलाई प्रस्तुत गरेकी छन् । उनका औपन्यासिक कृतिको विश्लेषण गर्नु भन्दा पहिले उनको जीवनीसँग सम्बन्धित जन्म, शिक्षा-दीक्षा, पेसा र व्यक्तित्वसँग सम्बन्धित पक्षहरूलाई उल्लेख गर्नु आवश्यक छ । शोभा रानाको जीवनी व्यक्तित्वलाई सङ्क्षिप्त रूपमा यहाँ उल्लेख गरिन्छ ।

### ३.६.१ शोभा रानाको जीवनी

उपन्यासकार शोभा रानाको जन्म वि.सं. २०३२-०७-०९ गते लक्ष्मी पूजाका दिन बिहान नौ बजे पिता रामबहादुर राना र माता गङ्गा रानाको कोखबाट पाँचौं सन्तानका रूपमा चितवन जिल्लाको मङ्गलपुर गा.वि.स.वडा नं. ४, मोहनपुरमा भएको हो । लक्ष्मी पूजाका दिन जन्मिए पनि उनका बुबाले राजा महेन्द्रको छोरीको नाम शोभा भएकाले आफ्नी छोरीको नाम पनि शोभा राखिदिएको कुरा स्वयम् उपन्यासकार शोभा रानाबाट जानकारीमा आएको छ । पुर्ख्यौली थलो काठमाडौं भए पनि बुबाको जागिरका क्रममा विरगञ्ज हुँदै

चितवनमा स्थायी बसोबास गरेकी शोभा रानाको बाल्यकाल चितवनकै वातावरणमा व्यतीत भएको देखिन्छ ।

राष्ट्रिय प्राथमिक विद्यालय, मोहनपुरमा कक्षा-पाँच सम्मको अध्ययन पूरा गरी कक्षा-६ देखि श्री विश्वप्रकाश मा.वि. कल्याणपुरमा स्कुले जीवन पूरा गरेकी रानाले वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरबाट राजनीति शास्त्रमा आई.ए. पास गरेकी हुन् । वि.सं. २०५५ मा इन्सिच्युट अफ प्रोफेसनल जर्नालिज्म मिडिया पोइन्ट (Institute of Professional Journalism Media Point) बाट पत्रकारिता समेत गरेकी रानाले २०५७ मा **जनस्पर्श** साप्ताहिक र **प्रकट** भन्ने मासिक पत्रिकालाई प्रकाशन गरे पनि त्यसलाई निरन्तरता दिन नसकेको कुरा स्वयम् रानाले बताएकी छिन् । बाल्यकालदेखि नै धेरै मिहिनेती र लगनशील शोभा रानाको बाल्यकाल तिनदिदी, एक दाजु, तिन बहिनी, बुबा, मुमा र भाउजू गरी दश जनाको परिवारका बीचमा निष्कपट, निःस्वार्थ, स्नेहपूर्ण र अविस्मरणीय रमाइलो क्षणका रूपमा बितेको कुरा रानाले बताएकी छिन् । वि.सं. २०५८ असार महिनामा काठमाडौं निवासी बक्सिङ् प्रशिक्षक प्रवीण तुलाधरसँग अन्तर्जातीय प्रेम विवाह गरेकी रानाका एक छोरा र एक छोरी रहेका छन् । श्रीमान् र श्रीमतीको सुमधुर सम्बन्धका कारण पारिवारिक जीवन सुखपूर्ण रहेको कुरा रानाले बताएकी छन् (शोभा रानासँगको लिखित अन्तर्वार्ता अनुसार) । फाट्टफुट्ट रूपमा विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ संस्थामा आबद्ध रहे पनि पछिल्लो समयमा उनी सक्रिय रूपमा लागेको देखिँदैन । उनी वि.सं. २०५५ सालमा चितवन जिल्ला व्यापी कविता प्रतियोगितामा आलोचना कविता वाचन गरी दोस्रो स्थान ओगटेर राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट पुरस्कृत भएको देखिन्छ ।

### ३.६.२ शोभा रानाको व्यक्तित्व

शोभा राना चितवन जिल्लाकी नारी साहित्य स्रष्टा हुन् । उनी चितवन जिल्लाकै पहिलो नारी उपन्यासकार पनि हुन् । नेपाली साहित्यमा उपन्यासकारकै रूपमा परिचित भए पनि उनको साहित्यिक व्यक्तित्व कवितातर्फ पनि उन्मुख भएको छ । साहित्यिक व्यक्तित्व बाहेक पत्रकारिता व्यक्तित्व, कलाकारिता व्यक्तित्व, समाजसेवी व्यक्तित्व जस्ता साहित्येतर व्यक्तित्व पनि देखिएका छन् । विभिन्न पत्रपत्रिकामा फुटकर कविता प्रकाशित गरेकी

रानाको औपन्यासिक कृतिहरू **बेबारिसे** (२०५२) र **सिकार** (२०५६) हुन् । उपन्यासमा काव्यात्मक भाषाको यथेष्ट प्रयोग पाइनुले उनको कवि व्यक्तित्व पनि प्रखर रहेको बुझ्न सकिन्छ । यसका साथै पत्रकारिताका क्षेत्रमा उनले **जनस्पर्श** साप्ताहिक र **प्रकट** मासिक पत्रिकामा प्रमुख व्यवस्थापक बनेर काम गरेको देखिन्छ । उनले आफ्नो जीवनको पछिल्लो समयमा आधुनिक पोसाक डिजाइनरको समेत काम गरेकी छन् । यसका साथै समाजका विविध गतिविधिमा सक्रिय सहभागिता जनाउने र सामाजिक सेवामा लाग्ने समाजसेवीका रूपमा पनि उनलाई चिन्न सकिन्छ । केही अग्लोकद, गोरो वर्ण र बाटुलो मुहार भएकी राना बहिर्मुखी स्वभावकी छन् ।

## ३.६.३ शोभा रानाको साहित्यिक लेखनको प्रेरणा र दृष्टिकोण

शोभा रानाले आफ्नो साहित्यिक लेखनको प्रेरणास्रोत स्वयम् आफू र आफ्नो परिवारलाई मानेकी छिन् । स्कुले जीवनदेखि नै विभिन्न साहित्यिक कार्यक्रममा भाग लिने रानालाई साहित्यिक लेखनमा घरपरिवारबाट पूर्ण रूपमा सहयोग प्राप्त भएको पाइन्छ । परिवारकै सहयोग र समर्थनबाट दुई ओटा उपन्यासलाई प्रकाशनमा ल्याउने अवसर पाएको कुरा रानाले बताएकी छिन् । साहित्यिक लेखनमा बुबा, मुमा, दिदी, दाजु, भाउजू, बहिनीहरूलाई नै प्रेरणाका स्रोत मानेकी छिन् । यसका साथै अन्तर्हृदयबाट साहित्यप्रतिको मोह जागेकाले उनले आफूलाई पनि प्रेरणाकै स्रोतका रूपमा उल्लेख गरेकी छन् । परिवारको यथेष्ट सहयोग नपाएको भए आफ्ना कृतिहरू मनभित्रकै कठघरामा विलीन भएर जाने थिए भन्ने उनको कथन छ (शोभा रानाको लिखित अन्तर्वार्ता अनुसार) ।

शोभा रानाले साहित्यलाई कलामानेकी छन् । कला र रचनाको समिश्रणद्वारा नै साहित्यको जन्म हुन्छ । साहित्य समाज र प्रकृतिको बीचबाट उम्रन्छ। समाजमा देखेका र भोगेका अनुभवहरू नै साहित्यका विविध विधामा रूपान्तरित हुन्छन् । यसबाट लेखकले आत्मसन्तुष्टि लिने र पाठकलाई शिक्षा, मनोरञ्जन र विविध कुराले आत्मसन्तुष्टि दिनु नै साहित्य हो भन्ने उनको दृष्टिकोण रहेको छ । साहित्य क्षेत्र अन्तर्गत पर्ने उपन्यास विधाको मोहका सम्बन्धमा राना भन्छिन् "उपन्यास खुला आकाश हो । यसमा धेरै किसिमका पाटा र बाटोहरू बनाएर झिना मसिना कुराहरूलाई पनि सूक्ष्मरूपले टीका-टिप्पणी गर्न पाइन्छ र

पाठकहरूलाई अरू विधामा भन्दा उपन्यास पढ्दा छुट्टै किसिमको रौनक दिनुका साथै फुर्सदको समय बिताउने एउटा रमाइलो र लामो क्षण पनि हो । त्यसैले मलाई अरू विधा भन्दा उपन्यास विधा नै मन पर्छ ।" (शोभा रानाको लिखित अन्तर्वार्ता अनुसार)

शोभा रानाले चितवनको साहित्यमा उपन्यासकारका रूपमा आफ्नो स्थान बनाएकी छन् । बाल्यकालदेखि नै साहित्यप्रति रुचि राख्ने राना मूलतः उपन्यासकार हुन् भने अंशतः कवयित्री हुन् । उनले पत्रकारिता र कलाकारिताका क्षेत्रमा समेत काम गरेकी छन् । आफू र आफ्नो परिवारलाई साहित्य लेखनको प्रेरणाको स्रोत मान्ने रानाले उपन्यासमा सूक्ष्म रूपमा विषयवस्तुको प्रस्तुति गर्न पाइने र पाठकले पनि उपन्यास विधा नै मन पराउने भएकाले आफूमा उपन्यासप्रतिको मोह जागेको बताएकी छन् । साहित्यलाई समाज र प्रकृतिको उपज मान्ने रानाले आत्मसन्तुष्टि, मनोरञ्जन र शिक्षा प्रदान गर्नु नै साहित्यको प्रयोजन हो भन्ने मान्यता राखेको पाइन्छ ।

## ३.६.४ बेवारिसे उपन्यासको तत्त्वगत अध्ययन

### ३.६.४.१ परिचय

**बेवारिसे** स्रष्टा शोभा रानाद्वारा लेखिएको चितवनको साहित्यिक इतिहासकै पहिलो उपन्यास हो । यो सामाजिक विषयवस्तुमा आधारित रहेको छ । २०५२ को प्रजातन्त्र दिवशको अवसर पारेर प्रकाशित यो उपन्यास एक बसाइमा पढिसकिने देखिन्छ । आकारका दृष्टिले मझौला किसिमको यो उपन्यास सत्तरी पृष्ठको आयाममा विस्तारित छ भने उपन्यासलाई छोटा छोटा सत्र परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद विभाजन गर्दा कुनै शाब्दिक नामकरण नगरी तिनवटा स-साना वर्गाकार कोष्ठकले छुट्याइएको छ । उपन्यासको बाहिरी आवरणको अगाडि पृष्ठमा उदाउँदो सूर्यसँगै हिमालको अनुपम दृश्यलाई शीर्ष भागमा राखिएको छ भने बीचमा उपन्यासको शीर्षक **बेवारिसे** लेखिएको छ । शीर्षकको तल शोकाकुल अवस्थामा आँसु झार्दै गरेकी युवतीको अर्धकदको तस्वीर राखिएको छ भने त्यसको दायाँपट्टि ठाडो रूपमा सामाजिक उपन्यास लेखिएको छ । यसका साथै पृष्ठको अन्त्यमा लेखिकाको नाम राखिएको छ । आवरणको पछिल्लो पृष्ठमा शोभा रानाको अर्धकदको तस्वीर र तस्वीरका छेउमा झुकेको फूलको चित्र र त्यसको मुनि लेखकको जन्म,

जन्मस्थान, पिता/माता र प्रकाशोन्मुख कृतिको विवरण दिइएको छ । पृष्ठको अन्त्यमा मुद्रकको नाम र ठेगाना उल्लेख गरिएको छ। प्रकाशक नवीन राना रहेको उक्त उपन्यासमा *मेरो विचारमा* शीर्षक दिएर सरस्वती रिजालले भूमिका लेख लेखेकी छन् भने दुई शब्द शीर्षकमा शोभा रानाले आफ्ना मन्तव्य व्यक्त गरेकी छन् । समग्रमा हेर्दा कृतिको बाहिरी संरचना आकारप्रकार र सङ्गठन मध्यमस्तरको उपन्यासका लागि उपयुक्त नै देखिएको छ। उपन्यासमा सामाजिक विषयवस्तुको प्रस्तुति भएकाले यसमा यथार्थ र आदर्शलाई सामञ्जस्यपूर्ण तरिकाले प्रस्तुत गरिएको छ । उमेरको कलिलै अवस्थामा रचिएको उपन्यास भए पनि यसमा रहेको वैचारिक प्रस्तुति प्रशंसनीय रहेको छ। उपन्यासको समग्र अध्ययन र विश्लेषणका लागि औपन्यासिक तत्त्वहरूलाई आधार बनाइएको छ । तिनै तत्त्वहरूका आधारमा यस उपन्यासको अध्ययन र विश्लेषण गर्न सकिन्छ।

### ३.६.४.२ कथानक

**बेवारिसे** उपन्यासको विषयवस्तु सामाजिक भएकाले यसको कथानक सामाजिक परिवेशका विभिन्न पक्षसँग सम्बन्धित रहेका छन् । उपन्यासमा समाजमा हुने गरेका तथा सम्भाव्य घटनाक्रमलाई जस्ताको तस्तै टिपेर उतारिएको छ । शीर्षकलाई पुष्टि गर्दै एक बेवारिसे सालनाल सहितकी बच्ची फेला परेको घटनालाई प्रारम्भ गरी कथानकको सुरु भएको छ (भट्टराई, २०६७ : ५५) । सालनाल सहित फालिएकी बच्चीलाई मास्टरले घरमा ल्याएर पालन पोषण गर्नु, उसको सुरक्षा नाम राख्नु, चारमहिना पछि मास्टरकी कान्छी छोरीको जन्म हुनु, मास्टरका सुरक्षा सहित तिन छोरी बिस्तारै बढ्दै जानु, सुरक्षाप्रति मास्टर्नीको दृष्टि ईर्ष्यालु बन्नु, उसलाई यातना दिनु, मास्टरकी जेठी छोरी सपनाको रमेश परियारसँग प्रेम सम्बन्ध गाँसिनु र उनीहरूका बीचमा अन्तर्जातीय विवाह समेत हुनु, मास्टर्नीको अपहेलना पश्चात् पारिवारिक समस्याको कारकतत्त्व सुरक्षा ठम्याई आमा र कान्छी छोरीले विष खुवाई मार्ने षड्यन्त्र गर्न खोज्दा आफै झुन्डिएर मर्ने प्रयत्न गर्दै गर्दा शिकारीले बचाउनु, शिकारीले बचाउने प्रयासलाई राम्रो माने पनि सुरक्षाले उक्त कार्यलाई आक्रोशको रूपमा व्यक्त गर्दै युवकलाई तैँले मलाई किन बचाइस्, तँ को होस् जस्ता प्रश्न गर्नु, दुवै आ-आफ्ना घरतर्फ लाग्नु, मास्टर्नीले हेला गरेकाले सुरक्षालाई अर्कै हेडसरले लगेर

पालन पोषण गर्नु, पढाउनु र प्रवेशिका उत्तीर्ण पश्चात् नर्सकोर्स पढ्नका लागि नाम निकाल्नु, अस्पतालमा कार्यरत रहँदा एउटा युवक घाइते अवस्थामा त्यही आइपुग्नु, उसले विगत कोट्याउनु, दुवैमा आत्मीय सम्बन्ध गाँसिनु, समाजले लत्याएकी सपना दिदी दोजिया भई त्यहीँ आइपुग्नु, उनको उपचार हुनु, विवाह बन्धनमा सुरक्षा र संयोग बाँधिनु, पिताको मृत्यु हुनु, हेडसरसँग आशीर्वाद लिन गाउँ पुग्नु, आमा विरामी परेको खबर सुन्नु, घर परिवारसँग सबै भेट हुनु, आमाको स्वास्थ्योपचारका लागि अस्पतालसम्म लैजानु, रगतको खाँचो पर्नु, सुरक्षा स्वयम्को रगत मिल्नु, आमा स्वस्थ हुनु र अन्त्यमा सुरक्षाको सुखी दाम्पत्यजीवनको चित्रण हुनु जस्ता कथावस्तुहरू यस उपन्यासमा संयोजन गरिएका छन् । उपन्यासका घटनाहरू सुरक्षाका जीवनसँग जुध्दै अन्त्यमा सुरक्षाको सुखी जीवन तुल्याएर अन्त्य हुनुले उपन्यास सुखान्त बनेको छ । उपन्यासमा कथानक आदि, मध्य र अन्त्यको शृङ्खला बीच बीचमा छुटेपनि कथावस्तुको प्रवाहमयता भने प्रभावकारी नै देखिन्छ । सामाजिक घटनालाई विषयवस्तुका रूपमा ग्रहण गरी स-साना उपकथालाई पनि मूल कथासँगै जोड्ने प्रयास यस उपन्यासमा गरिएको छ ।

यसरी सामाजिक घटनामा आधारित बेवारिसे उपन्यासले सामाजिक समस्या र विसङ्गतिको विकराल पक्षलाई उदाङ्गो पारेको छ । घटनाक्रमलाई पात्र र परिवेश सुहाउँदो शैलीमा बुनिएकाले यस उपन्यासको कथावस्तुले औपन्यासिक सङ्गठन र उद्देश्यगत प्रस्तुतिलाई सार्थक र औचित्यपूर्ण तुल्याएको छ ।

### ३.६.४.३ पात्रविधान

**बेवारिसे** उपन्यासमा धेरै पात्रको प्रयोग गरिए पनि उल्लेख्य भूमिकामा भने थोरै मात्र पात्रको उपस्थिति देखिन्छ । उपन्यासमा नायिकाका रूपमा सुरक्षा आएकी छ भने नायकको भूमिकामा रहने पुरुषपात्र रहेको देखिँदेन । यो नायिका प्रधान उपन्यास हो । यसमा मास्टर, मास्टरनी, सपना, विनिता, रमेश, शिकारी (संयोग), हेडसरजस्ता पात्रहरू सहायक भूमिकामा छन् भने सापकोटा सर, कमला भाउजू, सन्तोष, कान्छा, अजय, अशोक, मलामीहरू, रिक्सावाला, राजकुमार लगायत थुप्रै पात्रहरू गौण भूमिकामा रहेका छन् । यिनीहरूको उपन्यासमा खासै भूमिका देखिँदैन । यसरी हेर्दा यस उपन्यासमा लगभग तिस जना पात्रको उपस्थिति रहेको देखिन्छ ।

सुरक्षा यस उपन्यासकी प्रमुख स्त्री पात्र तथा नायिका हो । उपन्यासको सुरुमै असहाय वा बेवारिसे भएर देखापरेकी सुरक्षाकै प्रारम्भिक जीवनको अवस्थालाई उपन्यासको शीर्षकले सङ्केत गरेको छ । लेखिकाले यसमा सुरक्षाका जीवनका हरक्षणहरूलाई समेटेकी छन् । आशा-निराशा, सुख-दुःख र हर्ष-विषादमा पिङ खेल्दै नायिका सुरक्षाको जीवनचक्र घुमेको छ । ऊ हुत्तिँदै वल्लो छेउ र पल्लो छेउमा पुग्छे । उसलाई हुत्याउने कारक तत्त्वका रूपमा हरि (मास्टर) मास्टर्नी र संयोग देखा परेका छन् । हरि मास्टर आशाका प्रतीक हुन्, सुखका स्रोत हुन्, हर्षको क्षण हुन् भने, मास्टर्नी निराशाको बादल हो । दुःखको भुमरी हो । विषादको कालो छाया हो । संयोग दुवैको मिश्रित स्वरूप हो । प्रत्येकको नामको सार्थकता छ । हरि (मास्टर) संरक्षक हो । सुरक्षा आरक्षणको प्रतिबिम्बका रूपमा देखिन्छन् । सुरक्षाको जीवनमा आशा र निराशाको हावा बनेर अनायाश प्रवेश गर्ने संयोग हो । सुरक्षाको केन्द्रबिन्दुमा संरचित प्रस्तुत उपन्यास विभिन्न आरोह अवरोहहरू समेट्दै सुखान्त बनेको छ (रिजाल, २०६२ : भूमिका) । जीवन भोगाइका क्रममा अनेक सङ्घर्ष गर्दै बाँचेकी सुरक्षा कहिले अस्तित्वको लडाइँमा त कहिले विसङ्गतिको दलदलमा फस्दै आफ्नो जीवनयात्रालाई अगाडि बढाएकी छिन् । मास्टर्नीको दिनरातको टोकसो सहन नसकेर जीवनदेखि नै वितृष्णा जागेको अवस्थामा मृत्युवरण गर्न खोजेकी सुरक्षामा युवक शिकारीले बचाएपछि उसमा बिस्तारै बाँच्ने प्रेरणा पैदा भएको छ । हेडसरले लगेपछि सुरक्षाको जीवनमा अभावमा रहेको मातृस्नेह पुनः प्राप्त भएको छ । सुरक्षाको जीवनमा दुःखै दुःख आए पनि अन्त्यमा सुखभोग गर्न सक्षम भएको देखाइएको छ ।

मास्टर यस उपन्यासको आदर्शोन्मुख र आशावादी पात्र हो । बेवारिसे सुरक्षालाई लालन-पालन गरेर उसको जीवन सफल बनाउने प्रयास गरे पनि मास्टर्नीको कचकच र आफ्नो जागिरको सरुवाले गर्दा उक्त कार्यलाई पूर्णता दिन सक्दैन । चाहेर पनि कार्य रूपमा परिणत गर्न नसकेको निरीह पात्रका रूपमा मास्टर आएको छ । सुरक्षाले दुःख पाएको देखी उसको भविष्य उज्ज्वल बनाउन असल पिताको भूमिकामा रहेको हेडमास्टरले सुरक्षाको जीवनलाई शिक्षित तुल्याइदिएको छ । यस अर्थमा हेडमास्टर सुरक्षाको असल अभिभावक बनेर देखा परेको छ । मास्टर्नी यस उपन्यासकी खलचरित्र भएकी स्त्रीपात्र हो । मास्टरले टुहुरी सुरक्षालाई आश्रय दिँदा मास्टर्नीले ईर्ष्या र डाहामा उसलाई अनेक लाञ्छना, अश्लील

गाली गलौज गर्न पुग्छे, शिक्षित परिवारकी भए पनि मास्टर्नीमा सभ्य व्यवहार र मानवताको सानो रूपसम्म पनि भेट्न सकिँदैन । त्यस्तै मास्टरकी कान्छी छोरी विनिता पनि सुरक्षाको प्रगतिको ईर्ष्या गर्ने र आमापट्टि लागेर सुरक्षालाई तथानाम गाली गर्ने खलप्रवृत्तिकी स्त्री पात्र हो । विनिता र मास्टर्नी मिलेर सुरक्षालाई विष सेवन गराई मार्ने षड्यन्त्र गर्नु उपन्यासकै अक्षम्य र घृणित कार्य हो । उपन्यासमा आएकी अर्की सहायक पात्र सपना मास्टरकी जेठी छोरी हो । यसमा बाबुमा जस्तै दया, सहयोग र उदारताको भाव भेटिन्छ । रमेशसँग अन्तर्जातीय प्रेम विवाह गरेकी सपनाले तात्कालीन सामाजिक कलङ्कका रूपमा रहेको जातीय प्रथालाई चुनौतीका रूपमा सङ्घर्ष गर्दै परिवर्तनका लागि महत्त्वपूर्ण कदम चालेकी छ । सुरक्षाले मृत्युवरण गर्न खोज्दा उसको जीवन बचाउने संयोग पहिले सुरक्षाप्रति एकोहोरो प्रेममा आशक्त भए पनि अन्त्यमा सुरक्षाको प्रेम पाएपछि सम्पत्तिलाई भन्दा आत्मिक प्रेमलाई महत्त्वपूर्ण ठानेको छ र अन्तमा उनीहरू वैवाहिक जीवनमा बाँधिन पुगेका छन् ।

## तालिका नं. १

## पात्रको शैलीवैज्ञानिक वर्गीकरण

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्य पूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | हरि मास्टर | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| २. | मास्टरनी | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ३. | सुरक्षा | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ४. | सपना | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ५. | विनीता | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ६. | रमेश | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ७. | शिकारी (संयोग) | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ८. | हेडसर | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायक सुरक्षा, सहायक पात्र संयोग, हरि मास्टर, मास्टर्नी, सपना, विनीता, रमेश, हेडसर र अन्य गौण प्रवृत्तिका पुरुष र स्त्रीपात्रहरू देखिन्छन् ।

### ३.६.४.४ परिवेश

यस उपन्यासको परिवेश ग्रामीण क्षेत्रको भए पनि बीच बीचमा केही सहरी क्षेत्रको पनि झलक प्रस्तुत गरिएको छ । उपन्यासलाई हेर्दा प्रजातन्त्र उदयपछिको नेपाली समाज र समाजका व्यक्तिका क्रियाकलापलाई यसमा उल्लेख गरिएको छ । रूढिवादी र परम्परित समाजको चित्रण भए पनि अन्तरजातीय विवाहको प्रसङ्गले समाज आधुनिकतातर्फ उन्मुख भएको परिवेशलाई उपन्यासले समेटेको छ । बेवारिसे अवस्थामा भेटिएका बालबच्चालाई सन्तानका रूपमा पालन-पोषण गर्ने सामाजिक दायित्वको परिवेश पनि यहाँ भेटिन्छ । समयगत परिवेशलाई हेर्दा उपन्यासले लगभग पच्चीस वर्ष अवधिको घटनाक्रमलाई समेटेको छ । उपन्यासमा गाउँ, टोल, अस्पताल, एयरपोर्ट, वनजङ्गल, स्कूल जस्ता स्थान, साँझ, बिहान, दिउसो, एकान्तस्थल आदि समयको सङ्केत पनि उपन्यासमा देखिएका छन् । यसै गरी विभिन्न चाडपर्वको रमझम, सामाजिक संस्कार आदि सांस्कृतिक परिवेशका रूपमा प्रस्तुत भएको देखिन्छ । पारिवेशिक विशिष्टताले उपन्यास सम्पन्न छ ।

### ३.६.४.५ उद्देश्य

**बेवारिसे** उपन्यासमा खासगरी बेवारिसे र असहाय बालबालिकाको भविष्यलाई समुज्वल बनाउन उनीहरूलाई सुरक्षा र प्रेमपूर्ण वातावरणमा हुर्काउन असल अभिभावकको खाँचो पर्दछ भन्ने उद्देश्यलाई चरितार्थ तुल्याउन सुरक्षाको जीवन घटनालाई प्रस्तुत गरिएको छ । असहाय वा टुहुरा बालबालिकालाई मायाको खाँचो छ । उनीहरूले अवसर पाएमा समाज र राष्ट्रका लागि पनि महत्त्वपूर्ण योगदान दिन सक्छन् भन्ने उद्देश्य राखेर यो उपन्यास लेखिएको हो । संसारमा रगतको नाताले मात्र आफ्नो हुँदैन, जन्मले मात्र कोही नजिकको बन्दैन । रगतको नाता बाध्यताको नाता हो, लादिएको नाता हो । आफ्नो पनको भावना जोसुकैसँग पनि हुन सक्छ । जन्मिएको वा जन्माएको नभए तापनि नजिकको माया गाँसिन पुग्छ । रगतको नाताको सङ्कीर्ण परिधिलाई नाघेर आत्मीयताको सूत्रमा सम्बन्ध उनिन्छ भन्ने उद्देश्य उपन्यासले प्रस्तुत गरेको छ (रिजाल, २०६२ : भूमिका) । उपन्यासमा

जीवनमा सङ्घर्षको खाचो छ, सङ्घर्षबाट नै सुखको प्राप्ति हुन्छ, जिन्दगीमा कहिल्यै हरेस खानु हुँदैन भन्ने तथ्यलाई पनि उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । असल प्रेमले नै मान्छेलाई बाँच्न सिकाउँछ साथै प्रेम नै प्राप्तिको प्रमुख कारक तत्त्व हो भन्ने विचारमा उपन्यास केन्द्रित देखिन्छ ।

## ३.६.४.६ भाषाशैली

**बेवारिसे** उपन्यास भाषिक प्रयोगका दृष्टिले सरल र सम्प्रेषणीय कृति हो । छोटा-छोटा वाक्य निर्माणद्वारा सरल भाषामा घटनाको वर्णन गर्दै वर्णनात्मक शैलीमा लेखिएको यस उपन्यासमा भाषिक प्रवाह बीचबीचमा टुटेको देखिन्छ । उपन्यासमा पत्रात्मक शैली, संवादात्मक शैली, चित्रात्मक भाषाको प्रयोग पाइन्छ भने कथ्यपरक अनौपचारिक भाषा, अङ्ग्रेजी शब्द प्रयोगको आधिक्य, समुचित रूपमा उखान टुक्काको प्रयोग समेत पाइन्छ । उपन्यासमा रूपक, दृष्टान्तजस्ता सादृश्यमूलक अलङ्कारहरूको प्रयोगका साथै बिम्ब र प्रतीकहरूको पनि प्रशस्त प्रयोग भएको छ । उपन्यासमा प्रयोग भएका केही भाषिक नमुनाहरू यसप्रकार छन् :

**क) अपभाषा, गाली गलौजको भाषाको प्रयोग**

अ) "मास्टर भएर यो कुकुरको मुत घिचेर आउन थालेपछि अब के हुने हो ?" पृ. १३ ।

आ) "बरु चर्पीमा गएर गु खानु नि यस्ताले !" पृ. १३

इ) "किन बोल्दिनस् ए कुकुर्नी !" पृ. ११

**ख) शृङ्गारिक भाषाको प्रयोग**

अ) लाम्चो लाम्चो गोरो अनुहार, ठूला आँखा, लामो केशराशि र सुडौल हात पाखुरा सँगसँगै उनले देखिन् तारुण्यताको सुवास छरिरहेको किञ्चित ठूलो वक्षस्थल र भारी नितम्ब पृ. २७

**ग) काव्यात्मक भाषाको प्रयोग**

अ) "टलक्क टल्कने सेता हिमालका भागहरू, हरिया बुट्टान, बीचमा भ्वाम्म फुलेको रातो लालीगुराँस माथि बसेको डाँफे चिर्रबिर्र गर्दै कराएको गौंथली, कुहुकुहु भन्दै मीठो स्वरमा कराएको कोइली" पृ. ३४

### ३.६.४.७ दृष्टिबिन्दु

**बेवारिसे** उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसमा उपन्यासकारले विषयवस्तुलाई मास्टर र सुरक्षाका माध्यमबाट प्रस्तुत गरेको देखिन्छ । उपन्यासकार उपन्यासभन्दा परै बसेर घटना वर्णन गर्ने सम्पूर्ण जिम्मेवारी मास्टर र सुरक्षालाई सुम्पिएको छ । यसमा सुरक्षाको जीवन कहानीलाई प्रस्तुत गरिएकाले यो तृतीय पुरुष दृष्टिबिन्दुमा आधातिर उपन्यास हो । यसका कथकले सुरक्षालाई केन्द्रमा राखेर उसको चरित्रचित्रण गरेका छन् ।

### ३.६.४.८ निष्कर्ष

विषय र पात्र सुहाउँदो नै देखिएको छ । उपन्यासमा सुरक्षाको जीवन बचाइ र मृत्युसँगको द्वन्द्व, पारिवारिक प्रेम र घृणाको द्वन्द्व, सपनाको अन्तरजातीय प्रेम र सामाजिक परम्पराको द्वन्द्व, संयोगको आत्मिक प्रेम प्रतिको द्वन्द्वले उपन्यासलाई अझ सशक्त र प्रभावकारी बनाएका छन् । उपन्यासकी नायिका सुरक्षाको बेवारिसे अवस्थाबाट उपन्यासको प्रारम्भ भएर बेवारिसे सुरक्षा नै भविष्यमा नर्सजस्तो सेवामूलक पेसामा आबद्ध भई सुखद दाम्पत्य जीवन बिताएको सन्दर्भलाई देखाउन उपन्यासको शीर्षक नै **बेवारिसे** राखिएको छ । यो शीर्षक नायिकाको दुःखपूर्ण जीवनको प्रतीकात्मक चित्रण पाइन्छ ।

## ३.६.५ शिकार उपन्यासको तत्त्वगत अध्ययन

### ३.६.५.१ परिचय

शोभा रानाको औपन्यासिक यात्रको दोस्रो उपन्यासका रूपमा प्रकाशित **शिकार** ( २०५६) उपन्यास सामाजिक विषयवस्तुमा आधारित देखिन्छ । मझौला स्तरको आयाममा विस्तारित यस उपन्यासले युवा पुस्ताको समग्र अवस्था र समस्यालाई चित्रण गर्ने प्रयास गरेको छ । उपन्यास एकानब्बे पृष्ठमा संरचित छ भने उपन्यासलाई सत्र परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद विभाजनको आधार तिनओटा स-साना फूलका गुच्छाहरूलाई बनाइएको छ । उपन्यासको बाहिरी संरचनालाई हेर्दा यसको आवरण पृष्ठको अघिल्लो भागमा शिकार शीर्षक दिएर एउटी शोकाकुल युवतीको तस्विरलाई कारुणिक रूपमा देखाइएको छ भने पृष्ठको अन्त्यमा उपन्यासकारको नाम राखिएको छ । यसै गरी

आवरण पृष्ठको पछिल्लो भागमा उपन्यासकारको अर्धकदको तस्विर सहित उनका कृति, जन्म, जन्मस्थान, माता/पिताको नामकासाथै मुद्रकको नाम र ठेगाना दिइएको छ । उपन्यसको प्रारम्भमा गोविन्द टन्डनले *शुभेच्छा* शीर्षकमा भूमिका लेख लेखेका छन् भने उपन्यासकारले *मेरो विचार* शीर्षकमा आफ्ना मन्तव्यहरू व्यक्त गरेकी छिन् । प्रकाशक स्वयम् उपन्यासकार रहेको यस उपन्यासमा आन्तरिक सङ्गठनलाई व्यवस्थित गर्न वाक्य गठन, अनुच्छेद गठन र परिच्छेद गठनलाई विशेष ध्यान पुऱ्याएको देखिन्छ । वर्तमान समयमा देखिएको यथार्थताको वीभत्स चित्र उतार्ने यो उपन्यास नेपाली उपन्यास साहित्य परम्पराको एक सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासलाई अध्ययन र विश्लेषण गर्नका लागि औपन्यासिक तत्त्वहरूलाई प्रमुख आधार बनाइएको छ । यिनै तत्त्वका आधारमा **शिकार** उपन्यासको अध्ययन र विश्लेषण गरिएको छ ।

### ३.६.५.२ कथानक

समाजका विविध यथार्थ घटना र त्यसमा पनि आधुनिक र पाश्चात्य सँस्कृतिको भुमरीले पिल्सिएका युवायुवतीको अवस्थालाई चित्रण गर्न यस उपन्यासमा सामाजिक घटनालाई कथानकका रूपमा लिइएको छ । यो दुःखान्त कथानक भएको उपन्यास हो । उपन्यासका घटना क्रमलाई आदि, मध्य र अन्त्यको शृङ्खलासँगै आबद्ध गरेर इरोज, नम्रता र संजोगको जीवन परिधिमा आधारित कथावस्तुलाई उपन्यासमा आबद्ध गरिएको छ । इरोज र नम्रताको जीवनसम्बन्धी दार्शनिक कुराकानीबाट उपन्यासको प्रारम्भ भएको छ । इरोज र नम्रता दुवै कलेजमा पढ्ने साथी हुन् । घटनाको उपक्रम बढ्दै जाँदा नम्रताका आमा बाबु विरामी पर्नु, बिरामी बाबु घरमै हुनु र रोगको पीडाले तड्पिएकी आमालाई अस्पताल लानु, पत्थरी रोगले गालेको हुनाले शल्यक्रियाका लागि डाक्टरले भन्नु, आफ्नो गच्छे नभएकाले आमा बोकी फर्कन खोज्नु, अपरिचित युवक आफ्ना अगाडि उभिनु, उसले कारण बुझ्न खोज्नु र मानवताको ढाडसा दिँदै दशहजार सहयोग गर्नु, आमाको शल्यक्रिया पश्चात आमा निको भई जीवनको नयाँ अनुभूति गर्दै घर फर्कनु, संजोगले यसको बदलामा नम्रताको अस्मिता र अस्तित्व लुट्नु, नारी अस्मिता लुछिएपछि शीरिषको फूलझैँ ओइलाउनु, बारम्बार अस्मिता लुटिनु, आमा बुबाले सञ्जोगको नकाव धारी रूप ठम्याउन नसक्नु, उसले पूर्वीय संस्कृति र सभ्यतालाई कुल्चिएर पाश्चात्य संस्कार अनुसरण गर्नु, अन्तिमाले प्रवेशिका

उत्तीर्ण गर्नु, बहिनीका अनगिन्ती इच्छा नम्रताले आफ्नो हैसियतले पूरा गर्न नसक्नु, सञ्जोगले पुनः सहयोगको ढाडसा दिन खोज्नु, आफू लुटिएझैँ बहिनी अन्तिमाको अस्मिता खतरामा देखेर प्रतिकार गर्नु, दिदीले आफ्नो प्रगति नचाएको बहिनीले आरोप-प्रत्यारोप लगाउनु, सञ्जोगले काठमाडौंको राम्रो क्याम्पसमा भर्ना गरी छात्रवासमा राखिदिनु, दिदीप्रतिको उसको व्यवहार जे भए पनि बहिनीप्रति सम्मान जनक अभिभावकीय व्यक्तित्वको भूमिका निर्वाह गर्नु, अन्तिमा छात्रावासबाट निकालिनु, सञ्जोगकी बहिनी तमन्ना अमेरिका पढ्न जानु, पाश्चात्य संस्कारप्रति अन्धानुकरण गर्नु, खुला आकासमा पन्छीझैँ विचरण गर्न रमाउनु, एड्सको सङ्क्रमण हुनु, नम्रतालाई सामान्य रोगका लक्षण देखिनु, औषधि उपचारले नभेटेर शरीर गाल्नु, इरोजको पुनः प्रवेश हुनु, सञ्जोगलाई खबर गर्न नम्रताले भन्नु, उसले हृदयघात हुने शब्द प्रहार गर्नु, इरोजले अस्पतालसम्म लैजानु, नम्रता र डा. उषा घन्टौँभित्र रहनु, इरोज बाहिर दिक्क हुनु, नम्रता डा. उषाको कोठाबाट निक्लँदा फुर्तिली भएर आउनु, रोगको खुलाशा गर्न नचाहनु, केही दिनमा पत्रपत्रिका, टोल छिमेकले चर्चाको विषय बनाई औँला ठड्याउनु, सामाजिक मूल्यमान्यता विपरीत आफ्नी छोरी हिँडेकोमा बरु म बूढीलाई मर्न दिएको भए आज यो त देख्न पर्दैनथ्यो भनी आमाले अभिव्यक्ति दिनु, नम्रताको यो अवस्था कसरी आयो कसैले बुझ्न नचाहनु, यसको कारण कसैलाई चासो नहुनु, अन्त्यमा मृत्युसँगै लड्दै गरेकी नम्रतालाई पुनः सञ्जोगले भेट्नु, आफ्ना सम्पूर्ण आक्रोश उसमाथि पोख्नु, जीवनको सार्थकतालाई नारकीय जीवन तुल्याएकामा कीरा परेर मर्नु परोस भन्नु, इरोजले नम्रतालाई बारम्बार भेट्दा सबै पुरुष एकै स्वभावका र रूपका देख्नु, पुनः उसको व्यवहारले विवाहको प्रस्ताव राख्दा नम्रताले स्वीकार्नु, बिहे हुनु, इरोजको अगाडि नम्रताको वास्तविकता खुल्नु र उनीहरूबीच किन भनिनौ ? ..... भनाभन हुनु, मृत्युको दोसाँधमा बार्दली मुनीको पिँढीमा नम्रतालाई निकाल्नु, नम्रताले समय, व्यवहार, जीवनको सार्थकता, विसङ्गतिको प्रवेश, नारकीय जीवनका बारेमा शिक्षामूलक ज्ञान बाट्ने प्रयास गर्नु, सबैको तिरस्कार र पारिवारिक समर्थनका अभावमा घर अगाडिको रुखमा झुन्डिएर मृत्यु (आत्महत्या) वरण गर्नु, इरोज त्यहीँ आएर मलाई एक्लो पारी गयौ भनी विलौना गर्नु, समाजमा मृत्युसँग जुधेकी नम्रता कसरी झुन्डिएर मरी भन्ने शङ्का उपशङ्काको बादल मडारिनु, सञ्जोग पनि मर्‍यो रे भन्ने सुनिनु, यसरी नायिकाको मृत्युमा शोकाकुल कथावस्तुमा उपन्यास टुङ्गिनु आदि घटनाक्रमलाई उपस्थित गराएर उपन्यासले

दुःखान्त रूपमा अन्त्य पाएको देखिन्छ । यिनै अन्तर्वस्तुमा प्रस्तुत उपन्यासको कथानक तयार भएको छ ।

### ३.६.५.३ पात्रविधान

**शिकार** उपन्यासमा पात्रहरूको उपस्थिति विषयवस्तु र परिवेशका आधारमा हेर्ने हो भने न्यून सङ्ख्यामा नै रहेको पाइन्छ । उपन्यासमा धेरै पात्रहरू गौण रूपमा आएका छन् भने केही पात्रहरू सहायकको भूमिकामा पनि देखिएका छन् । उपन्यासमा नायक नायिकाका रूपमा इरोज र नम्रता, खलनायकका रूपमा सञ्जोगको भूमिका रहेको छ । रामबहादुर पात्र भने उपन्यासकारको मुख पात्रका रूपमा देखिएको सहायक पात्र हो ।

उपन्यासमा इरोज प्रमुख पुरुषपात्र हो । ऊ उपन्यासको प्रारम्भ र अन्त्यमा सशक्त भूमिकामा देखिए पनि उपन्यासको मध्यमा लुप्त भएको छ । सुरुमा इरोज र नम्रताको सम्बन्धबाट उपन्यासले थालनी हुने मौका पाएको छ । इरोज दार्शनिक विचारबाट प्रभावित छ । उपन्यासको प्रारम्भमा नम्रतासँग खासै प्रेमसम्बन्ध नभए पनि आत्मियता भने देखिन्छ । त्यही आत्मीयताको स्वरूप नै अन्त्यमा प्रेमका रूपमा विकसित भएर ऊ नम्रतासँग वैवाहिक सम्बन्धमा बाँधिएको छ । नम्रतालाई एड्स लागेको थाहा पाएपछि उनीहरूका बीचमा सम्बन्ध बिग्रन पुग्छ । नम्रताले भ्रुण्डिएर मृत्यु वरण गरेपछि आफ्नी प्रेमिकाको मृत्युमा भावविह्वल भएर प्रेमिकाको गोडा समाई रुने इरोज वास्तवमा सच्चा प्रेमी हो । केही समय सम्बन्ध बिग्रिए जस्तो देखिए पनि उनीहरूबीचको आत्मिक प्रेम भने छुटेको देखिँदैन । यसरी हेर्दा इरोज जीवनवादी, सच्चाप्रेमी, विवेकशील र आत्मिक प्रेमप्रति समर्पित नायकका रूपमा देखा परेको छ ।

नम्रता यस उपन्यासकी प्रमुख भूमिकामा रहेकी नायिका हो । अल्लारे तर भावुक प्रकृतिकी सोझी ग्रामीण युवतीका रूपमा नम्रताको चरित्र आएको छ । आर्थिक अभावका कारण आमाको उपचार गर्न नसक्दा युवक सञ्जोगको आर्थिक सहयोग पाएर उपचार गरे पनि पछि त्यही आर्थिक सहयोगको बहानामा सञ्जोगले उसको अस्तित्व लुटेको छ । आधुनिकताको प्रलोभन देखाएर, सोझोपनको फाइदा उठाएर, नम्रताको शरीरमाथि सञ्जोगले खेलवाड् गरिरहेको छ । नम्रता ग्रामीण युवतीका प्रतिनिधि पात्र हो । आफूमा

सञ्जोगले गरेको अभद्र व्यवहारको शिकारबाट बहिनीलाई बचाउने प्रयासमा लागेकी नम्रताले आफू एड्स रोगी भए पनि बहिनीलाई सफलतातर्फ उन्मुख गराउन प्रयत्नशील छे । पुरुषबाट सोझै धोका पाएकी नम्रतामा पूरै पुरुषवर्गप्रति नै घृणाको भाव जागेको हुन्छ । इरोजले राखेको विवाहको प्रस्तावलाई सहजै स्वीकार गरे पनि इरोजबाट एड्स रोगी भएकै कारणले अनेक लाञ्छना लागेपछि घर छोडेर माइत पुगेकी नम्रताले मृत्युशैयाकै अवस्थामा झुण्डिएर आत्महत्या गर्न पुग्छे । उसले जीवनमा आत्मिक प्रेमको अनुभव गर्न सकेकी छैन । इरोजले पनि एड्स रोगकै कारणबाट प्रेमिकालाई अनेक लाञ्छना लगाउनु उसको कमजोरी पक्ष हो । यही कमजोरीका कारण नम्रताले आफ्नो जीवन त्याग गर्नुपर्ने बाध्यता आएको छ । यसरी हेर्दा नम्रता यस उपन्यासमा निरीह, दु:खी र प्रेमाभावमा तड्पिएर बाच्न बाध्य र अन्त्यमा मृत्युलाई स्वीकार्ने नारीपात्र हो । ऊ पुरुषद्वारा चुसिएकी, थिचिएकी र पिल्सिएकी छे । गरिबीका कारण आफ्नै अस्तित्वको बलिदान दिन बाध्य नारी पात्रका रूपमा उसको चरित्र चित्रण गरिएको छ ।

सञ्जोग यस उपन्यासको प्रमुख खलनायकका रूपमा देखिएको छ । अमेरिकामा अध्ययन गरी फर्किएको सम्पन्न परिवारको सञ्जोगले अमेरिकाबाट शैक्षिक योग्यताभन्दा पाश्चात्य जीवनशैली र विकृतिलाई लिएर आएको देखिन्छ । अमेरिकाबाट फर्कँदा प्राणघातक एड्स रोगी भएर फर्किएको सञ्जोगले नम्रताको गरिबीको फाइदा उठाएर उसको अस्तित्व लुटेको छ । वासनात्मक प्रेममा लिप्त उसको चरित्रले बनावटी र देखावटी प्रेमलाई आत्मसात् गरेको देखिन्छ । नारीलाई वासना पूर्तिको साधनमात्र ठान्ने सञ्जोग स्वार्थी, स्त्रीलम्पट, आधुनिक विचारको पात्र हो । रक्सी सेवन, चुरोट सेवन र सम्पत्तिको धाकमा संसार लुट्न खोज्ने, व्यक्तिगत सुखलाई महत्त्व दिने, खराब चरित्रको पात्र हो । आफ्नो सभ्यता, परम्परा र संस्कृतिको विरोधी पात्रका रूपमा उसको चरित्र चित्रण गरिएको छ । आफू बिग्रिए पनि बहिनीलाई आफ्नो संस्कृति, परम्परा, रीतिरिवाजको पालना गर्न र पाश्चात्य संस्कृतिको अन्धानुकरण नगर्न आग्रह गरेको छ । एड्सकै कारणले अन्त्यमा उसको पनि मृत्यु भएको देखाइएको छ ।

अन्तिमा गाउँकी सोझी पात्र भए पनि काठमाडौं पढ्नका लागि गएपछि उसमा आधुनिक शैली हावी हुन्छ । त्यसकै परिणाम स्वरूप उसको जीवन वर्वादीतर्फ उन्मुख

भएपछि पश्चातापमा डुब्दै गाउँ फर्कन्छे । आफ्नो हैशियतलाई बिर्सेर अर्काको अनुकरण गर्ने अल्लारे युवापुस्ताकी प्रतिनिधि पात्रका रूपमा उसको चरित्र आएको छ । तमन्ना यस उपन्यासकी सहायक स्त्री पात्र हो । ऊ सञ्जोगकी बहिनी हो । उसले अध्ययनका लागि अमेरिका रोज्नु र त्यहाँबाट पढेर आएपछि नेपालमा पनि त्यस्तै व्यवहार र सँस्कार अवलम्बन गरेकी छे । पाश्चात्य संस्कृतिमा डुब्न चाहने, स्वतन्त्र जीवन जिउन चाहने तमन्ना पनि एड्स रोगकै शिकार भएकी छे ।

नम्रताका आमाबाबु छोरीहरूको उज्ज्वल भविष्य देख्न चाहने अभिभावक हुन् । छोरीहरू बिग्रेकोमा पश्चाताप गर्दै आफूहरू बाँचिरहेकाले यस्तो दुर्दशा देख्नु परेको कुरालाई उनीहरूले व्यक्त गरेका छन् । त्यस्तै सञ्जोगका आमाबाबु अमेरिका बसेर व्यापार गरे पनि आफ्नै नेपाली संस्कृति र शैलीलाई आवलम्बन गर्ने शिक्षित अभिभावकको रूपमा आएका छन् । उनीहरू छोराछोरीप्रतिको कर्तव्य र जिम्मेवारीलाई पूरा गर्न प्रत्यन्तशील देखिन्छन् । डा. उषा विकृति र विसङ्गति उत्पत्तिको कारणका बारेमा युवापुस्तालाई सचेत गराई एड्स रोगका सम्बन्धमा जनचेतना सम्प्रेषण गर्ने शिक्षित, चेतनशील र सामाजिक उत्तरदायित्व बहन गर्ने पात्रका रूपमा देखिएकी छ ।

## तालिका नं. २

## पात्रको शैलीवैज्ञानिक वर्गीकरण

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्य पूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | इरोज | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| २. | नम्रता | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ३. | अन्तिमा | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ४. | सन्जोग | + | - | + | - | - | - | + | - | + | - | + | - | + | + | - |
| ५. | आमा | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ६. | बुबा | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ७. | तमन्ना | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ८. | डा. उषा | - | + | + | - | - | + | - | + | - | + | - | - | + | - | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायक इरोज, नायिका नम्रता, आदर्शोन्मुख डा. उषा, सहायक पात्र अन्तिमा, आमा, बुबा, तमन्ना, खल संजोग, गौण प्रवृत्तिका पुरुष तथा स्त्री पात्रहरू देखिन्छन् ।

### ३.६.५.४ परिवेश

यस उपन्यासको परिवेश मुख्यतः नेपालको ग्रामीण क्षेत्रमा भए पनि यसमा सहरी परिवेशको पनि चित्रण गरिएको छ । समयका हिसाबले लगभग बाह्रवर्ष जतिको अवधिलाई समेटिएको यस उपन्यासले अमेरिकाको सहरी परिवेश, काठमाडौंको क्याम्पस, छात्रावास, होटल, पार्क, अस्पतालजस्ता स्थानलाई पनि परिवेशका रूपमा चित्रण गरेको छ । यसमा पाटी, सडक, आकाश, सूर्य, प्रकृति, ऋतुका विभिन्न स्वरूप, साँझ-बिहान, दिउँसोजस्ता समयगत परिवेशलाई उल्लेख गरिएको छ । पुरानो पुस्ता आफ्नै संस्कृतिमा रमाउन चाहने र नयाँपुस्ता आधुनिक सभ्यताको संसारमा हराउन चाहने सामाजिक परिवेशको चित्रण उपन्यासमा पाइन्छ । यसमा पारिवारिक, शैक्षिक परिवेश पाइन्छ ।

### ३.६.५.५ उद्देश्य

शिक्षाका नाममा विदेश पलायन भएका, युवापुस्ताले विदेशबाट सीप र जाँगर ल्याउनुको सट्टा त्यहाँको विकृति र विसङ्गतिलाई भित्र्याइरहेको र उनीहरूको जीवन वर्वादीतर्फ धकेलिएको यथार्थलाई चित्रण गर्नु यस उपन्यासको मुख्य उद्देश्य हो । आत्मिक सुखले नै मानिसलाई वास्तविक सुखको मार्गमा लैजान्छ । पीडा र समस्या भनेको मानव जातिका लागि ज्ञान प्राप्तिको मार्ग हो । ...... छोराछोरीको कर्तव्य नै आमाबाबुको सेवा गर्नु हो (टन्डन, २०५६ : भूमिका) । यसका साथै गाउँका सोझा युवतीहरू कसरी लुटिइरहेका छन्, नेपाली नारीहरूको अस्तित्व कति सङ्कटमा छ भनेर देखाउनु पनि यस उपन्यासको उद्देश्यभित्र पर्दछ । युवा पुस्तालाई स्वदेशमै सीप र रोजगारी साथ प्राविधिक शिक्षा प्राप्त भएमा यस्ता विकृति र विसङ्गतिको अन्त्य हुने साथै देश पनि विकासको पथमा अगाडि बढ्न सक्छ भन्ने कुरालाई उपन्यासमा व्यक्त गरिएको छ । गरिबीकै कारणले विकृतिलाई अवलम्बन गर्नुपर्ने बाध्यता रहेको तथ्यलाई प्रस्तुत गर्दै गरिबी निवारणका लागि सरकारी पहल भएमा गाउँका सोझा-साझा नागरिकलाई न्याय दिलाउन सकिन्छ भन्ने पक्षमा उपन्यास उभिएको छ । यिनै लेखकीय उद्देश्यमा **शिकार** उपन्यास संरचित छ ।

### ३.६.५.६ भाषाशैली

**शिकार** उपन्यासको भाषा प्रयोग सरल र प्रवाहमय रूपमा अगाडि बढेको देखिन्छ । वर्णनात्मक शैली अँगालिएको यस उपन्यासमा पत्रात्मक शैली, चित्रात्मक शैली पनि अँगालिएको छ । घटना क्रमलाई रैखिक ढाँचामा प्रस्तुत गरिएको यस उपन्यासमा उखान टुक्काको अधिक प्रयोग, विभिन्न अलङ्कारको प्रयोग, बिम्ब, प्रतीक र रसको प्रयोगका साथै काव्यात्मक भाषाको पनि प्रयोग गरिएको छ । अंग्रेजी शब्दका साथै तत्सम शब्दको पनि उत्तिकै प्रयोग गरिएको उपन्यासको वाक्यगठन र अनुच्छेद योजनालाई उपयुक्त किसिम पनि मान्न सकिन्छ । केही भाषिक नमुनाहरू यसप्रकार छन् :

**क) उखान टुक्काको प्रयोग**

अ) "दु:ख गरे सुख अवश्य मिल्छ" पृ. ३

आ) "घरै पिँडालु बनै पिँडालु, ससुराली जाँदा बाह्रहातको पिँडालु" पृ. ३

**ख) आलङ्कारिक भाषाको प्रयोग**

अ) "स्वर्गबाट इन्द्रको सवार भए जस्तो....." पृ. ८

**ग) चित्रात्मक भाषा**

अ) सूर्यको अन्तिम किरण फूलको रानाजस्तो पहेलो भाग अस्ताचलको चारैतिर छरिसकेको थियो । पृ. २

### ३.६.५.७ दृष्टिबिन्दु

**शिकार** उपन्यासमा तृतीय पुरुष अर्थात बाह्य पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसमा घटनाक्रमहरूलाई कथयिताका रूपमा इरोज, नम्रता, सञ्जोग, आदि पात्रलाई उपस्थित गराएर वर्णन गरिएको छ । उपन्यासका कथावस्तुलाई उपन्यासकारले उपन्यासभन्दा बाहिर रहेर अरू नै पात्रको सहभागितामा वर्णन गरेकाले यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग रहेको पुष्टि हुन्छ ।

### ३.६.५.८ निष्कर्ष

यसका साथै उपन्यासमा द्वन्द्वविधान र संवाद योजनालाई पनि प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । कृतिका बीच-बीचमा प्रत्यक्ष-परोक्ष संवाद शैलीको प्रयोग छ भने आधुनिक पुस्ता र पुरानो पुस्ता बीचको द्वन्द्व, आर्थिक अभाव र भौतिक सुविधाप्रतिको द्वन्द्व,

पाश्चात्य र पूर्वीय सभ्यताबीचको द्वन्द्वलाई उपन्यासमा सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासको शीर्षक **शिकार**ले प्रतीकात्मक अर्थलाई बहन गरेको छ । आधुनिक सभ्यता र पाश्चात्य संस्कृतिले अहिलेका युवापुस्तालाई शोक, रोग र पीडाको शिकार बनाएको तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

## ३.७ सरला जोशीको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतिको अध्ययन

चितवनको साहित्यिक इतिहासमा उपन्यास विधामा दोस्रो उपन्यासकारका रूपमा स्थान बनाउन सफल सरला जोशीले उपन्यासबाहेक गद्यात्मक आख्यान, कविता, गीत, गजलजस्ता विधामा समेत कलम चलाएकी छन् । नेपाली नारीका पीडा, समस्या र आत्मकथालाई विषयवस्तु बनाएर सामाजिक पृष्ठभूमिमा साहित्यिक अभिव्यक्ति दिने जोशीले **अन्तिम स्वीकार** (२०५८) उपन्यास लेखेकी छन् । उनको शब्दको **सुवास** गजल सङ्ग्रह-२०६३ पनि प्रकाशित देखिन्छ । जोशीको औपन्यासिक कृतिको विश्लेषण गर्दा उनको जीवनी, व्यक्तित्व, साहित्यिक लेखनको प्रेरणा र साहित्यप्रतिको दृष्टिकोण महत्त्वपूर्ण आधार हुने भएकाले औपन्यासिक कृतिको चर्चा गर्नु भन्दा पहिले उपर्युक्त विषयमा सङ्क्षिप्त रूपमा उल्लेख गर्नु विषय सान्दर्भिक देखिन्छ ।

### २.७.१ सरला जोशीको जीवनी

सरला जोशी चितवनकी साहित्य स्रष्टा हुन् । उनको जन्म वि.सं. २०२२ सालमा पिता राजकुमार श्रेष्ठ तथा माता दुर्गा श्रेष्ठको कोखबाट तेस्रो सन्तानका रूपमा पर्वत जिल्लाको चुबा भन्ने ठाउँमा भएको हो । हाल भ.उ.म.न.पा.-१, चितवनमा स्थायी बसोबास गर्दै आएकी जोशीको बाल्यकाल परिवारका साथमा रमाइलोसँग बितेको देखिन्छ । चितवन हाइ स्कुलबाट प्रवेशिका उत्तीर्ण गरेकी उनले वीरेन्द्र बहुमुखी क्याम्पसमा आई.ए. सम्मको अध्ययन गरेकी हुन् । एक छोरा र एक छोरीकी आमा, असल गृहिणी र असल पत्नीका रूपमा आफ्नो परिचय बनाएकी जोशीले समाजसेवा र साहित्य सेवामा आफ्नो जीवन समर्पित गरेको देखिन्छ । उपन्यास र कविता क्षेत्रमा पुस्तकाकार कृतिसमेत प्रकाशन गरेकी जोशीका **अन्तिम स्वीकार**-२०५८ उपन्यास र **शब्दको सुवास**-२०६३ गजल सङ्ग्रह गरी दुई ओटा कृति रहेका छन् । उनले थुप्रै साहित्यिक कृतिमा सहलेखन पनि गरेकी छिन् भने फुटकर रचनाका रूपमा कथा, गजल, कविता, गीत आदि विभिन्न पत्रपत्रिकामा समेत

प्रकाशित भएका देखिन्छन् । **सकस** नाटकमा कलाकारको अभिनयमा संलग्न रहेकी जोशी एक सफल कलाकार पनि हुन् । जोशी गजलमञ्च, हाम्रो मझेरी जस्ता साहित्यिक संस्थासँग पनि आबद्ध छन् भने नारायणी कला मन्दिर कार्य समिति सदस्य भएर पनि काम गरेकी थिइन् । साहित्यमा विशिष्ट योगदान गरे बापत उनलाई हाम्रो मझेरी साहित्य प्रतिष्ठानबाट २०६५ सालमा सम्मान गरिएको थियो भने कालिका स्रष्टा सम्मान-२०६६ बाट समेत पुरस्कृत भएकी थिइन् । त्यस्तै गजल मञ्च चितवनबाट गजल स्रष्टा सम्मान-२०६८, लायन्स क्लव अफ भरतपुर चौतारीबाट प्रशंसापत्र-२०६६ आदिद्वारा पनि सम्मानित भएको देखिन्छ । बाल्यकालदेखि नै शान्त र सरल स्वभावकी सरला जोशीको जीवनी समग्रमा सफल देखिएको छ ।

### ३.७.२ सरला जोशीको व्यक्तित्व

सरला जोशी खास गरेर साहित्यिक र समाजसेवाका क्षेत्रमा स्थापित व्यक्तित्व हुन् । मझौलो कद, चौडा अनुहार, हँसिलो मुहार, गोरो वर्ण भएकी जोशी मृदुभाषी र व्यवहार कुशल व्यक्तित्वका रूपमा चिनिन्छिन् । एउटा नारीमा हुनुपर्ने प्रायः सबै गुणले सम्पन्न जोशीले साहित्य क्षेत्रमा उपन्यासकार व्यक्तित्व र गजलकार व्यक्तित्वलाई चिनाउन सफल भएकी छिन् । उनका फाट्ट फुट्टरूपमा प्रकाशित हुने कविता र कथाजस्ता विधाले उनको कवि व्यक्तित्व र कथाकार व्यक्तित्व पनि फस्टाएको प्रस्ट हुन्छ । साहित्य क्षेत्रका साथै समाजसेवा क्षेत्रमा समेत लागेकी जोशी नारायणगढ बस पार्क टोल सुधार तथा बस व्यवस्थापन समिति- उपाध्यक्ष, मिल्स एरिया टोल सुधार कार्यसमिति सदस्य, मिल्स एरिया उपभोक्ता समिति-उपाध्यक्ष बनेको देखिन्छ । नारायणी कला मन्दिर कार्यसमिति सदस्यमा आबद्ध भई नाटक मञ्चनमा कलाकार समेत भएर उनले कलाकार व्यक्तित्वको परिचय दिएकी छन् ।

### ३.७.३ सरला जोशीको साहित्यिक लेखनको प्रेरणा र दृष्टिकोण

बाल्यकालदेखि नै साहित्यिक लेखनमा अभिरुचि राख्ने सरला जोशीको साहित्यिक लेखनको मुख्य प्रेरणा स्रोत आफ्नै ठूलो दाजु नगेन्द्र श्रेष्ठको **धोखा** कथा बनेको देखिन्छ । **धोखा** कथाको अध्ययनपछि आफूमा साहित्य लेखनको उत्सुकता र रहर पलाएको कुरा

लेखकको स्वीकारोक्ति रहेको छ । सानैदेखि केही न केही लेख्ने सरला जोशीले आफ्नो लेखनको कार्यलाई पूरा गर्न सकेकोमा भनेकी छन्, “मलाई लेख्नमा साह्रै चाहना थियो र म सानैदेखि केही न केही लेख्ने गर्दथेँ. तर त्यो आफ्ना कापीका पानाहरूमा नै सीमित थियो । शायदै भगवानको आशीर्वाद भन्नुपर्छ, मेरो सानैदेखिको चाहना पूरा हुन लाग्यो” (जोशी, २०५८ : ?) । अन्तिम स्वीकार उपन्यास प्रकाशन हुनै लाग्दा व्यक्त गरिएका यी शब्दहरूले पनि लेखिकालाई प्रेरणा दिने स्रोतका रूपमा आफ्नै मिहिनेत र निरन्तरको लगनशीलता हो भन्ने स्पष्ट हुन्छ ।

जोशीले साहित्यका विविध विधामा कलम चलाए पनि उनको उपन्यासकार व्यक्तित्व बढी प्रभावकारी मानिएको छ । उपन्यास लेखनलाई महत्त्वदिने उपन्यासकारको उपन्यासप्रतिको दृष्टिकोणका सम्बन्धमा उनले निम्नानुसारको अभिप्राय व्यक्त गरेकी छन् :

> “उपन्यासले समसामयिक विषयवस्तुलाई समेट्न सफल हुन्छ । यो पठनका दृष्टिले प्रिय हुन्छ । यसबाट शिक्षा-दीक्षा प्राप्त हुनुका साथै लेखनकार्यमा पनि प्रेरणा लिन सकिन्छ । जीवनमा असल मार्ग देखाउने विधाका रूपमा उपन्यासलाई चिनिन्छ । असल उपन्यास छनोट गरेर मात्र पढ्नु पर्छ” (सरला जोशीसँगको मौखिक अन्तर्वार्ता) ।

पर्वतमा जन्मिएर चितवनलाई आफ्नो कार्यक्षेत्र बनाएकी सरला जोशीको समग्र जीवनी साहित्य सेवा र समाज सेवामा बितेको देखिन्छ । साहित्यिक लेखनबाट चितवनको साहित्यिक गतिविधिमा महत्त्वपूर्ण योगदान पुऱ्याएकी जोशीले साहित्य लेखनको कार्यलाई हालसम्म पनि निरन्तरता दिइरहेकी छिन् ।

## ३.७.४ अन्तिम स्वीकार उपन्यासको तत्त्वगत अध्ययन

### ३.७.४.१ परिचय

चितवन जिल्लाको साहित्यिक इतिहासमा दोस्रो नारी उपन्यासकार सरला जोशीद्वारा लेखिएको **अन्तिम स्वीकार**-२०५८ सामाजिक विषयमा आधारित उपन्यास हो । उपन्यासमा प्रेमप्रणय विषयवस्तुलाई स्वच्छन्दतावादी शैलीमा देखाइएको छ । काल्पनिक घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको अन्तिम स्वीकार उपन्यास आयामका दृष्टिले लघु

आकारको छ भने यो छयानब्बे पृष्ठसम्म फैलिएको छ । उपन्यासको बाह्य संरचनालाई हेर्दा यो सानो आकारको देखिन्छ । कृतिको बाहिरी आवरणको मुख पृष्ठमा उपन्यासको शीर्षक र एकजोडी युवायुवतीलाई प्रणय बन्धनमा बाँधिन लागेको दृश्यलाई हिमालको सामीप्यमा राखेर प्रस्तुत गरिएको छ । कृतिको आवरणपृष्ठको पछिल्लो भागमा भने कुनै पनि कुरा उल्लेख गरिएको छैन । मुकेश प्रकाशन, वाराणसीले प्रकाशन गरेको यस उपन्यासमा उपन्यासकारकै *मेरो दुई शब्द* भूमिका लेख रहेको छ । उपन्यासलाई एक-दुईका आधारमा परिच्छेदको उठान गरिएको छ भने दुई साना कोठाद्वारा अन्त्य गरिएको छ । कृतिमा पृष्ठ अङ्ग्रेजी अङ्कमा राखिएको देखिन्छ ।

### ३.७.४.२ कथानक

**अन्तिम स्वीकार** उपन्यासमा प्रेम प्रणयमूलक सामाजिक घटनाक्रमलाई कथनकका रूपमा समावेश गरिएको छ । प्रकृतिको अतुलनीय संयोजन पश्चात तिहारको महत्त्व देखाउँदै उठान भएको यस उपन्यासको कथावस्तु नानु र ओमको जीवन परिधिमा घुमेको भए पनि यहाँ थुप्रै युगल जोडीका जीवन कहानीलाई पनि प्रासङ्गिक कथाका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रवीन, नानु र ओम एउटै कक्षाका अब्बल विद्यार्थीका रूपमा आएका छन् । नानुको दाजु नवीन पढ्नका लागि बेलायत पठाइइको छ । अध्ययनकै क्रममा नानु र ओमको प्रेम सम्बन्ध गाँसिनु, उनीहरूको आत्मीय सम्बन्धका बारेमा दाजु प्रवीणलाई थाहा हुनु, उसले पनि उक्त प्रेमको समर्थन गर्नु, उनीहरूको बीचमा गीत, कविताको सवालजवाफ चल्नु, यसै क्रममा प्रेम प्रस्तावका कुराहरू आउनु, प्रवेशिका उत्तीर्ण भएको खुशीमा उनीहरू अँगालोमै बाँधिन चाहनु, ओमका आमा बाबुको दुर्घटनामा असामयिक निधन हुनु, भाइ बहिनीको जिम्मेवारी थाप्लामा खनिनु, ओमको पढाइ अवरुद्ध हुनु र नानुको काका विमलकहाँ नोकरी गर्नु, बेलायत पढ्न गएको नानुको दाजु नवीन डाक्टर भएर नेपाल आएपछि पूर्व प्रेमिका भुपालकी छोरी निशासँग दाम्पत्य जीवनमा बाँधिनु, आफ्नै क्लिनिक खोल्नु, अध्ययनकै क्रममा प्रवीण रस्सा जानु, नानु र ओमको प्रेम सम्बन्ध झाङ्गिदै जानु, यो कुरा काका विमलले चाल पाउनु र विराटनगरको धनाढ्य व्यक्तिको छोरो डा. विपिनसँग विवाह गरिदिने वचन दिनु, दाजुप्रति आफूले लगाएको गुनको बदला छोरीको इच्छा विपरीत

प्रेमको बलिदान गरी विपिनलाई स्विकार्न बाध्य बनाइनु, विवाहकै क्रममा दाजुलाई पत्र लेखे पनि पठाउन असमर्थ हुनु, ठूलो दाजुले सबैकुरा जान्दा जान्दै बाबा आमाको कुरा काट्न नसक्नु, प्रवीण दाजु भएको भए अवश्य न्याय पाउने आशा राख्दै डोलीमा बाध्यतावस चढ्नु, विवाहकै दिन विराटनगरतर्फ नानुको डोली जाने क्रममा अचानक दुर्घटना हुनु, दुर्घटनामा नानु मात्र बाँच्नु, नानुलाई सासूले अस्वीकार गर्दै विभन्न लाञ्छना लाउनु, ससुराले नानुको समर्थन गर्दै नानुलाई आधार दिनु, सासूका सम्पूर्ण क्रियाकलाप र शारीरिक, मानसिक पीडाबाट मुक्त हुन आत्महत्या गर्ने प्रयास गर्नु, धनाढ्य विमलले ओमको प्रगति र उन्नतिका अगाडि आफू केही नभएको स्वीकार्नु, ओमले नै नानुलाई मृत्युको मुखबाट बचाएर ल्याउनु, प्रवीन रस्साबाट इन्जिनीयर बनी फर्कनु उसले सबै परिवार र काकाप्रति बहिनीको अवस्थादेखि आक्रोश व्यक्त गर्नु, अन्त्यमा प्रवीनले ओम र नानुलाई एउटै प्रणयको सूत्रमा बाँध्नु र प्रेमिकाको मृत्यु पश्चात् बाबा भएका एउटा बाबाको मन्दिरमा पुगी आशीर्वाद लिनु, यसरी ड्राइभरका रूपमा पुरानै भाडामा चलाउने एक युवक आउनु र सपरिवार सुखद जीवन बिताउन सफल हुनु आदि यस उपन्यासका घटनाक्रम हुन् । यिनै कथा वस्तुलाई कुशल संयोजन गरेर सम्पूर्ण उपन्यासको कथानक सिर्जना भएको देखिन्छ ।

### ३.७.४.३ पात्र विधान

**अन्तिम स्वीकार** उपन्यास बहु पात्रीय उपन्यासका रूपमा देखिएको छ । लगभग चालीस पचासको हाराहारीमा पात्रहरूको उपस्थिति रहे पनि उपन्यासमा नानु र ओम मुख्य नायक-नायिकाको रूपमा रहेका छन् भने नवीन, प्रवीन, विमल, अमिता, देवान, विनोद, सुभद्रा आदि सहायक पात्रका रूपमा उपस्थित छन् । रवि-इन्दु, राजु, विनिता, सनिमा, रमिला, प्रमिला, रविस, बिजु, क्षितिज, अञ्जु, मञ्जु, चमेली, मालती, माला, सुधा, प्रेयसी, प्रेरणा जस्ता थुप्रै पात्रहरू गौण तथा सूच्य पात्रका रूपमा आएका छन् ।

ओम यस उपन्यासको प्रमुख नायक हो । गरिब तर जेहेन्दार छात्रका रूपमा पनि देखा परेको छ । धनकै कारण ठूलो लक्ष्य लिन नसकेको तर नानुसँग प्रेम गर्ने असल प्रेमीका रूपमा देखा परेको छ । विवाह भइसकेकी पीडित नायिका नारी पात्रलाई स्वीकार गरेर सामाजिक रूढिवादी परम्परालाई चुनौती दिन समेत ऊ पछि परेको छैन (भट्टराई, २०६७ :

७४) । काका विमलको आर्थिक घमण्डका अगाडि आफ्नो प्रेमलाई तिलाञ्जली दिनु परेको बाध्यात्मक परिस्थितिसँग जुध्दै कलाकारिताका क्षेत्रमा लागेर विमलले दिएका जागिर लत्याउँदै ऊ विशिष्ट र सम्पन्न व्यक्तिका रूपमा स्थापित हुन्छ । बाल्यकालमै अभिभावक बिहीन हुन पुगेको ओमले जीवन बचाइका क्रममा थुप्रै ठक्करहरू भोग्नु परे पनि काका विमलको हेपाइ, तिरस्कारबाट पाठ सिकेर जीवनलाई सफल बनाउनका लागि प्रयासरत रहेको देखिन्छ । नानुलाई आत्मिक प्रेम गर्ने ओमको चरित्र साधारण र गम्भीर प्रकृतिको देखिन्छ । आत्महत्या गर्न लागेकी आफ्नी प्रेमिकालाई बचाएर आफ्नो पहिलो प्रेम अमर तुल्याउने ओम प्रेमको संसारमा उत्कृष्ट र आत्मिक प्रेमीका रूपमा परिचित बनेको छ ।

नानु यस उपन्यासकी प्रमुख नायिका हो । साधारण परिवारमा हुर्किएकी नानुको अध्ययनकै सिलसिलामा ओमसँग प्रेम सम्बन्ध गाँसिएको छ । विभिन्न माध्यमबाट प्रेम सम्बन्धलाई प्रगाढ बनाउँदै लगे पनि समाजको बन्धन र पुरुषको विचार तथा समर्थनलाई तोड्न नसक्दा बाध्यात्मक रूपमा ऊ अर्कैसँग बिहे गरेर जानुपर्ने स्थिति देखिएको छ । बिहे गर्दाकै दिन पतिलाई गुमाउनु परेको पीडा र घरमा सासूले नागिनी, अलच्छिनी, राछेस्नी जस्ता गालीले तिरस्कार गरेको घटनाले नानुको जीवन मर्माहत र कारुणिक बनेको देखिन्छ । जेजस्तो भए पनि आफ्नो कर्मघरलाई सर्वश्व ठान्ने नानुले ससुराको माया, स्नेह पाए पनि सासूको अत्याचारले गर्दा आत्महत्या गर्ने प्रयासमा लाग्छे । उसको आत्महत्यालाई रोक्दै प्रेमी ओमले नयाँ जीवनको सुरुवातका लागि वैवाहिक बन्धनमा बाँधिन आग्रह गरेको छ र अन्त्यमा ओम र नानुको वैवाहिक सम्बन्ध गाँसिएपछि उपन्यास सुखान्त बनेको छ र नानुको जीवन पनि सुखद वातावरणमा टुङ्गिएको छ ।

नवीन यस उपन्यासको सहायक पुरुष बद्ध, मञ्चीय पात्र र नानुको दाजुका रूपमा आएको छ । काकाले आफूप्रति लगाएको गुनको बदलामा नानुको जबर्जस्ती अर्कैसँग बिहे गर्न लाग्दा समेत गुनको ऋण सम्झेर बाबुआमाको कुराकाट्न नसक्ने निरीह पात्रका रूपमा उसको उपस्थिति देखिन्छ । त्यस्तै नानुका बाबुआमा पनि यही परिस्थितिका शिकार भएका छन् । नानुको अर्को दाजुको रूपमा प्रवीन देखिएको छ । नानुको खुसीका लागि आफ्नो बलिदान दिन पछि नपर्ने, स्पष्ट र निर्धक्क रूपमा आफ्ना विचारलाई प्रस्तुत गर्ने खरो पात्रका रूपमा ऊ आएको छ । नानुका ससुराका रूपमा आएको विनोद आदर्शवादी पात्र हो । छोराको मृत्यु शोकलाई बिर्सेर बुहारीलाई नै सन्तान समान मान्ने ऊ आफ्नी पत्नीको

अत्याचारका अगाडि निरीह बनेको छ । यो बुहारीको पुनर्विवाहको प्रस्तावलाई सहर्ष स्वीकार र समर्थन गरी आशीर्वाद दिने समाजका परिवर्तनकामी र सुधारवादी व्यक्तिका रूपमा रहेको छ ।

नानुकी सासू सुभद्रा यस उपन्यासमा खलपात्रका रूपमा आएकी छे । बिहेकै दिन छोरो मरेपछि बुहारीलाई अनेक लाञ्छना, गालीगलौज गर्ने र आफ्नो छोराको मृत्युको कारक सम्झने एक रुढीवादी र हैकमवादी सासूको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएकी छे । एउटी नारी भएर पनि नारीको पीडा र समस्यालाई बुझ्नुको सट्टा झन् घाउमा नुनचुक छर्कने खराब दुष्चरित्र सुभद्रामा स्त्री सुलभ गुणहरू भेटिँदैनन् । नानुका काका-काकी यस उपन्यासका सहायकपात्र हुन् । उनीहरूले नानुको प्रेमलाई धनसँग तुलना गरेर अमर प्रेमको हत्या गरेका छन् । अन्ततः अमर प्रेमकै जीत भएको र काका-काकीले धनकै घमण्ड गरे पनि अन्तमा ओमको आर्थिक सम्पन्नता र अमर प्रेमले उनीहरू माथि विजय प्राप्न गरेको छ । उपन्यासमा आएका बाबाले आदर्शवादी पात्रको भूमिका निर्वाह गरेका छन् । युगलप्रेमीको सुखद जीवनको कामना र शुभाशीष दिने बाबा उपन्यासका असल चरित्र र सकारात्मक विचारकका रूपमा आएका छन् ।

## तालिका नं. ३

## पात्रको शैलीवैज्ञानिक वर्गीकरण

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्य पूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | नवीन | + | - | - | + | + | + | - | - | + | + | - | - | + | + | - |
| २. | प्रवीन | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ३. | नानू | - | + | + | - | - | + | - | + | - | + | + | - | + | + | - |
| ४. | ओम | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ५. | विमल काका | + | - | - | + | - | - | + | + | - | + | - | - | + | + | - |
| ६. | अमिता काकी | - | + | - | + | - | - | + | - | + | - | + | - | + | - | + |
| ७. | बुबा देवान | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ८. | बाबा | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ९. | विनोद ससुरा | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| १०. | सासू सुभद्रा | - | + | - | + | - | - | + | - | + | + | - | - | + | + | - |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायक ओम, नायिका नानु र सहायक पात्र नवीन, प्रवीन, विमल, अमिता, देवान, विनोद, सुभद्रा, गौण प्रवृत्तिका रवि-इन्दु, राजु, विनीता, सानिमा, रमिला, प्रमिला, रविस, बिजु, क्षितिज, अन्जु, मञ्जु, चमेली, मालती, माला, सुधा, प्रेयसी, प्रेरणा आदि थुप्रै पात्रहरू रहेका छन् ।

### ३.७.४.४ परिवेश

**अन्तिम स्वीकार** उपन्यासमा भौगोलिक, प्राकृतिक, सामाजिक, आर्थिक र साँस्कृतिक परिवेशको चित्रण पाइन्छ । समयगत हिसाबले लगभग पैंतिस वर्षको समयावधि समेटिएको यस उपन्यासमा भौगोलिक क्षेत्रका रूपमा चितवन, देवघाट, आँबुखैरेनी, मनकामना, गोर्खा, काठमाडौं, धरान, विराटनगर, अमेरिका, बेलायत, रस्सा आदि ग्रामीण तथा सहर, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशको चित्रण गरिएको छ । समाजमा आर्थिक रूपमा सम्पन्न र विपन्न वर्गको अवस्थाको चित्रण गर्ने परिवेश र सामाजिक संरचनाका विद्यालय, क्याम्पस, वनभोज, मन्दिर, पाटी पौवा आदिको चित्रण पाइन्छ । सांस्कृतिक परिवेशका रूपमा विवाह, मृत्युसंस्कार, चाडपर्व र अन्य धार्मिक क्रियाकलाप परिवेशका रूपमा आएका छन् भने असार पन्ध्रको कृषिमेलालाई पनि यसमा मौलिक सांस्कृतिक रूपमा देखाइएको छ ।

### ३.७.४.५ उद्देश्य

प्रेम प्रणयलाई विषयवस्तु बनाई लेखिएको यस उपन्यासले आत्मिक प्रेमको समर्थन गर्दै सामाजिक परिवर्तनको आवश्यकतालाई औंल्याएको छ । उद्देश्यका रूपमा सामाजिक रूढिवादी परम्पराको अन्त्य गर्दै समानता, स्वतन्त्रता र हार्दिकताको समर्थन गर्नु आदि रहेका छन् ।  सबै समाज युगप्रविधिको विकाससँगै चेतनामा परिवर्तन आएको छ भने आजको प्रणय सम्बन्धमा पनि दीर्घकालीन नरही रिल्याक्समात्र भएको पनि देखा पर्दै गएको वर्तमान युगीन परिवेशमा नानु र ओम बीचको पवित्र प्रणय सम्बन्ध र आत्मिक समर्पण भावलाई अगाडि सार्दै आदर्शदृष्टान्तको सङ्केतक (भट्टराई, २०६९ : २) भावलाई प्रस्तुत गर्नु पनि यस उपन्यासको मूल उद्देश्य हो ।

### ३.७.४.६ भाषाशैली

यस उपन्यासको भाषाशैली समग्र रूपमा सरल र प्रभावकारी रूपमा अगाडि बढेको छ । भाषिक प्रवाहमयता, घटनाको रैखिक क्रमबद्धता र पात्रानुकूलको भाषिक प्रयोगले

उपन्यासलाई उत्कृष्ट बनाएको छ । टङ्कनका क्रममा व्याकरणिक दृष्टिले केही भाषिक अशुद्धि फेला परे पनि कृतिमा पत्रात्मकशैली, काव्यात्मक, आलङ्कारिक भाषाको प्रयोगलाई जोड दिइएको छ । यसका साथै कृतिमा बिम्ब, प्रतीक, रस, अलङ्कार, उखान टुक्काको साथै तत्सम शब्द र आगन्तुक शब्दको प्रयोग पनि अत्यधिक देखिन्छ । केही भाषिक नमुनाहरू यस प्रकार छन्:

**क) गीतको प्रयोग**

आ) "माया तिमीले दिन्छु भनेथ्यौ
मात्र तिमीले आशा देखायौ
विश्वास गर भनी विश्वास दिलायौ
यो कस्तो माया लगायौ" पृ. १५

**ख) शृङ्गारिक भाषाको प्रयोग**

अ) "कालाकाला केश राशि, हिस्सी परेको आँखा, गुलाफी ओठ, प्राकृतिक शृङ्गारले शृङ्गारिएकी नानु" पृ. ७

**ग) आलङ्कारिक भाषाको प्रयोग**

अ) "हनुमानको जस्तो अनुहार...." पृ. ३२

आ) "साच्चीनै स्वर्गबाट बाटो भूलेर झरेकी अप्सरा झैँ लाग्दथी ।" पृ. ३९

**घ) अशिष्ट तथा गाली गलौजको भाषा**

अ) "यो राछेस्नीले मेरो छोरालाई खाई, यो दुलही होइन, नागिन रहिछ, भेट्न नपाउँदै उसले मेरो छोरालाई...." पृ. ८८

**ङ) असारे गीतको प्रयोग**

अ) "असारे मास रोप्नलाई धान रोपारे लामलाग्यो
प्रवीन बाबुको खेतमा आज रमाइलो घाम लाग्यो ।" पृ. २६

## ३.७.४.७ दृष्टिबिन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासकारले कथयिताका रूपमा नानु, ओम जस्ता पात्रको चयन गरेको देखिन्छ । उपन्यासकार आफू कृति बाहिर रहेर उपन्यासका घटना क्रमलाई सहभागी पात्रका माध्यमबाट प्रस्तुत गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

### ३.७.४.८ निष्कर्ष

उपन्यासमा संवाद योजना र द्वन्द्व विधानलाई पनि प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । छोटा-छोटा र पात्र सुहाउँदा भाषाको प्रयोग गरी बीच बीचमा संवादलाई समावेश गरिएको छ । उपन्यासमा आर्थिक पक्ष र प्रेमपक्षका बीचमा द्वन्द्व देखाइएको छ । नानुको जीवनमा आन्तरिक द्वन्द्वको प्रबलता देखिन्छ भने पुरानो संस्कार र नयाँ संस्कारका बीचमा पनि द्वन्द्व सिर्जना भएको छ । शीर्षक विधानलाई हेर्दा उपन्यासमा प्रेमको स्वीकारलाई नै अन्तिम स्वीकारका रूपमा ग्रहण गरी प्रेमले नै जीवन सुखी हुन्छ र प्रेमले लिन होइन दिन सिकाउँछ साथै त्याग, समर्पण र वास्तविक जीवनको अनुभूति गराउने हुनाले प्रेमलाई सबैले स्वीकार गर्नुपर्छ भन्ने अर्थमा **अन्तिम स्वीकार** उपन्यासको शीर्षकले सार्थकता पाएको देखिन्छ । यसमा शीर्षक अनुरूपका पात्र, कथानक, जीवनदृष्टि, कथ्य पाइन्छ । यस उपन्यासको शीर्षकले पात्रमा गति प्रदान गरेको छ । विषयवस्तु र शीर्षक बीच आर्थी समन्वय पाइन्छ । यसरी सामाजिक विषयमा आधारित यस उपन्यासले औपन्यासिक तत्त्वको सचेततामा सावधानी अपनाए पनि भाषिक प्रयोग र विषयगत केन्द्रीयतालाई एकीकृत गर्न नसकेको देखिन्छ । विषयवस्तु पात्र र परिवेशको व्यापकता, आपसी सम्बन्ध र उद्देश्य प्राप्तिमा उपन्यास सफल रहेको मान्न सकिन्छ ।

## ३.८ जलेश्वरी श्रेष्ठको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतिको अध्ययन

चितवनको साहित्यिक इतिहासमा तेस्रो नारी उपन्यासकारका रूपमा आफ्नो स्थान सुरक्षित गरेकी जलेश्वरी श्रेष्ठले कथा, कविता, गीतजस्ता साहित्यिक विधामा पनि कलम चलाएकी छिन् । बालसाहित्यका क्षेत्रमा समेत कलम चलाउन सफल रहेकी श्रेष्ठका सामाजिक विषयवस्तुमा आधारित उपन्यासहरू रहेका छन् । राष्ट्रिय स्तरका पत्रपत्रिकामा समेत प्रशस्त फुटकर रचनाहरू प्रकाशित गरेकी श्रेष्ठले चितवनको साहित्यलाई मात्र नभएर समग्र नेपाली साहित्यलाई नै अग्रगति प्रदान गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । उनको साहित्यिक गतिविधि र औपन्यासिक कृतिको विश्लेषण गर्दा सामान्य जीवनी र व्यक्तित्वका विविध पाटाहरूलाई केलाउनु पर्ने हुन्छ ।

### ३.८.१ जलेश्वरी श्रेष्ठको जीवनी

चितवनमा उपन्यास क्षेत्रमा ख्याति प्राप्त नारी उपन्यासकार जलेश्वरी श्रेष्ठको जन्म वि.सं. २००३ फागुन ३ गते पिता शरणलाल श्रेष्ठ र माता हरिदेवी श्रेष्ठका कोखबाट काठमाडौंको बटु भन्ने टोलमा भएको हो । आमा बाबुकी माइली सन्तानका रूपमा जन्मिएकी श्रेष्ठले आफ्नो बाल्यकाल रमाइलोसँग नै बिते पनि आफूले सानैदेखि सामाजिक विभेदको अनुभव गर्नु परेको यथार्थतालाई व्यक्त गरेकी छिन् । कन्या मन्दिरबाट प्रवेशिका र पद्म कन्या क्याम्पसबाट बी.ए. पास गरेकी श्रेष्ठले आफ्नो लेखनयात्राको सुरुवात **हिमालय टाइम्स** २०५७ मा प्रकाशित *सम्पत्तिमाथि मातृत्वको अधिकार* लेखनका दृष्टिले प्रथम प्रकाशित रचनाका रूपमा देखिए पनि बाल्यकालमै नेपाल भाषामा गरेको रचना नै उनको सुरुवात हो । वि.सं. २०२८ सालमा वैवाहिक जीवनको सूत्रमा बाँधिएकी श्रेष्ठका तिन छोरीहरू रहेका छन् । बाल साहित्यका क्षेत्रमा समेत लेखनकार्य गरेकी उनको **परीको घर** कथासङ्ग्रह उनको पहिलो बाल साहित्य कृति हो । उनले अहिलेसम्म **लाभाका बाफहरू** कथासङ्ग्रह (२०५८), **परीको घर** (२०६०) बाल कथासङ्ग्रह, **मेहनती गौरी** (२०६१) बाल उपन्यास, **सुनपरी** (२०६३) बाल उपन्यास, **मौन विद्रोह** (२०६१) कथा सङ्ग्रह, **तिसाको जन्मदिन** (२०६१) बाल कथासङ्ग्रह, **शान्ताको इच्छा** (२०६५) लामो बाल कथा प्रकाशित गरेकी हुन् । उनको पछिल्लो समयमा प्रकाशित सशक्त उपन्यासका रूपमा **नियति चक्र** (२०६९) आएको छ ।

देवकुमारी थापा बालसाहित्य वनिता पुरस्कार, गोमा स्मृति पुरस्कार, गुञ्जन प्रतिभा पुरस्कार र बन्दीपुर बाल प्रतिभा पुरस्कारकी संस्थापक रहेकी श्रेष्ठ वनिता त्रैमासिक पत्रिकाकी मानार्थ संरक्षक, नारी साहित्य प्रतिष्ठान, भानु साहित्य प्रतिष्ठान, **जनमत** पत्रिकाकी संरक्षक, गुञ्जनकी कोषाध्यक्ष, पेन इन्टर नेशनल नेपालकी सदस्य, साहित्यिक पत्रकार सङ्घकी आजीवन सदस्य, तपस्थली वृद्धाश्रमकी आजीवन सदस्य, आख्यान समाज, कौशिकी, नेपाल भाषा परिषद्, बौद्ध महिला सङ्घकी आजीवन सदस्य र **रचना**की विशिष्ट सदस्य रहेर उनले साहित्यिक तथा साहित्येतर क्षेत्रमा ठूलो योगदान पुऱ्याएकी छिन् । यिनै क्षेत्रहरूमा योगदान पुऱ्याए बापत नवरङ्ग साहित्य विशेष कदर (२०६०), प्रयास साहित्यिक समूह सम्मान पत्र (२०६४), बाल साहित्य प्रतिष्ठान सम्मान पत्र (२०६३), मानचित्र सञ्चार

समूहद्वारा मानचित्र सम्मान (२०६४), इन्टरनेशनल सान अवार्ड (सन् २०१०), **नियति चक्र** उपन्यासका लागि गड्की बसुन्धरा पुरस्कार (२०६९) द्वारा उनलाई पुरस्कृत गरेको देखिन्छ ।

## ३.८.२ जलेश्वरी श्रेष्ठको व्यक्तित्व

जलेश्वरी श्रेष्ठले साहित्य तथा सामाजिक क्षेत्रमा काम गरेकी छन् भने साहित्य अन्तर्गत कवयित्री व्यक्तित्व, कथाकार व्यक्तित्व, बाल कथाकार व्यक्तित्व, मनोवैज्ञानिक उपन्यासकार व्यक्तित्व, बाल उपन्यासकार व्यक्तित्व, गीतकार व्यक्तित्व रहेका छन् । गीत र कविता विधामा फुटकर रचना मात्रै प्रकाशित भए पनि अन्य विधामा भने उनका फुटकर र पुस्तकाकार कृति समेत प्रकाशित देखिन्छन् । उनका फुटकर रचनाहरू **गरिमा, मधुपर्क, वनिता** जस्ता राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशनमा आएका छन् (शोधनायक जलेश्वरी श्रेष्ठसँग मिति २०७१ माघ १८ गते लिइएको मौखिक अन्तर्वार्तानुसार) ।

साहित्यिक व्यक्तित्वका साथै सामाजिक व्यक्तित्वको पनि निर्माण गरेकी श्रेष्ठले समाजका विविध गतिविधिमा सहभागी भएर तथा विभिन्न सेवामूलक साहित्यिक संस्थामा आबद्ध भएर सामाजिक कार्य गरेको देखिन्छ । उनको बाह्य व्यक्तित्वलाई हेर्दा शान्त, मिलनसार, मृदुभाषी, स्पष्टवक्ता, मझौलाकद, गहुँगोरो वर्ण, बाटुलो अनुहार, लामो केशराशि रहेको देखिन्छ । समग्रमा उनको आन्तरिक र बाह्य व्यक्तित्वले उनलाई जीवनको उच्चतम सफलतातर्फ उन्मुख गराएको अनुभूति हुन्छ ।

## ३.८.३ साहित्यिक लेखनको प्रेरणा र उपन्यासप्रतिको दृष्टिकोण

लेखनकार्यको प्रारम्भमा नेपाल भाषा र पछि नेपाली भाषामा कलम चलाएकी जलेश्वरी श्रेष्ठले आफ्नो प्रेरणाको स्रोत आफ्नै श्रीमान्लाई मानेकी छन् भने बालसाहित्य सिर्जनाको उर्जाका रूपमा आफ्नै नातिनी तिसालाई मानेकी छन् । श्रेष्ठका श्रीमान् द्वारिका श्रेष्ठ प्रयोगवादी कवि भएकाले पनि साहित्यिक घरायसी वातावरणमा जलेश्वरीलाई साहित्यिक लेखनको उत्प्रेरणा मिलेको देखिन्छ । बालसाहित्य लेखनमा उनले प्रेरणाको स्रोत आफ्नै नातिनीसँग खेल्दै, उसैलाई सुनाउँदै र उसबाट पनि सुन्दै बालबालिकाले आफ्नै

कथाका रूपमा लिन सक्ने गरी बाल साहित्यको रचना गरेको पाइन्छ । यसरी हेर्दा श्रेष्ठको साहित्यिक लेखनको प्रेरणा स्रोतका रूपमा आफ्नै श्रीमान् र नातिनी अगाडि देखिएका छन् ।

साहित्यिक क्षेत्रको उपन्यास विधालाई लेखनका दृष्टिले महत्त्व दिने श्रेष्ठले उपन्यासलाई यथार्थ पक्षको चित्रण गर्ने, सामाजिक परिवर्तन गर्ने साथै सत्य र असत्यको चिरफार गर्ने सशक्त विधाका रूपमा चिनाएकी छन् । उनका विचारमा - "उपन्यास नै त्यस्तो विधा हो, जसले जीवन र जगत्का विविध पक्षलाई समेटेर यथार्थ पक्षको सफल चित्रण गर्न सक्छ ।" (शोधनायक जलेश्वरी श्रेष्ठसँग मिति २०७१ माघ १८ गते लिइएको मौखिक अन्तर्वार्तानुसार) ।

## ३.८.४ मेहनती गौरी बाल उपन्यासको तत्त्वगत अध्ययन

### ३.८.४.१ परिचय

उपन्यासकार जलेश्वरी श्रेष्ठको पहिलो उपन्यासका रूपमा **मेहनती गौरी** बालउपन्यास लेखिएको छ । यसभन्दा अघि उनका कथासङ्ग्रहहरू प्रकाशित भए पनि उपन्यास लेखनका दृष्टिले यो पहिलो उपन्यास हो । यसमा बालबालिकाका लागि शिक्षाप्रद विषयवस्तुलाई समावेश गर्दै समाजमा छोरा र छोरीप्रति गरिने भेदभावपूर्ण व्यवहार देखाउँदै छोरीले अवसर पाएमा छोराभन्दा बढी राम्रो काम गरेर देखाउन सक्ने कुरा उल्लेख गरिएको छ । उपन्यास लघु आकारमा संरचित छ । सोह्र पृष्ठमा संरचित यो सचित्र उपन्यास हो । उपन्यासका तीन ओटा पृष्ठमा बाहेक अन्य सबै पृष्ठमा चित्रहरूको कुशल संयोजन गरिएको यस कृतिलाई वनिता प्रकाशनले २०६१ मा ल्याएको हो । कृतिको बाहिरी संरचनालाई हेर्दा यसको बाहिरी आवरणको अघिल्लो पृष्ठमा प्राकृतिक सौन्दर्यको रङ्गीन चित्रहरूका माझ बालकहरू पढेको र एउटी बालिका गोठालो जाँदा स्कुलको झ्यालबाट पढाएको सुनेकै भरमा भुँईलाई कपी र लट्ठीलाई कलम बनाएर क, ख लेख्दै गरेको दृश्यलाई राखिएको छ भने पृष्ठको सिरानमा बाल उपन्यास **मेहनती गौरी** लेखिएको छ । वनिता प्रकाशनको लोगो चिह्न र लेखिकाको नाम समेत उक्त पृष्ठमा राखिएको छ । आवरण पृष्ठको पछिल्लो भागमा जलेश्वरी श्रेष्ठको अर्धकदको तस्वीर र उनको शिक्षा, ठेगाना, प्रकाशित कृति, संलग्नता, संस्थापक र कदर सम्मानलाई उल्लेख गरिएको छ । उपन्यासमा प्रकाशकीय लेख,

रमेश विकलको एउटा छोटो र मीठो बालकथा, जलेश्वरी श्रेष्ठको *मेरो भनाइ* लेख रहेको छ । उपन्यासलाई विविध पक्षबाट अध्ययन गर्नका लागि औपन्यासिक तत्त्वलाई आधार मानिएको छ ।

### ३.८.४.२ कथानक

**मेहनती गौरी** बाल उपन्यास हो । यसमा बालबालिकाको जीवनसँग सम्बन्धित घटनालाई समेटिएको छ । २०१६/१७ तिरको वातावरणलाई समावेश गरिएको यस उपन्यासको परिवेश ग्रामीण क्षेत्रको रहेको छ । उपन्यासको घटनाक्रमले गौरीको जीवनलाई प्रस्तुत गरिएको छ । उपन्यासको घटनाक्रमले गौरीको जीवनलाई प्रस्तुत गरिएको छ । उपन्यासको घटनाक्रमले गौरीको कथालाई समेट्न खोजेको छ । गणेशबहादुर र नीरमायाको सन्तानका रूपमा गौरीको जन्म हुनु, घरमा गाईले बाच्छी पाएर बाच्छी र छोरीको जन्मका आधारमा एउटै नामकरण गर्नु, गौरी चार वर्षकी हुँदाको समयमा मातृवात्सल्यबाट वञ्चित हुनु, बाबाले सानिमा भित्र्याउनु, सानिमाले भाइ पाउनु, भाइको हेरचाह र घरको काम गौरीले धान्नु, भाइसँगै पढ्ने रहरले बाबालाई आग्रह गर्दा अर्काको घर जानेले किन पढ्न पर्‍यो भन्नु, उसले विद्यालयमा पढ्दा झ्यालबाट देखेका र गुरुले पढाएका सम्पूर्ण ज्ञानरूपी आभाले गौरी सुसज्जित हुनु, भाइलाई अप्ठ्यारो पर्दा सिकाइदिनु, दीपकले वार्षिकोत्सवमा वाचन गरेको कविताले गुरु र गौरीको मिलन हुनु, गुरुको सहयोग र विदेशी अनुदानले समाजशास्त्रमा गौरीले एम.ए. गर्नु, आफ्नै गाउँ फर्केर विद्यालय, अस्पताल, पाटी, पौवाजस्ता आवश्यक तत्त्वको निर्माण गर्नु, क्याम्पसमा प्राध्यापक भई सबैमा ज्ञानरूपी आभाको प्रकाश छर्नु, गाउँको सर्वाङ्गीण विकासमा जुट्न प्रेरित गर्नु, जुट्नु र राष्ट्र र राष्ट्रियताको गौरवका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउनु, छोराको तुलनामा अवसर पाए छोरीले राष्ट्रोन्नतिमा टेवा पुऱ्याउने सङ्केत दिनु, यी सबैका पछाडि आमाको अभाव पूरा गर्ने गौरी गाईको र गुरुको प्रेरणा साथ रहनु आदि जस्ता कथावस्तुहरूलाई समेटिएको छ ।

### ३.८.४.३ पात्र विधान

**मेहनती गौरी** नायिका प्रधान उपन्यास हो । बालपात्र गौरीलाई मुख्य मानेर उसकै परिधिमा अन्य पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रका रूपमा गौरी, दीपक,

गणेशबहादुर, नीरमाया, सानिमा र गुरुको भूमिका रहेको छ भने मानवेतर पात्रका रूपमा गौरी (बाच्छी) आएको छ ।

गौरी यस उपन्यासकी बाल-नायिका हो । सानैमा मातृस्नेहबाट वञ्चित भएर टुहुरी बन्न पुगेकी उसले पढ्ने अवसर पाएको देखिँदैन । गाई गोठालो जाँदा मौका छोपेर भाइ पढ्ने स्कुलको झ्यालबाट पढ्न सिकेकी गौरीले अन्त्यमा समाजशास्त्रमा एम.ए. सम्मको अध्ययन गरेर आफूलाई शिक्षित पात्रका रूपमा चिनाएकी छ । ऊ क्याम्पसमा प्राध्यापन पेसा अँगाल्दै आफ्नो गाउँलाई देशकै नमुना गाउँका रूपमा चिनाउन तन, मन र वचनले समाजसेवामा लागेकी छ । तात्कालिक अवस्थामा छोरीलाई पढ्न नपठाउने विभेदपूर्ण कार्यको शिकार बने पनि अन्त्यमा उसको प्रतिभा, क्षमता, मिहिनेत र लगनशीलताले उसलाई विदेशी सहयोग प्राप्त भएर पढ्ने मौका मिलेको देखिन्छ । भाइलाई माया गर्ने र पारिवारिक कामलाई समेत निरन्तरता दिइरहने गौरीले गाई गौरीबाट आफ्नो एकान्तता, शून्यता र आमाको वात्सल्यमय प्रेमको अभावलाई अनुभूति गरेकी छ । यिनकै मिहिनेत शीलतालाई आधार मानेर उपन्यासको शीर्षक **मेहनती गौरी** राखिएको हो ।

गौरी (बाच्छी) यस उपन्यासको मानवेतर पात्र हो । ऊ पशु भए पनि गौरीको सुख, दुःख साटासाट गर्ने साथी बनेको छ । जङ्गलमा चर्न जाँदा गौरीको आज्ञा पालन गरी उसलाई पढ्ने अवसर प्रदान गर्नु, गौरी गाईको सहयोगीपनाको उत्कृष्ट नमुना हो । पशु भएर पनि मिलनसार, सहयोगी र संवेदनशील प्राणीका रूपमा गौरी गाई आएको छ ।

गुरु यस उपन्यासका सहायक पात्र हुन् । गौरीको जीवनलाई शिक्षाको उज्यालो प्रदान गर्ने शिक्षित व्यक्तिका रूपमा गुरुको उपस्थिति रहेको छ । बालबालिकाको प्रतिभा र क्षमतालाई पर्गेलेर सोही अनुरूप अवसरको सिर्जना गर्ने र त्यस्तो वातावरणको खोजीमा सहयोग गर्ने जिम्मेवारपूर्ण र सहयोगी पात्रका रूपमा गुरुको चरित्र उपस्थित भएको छ ।

गौरीको भाइ दीपक उपन्यासमा स्पष्ट वक्ताका रूपमा आएको छ भने गौरीको बाबु गणेशबहादुर तात्कालिक सामाजिक परिवेशको पक्ष पोषण गर्ने पात्रका रूपमा देखिएको छ । अर्काको घर जाने छोरीलाई पढाउनु पर्दैन भन्ने रूढिवादी मानसिकताले थिचिएको पात्रका रूपमा ऊ आएको छ । कम पात्रको प्रयोग भएको यस उपन्यासमा नीरमाया, सानिमा, स्कुले विद्यार्थी आदिको उपस्थिति रहे पनि उपन्यासमा खासै भूमिका रहेको पाइँदैन ।

## तालिका नं. ४

## पात्रको शैलीवैज्ञानिक वर्गीकरण

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | गौरी | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| २. | गौरीगाई | मानवेतर | | - | + | - | | - | + | - | + | - | - | + | + | - |
| ३. | दीपक | + | - | - | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ४. | गुरु | + | - | + | | - | + | - | + | - | + | - | - | + | + | - |
| ५. | नीरमाया | - | + | | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ६. | गणेश बहादुर | + | - | | + | - | - | + | | + | + | - | - | + | - | + |
| ७. | सानिमा | - | + | | + | - | + | - | + | - | + | - | - | + | - | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा बालनायिका, गौरी, आदर्शोन्मुख मानवेतर पात्र गौरी गाई, सहायक पात्र, दीपक, गुरु, नीरमाया, गणेशबहादुर, सानिमा र केही गौण प्रवृत्तिका पात्रहरूको पनि उपस्थिति देखिन्छ ।

### ३.८.४.३ परिवेश

**मेहनती गौरी** बाल उपन्यासमा आन्तरिक र बाह्य पक्षका विविध क्षेत्रलाई परिवेशका रूपमा चित्रण गरिएको छ । यसमा स्थानगत रूपमा पोखरा, डुम्रे, बन्दीपुर, पृथ्वीराजमार्ग, मर्स्याङ्दी, पहाड, हिमशृङ्खलाहरू, घाट, विद्यालय, पुस्तकालय, काठमाडौं, छात्रावास, अस्पताल, क्याम्पस जस्ता सहरी र ग्रामीण पर्यावरणको चित्रण पाइन्छ । यसका साथै मृत्युशोक र विद्यालयको वार्षिकोत्सव जस्ता शोक र हर्षको परिवेश पनि चित्रण भएको छ । समयगत हिसाबले सोह्र-सत्र सालतिरको सामाजिक परिवेशलाई ग्रहण गरिएको यस उपन्यासमा पैंतिस वर्ष जतिको घटनाक्रमलाई समेटिएको छ । छोरीलाई पढ्न नपठाएर गोठालो र घर धन्दामा लगाउने तात्कालिक सामाजिक परिवेशको पनि चित्रण पाइन्छ ।

### ३.८.४.५ उद्देश्य

**मेहनती गौरी** बाल उपन्यासको मुख्य उद्देश्य एउटी टुहुरी केटीको जीवन कथा प्रस्तुत गर्नु हो । एउटी मातृविहीन टुहुरी केटीले प्रतिकूल वातावरण र परम्परासँग सङ्घर्ष

गरेर आफूलाई समाजमा उच्च स्थान दिलाउन सफल हुन्छे (विकल, २०६१ : भूमिका) । बालबालिकाको प्रतिभाको पहिचान गरी उनीहरूलाई उपयुक्त अवसर र वातावरण प्रदान गर्नुपर्छ । छोराछोरीलाई शिक्षामा समान व्यवहार गर्नुपर्छ । छोरीले पनि पढेर समाजमा उच्च प्रतिष्ठा कमाउन सक्छन् । देश विकासको लागि काम गर्न सक्छन् भन्ने सन्देश प्रवाह गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य हो ।

### ३.८.४.६ भाषाशैली

**मेहनती गौरी** बाल उपन्यास भएकाले यसमा सरल र बालबालिकाले बुझ्ने भाषाको प्रयोग गरिएको छ । भाषा वाक्य गठनहरूमा केही त्रुटिहरू रहे पनि यसको अभिव्यक्ति र प्रस्तुति बालोपयोगी, सुन्दर र सुरुचिपूर्ण रहेको छ । उपन्यासमा चित्रलाई पनि उत्तिकै महत्त्वका साथ प्रस्तुत गरिएकाले चित्रबाट पनि औपन्यासिक घटनाको आँकलन गर्न सकिन्छ । वर्णनात्मक शैलीमा लेखिएको यस उपन्यासको घटनाक्रम रैखिक ढाँचाको छ । यहाँ मानवेतर प्राणी गाईसँग पनि संवाद भएको देखाइएको छ । उपन्यासमा गीत र कवितालाई पनि समावेश गरिएको छ । त्यस्तै संवादात्मक शैली, आलङ्कारिक भाषा र काव्यात्मक भाषाको समिश्रणले उपन्यास अझ रोचक बनेको छ । भाषिक प्रयोगका केही नमुनाहरू यसप्रकार रहेका छन् :

**क) कविताको प्रयोग**

अ) "म तिम्रो मायाको बदला सेवा दिन्छु
म तिम्रै सेवामा जीवन अर्पण गर्छु" पृ. १४

**ख) अलङ्कारको प्रयोग**

अ) "तिम्री आमा भगवानको घरमा धुँवा बनेर गइन्....." पृ. ४

आ) "उनी आकाशमा तारा बनी बसिरहेकी छिन्....." पृ. ४

### ३.८.४.७ दृष्टिबिन्दु

**मेहनती गौरी** उपन्यासमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । बाल चरित्रलाई देखाउन यहाँ गौरीको उपस्थिति गराइएको छ । उपन्यासकारले गौरी पात्रका माध्यमबाट एउटी बालिकाले भोग्नु परेको जीवन सङ्घर्षलाई चित्रण गरेकाले यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको मान्न सकिन्छ ।

### ३.८.४.८ निष्कर्ष

उपन्यासमा द्वन्द्व सतही रूपमा प्रयोग भएको छ । गौरीले पढ्न जाने वातावरण सिर्जना नहुँदा उसमा पढ्ने वातावरणको द्वन्द्व सिर्जना भएको छ । संवाद योजनालाई हेर्दा उपन्यासमा बीचबीचमा छोटा र प्रभावकारी संवादको प्रयोग भएको छ । गौरीको जीवन परिधिमा आधारित यस उपन्यासमा गौरीको मेहनत र लगनशीलताले उसको जीवन सफल बनेको कुरालाई देखाउन मेहनती गौरी उपन्यासको शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ३.८.५ सुनपरी बाल उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन

### ३.८.५.१ परिचय

**सुनपरी** उपन्यास उपन्यासकार जलेश्वरी श्रेष्ठको दोस्रो बाल उपन्यास हो । यस उपन्यासमा सुनकेसरी बालिकाको जीवन परिधिलाई समावेश गरिएको छ । बाल-बालिकाका लागि लेखिएको भएकाले यसमा चित्र प्रयोगलाई पनि महत्त्व दिइएको छ । उपन्यासलाई अठ्चालिस पृष्ठमा आबद्ध गरिएको छ भने उपन्यास मझौला आयाममा विस्तारित छ । काल्पनिक घटनाक्रमलाई प्रस्तुत गरिएको यस उपन्यासको आवरणको अघिल्लो भागमा सुनपरीको चित्र र साथमा घर, सुगा, विभिन्न चरा चुरुङ्गी र सुनकेसरीको चित्रलाई राखिएको छ । उक्त पृष्ठमा उपन्यासको शीर्षक र लेखिकाको नाम पनि समावेश गरिएको छ । उपन्यासको आवरणको पछिल्लो भागमा जलेश्वरी श्रेष्ठको अर्धकदको तस्वीर र उनको शिक्षा, ठेगाना, प्रकाशित कृति, संलग्नता, संस्थापक र कदर सम्मानलाई राखिएको छ । वनिता प्रकाशनले प्रकाशन गरेको यस उपन्यासमा प्रयोग भएका चित्रहरू उमेश अधिकारीले कोरेका हुन् । प्रकाशकीय लेख, भागीरथी श्रेष्ठको *सुनपरीका सुनको पखेटा समात्दै* भूमिका लेख र जलेश्वरी श्रेष्ठको *बालसाहित्यमा मेरो लेखनकार्य* मन्तव्य समावेश गरिएको यो कृति बालबालिकाका लागि मनोरञ्जनात्मक र शिक्षाप्रद पनि देखिन्छ ।

### ३.८.५.२ कथानक

उपन्यासकार जलेश्वरी श्रेष्ठले **सुनपरी** बालउपन्यासका काल्पनिक तर सामाजिक यथार्थसँग मिल्दो कथानकलाई प्रस्तुत गरेकी छन् । बाल बालिकाका लागि लेखिएको हुनाले यसमा अति काल्पनिक घटनाक्रमलाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिएको छ । उपन्यासमा पाँच वर्षकी सुनकेसरीको मातापिताको रुखले किचेर मृत्यु भएपछि सदाका

लागि टुहुरी बन्न पुगेकी, टुहुरी अवस्थामा गाउँलेहरूको सेवा गर्दै हुर्किएकी, जङ्गलमा घाँस,दाउरा गोठालो गर्न जाँदा थुप्रै पशुपक्षीको भाषा जानेकी, एक पटक सुगाले सुनकेसरीलाई सहरको चित्रात्मक किताब ल्याएर दिएको लोभ लाग्दो सहरको चित्र देखेर सुनकेसरीलाई पनि सहर जान मन लाग्नु, उसले गाउँलेसँग विदा माग्नु, गाउँलेले पनि बाटोखर्च दिएर बिदा गर्नु, सहर टाढा भएकाले जङ्गलमै बास बस्नु, आफूले लगेका सामग्रीबाट खिचडी बनाउनु, सबै अन्न र खिचडी सुनचराहरूले नौलो स्वाद मानेर खाएपछि उनी व्युँफनु, रुनु, कराउनु, सुनचराहरूले माफी माग्नु र सहर जाने व्यवस्था मिलाउने वाचा गर्नु, सबै चराहरूले दुई-दुईवटा प्वाँख उखेल्नु र सुनपरीको निर्माण हुनु, सहर पुग्नु, राजाले दरबारमा लैजानु, राजकुमारको शरीर केशराशिले स्पर्श गरेपछि राजकुमार चेतन अवस्थामा आउनु, ऊ यस्तो हुनुको विगत सुनपरीलाई भन्नु र बिहेको प्रस्ताव गर्नु, सुनपरीले बिहेको प्रस्ताव स्विकार्नु पूर्व राजासँग वचन माग्नु, राजाले सुनपरीलाई गाउँमै जाने वचन दिनु, सुनपरीले आफ्नो गाउँको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनु जस्ता घटनाक्रमलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ ।

### ३.८.५.३ पात्रविधान

**सुनपरी** उपन्यासमा मानवीय र मानवेतर गरी सात पात्रहरूको उपस्थिति रहेको छ । यो नायिका प्रधान उपन्यास भएकाले यसमा सुनपरी मुख्य भूमिकामा रहेकी छ । पहिले टुहुरी सुनकेसरी र पछि सुनपरीका नामले चिनिएकी यस उपन्यासकी नायिका भाग्यमानी, सुन्दरी, तनमन पवित्र भएकी, दृढ अठोट भएकी, आँटिली, सुशील, ज्ञानी, निस्वार्थी, मायालु, निर्लोभी, जिज्ञासु स्वभावकी, स्वावलम्बी, मिलनसार, सबैलाई माया गर्ने यस्ता सबै गुणले सम्पन्न उर्जाशील, उत्साही र तेजिली बालिका (श्रेष्ठ, २०६३ : ६) का रूपमा उनलाई चिनाइएको छ । गाउँगएर बस्ने शर्तमा सुनपरीले राजकुमारसँग वैवाहिक सम्बन्धमा बाँधिएर गाउँ पुगी सर्वाङ्गीण विकास गरी सुन्दर सभ्य र सचेत समाजको निर्माण गर्छिन् । सुगा र सुनका चराहरू मानवेतर पात्र हुन् । सुगाले सहरको चित्रात्मक पुस्तक ल्याएर सुनकेसरीलाई सहरका बारेमा जानकारी दिन्छ भने सुनका चराहरूले आफूले अनुमतिबिना अर्काको अन्न ग्रहण गरी निमिट्यान्न बनाएको बदलामा सुनपरीसँग संवादगरी पश्चात्तापको बदला आफ्नो सुनका दुईदुईवटा प्वाँख अर्पण गरी सुनपरीले कृतज्ञभाव जनाउने पात्रका रूपमा देखिएका छन् ।

गाउँलेहरूले सुनपरीको सुखदुःखमा साथ दिएका छन् भने राजकुमारले पनि सुनपरीको असल विचारसँग सहमत हुँदै गाउँको सेवा गर्न प्रतिबद्ध देखिएको छ ।

**तालिका नं. ५**

**पात्रको शैलीवैज्ञानिक वर्गीकरण**

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | सुनकेशरी | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| २. | राजकुमार | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ३. | गाउँलेहरू | + | - | - | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ४. | सुगा | मानवेतर | | - | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ५. | सुनका चरा | मानवेतर | | - | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ६. | वनदेवी | - | + | - | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ७. | राजा | + | - | - | + | - | + | - | + | - | + | - | - | + | - | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायिका सुनकेशरी, नायक राजकुमार, सहायक पात्र गाउँलेहरू, राजा, वनदेवी, मानवेतर सुगा, सुनका चरा र केही गौण प्रवृत्तिका पात्रहरू देखिन्छन् ।

## ३.८.५.४ परिवेश

**सुनपरी** उपन्यासले ग्रामीण तथा सहरी परिवेश ग्रहण गरेको छ । यसमा गाउँका बस्तीहरू, छिमेकीको चहलपहल, वनजङ्गल, चराचुरुङ्गी, पशुपक्षीसँगको भेटघाट, सहर, राजदरबारजस्ता स्थानलाई आधार बनाइएको छ । समयगत हिसाबले बीस बाइस वर्षको अवधि समेटिएको यस उपन्यासमा सामाजिक, रूढिवादी परिवेशको चित्रण छ । समाजमा एकअर्कालाई सुख दुःखमा साथ दिनु, धामी झाँक्री, भूतप्रेत, वनदेवीजस्ता कुरामा विश्वास गर्नु आदि तात्कालीन सामाजिक परिवेशको चित्रण गरिएको छ ।

## ३.८.५.५ उद्देश्य

**सुनपरी** उपन्यासको मुख्य उद्देश्य गाउँको विकास गर्नुपर्छ, बालबालिका भए पनि विशाल सोच र उद्देश्य लिनुपर्छ भन्ने रहेको छ । बालबालिकाका लागि नैतिक र इमान्दार

हुने शिक्षा दिएको यस उपन्यासले सहरलाई मात्र माया गरेर पुग्दैन, सहरको विकास भएर मात्र पुग्दैन, गाउँलाई पनि माया गर्नुपर्छ गाउँलाई पनि सहर जस्तो सुविधा दिनुपर्छ भन्ने संस्कार बाल-बालिकामा पनि हुनुपर्छ भन्ने उद्देश्य र मान्यता बोकेको छ ।

### ३.८.५.६ भाषाशैली

**सुनपरी** उपन्यास बालउपन्यास भएकाले यसमा बाल-बालिकाले बुझ्ने सरल र सम्प्रेषणीय भाषाको प्रयोग गरिएको छ । काल्पनिक घटनालाई प्रस्तुत गरिएकाले त्यसको भाषामा पनि कलात्मक शब्द र कुराकानीलाई प्रस्तुत गरिएको छ । उपन्यासमा वर्णनात्मक शैली छ । घटनाको क्रमलाई आदि, मध्य र अन्त्यको शृङ्खलामा राखिएको छ । मानवेतर पात्रसँग पनि अत्यन्तै प्रभावकारी रूपमा संवादको योजना गरिएको छ :

**क) संवादात्मक शैलीको प्रयोग**

अ) "तिमी कहाँ जान लागेकी ? के कामले एक्लै हिँड्यौ ?" सुनको चराको नाइकेले सोधे ।

आ) "म सहरमा जान लागेकी हुँ । सहर कति टाढा होला ? कसरी पुग्न सकिएला ?" सुनकेसरीले सोधिन् । पृ. ३०

### ३.८.५.७ दृष्टिबिन्दु

**सुनपरी** उपन्यासमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसमा सुनपरीको माध्यमबाट एउटी बालिकाको जीवन यथार्थलाई प्रस्तुत गर्न खोजिएको छ । मानवेतर र मानवीय पात्रलाई सहभागी बनाएर उपन्यासकारले उनीहरूकै माध्यमबाट उपन्यासको कथानकलाई अगाडि बढाएकाले यो उपन्यास तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित भएको मान्न सकिन्छ ।

### ३.८.५.८ निष्कर्ष

यस उपन्यासमा सुनपरीले सहर जाने इच्छा व्यक्त गर्दा जङ्गलमा एक्लै हुँदा उसभित्र विभिन्न द्वन्द्वहरू सिर्जना भएका छन् । उपन्यासमा चरा र परीका बीचमा संवादको मीठो झलक पाइन्छ । सुनपरीकै जीवन परिधिमा केन्द्रित रहेकाले नायिकाका नामबाट राखिएको **सुनपरी** शीर्षक सार्थक देखिएको छ ।

## ३.८.६ औपन्यासिक तत्त्वका आधारमा नियति चक्र उपन्यासको अध्ययन

### ३.८.६.१ परिचय

चितवनकी साहित्य स्रष्टा तथा नारी उपन्यासकार जलेश्वरी श्रेष्ठको पहिलो उपन्यास **नियति चक्र** नारी स्वतन्त्रता, नारी अस्तित्व र मातृत्व चेतनाले भरिपूर्ण उपन्यासका दृष्टिले हो । श्रेष्ठका यस भन्दा अघि पनि दुईओटा बालउपन्यास प्रकाशित भए पनि उपन्यास पहिलो उपन्यास हुने श्रेय **नियति चक्र**ले प्राप्त गरेको छ । मझौला आकारमा विस्तारित, चौवीस अध्यायमा विभाजन गरिएको उपन्यासलाई अध्याय विभाजनको आधार एक, दुई तीन मानिएको छ । परिच्छेदको अन्त्य ससाना तीन तारा चिह्नले गरिएको छ । सहयोगी प्रकाशनले प्रकाशन गरेको यस उपन्यासमा श्रेष्ठले आफ्नो दाम्पत्य जीवनको बयालीसौँ वर्ष प्रवेशको शुभ उपलक्ष्यमा श्रीमान् द्वारिका श्रेष्ठप्रति समर्पण भाव व्यक्त गरेकी छन् भने सहयोगी प्रकाशनको प्रकाशकीय, राजेन्द्र सुवेदीको *सामाजिक दुर्नियतिको नियती चक्र,* जलेश्वरी श्रेष्ठको *औपन्यासिक सिर्जना चेत,* त्यस्तै ध्रुवचन्द्र गौतमको *औपन्यासिक यात्रालाई शुभकामना* भूमिका लेखका साथै लेखकको लेखकीय मन्तव्यलाई समावेश गरिएको छ । कृतिको आवरण पृष्ठको अगाडि पट्टि अमूर्त शैलीको मानव चित्रलाई राखिएको छ । यसमा उपन्यासको शीर्षक र उपन्यासकारको नाम पनि समावेश गरिएको छ । पृष्ठको पछिल्लो भागमा जलेश्वरी श्रेष्ठको अर्धकदको तस्वीर, उनको उपन्यासप्रतिको भनाइ र त्यसको केही तल उपन्यासभित्रका तीनओटा मूख्य भनाइहरूलाई जस्ताको तस्तै राखिएको छ । आवरणकै दोब्रिएको पृष्ठको भित्रपट्टि जलेश्वरी श्रेष्ठको परिचय, प्रकाशित कृति, संलग्नता र कदर सम्मानलाई प्रस्तुत गरिएको छ भने अर्कोतर्फ ध्रुवचन्द्र गौतम र राजेन्द्र सुवेदीको भूमिका लेखको केही अंशलाई प्रस्तुत गरिएको छ । १२६ पृष्ठमा समेटिएको प्रस्तुत उपन्यास साङ्गठनिक हिसाबले मध्यम आयाममा विस्तारित उपन्यास मानिन्छ ।

### ३.८.६.२ कथानक

**नियति चक्र** उपन्यास घटना प्रधान उपन्यास भए पनि यस उपन्यासकी नायिकाको केन्द्रलाई आधार मानेर कथानक अघि बढेको छ । उपन्यासकी नायिका समीराको रमणसँग प्रेम सम्बन्ध गाँसिनु र भ्याङ्गिदै जानु, त्यो थाहा पाएका समीराका बाबुले रमणसँग

समीरालाई छुटाउन कयौँ प्रयास गर्नु, समीराले रमणसँग मात्र आफ्नो विवाह हुने कुरा बताएपछि गोप्य रूपमा समीराकै बाबुको षड्यन्त्रबाट रमणको हत्या गरिनु, त्यसबाट विक्षिप्त बन्नु पछि समीराकी निःसन्तान दिदी शकुन्तलाले सन्तान प्राप्तिका लागि बहिनी समीराको विवाह आफ्नो लोग्ने सुशीलसँग गराउनु, समीरा यन्त्रवत् सन्तान जन्माउने मान्छेमात्र हुनु, व्यापारका क्रममा सुशीलाको साथी राजेशसँग समीराको प्रेम सम्बन्ध गासिनु, राजेशको अचानक मृत्यु हुनु, मन्जुको आग्रहमा राजेशको छोरो रितेशले समीरालाई खाली कागज र चेकमा हस्ताक्षर गराई सम्पत्ति पूरै हत्याउनु, यसबाट विक्षिप्त बनेर भौतारिएर हिँड्दा गंगामा शरीर विसर्जन गरी आत्महत्या गर्ने प्रयास गर्दा बौद्ध भिक्षुहरूले उद्धार गरेर ऊ बाँच्नु र अन्त्यमा लुम्बिनीमा समीरा भिक्षुणी सुजाताका नाममा धार्मिक, सामाजिक कार्यमा प्रवृत्त भई सम्मानित हुँदै गर्दा परिवारका सम्पूर्ण सदस्यले देख्नु, विगत बिर्सिंदै सम्मानित पात्रका रूपमा उसको स्थान स्थापित हुनु, आफन्तजनले ऊ प्रति गरेका सम्पूर्ण कार्यको पश्चात्ताप गर्नु र उसले आफ्नो भिनाजु विकासलाई आफ्नो दैनिकी लेखेको पत्र दिए पश्चात् कथानक टुङ्गिनु जस्ता मुख्य घटनावलीमा यस उपन्यासको कथानक आधारित रहेको छ ।

### ३.८.६.३ पात्र विधान

**नियति चक्र** उपन्यासमा पात्र प्रयोगलाई बढी महत्त्व दिइएको छ । घटना प्रधान उपन्यास भए पनि नायक नायिकाको चरित्र र अन्य सहायक चरित्रहरूले उपन्यासको घटनाक्रमलाई वहन गरेका छन् । उपन्यासमा समीरा, रमण, राजेश, विकास, सरला, सुशील, शकुन्तला आदि पात्रहरू उपस्थित गराएर बहु-विवाह, प्रेमप्रसङ्ग, यौन स्वतन्त्रता र लैङ्गिक चेतनालाई अभिव्यक्त गरिएको छ । लगभग पचासभन्दा बढी पात्रहरूको उपस्थिति रहेको यस उपन्यासमा प्रायः जसो पात्रहरू गौण र मुक्त पात्रका रूपमा रहेका छन् । मुख्य भूमिकामा रहेका केही पात्रहरूको चरित्रलाई यहाँ उल्लेख गरिएको छ ।

यो उपन्यास नायिका प्रधान उपन्यास हो । उपन्यासकी नायिका समीरा कृष्णमान र रत्नमायाकी छोरी विकासकी साली, सरलाकी बहिनी, रमणकी प्रेमिका, सुशीलकी श्रीमती, राजेशकी प्रेमिकाका रूपमा देखिएकी छे । यौवनकालमा धेरैसँग प्रेमप्रणय र सहवास गरेकी

र दुईजनासँग वैवाहिक बन्धनमा बाँधिएकी समीरा उपन्यासको अन्त्यमा भिक्षुणी सुजाताका रूपमा आएकी छे । यौटी नारीले आफ्नो प्रेमीसँग जिन्दगी बिताउन नपाउनु, कसैकी श्रीमती भएर जाँदा पनि सन्तान जन्माउने यन्त्रमानवका रूपमा मात्र सीमित हुनु जस्ता कारणले धेरै पुरुषसँग सम्बन्ध गाँसेका जस्ता कारणले उसको चरित्रमाथि विभिन्न आरोपहरू लागे पनि वास्तवमा तात्कालिक सामाजिक परिस्थिति, पारिवारिक दबाब र विषम परिस्थितिको कारणले समीरालाई त्यस्तो जीवन बिताउन बाध्य बनाएको देखिन्छ । जीवनभर प्रेमकै खोजीमा भौतारिएर पनि आत्मिक र अमर प्रेम प्राप्त गर्न नसकेकी समीराले अन्त्यमा भौतिक सुखभन्दा आध्यात्मिक सुखका निम्ति बौद्ध भिक्षुणी सुजाता बनेर आत्मिक सुखका साथै सामाजिक सेवातर्फ पनि उन्मुख भएकी छन् ।

विकास यस उपन्यासको सहायक पुरुष पात्र हो । ऊ नाताले समीराको माइलो भिनाजु हो । समीराको जीवनकालमा जेठो भिनाजु सुशीलसँग वैवाहिक जीवनमा बाँधिएपछि राजेशसँगको सम्बन्धका बारेमा सम्झाउन पुनः उपस्थित हुन्छ । समीराको एक्लो जीवनको वस्तुस्थिति बुझेर उसको जीवनलाई स्वतन्त्रपूर्वक बाँच्न दिनका लागि सबैलाई अनुरोध गर्ने सहयोगी पात्रका रूपमा विकासको चरित्र देखिएको छ ।

रमण यस उपन्यासमा समीराको पहिलो र आत्मिक प्रेमीका रूपमा देखिए पनि गरिबीकै कारणले प्रेमिकाबाट छुट्टिनु परेको र अन्त्यमा समीराको बाबुको षड्यन्त्रबाट मृत्यु वरण गर्न पुगेको असफल प्रेमीका रूपमा आएको छ । श्रीमती मञ्जुको शारीरिक असक्तताको फाइदा उठाएर समीराप्रति शारीरिक सम्बन्ध र स्वार्थी प्रेमलाई अँगालेको राजेश पूर्व प्रेमी सुशीलबाट अलग्गिएर समीरालाई साथी बनाउँदै अगाडि बढी उन्नतिको शिखरमा पुग्दा अचानक मृत्यु वरण गर्न पुग्ने असफल पात्र हो । मन्जुको छोरो रितेश आमाको आज्ञानुसार बाबुले गरेका सबै क्रियाकलाप समीरासँग अर्धचेतन अवस्थामा दोहोऱ्याएर सम्पत्ति हडप्ने पात्रका रूपमा देखिएको खल पात्र हो ।

रमणको मृत्युले अर्धचेत भएकी समीराको उपचारका क्रममा डाक्टरले वैवाहिक सम्बन्धले यिनको मानसिक चोट निको हुन सक्छ भनेकाले लामो समयसम्म आफ्ना कोखबाट कुनै सन्तानको जन्म नभएकाले आफू स्वार्थान्ध भई घरपरिवार र श्रीमान्लाई विवाह गर्न बाध्य पारेकी शकुन्तलाले आफ्नो श्रीमान् सुशीललाई दुई भागमा बाँडेकी छ । समीरालाई पत्नीका रूपमा स्वीकार नगरी केवल सन्तानमात्र जन्माउने नारी यन्त्रका रूपमा

स्वीकार गरेको सुशीलले समीराप्रति असल श्रीमान्को भूमिका निर्वाह गर्न सकेको छैन । समीराकी छोरी ज्योति अमेरिकामै अध्ययन र विवाह गरेकी आधुनिक युवा पुस्ताकी प्रतिनिधि पात्र हो । सानी छँदा आफ्नी आमाप्रति वितृष्णाभाव देखाउने ज्योतिले स्वयम् आफू आमा बनेपछि आफ्नी आमाको मातृत्वभाव दुःख, कष्ट र सुखद क्षणको पनि अनुभव समेट्दै पछिल्लो समयमा आमाप्रति कृतज्ञभाव व्यक्त गरेकी छन् ।

उपन्यासमा अन्य सहायक पात्रहरूको भूमिका कथानकका बीच बीचमा देखिए पनि कथानकलाई अगाडि बढाउने प्रमुख पात्रहरू समीरा, विकास, सुशील, शकुन्तला, राजेशकै केन्द्रीयतामा उपन्यासको घटनाक्रम अगाडि बढेको छ ।

**तालिका नं. ६**

**पात्रको शैलीवैज्ञानिक वर्गीकरण**

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | समीरा | – | + | + | – | – | + | – | + | – | + | – | – | + | + | – |
| २. | रमण | + | – | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ३. | राजेश | + | – | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ४. | रितेश | + | – | – | + | – | – | + | + | – | – | + | – | + | – | + |
| ५. | सुशील | + | – | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ६. | सकुन्तला | – | + | – | + | – | + | – | + | – | – | + | – | + | + | – |
| ७. | विकास | + | – | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ८. | सरला | – | + | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ९. | कृष्णमान | + | – | – | + | – | – | + | + | – | + | – | – | + | – | + |
| १० | रत्नमाया | – | + | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ११ | मन्जु | – | + | – | + | – | – | + | + | – | + | – | – | + | – | + |
| १२ | ज्योति | – | + | – | + | – | + | – | + | – | + | – | – | + | – | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायिका समिरा, सहायक पात्र रमण, राजेश, रितेश, सुशील, सकुन्तला, विकास, सरला, कृष्णमान, रत्नमाया, मञ्जु, ज्योति र अन्य गौण प्रवृत्तिका पात्रहरू देखिन्छन् ।

### ३.८.६.४ परिवेश

यस उपन्यासको परिवेशका रूपमा ग्रामीण र सहरी क्षेत्रको चयन गरिएको छ । स्थानगत रूपमा हेर्दा काठमाडौं, पोखरा, बनारस, बन्दीपुर, लुम्बिनी, दिल्ली, अमेरिका, तनहुँ, देवघाट, कलङ्की, मसानघाट, वसपार्क, क्याम्पस, पाँचतारे होटल, लसएन्जलसको ग्रिनपार्क, नगरकोट, एयरपोर्ट, नेपालगञ्ज, धुलिखेल, बोधगया, गंगानदी, केदार, वैष्णवदेवी, विहार, बैङ्कक, वृन्दावन, बद्री, रामेश्वर, जगन्नाथ, नैरञ्जना नदी, फाल्गुनदी जस्ता ठाउँहरू परिवेशका रूपमा आएका छन् । समयगत हिसाबले हेर्दा चालिस पैँचालिस वर्षको अवधिलाई समेटिएको यस उपन्यासमा राजा मुकुन्दसेनको राज्य परित्याग र आध्यात्मिक चिन्तनको खोजी गरेको ऐतिहासिक परिवेशलाई पनि समेटिएको छ । समाजमा परम्परागत रूपमा चल्दै आएको बहुविवाह प्रथा, गरिबप्रति धनीले हेर्ने नकारात्मक दृष्टिकोणलाई सामाजिक परिवेशका रूपमा र स्वतन्त्रता, यौन क्रियाकलाप र प्रणय चेतनालाई आधुनिक समाजको परिवेशका रूपमा लिइएको छ । ऋतुहरूको वर्णनका साथै पर्यावरणीय परिवेशलाई देखाइएको यस उपन्यासमा सांस्कृतिक पक्षका विभिन्न चाडपर्व, विवाह, संस्कार आदिलाई उल्लेख गरिएको छ ।

### ३.८.६.५ उद्देश्य

**नियति चक्र** उपन्यासले सामाजिक घटना, परिघटना र नारी चेतनाको केन्द्रीयतामा आधारित घटनाको प्रस्तुति गरेकाले यसमा समाजका वास्तविक समस्याको चित्रण गर्ने र नारीका समस्या र जीवन भोगाइका क्रममा गर्नु परेका सङ्घर्षहरूलाई देखाउनु मुख्य उद्देश्य बनेका छन् । यौटै समाजमा समान महत्त्व राख्ने स्त्री र पुरुषका बीच दोहोरो नैतिक मापदण्ड राखिएको अन्यायपूर्ण वास्तविकताको विरोध गरिएको छ । साथै यसमा नारीवादी स्वर सफलतापूर्वक घन्काउने प्रयास भएको छ । यौन स्वतन्त्रता र यौन शोषणलाई स्पष्ट रूपमा चित्रण गरिएको र पुरुष प्रधान समाजको यथार्थलाई उदाङ्गो पार्ने उचित कोसिस उपन्यासमा गरिएको छ (गौतम, २०६९ : ४२५-४२६) । उपन्यासमा मनोवैज्ञानिक पक्षको उद्घाटन गर्न समीराको चरित्रलाई आधार बनाइएको छ । यौन स्वतन्त्रता, नारी अस्तित्व समाजको विसङ्गति, जीवनशैली, बहुविवाह प्रथालाई देखाएर सामाजिक सुधार गर्नुपर्ने र

नारीको अस्तित्व संरक्षण हुनुपर्ने कुरामा जोड दिइएको छ । उपन्यासले सम्पन्न र सम्भ्रान्त नारी वर्गले भोग्नु परेका सङ्घर्षपूर्ण जीवनलाई देखाएको छ । यस उपन्यासले प्रेम, यौन, अस्तित्व, सङ्घर्ष, कुण्ठा, व्यथा, पुरुषको मनोवृत्ति, नारीवादी, चेतना, मातृत्व, भावुकता, कर्तव्य, त्याग, समर्पण, स्वार्थ, अहम्, धनसम्पत्ति, वैभव, सुख-दुःख, नयाँ पुस्ता र पुरानो पुस्ताको द्वन्द्वलाई देखाउँदै यथार्थका विविध पक्षलाई प्रस्तुत गरेको छ । अन्त्यमा बुद्ध धर्मलाई मानसिक शान्तिको प्रतीकका रूपमा देखाएर उपन्यासकारले बुद्धत्वप्रति आस्था समेत देखाएको पाइन्छ (गौतम, २०६९ : ४२५-४२६) । गौतमको टिप्पणी सामयिक लाग्दो छ ।

भौतिक सुखभन्दा आध्यात्मिक सुखबाट जीवन सुखी र आनन्दित रहन्छ भन्ने कुरालाई उपन्यासमा उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । पुरानो र नयाँ पुस्ताका बीच संस्कारगत विषमता, जातीय र वर्गीय बीच सांस्कृतिक विषमता, आस्था र निष्ठाका बीच रहेको धर्मका विसङ्गत पक्षलाई देखाउनु (सुवेदी, २०६९ : भूमिका) र यथार्थ पक्षको चित्रण गर्दै स्वच्छन्दतावादी जीवन शैलीलाई प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य रहेको पाइन्छ ।

### ३.८.६.६ भाषाशैली

**नियति चक्र** उपन्यास घटनाप्रधान उपन्यास भएकाले यसमा वृत्ताकारीय शैलीमा घटनाक्रमको प्रस्तुति गरिएको छ । उपन्यासको भाषा सरल र वर्णनात्मक किसिमको छ । उपन्यासलाई कलात्मक र प्रभावकारी बनाउन बीचबीचमा संवादको प्रयोग गरिएको छ । उपन्यासमा पत्रात्मक शैली, आत्मगत कथनशैली र विश्लेषणात्मक शैली अँगालिएको छ । घटनाक्रमलाई रोचक र घोचक बनाउन विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, व्यञ्जना, रस र काव्यात्मक भाषाका साथै विभिन्न उखान टुक्काहरूको पनि प्रशस्त प्रयोग गरेको देखिन्छ । साथै ऐतिहासिक बिम्ब पनि प्रशस्त पाइन्छ । केही भाषिक नमुनाहरू यसप्रकार छन् :

**क) शृङ्गारिक भाषाको प्रयोग**

अ) "स्तनहरू साह्रो हुँदै बढ्न थाल्यो, स्तनको मुन्टा र वरिपरिको रङ्ग गाढा हुँदै आयो, उनले आफ्नो स्तनबाट दूध चुहिन थाल्यो भन्ने थाहा पाइन् ।" (पृ. ४९)

**ख) आलङ्कारिक भाषाको प्रयोग**

अ) "चराचुरुङ्गीहरू पनि चिरबिर-चिरबिर गर्दै आफ्ना जोडीसँग मस्त थिए । चाँदीजस्ता टल्केका हिमालको दृश्यले उनीहरूको मन झन रोमाञ्चक भइरहेको थियो ।" (पृ. ६६)

**ग) आत्मालापीय शैली**

अ) "सुशीलले मलाई राम्ररी खान लाउन दिएको त छ तर त्यतिले मात्र कहाँ पुग्छ र मलाई मभित्रको संवेदना खै उसले बुझेको ?" (पृ. ७३)

**घ) उखानको प्रयोग**

अ) "हग्नेलाई भन्दा देख्नेलाई लाज" (पृ. ८०)

**ङ) पत्रात्मक शैलीको प्रयोग**

अ) "माइ डियर ममी,

अहिले मैले तपाईंलाई धेरै मिस गरिरहेकी छु । जब सानो बच्चाको 'च्याँ' शब्द मेरो कानमा पऱ्यो मैले एउटा अद्भुत हर्षको अनुभव गरेँ ।" (पृ. १०७)

## ३.८.६.७ दृष्टिबिन्दु

यस उपन्यासमा एउटी नारीका जीवन परिधिलाई देखाउन र समाजका पुरुषहरूको प्रतिनिधित्व गर्न उपन्यासकारले समीरा, शकुन्तला, विकास, रमण, सुशील, मञ्जुजस्ता पात्रलाई सहभागी गराएर उपन्यास लेखन गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासकार उपन्यासभन्दा बाहिरै रहेर दर्शकका भूमिकामा उपन्यासको चित्रण गरेको पाइन्छ । दर्शक बनेर देखेका घटनालाई वर्णन गरिएकाले यसमा उपन्यासकारको जीवनको कथा नभई सहभागी पात्रको कथालाई प्रस्तुत गरिएको छ ।

## ३.८.६.८ निष्कर्ष

**नियति चक्र** उपन्यासमा द्वन्द्व योजना र संवाद योजनालाई पनि प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा धनी र गरिब बीचको आर्थिक द्वन्द्व, पुरानो र नयाँ पुस्ता

बीचको सांस्कृतिक द्वन्द्व, वर्गीय र जातीय द्वन्द्व, बाह्य रूपमा आएका छन् भने आन्तरिक द्वन्द्वका रूपमा समीराको भौतिक जीवन र आध्यात्मिक जीवनमा देखिएको द्वन्द्व, शकुन्तलामा अभाव रहेको मातृत्वद्वन्द्व, रमणले आत्मिक प्रेमका लागि गरेको द्वन्द्व उपन्यासमा प्रभावकारी र सशक्त ढङ्गले प्रस्तुत भएका छन् । उपन्यासमा संवाद योजनालाई पात्र र परिवेश सुहाउँदो भाषाशैलीमा प्रस्तुत गरिएको छ । छोटा, मीठा र सरल संवाद योजनाले कथानकको शृङ्खलालाई गतिशीलता प्रदान गरेको छ । नियतिको चक्रले उपन्यासमा आएका पात्रहरूको जीवनपद्धतिलाई सोचेजस्तो हुन नदिएको र जिन्दगीमा नियतिले निकै उतार-चढाव ल्याउँदो रहेछ भन्ने तथ्यलाई समेट्नु यस उपन्यासको शीर्षक **नियति चक्र** विषय सुहाउँदो र सार्थक ठहरिएको छ ।

## ३.९ शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन

चितवन जिल्लाको साहित्यिक इतिहास र औपन्यासिक परम्परामा शारदा ढुङ्गानाको स्थान अग्र पङ्क्तिमा देखिन्छ । साहित्य सिर्जनालाई नै आफ्नो लेखनको मुख्य ध्येय मान्ने ढुङ्गानाको साहित्यिक यात्रा बाल्यकालदेखि नै सुरुवात भएको हो । नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याएकी ढुङ्गानाले साहित्यको कविता विधामा कलम चलाएको देखिन्छ । खास गरेर उपन्यास लेखकका रूपमा आफूलाई चिनाएकी ढुङ्गानाले आधुनिक तथा समसामयिक विषयप्रसङ्ग र जीवन जगत्लाई मनोवैज्ञानिक र यथार्थपरक ढङ्गले प्रस्तुत गरेकी छन् । ढुङ्गानाको साहित्यिक योगदान उनका औपन्यासिक विशेषता, औपन्यासिक कृतिको अध्ययन विश्लेषण गर्दा उनको जीवनी व्यक्तित्वलाई पनि समेट्नुपर्ने आवश्यकता देखिन्छ । उपन्यासप्रतिको धारणा र प्रेरणाका स्रोत उनको लेखनकार्यका लागि महत्त्वपूर्ण आधार मानिन्छन् । त्यसैले यिनै शीर्षकहरूमा आधारित रहेर ढुङ्गानाको जीवनी व्यक्तित्वलाई विभिन्न उपशीर्षकद्वारा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

### ३.९.१ शारदा ढुङ्गानाको जीवनी

चितवनकी उपन्यासकार शारदा ढुङ्गानाको जन्म वि.सं. २०२२ आश्विन २ गते बुबा मुरलीधर सुवेदी र आमा रुक्मिणी सुवेदीको प्रथम सन्तानका रूपमा कास्की जिल्लाको

पोखरा, पार्दीमा भएको हो । पुर्ख्यौली घर स्याङ्जाको फेदीखोला भए पनि पछि भरतपुर उ.म.न.पा.-१३ कल्याणपुर र त्यसपछि दूरसञ्चार रोडमा बसोबास गरेको पाइन्छ । भैरहवा पब्लिक विद्यालयबाट मा.वि. तहको परीक्षा उत्तीर्ण गरेकी ढुङ्गानाले वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरबाट प्रवीणता प्रमाणपत्र तह, त्रि.वि. बाट स्नातक तह र त्रिचन्द्र क्याम्पसबाट नेपाली र अर्थशास्त्र विषयमा स्नातकोत्तर र नेपाली विषयमा एम.फिल. गरेको देखिन्छ । पोखरामा जन्मिए पनि उनको बाल्यकाल स्याङ्जा, पोखरा, भैरहवा, चितवन र जनकपुरको सेरोफेरोमा साथीसँगीहरूसँग हाँसखेल गरी बितेको पाइन्छ (सापकोटा, २०६७ : १०-१२) । पुर्ख्यौली घर लमजुङ भएर हाल चितवनको शरदपुरमा बसोबास गरेका विष्णुप्रसाद ढुङ्गानासँग वि.सं. २०४० वैशाख ३० गते वैवाहिक बन्धनमा बाँधिएकी ढुङ्गानाका दुई छोराहरू रहेका छन् । पहिलो पटक वि.सं. २०५० मा काठमाडौंको बालाजुमा डे केयर संस्थाको व्यवस्थापक भएर स-साना बालबालिकाको रेखदेख गर्ने र पढाउने जिम्मेवारीबाट आफ्नो पेसा प्रारम्भ गरेकी उनले विष्णुमती आ.मा.वि.मा नेपाली शिक्षिका, लिटिल बुद्धज् एकेडेमीमा मा.वि.को आंशिक नेपाली शिक्षक, एक्टिभ एकेडेमीमा शिक्षक बनेर निजी क्षेत्रमा थुप्रै वर्ष काम गरेको पाइन्छ । चार पाँच कक्षा पढ्दादेखि नै अनौपचारिक रूपमा साहित्य सिर्जन कार्यमा लागेकी ढुङ्गानाले पहिलोपटक 'पिँजडामा हामी र गरिबको छोरो' कविता प्रकाशन गरेकी हुन् । त्यसपछि ढुङ्गानाका **अन्तिम द्वन्द्व, अचानो परेको जीवन, प्रश्नचिह्न, दुखेका दिन** गरी चार उपन्यास कृतिसहित **बसुन्धरा** स्मृतिकाव्य प्रकाशित भएको देखिन्छ । भरतपुर उ.म.न.पा.-९, शरदपुरमा 'ब्रह्मबसुन्धरा स्मृति प्रतिष्ठान' खोलेर शिक्षा, स्वास्थ्य, साहित्य र समाज सेवा गर्दै आएकी ढुङ्गानाले विभिन्न सामाजिक, शैक्षिक र साहित्यिक सङ्घसंस्थामा आबद्ध भई क्रियाशील भएको देखिन्छ । प्राकृतिक स्थलको दृश्यावलोकन र भ्रमण गर्न रुचाउने शारदा ढुङ्गानाले छिटपुट रूपमा सम्मानित र पुरस्कृत भए पनि विशेष रूपमा शारदाको सम्मान हुन बाँकी नै रहेको देखिन्छ (सापकोटा, २०६७ : १४-२२) ।

## ३.९.२ शारदा ढुङ्गानाको व्यक्तित्व

शारदा ढुङ्गानालाई साहित्यिक र सामाजिक क्षेत्रमा परिचित गराउने काम उनकै व्यक्तित्वले गर्दछ । व्यक्तित्वले व्यक्तिको क्षमता, प्रतिभा र सेवाका आधारमा उनीहरूको

स्थान निर्धारण गरेको हुन्छ । ढुङ्गानामा विभिन्न व्यक्तित्वहरू रहेका छन् । बाह्य व्यक्तित्वलाई हेर्दा शरीर सुहाउँदो ठिक्कको उचाइ र मोटाइ, गहुँगोरो वर्ण, न लामो न छोटो ठिक्कको केही घुम्रिएको कपाल, लगभग गोलाकार मुखमण्डल, चिन्तनशील आँखा, ठिक्कको नाक, दाहिने गालामा काननतिर कोठी, सुहाउँदो ओठ, मिलेको चिउँडो, गम्भीर मुखमण्डल, प्रायः कुर्ता सलवार वा साडी ब्लाउजजस्ता साधारण लवाइमा रहने, आवश्यक कुरा मात्र अड्कलेर बोल्ने, मृदुभाषी र फुर्तिलो शरीर आदि पक्ष नै शारदा ढुङ्गानाको बाह्य व्यक्तित्व हो (सापकोटा, २०६७ : २४) ।

ढुङ्गानाको आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व पर्दछन् । साहित्यिक क्षेत्रमा उपन्यासकार, कवयित्री र कथाकार बनेकी ढुङ्गानाले चारओटा उपन्यास र एउटा खण्डकाव्य प्रकाशित गरेकी छन् भने कथा विधाको तल्लो धरातल कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको पाइन्छ । साहित्य क्षेत्रबाहेक उनले सामाजिक सङ्घसंस्थामा आबद्ध भएर काम गरेकी छन् । खास गरी नारी साहित्य प्रतिष्ठान र ब्रह्मबसुन्धरा स्मृति प्रतिष्ठान स्थापनामा प्रत्यक्ष सहयोग पुऱ्याएकी ढुङ्गाना समाजसेवी व्यक्ति हुन् । उनले शिक्षिका भएर पनि विभिन्न विद्यालयमा अध्यापन कार्य गरेको देखिन्छ भने डे केयर संस्थामा व्यवस्थापक भएर प्रशासनिक व्यक्तित्वको परिचय दिएको पाइन्छ । यी व्यक्तित्वमध्ये यिनको लेखकीय व्यक्तित्व निकै सफल र उदाहरणीय देखिन्छ ।

### ३.९.३ साहित्यिक लेखनको प्रेरणा र उपन्यासप्रतिको दृष्टिकोण

शारदा ढुङ्गानालाई साहित्यिक लेखनमा उत्प्रेरणाको स्रोतका रूपमा सानीआमाको साथी र अन्य व्यक्ति आएका छन् । वर्तमान अवस्थासम्म आइपुग्नुमा मुख्य श्रेय आफ्नी सानीआमाको साथी छिमेकी पर्नेले आफूले गृहकार्य गर्न नजान्दा तिमीहरूको उमेरमा हाम्रो त कति तीखो दिमाख थियो, तिमीहरूको त छि के भा'को हो भन्ने उपेक्षित भाव व्यक्त गरेकीले उनलाई चिन्तनशील बन्न अनि गहन अध्ययनतर्फ लाग्न प्रेरणा प्रदान गरेको पाइन्छ । त्यस्तै उनलाई आफ्ना पति र राष्ट्रिय स्तरका वरिष्ठ साहित्यकारहरूको कृतिको अध्ययनबाट पनि साहित्य सिर्जनामा प्रेरणा जागेको पाइन्छ (सापकोटा, २०६७ : १९) ।

चितवनको साहित्यिक धरातलमा रहेर नेपाली साहित्यमा चार ओटा औपन्यासिक कृति सुम्पिएकी शारदा ढुङ्गानाले उपन्यासलाई अन्य विधाका तुलनामा सशक्त र

प्रभावकारी विधा मानेकी छन् । उपन्यासमा समाजका यथार्थघटना, नारी समस्या, विकृति, विसङ्गति र जीवनजगत्का यावत पक्षको चित्रण गर्न सकिने हुनाले आफूलाई उपन्यास विधा मन परेको बताएकी छन् (मिति २०७१ माघ १८ गते उपन्यासकारसँगको मौखिक अन्तर्वार्तानुसार) । पाठकलाई सहजै प्रभाव पार्न सक्ने र सानातिना घटनालाई पनि मूल घटनासँग जोडेर प्रस्तुत गर्न सकिने हुनाले उपन्यास सहित्य विधामध्येकै लोकप्रिय र आकर्षक विधा रहेको औपन्यासिक दृष्टिकोण उनले प्रस्तुत गरेकी छन् (उपन्यासकारबाट प्राप्त मौखिक जानकारी अनुसार) ।

शारदा ढुङ्गानाको समग्र जीवनीलाई हेर्दा जन्मथलो कास्की भए पनि कर्मथलो भने चितवनलाई नै बनाएको देखिन्छ । सामाजिक, शैक्षिक र साहित्यिक क्षेत्रसँग आबद्ध रहेर निरन्तर सेवा गर्दै आइरहेकी उनले आफ्नो लेखनको मुख्य प्रेरणास्रोत सानीआमाकी छिमेकी र अन्य वरिष्ठ साहित्यकारका साहित्यिक कृतिलाई मानेकी छन् । उपन्यासलाई साहित्यको प्रभावकारी र आकर्षक विधाका रूपमा उनले स्वीकार गरेकी छन् ।

## ३.९.४ अन्तिम द्वन्द्व औपन्यासिक कृतिको तत्त्वगत आधारमा अध्ययन

### ३.९.४.१ परिचय

उपन्यासकार शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व** (२०६२) सामाजिक यथार्थवादी उपन्यास हो । यसमा बालविवाह, बहुविवाह र अनमेल विवाहको विरोध गरिएको छ । यो उपन्यास लेखनको पृष्ठभूमि सत्यघटना नै हो । एउटी विवाहित नारीले परस्त्रीसँग लागेको आफ्नो लोग्नेलाई सचेतमात्र गराउन खोज्दा घरबार बिग्रिएर इहलीला नै समाप्त भएको कुरा मेरी आमाको दिदी पर्नेको जीवनी सुनेपछि त्यही सम्बन्धमा उपन्यास लेख्ने ऊर्जा प्राप्त भएको कुरा उपन्यासकारले बताएकी छन् (उपन्यासकारबाट प्राप्त लिखित जानकारी अनुसार) । उपन्यास सामाजिक पृष्ठभूमिमा नारीको जीवनपरिधिमा आधारित रहेको छ । प्रस्तुत उपन्यास एघार परिच्छेदमा फैलिएको छ । परिच्छेदलाइ एक, दुई गरी शीर्षकीकरण गरिएको छ । सतहत्तर पृष्ठमा समेटिएको यो उपन्यास लघु आकारमा संरचित देखिन्छ । कृतिको बाहिरी आवरणको संरचनालाई हेर्दा अघिल्लो मुखपृष्ठमा उपन्यासको शीर्षक र लेखिकाको नामका साथै नीलो रङ्गमा कोरिएको अमूर्त शैलीको चित्र राखिएको छ । पछिल्लो भागमा शारदा ढुङ्गानाको अर्धकदको फोटो र उनका जीवनीसँग सम्बन्धित विवरणहरूलाई

राखिएको छ । नारी साहित्य प्रतिष्ठानले प्रकाशन गरेको यस कृतिमा *प्रकाशकीय* लेख, प्रभा भट्टराईको *अन्तिम द्वन्द्वका बारेमा केही कुरा,* गीता केशरीको *अन्तिम द्वन्द्वको प्राप्तिहीन अन्त्य* भूमिका लेख र लेखकको *दुई शब्द* मन्तव्यलाई राखिएको छ । प्रस्तुत कृतिको अध्ययन र विश्लेषणका लागि औपन्यासिक तत्त्वहरूलाई आधार बनाइएको छ ।

### ३.९.४.२ कथानक

नारीप्रधान उपन्यासका रूपमा रहेको **अन्तिम द्वन्द्व** उपन्यासले नेपालको पहाडी क्षेत्रका नारीहरूको भोगाइ र समस्यालाई प्रस्तुत गरेको छ । गाउँका जमिन्दार उपल्लाघरे पौडेल कान्छाको पारिवारिक पृष्ठभूमि र गाउँले जनजीवनको चित्रणबाट उपन्यासको कथावस्तु उठान गरिएको छ । पौडेल कान्छाका तिन पत्नी र एक दर्जन सन्तानमध्येका जेठी छोरीका रूपमा रमा जन्मिएकी हो । रमाको बिहे लमी माइला भुजेलको आग्रहअनुसार चौबीस वर्षका लक्का जवान रामचन्द्रसँग हुनु, शील स्वभाव राम्रो भएकी, पढ्न लेख्न जानेकी भए पनि आठै वर्षको उमेरमा घर भित्रिएकी रमाले सासु-ससुराप्रति राम्रो व्यवहार देखाउन सके पनि लोग्नेलाई आकर्षित गर्न विफल हुनु, यसै क्रममा रमाको लोग्ने र उसकी भाउजू बीचको अनैतिक यौन सम्बन्ध भएको रमालाई जानकारी हुनु, उक्त कुरा रमाले आफ्नो गोजेङ्ग्रो जेठाजुलाई अवगत गराउँदा झन् सङ्कटमा पर्नु, रमा माइतीको शरण लिन पुग्नु, केही समयपछि रमा फेरि घर जानु, रमालाई घर व्यवहार सुम्पेर सासु ससुरा तीर्थ जाँदा उनीहरूको बीच बाटैमा मृत्यु हुनु, घरमा रमा जेठानीको व्यवहारबाट अपहेलित हुनु, उनी पुनः माइत जानु र आमा बाबुको स्याहारसुसार गर्नु, माइतीमा पनि भाउजूहरूबाट अवहेलना भएपछि जस्तो भए पनि घरमै जान्छु, पति पनि फेरिए होलान् भन्ने निर्णय गरी घर पुग्नु, घरमा लोग्नेले सौता हालेर चार छोरा जन्माउनु, सौता मसिनीले सौता देखेर मनमा अनेक कुरा खेल्नु, सौताले रमालाई घरबाट निकाल्ने अनेक प्रयास गर्नु, नाबालक छोराले मसिनीले रमालाई लगाएको आरोपको द्रष्टा भई उभिनु, रामचन्द्रको रमाप्रति विश्वास जाग्नु, मसिनीप्रतिको घृणाभावले थप्पड दिनु, श्रीमान्को तिरस्कारको प्रतिशोधका लागि मसिनीले भित्रभित्रै जाल बुन्नु, रामचन्द्र र रमामा प्रेमप्रणयको टुसा पलाउनु, विवाहका बेला पतिको व्यवहार रमाले सम्झनु, आफ्नो खोपीमा अचानक

रामचन्द्रको उपस्थिति हुनु, दुई आत्मा जीवनको चरम सुखमा बाँधिनु, रमाको पेटलाई लिएर मसिनीले नाठो शब्द उच्चारण गर्नु, उसले पतिको माया र जीवनको अनुभव गर्दैगर्दा रामचन्द्र नभएको मौका पारी विष राखी खाना दिनु, रमा तड्पिँदै गर्दा रामचन्द्र आइपुग्नु, रमाको खोपीको ढोकामा छेल पारेर मृत्युको दोसाँधमा छट्पटाइरहेकी रमाको अवस्था देखी मसिनीलाई आनन्दानुभूति हुनु, त्यसै बेला पछाडिबाट कसैले कठालो समातेको अनुभव गर्नु र हेर्दा आफ्नै लोग्ने हुनु, रमालाई आलिङ्गन गर्दागर्दै छोरी सुम्पेर देहलीला त्याग गर्न पुग्नु, आफ्नो आक्रोश मसिनीमा पोख्दै समाज र प्रहरीको उपस्थितिमा मसिनीलाई खोरमा कोच्नु आदि जस्ता घटनाक्रमले उपन्यासको कथानकको निर्माण गरेका छन् । वर्णनात्मक शैलीको यो उपन्यास कथावस्तु विन्यासका दृष्टिले सरल र प्रवाहमय छ भने यसमा थुप्रै प्रासङ्गिक कथाहरू पनि देखिएका छन् । यो उपन्यास दुखान्त कथावस्तुमा आधारित छ ।

### ३.९.४.३ पात्रविधान

**अन्तिम द्वन्द्व** उपन्यासमा बहु पात्रको प्रयोग गरिएको छ । मुख्य, सहायक र गौण गरी जम्माजम्मी पैंतीसभन्दा बढी पात्रहरूको प्रत्यक्ष, परोक्ष भूमिका रहेको यस उपन्यासमा रमा मुख्य नायिका र रामचन्द्र प्रमुख पुरुष पात्रका रूपमा आएको छ । सहायक पात्रका रूपमा माइला पुरेत र माइली मसिनी, गोमा, कृष्णे देखिएका छन् । अन्य पात्रहरू गौण पात्रका रूपमा आएका छन् ।

रमा यस उपन्यासकी प्रमुख स्त्री पात्र तथा नायिका हो । सम्पन्न परिवारमा जन्मिएर पनि आठै वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएकी रमाले लोग्नेबाट आत्मिक प्रेम पाउन सकेकी छैन । आदर्श पत्नीका रूपमा रहेर पनि पतिबाट शारीरिक र मानसिक रूपमा सताइएकी रमाले प्रारम्भमा मातृत्वको चाहना राख्दाराख्दै पनि प्राप्त गर्न सकेकी छैन । सासू ससुराबाट प्रशस्त माया र आड भरोसा पाएकी रमाले उनीहरूको मृत्युपछि परिवारका कुनै सदस्यबाट पनि माया ममता पाउन सक्दिन । लोग्नेले सौता हालेर नारी अस्मितामाथि चोट पुऱ्याए पनि उसले आफ्नो कर्तव्य र जिम्मेवारीबोधलाई भविष्यको सुखद आशामा अनवरत पूरा गरेकी छे । उपन्यासको अन्त्यमा लोग्नेबाट माया र मातृत्व भाव समेत ग्रहण गरेकी रमाले सौताको षड्यन्त्रबाट मृत्युवरण गर्न पुगेकी छ ।

यसरी रमा आदर्शप्रेम र त्यागकी प्रतिमूर्तिका रूपमा उपन्यासमा आएकी छ तापनि उपन्यासकारले त्यस्तो सच्चरित्रको पात्रलाई अतृप्त चाहना र कुण्ठाले ग्रस्त बनाई मृत्युको मुखमा पुग्न विवश पात्रका रूपमा चित्रण गरेकी छन् (सापकोटा, २०६७ : ४२) । पात्रीय क्रियाशीलताका दृष्टिले पात्र रमा सबल देखिन्छे ।

रामचन्द्र यस उपन्यासमा प्रमुख पुरुष पात्रका रूपमा आएको छ । विवाहित पत्नीलाई तिरस्कार गरी आफ्नै आमा समानकी भाउजूसँग अनैतिक यौन सम्बन्ध राख्नु, पत्नीलाई शारीरिक र मानसिक यातना दिनु, शिक्षित पात्र र शिक्षक जस्तो मर्यादित र गरिमामय पेसा अँगाले पनि पत्नीको निःस्वार्थ प्रेम, त्याग र समर्पण बुझ्न नसक्नु, पत्नी हुँदाहुँदै अर्कीसँग बिहे गर्नु जस्ता चारित्रिक व्यवहारले उसलाई खराब, चरित्रहीन, नीच र खलपात्रका रूपमा चिनाएका छन् । उपन्यासको अन्त्यमा पत्नीप्रति असल व्यवहार गरेर शारीरिक माया र विश्वास दिन खोजे पनि त्यो केही क्षणका लागि मात्र सुखद पक्षको अनुभूतिमा सीमित रहेकाले समग्र उपन्यासका आधारमा रामचन्द्रको चरित्रलाई प्रतिकूल चरित्र र आंशिक रूपमा सुध्रन खोजेको अनुकूल चरित्रका रूपमा बुझ्न सकिन्छ ।

गोमा उपन्यासकी सहायक स्त्री पात्र हो । रमाकी जेठानीका रूपमा आएकी गोमाले आफ्नो गोज्याङ्ग्रो लोग्नेबाट शारीरिक सन्तुष्टि प्राप्त हुन नसकेपछि देवरबाट यौन सन्तुष्टि लिन पुगेकी नीच पात्रका रूपमा देखा परेकी छ भने मसिनी रमाकी सौताका रूपमा आएकी छे । नारी भएर पनि नारीको मर्म नबुझ्ने, अर्काको लोग्ने खोस्न आउने, सम्पत्ति हडप्नका लागि हत्यासमेत गर्न पछि नपर्ने खराब र नीच पात्रका रूपमा ऊ आएकी छे ।

उपन्यासमा आएका अन्य पात्रहरूको भूमिका आंशिक रूपमा देखिएको छ । पौडेलकान्छा सम्पत्तिका आडमा पत्नी बटुल्ने परम्परित पुरुष पात्र, रमाका सासु ससुरा मायालु पात्रका रूपमा आएका हुन् । पात्रहरू प्रायः गरी विसङ्गत जीवनको सङ्घर्षमा बाँचेका छन् भने कतिपय पात्रहरू मनोवैज्ञानिक समस्याले ग्रसित देखिएका छन् ।

**तालिका नं. ७**

**पात्रको शैलीवैज्ञानिक वर्गीकरण**

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | रामचन्द्र | + | - | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| २. | रमा | - | + | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| ३. | मसिनी | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ४. | गोमा | - | + | - | + | - | - | + | - | + | - | + | - | + | - | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा रमा नायिका, प्रमुख पुरुष पात्र रामचन्द्र, सहायक पात्र माइला पुरेत, माइली मसिनी, शोभा, कृष्णे र अन्य गौण प्रवृत्तिका पात्रहरू देखिन्छन् ।

## ३.९.४.४ परिवेश

**अन्तिम द्वन्द्व** उपन्यासमा खास गरी ग्रामीण जनजीवनको परिवेशलाई मुख्य आधार बनाइएको छ । स्थानगत रूपमा हेर्दा बाडखोला, बनारस, स्कुल, वनपाखा, गोठ-चौका, बटौली, पहाडको सेरोफेरो, बेंसीफाँट, सेतीघाट, तेस्रो बिरौटा, जेलजस्ता ठाउँहरूलाई समावेश गरिएको छ । लगभग पैंतिस-चालिस वर्षको अवधिलाई समेटिएको यस उपन्यासमा बहु-विवाह, बालविवाह र अनमेल विवाह गर्ने सामाजिक परिवेशको चित्रण गरिएको छ । विभिन्न चाडपर्वहरूका साथै विवाह, मृत्युजस्ता संस्कारगत क्रियाकलापले सांस्कृतिक तथा धार्मिक परिवेशको निर्माण गरेको देखिन्छ । सामाजिक परम्परा, अन्धविश्वास, प्रेम-प्रणय आदिको समष्टिगत परिवेशबाट उपन्यासको आधारभूमि तयार भएको छ ।

## ३.९.४.५ उद्देश्य

नारी चरित्रप्रधान उपन्यास भएकाले **अन्तिम द्वन्द्व** उपन्यासमा नारी समस्यालाई प्रस्तुत गर्नु मूल उद्देश्य बनाइएको छ । सङ्घर्ष नै जीवन भएकाले मानिसले जीवनभर सङ्घर्ष गरिहनु पर्छ । मानिसको जीवन, आस्था, समर्पण र भक्तिको त्रिवेणी हो । जब मानिसका मनमा यी चिजको अवशान हुन्छ तब संसारमा राक्षसी शासन चल्छ भन्ने उपन्यासकारको कथनले पनि उपन्यासको उद्देश्यलाई स्पष्ट पारेको छ । नारीको अस्तित्वमाथि खेलवाड गर्ने पुरुष र नारी भएर नारीमाथि नै गर्ने अन्याय अत्याचारले नारी अस्तित्व सङ्कटमा परेको यथार्थतालाई देखाउनु पनि यस उपन्यासको मुख्य उद्देश्य हो ।

आत्मिक प्रेमभन्दा शारीरिक प्रेमलाई महत्त्व दिन खोज्दा पारिवारिक जीवन बर्बाद हुने कुरा पनि उपन्यासमा प्रस्तुत गरिएको छ । रिस, डाह, छुद्रता, द्वन्द्व र घृणाले सामाजिक मूल्य मान्यतामात्र होइन मानवीय मूल्य पनि नष्ट गर्दछ भन्ने यथार्थतालाई यसले उजागर गरेको छ (न्यौपाने, २०६८ : २६१) ।

उपन्यासमा निराशा, रिक्तता, एक्लोपन, कुण्ठा, जीवन बचाइको सङ्घर्ष, यौन, अतृप्ति, विवाह, विछोड, प्रेम, धोका र अनैतिकताजस्ता विविध विचारका आधारमा जीवनलाई चित्रण गर्ने प्रयास गर्दै सामाजिक यथार्थको उजागर गरेको पाइन्छ । बालविवाह, बहुविवाह र अनमेल विवाह समाजका रोग हुन् । यिनले समाजमा दुर्घटना, अशान्ति र पीडा निम्त्याउँछन् । प्रेमको वास्तविक अर्थलाई वासनासँग जोडियो भने जीवन दुर्घटित हुन्छ । त्यागमा खोजियो भने जीवन सुन्दर फूलजस्तै हुन्छ । शारीरिक प्रेमका अगाडि पवित्र प्रेमको महत्त्व अधिक हुन्छ । विश्वास, प्रेम र सद्भावनामै जीवन फुल्छ अन्यथा जीवन शूष्क र निरस भई ओइलाएर झर्छ भन्ने जीवनवादी उद्देश्य यस उपन्यासमा पाइन्छ (सापकोटा, २०६७ : ४६) ।

### ३.९.४.६ भाषाशैली

**अन्तिम द्वन्द्व** उपन्यासमा प्रयोग भएको भाषा सरल र स्वाभाविक छ । ग्रामीण परिवेश भएकाले भाषामा पनि गाउँले बोलीको प्रभाव पाइन्छ । यसमा वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ । यसमा मनोवैज्ञानिक पक्षको चित्रण गर्न आत्मगत शैलीको प्रयोग गरिएको छ भने चित्रात्मक भाषा, बिम्ब, प्रतीक, उखान टुक्का, अलङ्कार र पूर्वस्मृति शैलीलाई पनि अँगालिएको छ । स्थानीयताको झलक दिने गाउँले भाषाको प्रयोग गरेर उपन्यासलाई बढी रोचक बनाइएको छ (केशरी, २०६२ : ५-८) । उपन्यासमा गीतिशैली, कथ्यभाषा, अनुकरणात्मक शब्द र केही स्थानमा अशिष्ट भाषाको समेत प्रयोग गरिएको छ । केही भाषिक नमुनाहरू यसप्रकार छन् :

**क) उखानको प्रयोग**

अ) "हुने हार दैव नटार" (पृ. ३५) ।

**ख) गीतिशैलीको प्रयोग**

अ) “बारी रुखो मल हालूँ कर्म रुखो क्यारुँ ....।” (पृ. ४१)

**ग) अशिष्ट भाषाको प्रयोग**

अ) “ए रण्डी, तँ रातीराती कसका घर जान्छेस् हँ ? कान्छाबाबुका हलीसँग पल्किस् कि क्या हो ?” (पृ. ५२)

**घ) कथ्यभाषाको प्रयोग**

अ) “ते भयो तान्छी, तिन आयौ, ते काम पल्यो ?” पृ. ४२

आ) “चलाई चन्नाल चैले त भात के थानी र ? बलु दु खाए हुन्न ?” पृ. ४२

**ङ) ऋतुवर्णनको प्रयोग**

अ) “शरदकालका स्वच्छन्द जून आफ्नो सौन्दर्य संसारलाई देखाइरहेका थिए ।” पृ. ४७

## ३.९.४.७ दृष्टिबिन्दु

**अन्तिम द्वन्द्व** उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासको सम्पूर्ण क्रियाकलाप र गतिविधिलाई अगाडि बढाउन रमा, रामचन्द्र आदि पात्रलाई चयन गरिएको छ । यिनै पात्रका माध्यमबाट घटना अगाडि बढेको छ भने उपन्यासकारको विचार र जीवन दर्शन पनि यिनै पात्रका माध्यमबाट प्रवाहित भएका छन् ।

## ३.९.४.८ निष्कर्ष

**अन्तिम द्वन्द्व** उपन्यासमा संवाद योजना र द्वन्द्वविधानलाई पनि राखिएको छ । उपन्यासमा कुनै छोटा र कुनै लामा संवादहरू प्रयोग भए पनि ती संवादहरू पात्रको स्तर सुहाउँदो र विषय परिवेश मिल्दाजुल्दा देखिन्छन् । उपन्यासमा द्वन्द्वलाई पनि सशक्तताका साथ प्रयोग गरिएको छ । उपन्यासको शीर्षक नै **अन्तिम द्वन्द्व** भएकाले अन्तिम द्वन्द्वभन्दा अगाडि पनि धेरै द्वन्द्वहरू थिए भन्ने सहजै अनुमान लगाउन सकिन्छ । यसमा रमाको जीवनले भोग्नुपरेको पारिवारिक र प्रेमप्रणयको द्वन्द्व, शारीरिक र मानसिक प्रेमबीचको द्वन्द्व, सामाजिक संस्कार र परम्परादेखि चलिआएका बहुविवाह, अनमेल विवाह र बालविवाहका सम्बन्धमा देखिएका द्वन्द्वले उपन्यासको घटनालाई सशक्त बनाएका छन् । द्वन्द्वै द्वन्द्वको

भूमरीमा सङ्घर्ष गरेर अन्तिम द्वन्द्वका क्रममा जीवन र मृत्युसँगको द्वन्द्वले आक्रान्त भई रमाले मृत्युवरण गर्नुपरेको र रामचन्द्र र मसिनीले बाँचेर पनि मरे तुल्य जीवन जिउनु परेको यथार्थलाई चित्रण गर्नका लागि **अन्तिम द्वन्द्व** उपन्यासको शीर्षक सार्थक र औचित्यपूर्ण देखिएको छ ।

यसप्रकार उपन्यासमा सामाजिक यथार्थमा आधारित नारी समस्यालाई प्रस्तुत गरिएको छ । नेपाली ग्रामीण परिवेशको चित्रण गर्दै सङ्घर्षपूर्ण जीवन र द्वन्द्वले सिर्जना गरेका यथार्थ पक्षको चित्रणमा उपन्यास केन्द्रित रहेको छ । नारी समस्या अन्तर्गत पर्ने बालविवाह, अनमेल विवाह र बहुविवाहजस्ता सामाजिक पक्षलाई उपन्यासले देखाएको छ ।

## ३.९.५ 'अचानो परेको जीवन' उपन्यासको अध्ययन

### ३.९.५.१ परिचय

शारदा ढुङ्गानाद्वारा लिखित एवं प्रकाशित **अचानो परेको जीवन** (२०६३) उपन्यास सामाजिक यथार्थको धरातलमा रहेर समाजका नारी वर्गको जीवनको अस्तित्व खोजी गर्ने एक यथार्थवादी उपन्यास हो । यो उपन्यास समाजमा विधवा नारीले जीवन भोगाइका क्रममा भोग्नुपरेका प्रताडना, उनीहरूको निरीहपन र अस्तित्व जोगाउन गर्नुपरेको सङ्घर्षलाई समाजमा प्रत्यक्ष देखेको र त्यही घटनाबाट उपन्यास लेख्ने पृष्ठभूमि पाएको कुरा उपन्यासकारले बताएकी छिन् (उपन्यासकारबाट प्राप्त लिखित सामग्रीबाट) । यो उपन्यास वर्णनात्मक शैलीमा लेखिएको बाह्र परिच्छेदमा विभाजित छ । परिच्छेदलाई (१), (२) अङ्कमा विभाजन गर्दै चौरासी पृष्ठमा समेटिएको छ भने 'ङ' देखि उठान गरी 'ढ' सम्म भूमिका लेखनलाई समेटिएको छ । लघु आकारको मानिने यस उपन्यासमा प्रकाशकीय लेख, गीता केशरीको अचानो परेको जीवनलाई नियाल्दा, भूमिका लेख र शारदा ढुङ्गानाको दुई शब्द मन्तव्य लेखलाई समावेश गरिएको छ । माइती नभएका सम्पूर्ण चेलीहरूमा समर्पित यो कृति नारी साहित्य प्रतिष्ठानले प्रकाशनमा ल्याएको हो । उपन्यासको बाहिरी संरचनाको आवरण पृष्ठमा उपन्यासको शीर्षक र लेखकको नामका साथै अमूर्त शैलीको जस्तो देखिने नारीको दु:खद अवस्थाको चित्रलाई राखिएको छ भने पछिल्लो भागमा शारदा ढुङ्गानाको अर्धकदको तस्वीर सहित उनको जीवनको परिचयात्मक कुरा समावेश गरिएको छ । उपन्यासलाई विभिन्न आधारमा अध्ययन र विश्लेषण गर्दा यहाँ औपन्यासिक तत्त्वलाई आधार बनाइएको छ । यिनै तत्त्वका आधारमा उपन्यासको अध्ययन र विश्लेषण गरिन्छ ।

### ३.९.५.२ कथानक

**अचानो परेको जीवन** समाजमा एकल वा विधवा महिलाले भोग्नु परेको पीडा र गर्नुपरेको सङ्घर्षलाई देखाउन सफल रहेको सामाजिक यथार्थवादी उपन्यास हो । माइली बज्यैको रुखमा झुण्डिएर मृत्यु भएको कारुणिक दृश्यबाट उपन्यासले कथानकको रूप लिएको छ । यो पूर्वदीप्तिका रूपमा आएको वृत्ताकारीय घटना हो । एक वर्षको उमेरमै बाबुले घर छोडेर पितृवात्सल्यबाट बञ्चित हुन पुगेकी कथाकी मुख्य नारीपात्र पवित्रा र उनकी आमा गाउँलेको टीका-टिप्पणी सहन नसकेर माइतीको शरणमा पुग्नु, पवित्राका मामाले आठवर्षे पवित्रालाई साठी वर्षे निःसन्तान वृद्ध माइला बाजेसँग दोस्री श्रीमतीका रूपमा वंश धान्ने सन्तान जन्माउन भनेर बिहे गराइदिनु, आमालाई उक्त प्रस्ताव मन नपरे पनि विरोध गर्न नसक्नु, सानै उमेर भएकाले पवित्राले लोग्नेको अर्थ र सम्बन्धलाई बुझ्न नसकी लोग्नेसँग डराउनु, भाग्नु, सम्बन्धले सौता भए पनि ठूली माइली बज्यैले पवित्राप्रति असल व्यवहार र सहयोग गर्नु, समयको क्रममा सानी माइली बज्यैबाट एक छोराको जन्म हुनु, परिवारमा खुसी छाउनु, नाति नातिनाको अनुहार हेर्ने आशामा ठूली माइली बज्यै बित्नु, एक छोरी जन्मिएपछि माइलाबाजेले पनि संसार छाड्नु, पवित्राको जीवनमा दुःखका दिनहरू सुरु हुनु, दुई सन्तान पालन-पोषण गर्दै सङ्घर्षमय जीवन बिताउनु, देवर पुण्यप्रसादले सम्पत्तिमा आँखा गाडेर राम्रो जमिन लिई नराम्रो भाउजूलाई दिनु, यसको विरोधमा पवित्राले समाज जोड्नु, समाजले हप्कीदप्की गर्दा देवरले घरको कुरा घरमै मिलाउँछु भन्नु, अन्ततः अदालतसम्म पवित्रा न्यायका लागि धाउनु, आउने जाने क्रममा एक दिन एउटा पण्डितका घरमा साँझमा बास बस्नु, पण्डितबाटै बलात्कृत हुनु, आफ्नो जीवनलाई पवित्राले धिक्कार्नु, सन्तानको अनुहार र भविष्य सम्झी ईश्वरप्रति आक्रोश पोख्नु, यता अदालतले भाउजूको पक्षमा निर्णय सुनाएपछि पुण्यप्रसादले कामीकान्छासँग षड्यन्त्रको जाल रच्नु, प्रलोभनमा परेर एकान्तको मौका पारी कामीकान्छाले पुनः पवित्रालाई बिटुल्याउनु, गर्भमा कामीको सन्तान रहेको पवित्रालाई अनुभूति हुनु, देवरले कामीका चर्तिकला आफैँ बुनेकाले एकाएक घरमा आएर जोरीपारीकालाई हँसाउन कुलको इज्जत खाल्टामा किन हालेको भन्नु, देवरले समाज जोडी पवित्रालाई दोषी ठहर गरी सम्पत्ति हडप्ने आशामा उपस्थित समाजका अगाडि बारम्बार बोलाएपछि पवित्रा बाहिर आउनु, सबैका लाञ्छना र घृणायुक्त हेराई पवित्रामाथि

हुनु, पुण्यप्रसादले कान्छालाई नडरा म छु बोल है भन्नु, पञ्चले कस्को गर्भ हो भन भन्दा पवित्रा झोक्राएर तल हेर्नु, कामीले मेरो भनी चिच्याउनु, पवित्रामा सहनशक्तिको बाँध फुटी दैविक रूप देखिनु, कामीलाई झम्टनु र रक्ताम्मे बनाएपछि कामीले सबै घटनाको विस्तार लगाउनु, सर्वेसर्वा सम्पूर्ण कार्यको दोषी पुण्यप्रसादलाई समाजले दण्डका लागि दोषी घोषित गर्दै पवित्राको पवित्रता रहेको भनी जीवन स्वेच्छाले बालबालिकाकै भविष्य निर्माणमा लगाउन पञ्चहरूले भन्नु, आफ्नो पेटमा पालिएको तल्लो जातको पापबाट मुक्त हुन रुखमा झुन्डिएर मृत्युवरण गर्नु जस्ता घटनाक्रममा उपन्यासको कथानक प्रस्तुत गरिएको छ ।

### ३.९.५.३ पात्रविधान

**अचानो परेको जीवन** उपन्यासमा प्रत्यक्ष-परोक्ष रूपले जम्माजम्मी पैंतालिस जना पात्रहरूको उपस्थिति देखिन्छ । यसरी हेर्दा यो उपन्यास लघु आकारको भए पनि बहुपात्रीयता यसको विशेषता देखिन्छ । यसमा पवित्रा मुख्य नारी पात्र र माइला बाजे मुख्य पुरुष पात्रमा आएका हुन् । देवर र कामी खलपात्रका रूपमा उपस्थित छन् । सौतादिदी र पञ्चहरू पनि सहायक भूमिकामा रहेका छन् । मामा-माइजू, शशिधर, जिम्दारजेठा, साइँला, न्यायाधीश, वकिल आदि गौण पात्रको भूमिकामा रहेका छन् ।

माइली बज्यै (पवित्रा) यस उपन्यासकी प्रमुख नारी पात्र तथा नायिका हुन् । मामा घरमा बाल्यकाल बिताएर आठ वर्षको उमेरमा साठी वर्षमा माइला बाजेकी कान्छी श्रीमतीमा रूपमा बिहे सम्पन्न भएकी पवित्रा जीवनको कलिलै उमेरमा विधवा भई एक्लो जीवन बाँच्न बाध्य नारी हुन् । पति र सौताको मृत्युपछि आफ्नो सतीत्व जोगाउनका लागि अनेकौं प्रयास गरे पनि पण्डितबाट बलात्कृत हुनु, देवरको षड्यन्त्रमा कामी कान्छाबाट बलात्कृत भई गर्भवती बन्नुजस्ता घटनाले पवित्राजस्ता एकल नारीको असुरक्षित जीवनको वर्णन गरिएको छ । पवित्रा यस्तो दुःखपूर्ण जीवन बाँच्दाबाँच्दै पनि मुद्दा लडेर देवरसँग आफ्नो अंश लिई छाड्ने र देवरको करतुतलाई पञ्चका सामु खरो रूपमा प्रस्तुत गर्न सक्ने साहसी, जुझारु एवम् सङ्घर्षशील नारी पात्रका रूपमा उपस्थित छन् । आदर्श पत्नी, आदर्श सौता र आदर्श भाउजूको भूमिकामा रहे पनि आदर्शको प्रतिफलका रूपमा नारी

अस्तित्वलाई धरापमा पार्न बाध्य बनाइएकी कारुणिक र त्यागकी प्रतिमूर्ति चरित्रका रूपमा पवित्रा आएकी छन् ।

माइला बाजे यस उपन्यासका प्रमुख पुरुष पात्र हुन् । उनी उपन्यासको सुरुदेखि भूमिकामा रहे पनि उपन्यासको उत्तरार्धतिर मृत्यु भएकाले उनको चरित्रले त्यहीँ नै बिट मारेको देखिन्छ । सन्तान जन्माउने आशमा साठीवर्षे उमेरमा आठवर्षे बालिकालाई बिहे गरेका माइलाबाजे सन्तानको मुख हेरी परत्र सुधार्न चाहने परम्परित समाजका प्रतिनिधि पात्र हुन् । दुई श्रीमती बिहे गरे पनि दुवै श्रीमतीलाई बराबर माया दिने, पारिवारिक जिम्मेवारी बहन गर्ने र निस्वार्थ प्रेम गर्ने आदर्शवादी पात्रका रूपमा उनको चरित्र आएको छ । ठूली माहिली बज्यै (सौता दिदी) यस उपन्यासमा पवित्राकी सौताका रूपमा देखिएकी छिन् । सौता भएर पनि सौताप्रति आमाको व्यवहार गर्ने र मनमा कत्ति पनि रिस, राग र ईर्ष्या नभएकी आदर्श सौताका रूपमा उपस्थित भएकी छन् ।

देवर (पुण्यप्रसाद) उपन्यासको खलपात्र हो । सुरुदेखि नै खराब व्यक्तिका रूपमा चिनिएको देवरले भाउजूको विधवा अवस्थाको फाइदा उठाएर सम्पत्ति हडप्न खोजेको र उक्त कार्यमा असफल भएपछि षड्यन्त्रद्वारा भाउजूलाई कामीकान्छाको गर्भ बोकाएर सामाजिक रूपमा लाञ्छना लगाउने देवर नामले पुण्यप्रसाद भएर पनि कर्मले भने पापप्रसाद हुन पुगेको छ । कान्छो कामी पैसाको प्रलोभनमा परेको र पैसाका लागि नीच कर्म गर्न पछि नपर्ने नीच पात्रका रूपमा आएको छ । उपन्यासमा पञ्चहरूले झगडाको निर्णय गर्ने काममा सहयोग पुऱ्याएका छन् । पञ्चहरूले सुरुमा पवित्रालाई नै दोषी ठहऱ्याए पनि पछि वास्तविकताको रहस्योद्‌घाटन भएपछि पवित्रालाई निसङ्कोच र स्वतन्त्र रूपमा हाँसी खुसी जीवन बाँच्न सल्लाह दिएका छन् भने दोषी ठहरिएका पुण्यप्रसाद र कामीकान्छालाई उपयुक्त दण्डको पनि व्यवस्था गरेका छन् ।

**तालिका नं. ८**

**पात्रको शैलीवैज्ञानिक वर्गीकरण**

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | माइली बज्यै (पवित्रा) | – | + | + | – | – | + | – | + | – | + | – | – | + | + | – |
| २. | पुण्यप्रसाद | + | – | – | + | – | – | + | + | – | – | + | – | + | + | – |
| ३. | माइला बाजे | + | – | + | – | – | + | – | + | – | + | – | – | + | – | + |
| ४. | सौता दिदी | – | + | + | – | – | + | – | + | – | + | – | – | + | – | + |
| ५. | पञ्चहरू | + | – | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ६. | कान्छोकामी | + | – | – | + | – | – | + | + | – | + | – | – | + | – | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा पवित्रा नायिका, माइला बाजे प्रमुख पुरुष पात्र, देवर र कामी खलपात्र, गौण प्रवृत्तिका पात्रहरूमा मामा-माइजू, शशिधर, जिम्दारजेठा, साइँला, न्यायाधीश, वकिल आदि रहेका छन् ।

### ३.९.५.४ परिवेश

**अचानो परेको जीवन** उपन्यास ग्रामीण परिवेशलाई केन्द्रबिन्दु मानेर लेखिएको छ । यसमा स्थानगत रूपमा धार्के, ज्यामिरेबेसी, पवित्राको मामाघर, तित्रेको डाँडा, बनारस हिन्दु विश्वविद्यालय, कन्या विवि, बाङ्सिङ गाउँको फेदी, सदरमुकाम, घोप्टे बिरौटो, अदालत, खेत, पहाडजस्ता परिवेशहरू आएका छन् । धार्मिक एवम् सामाजिक परिवेशका रूपमा विभिन्न चाडपर्वहरू, जन्ममृत्यु संस्कारहरूका साथै धामीझाँक्री, वैद्य आदिको प्रचलनलाई पनि उपन्यासमा देखाइएको छ । घटनाक्रमका साथै पर्यावरणीय परिवेशका रूपमा विभिन्न ऋतुको वर्णन, यातायातरहित र असुविधायुक्त बाटोघाटो, वन-जङ्गल र प्रकृतिका विभिन्न स्वरूपको चित्रण गरिएको छ । समयगत हिसाबले पच्चीस-तीस वर्षको अवधिलाई घटनाक्रममा उल्लेख गरिएको यस उपन्यासको सामाजिक र स्थानगत वातावरणीय परिवेश नै मुख्य आधारहरू हुन् ।

### ३.९.५.५ उद्देश्य

समाजमा एकल नारीले गर्नुपरेको सङ्घर्ष र भोग्नु परेको पीडालाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्नु नै यस उपन्यासको मूलभूत उद्देश्य हो । उपन्यासले नारी हिंसाका घटनालाई मुख्य केन्द्रबिन्दु बनाएको पाइन्छ । नारीहरू कुरूप पुरुष प्रवृत्तिबाट कसरी

यौन/भोगका सिकार हुन्छन्, कसरी उनीहरूको जिउने अधिकार पनि खोसिन्छ भन्ने कटु यथार्थतालाई यसले खोलिदिएको छ। नारीमाथि हुने विभिन्न प्रकारका हिंसाको पर्दाफास गर्दै नारी शोषण विरुद्ध जनमत तयार पार्नका लागि यसले सबैलाई सोच्न बाध्य बनाएको छ। यो नै उपन्यासको प्राप्ति देखिन्छ (न्यौपाने, २०६८ : २६१)। जीवनको अँध्यारो पाटोको वर्णन गरी उज्यालोको अपेक्षा राखी लेखिनु यसको लेखकीय सफलता मानिन्छ। यो नारीप्रधान उपन्यास भए पनि समस्याका रूपमा परम्परागत रीतिस्थिति र पुरुषप्रधान समाज रहेकाले यिनीहरूको मनस्थितिको विकास समाजलाई स्वच्छ राख्न आवश्यक छ भन्ने तथ्य व्यक्त भएको छ (केशरी, २०६३ : ट)। सङ्क्षेपमा भन्दा बालविवाह, सामाजिक कुरीति, अनैतिक सोचाइ, धनसम्पत्ति आदि सामाजिक रोग भएकाले निःस्वार्थता र त्यागको भावनाले नै जीवन सुखी हुन्छ भन्ने सन्देश उपन्यासमा पाइन्छ। विभिन्न दुःख र समस्याबाट पिल्सिएकी पवित्रा मनोवैज्ञानिक समस्याबाट पनि सताइएको पाइन्छ। उपन्यासले उसको मनोवैज्ञानिक पक्षको समेत उद्‌घाटन गर्न खोजेको छ।

### ३.९.५.६ भाषाशैली

**अचानो परेको जीवन** उपन्यासको भाषा ग्रामीणस्तर सुहाउँदो सरल र प्रभावकारी छ। यसमा पात्रको अवस्था र परिवेशको आवश्यकतानुसार भाषाको चयन गरिएको छ। वर्णनात्मक र संवादात्मक शैली, वृत्ताकारीय शैली, आलङ्कारिक शैली, गीतिशैलीका साथै संस्कृतका उक्तिहरूको प्रयोग, कथ्य भाषा, प्राकृतिक बिम्बप्रतीकको प्रयोग, उखानटुक्काको प्रयोगका साथै कहीँ कहीँ अशिष्ट लाग्ने भाषाको पनि प्रयोग गरिएको छ। केही भाषिक नमुनाहरू यसप्रकार रहेका छन् :

**क) संस्कृत उक्तिको प्रयोग :**

अ) "दैवी विचित्रा गतिः" (पृ. ८)

आ) "पतिदेव परमेश्वरायः" (पृ. ३१)

**ख) आलङ्कारिक भाषाको प्रयोग :**

अ) "उनका आँखाबाट झरेका आँसु गंगाजमुना बनेर" (पृ. १२)

आ) "जीवन केवल वसन्तमात्र रहेनछ, तुषारे शिशिर पनि रहेछ।" (पृ. २५)

**ग) कथ्य भाषा/बाल बोलीको प्रयोग :**

अ) "हेनु न आमा दादाले बा मलनुभयो भन्त ।" (पृ. ४०)

**घ) प्राकृतिक बिम्ब :**

अ) "प्रकृति मोहिनी रूपकी छे, जसले बालकलाई जवान बनाइदिन्छे अनि जवानलाई बृद्ध ।" (पृ. १८)

**ङ) उखान टुक्काको प्रयोग :**

अ) "नहुनेलाई एक शोक, हुनेलाई सय शोक भनेको यही हो" (पृ. ५३)

**च) गीतिशैली :**

अ) "मेरो बाबु यता आऊ मेरो काखा आईजाऊ ।" (पृ. २४)

**छ) संवादात्मक शैली :**

अ) "के भयो, के भयो ?"

"मान्छे मऱ्यो रे !"

"कहाँ ?"

"पँधेरामा"

"आइमाई कि लोग्ने मान्छे ?"

"आइमाई"

"को ?"

"माइली बजै ।" (पृ. १)

**ज) अशिष्ट भाषाको प्रयोग :**

अ) "त्यो राँडीलाई किन पो चाहियो र मेरो जति सम्पत्ति ?" (पृ. ६६)

आ) "के थाहा पाउनु नि त्यस्ता फुँडीको कुरा ।" (पृ. ७९)

## ३.९.५.७ दृष्टिबिन्दु

यस उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुषपरक उपन्यासको घटनालाई प्रस्तुत गर्न पवित्रा, माइलाबाजेजस्ता पात्रलाई उपस्थिति गराइएको छ । उपन्यासकार आफू उपन्यास बाहिर द्रष्टाका रूपमा रहेर अरू पात्रको जीवनकथालाई प्रस्तुत गरेकाले यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको मान्न सकिन्छ ।

### ३.९.५.८ निष्कर्ष

उपन्यासमा द्वन्द्वको प्रभावकारिता पनि प्रबल देखिन्छ । जीवन बचाइका क्रममा विभिन्न सङ्घर्षसँग गर्नु परेको द्वन्द्व र पवित्राको शारीरिक तथा मानसिक द्वन्द्व उपन्यासमा सशक्त भएर आएको छ । माइलाबाजेको सन्तान प्राप्तिका लागि बिहे गर्दा उत्पन्न द्वन्द्व, कामीकान्छाको पवित्रासँगको सम्बन्ध राख्दा उत्पन्न भएको द्वन्द्व, देवर र भाउजूका बीचमा देखिएको भौतिक द्वन्द्व आदिका कारणले उपन्यास प्रभावकारी बनेको छ । उपन्यासमा स-साना र छोटामीठा संवादलाई समावेश गरिएको छ । एउटी नारीको जीवन अचानो सरी बनेको यथार्थ पक्षलाई चित्रण गर्नका लागि **अचानो परेको जीवन** उपन्यासको शीर्षक विषयवस्तु सान्दर्भिक देखिन्छ ।

यसप्रकार सामाजिक यथार्थवादी कथावस्तु बोकेको यस उपन्यासले एउटी एकल विधवा, अदना, असहाय, पीडित र दुखित नारीको जीवन सङ्घर्षलाई ग्रामीण परिवेशका आधारमा चित्रण गरिएको छ । भाषिक सरलता र प्रवाहमयताले उपन्यास पाठकका लागि पनि पठनीय र सम्प्रेषणीय बनेको अनुभूति हुन्छ ।

## ३.९.६ 'प्रश्नचिह्न' उपन्यासको औपन्यासिक तत्त्वका आधारमा अध्ययन

### ३.९.६.१ परिचय

उपन्यासकार शारदा ढुङ्गानाद्वारा लेखिएको **प्रश्नचिह्न** उपन्यास उनको उपन्यास लेखन यात्राको तेस्रो उपन्यास मानिन्छ । ग्रामीण परिवेशमा नारीले भोग्नुपरेका विडम्बना र तिरस्कारलाई विषयवस्तु बनाएर सामाजिक यथार्थ पक्षको चित्रण गर्ने यो उपन्यास लघु आयाममा संरचित छ । उपन्यासकारले आफ्नो परिवार र व्यक्तिगत जीवनको विगत र वर्तमानको समीक्षा गर्दै जाँदा यो उपन्यास लेख्ने हौसला मिले पनि सबै घटनाहरू व्यक्तिगत जीवनसँग मेल नखाने पनि हुन सक्छन् भन्ने कुरा बताएकी छन् (शोधकर्ताले शोधनायकसँग मिति २०७१।१०।१८ गते लिएको अन्तर्वार्ता) । असी पृष्ठ आयाम र आठ परिच्छेदमा विस्तारित यस उपन्यासमा परिच्छेदको विभाजन आधार (एक), (दुई) लाई मानिएको छ । सबै परिच्छेद समान आयाममा विस्तारित नभएर कुनै लामा र कुनै छोटा भएका छन् ।

उपन्यासमा शारदा ढुङ्गानाको *दुई शब्द* मन्तव्य लेख, गीता केशरीको *प्रश्नचिह्न किन ?,* अच्युतरमण अधिकारीको *शारदाको प्रश्नचिह्नमाथि* साथै *प्रकाशकीय,* गीता कार्कीको *जवाफ विहीन प्रश्नचिह्न* भूमिका लेख समावेश गरिएको छ । कृतिको बाहिरी आवरणलाई हेर्दा अगाडिको भागमा कृतिको शीर्षक र लेखकको नामका साथै गम्भीर र सोचमग्न अवस्थाकी एउटी युवतीको अर्ध तस्वीरलाई राखिएको छ । पछिल्लो भागमा शारदा ढुङ्गानाको अर्धकदको तस्वीर साथमा व्यक्तिगत विवरणलाई अघिल्लै पृष्ठमा राखिएकी युवतीको पार्श्व तस्वीरका बीचमा प्रस्तुत गरिएको छ भने प्रमुख वितरकको नाम र ठेगाना पनि उल्लेख गरिएको छ । उपन्यासभित्र केही टङ्कणगत वर्णविन्यास सम्बन्धी कमजोरीहरू देखिए पनि घटनाक्रमको प्रस्तुति र वैचारिक प्रवाह भने सबल रूपमा नै देखापरेका छन् । कथानक वृत्ताकारीय शैलीमा घुमे पनि यसमा आत्मालापीय शैली र वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

## ३.९.६.२ कथानक

**प्रश्नचिह्न** उपन्यास सामाजिक समस्याका रूपमा रहेको लैङ्गिक भेदभाव, नारीप्रति पुरुषको हैकमवादी सोच, बहुविवाह र सौतेनी नाताले निम्त्याएको समस्या र यसले पारिवारिक सम्बन्धमा ल्याएको अशान्ति र अविश्वास आदि समस्यालाई आधार बनाएर यसको कथानक तयार पारिएको छ । उपन्यासमा पसल्नीले सरितालाई शोभा भाउजूकहाँ आश्रयका लागि पुऱ्याएपछि शोभा र सरिताको संवादका क्रममा यसको कथानक उठान भएको छ । सरिताले आफ्नो जीवनगाथालाई आमाका पालादेखि लिएर आफ्नो काखे छोरीका पालासम्मका इतिवृत्तलाई प्रस्तुत गरेकी छन् । आमा बालविवाहको सिकार भएर घरमा सासु-ससुराको बुहार्तन सहँदै लोग्नेसँग पनि छुट्टिएर बस्नु, सहरमा बुबा जागिरे हुँदा आमा पनि सँगै जानु, उनीहरूको जीवन सुखमय भए पनि लामो समयसम्म आमाको कोख सफल नहुनु, बाबुले दोस्रो बिहे गर्ने सोच बनाएकै बेला आफू जन्मनु, दोस्रो र तेस्रो चोटि पनि छोरी जन्मिएपछि बाबुले दोस्रो बिहेको तयारी गर्नु, आमालाई गाउँ जाने इच्छा नभए पनि मलाई उक्साएर गाउँ पठाउनु, यता बाबुले बिहे गर्नु, सौतेनी आमाको खटनमा रहनु, बाबुले गाउँको अन्नबाली खोज्नु, आफूले वर्षमा एकजोर मात्र कपडा दिनु, परिवार दुःख र

कष्टले पालिनु, सहरमा रहेको परिवार सम्पन्न र बाबुको छत्रछायामा रहनु, सरिताको अचानक बिहे गर्न दिएको वचन घरमा आइ भन्नु, बिहे गर्नु, बिहेमा प्रशस्त दाइजो दिन नसक्दा सासू र आफ्नै लोग्नेबाट सरिता पीडित हुनु, माइतमा गएर उक्त समस्या बाबुलाई सुनाउँदा पनि बाबुले समाधानको सट्टा उल्टै हप्कीदप्की गर्नु, माइतबाट आफ्नो समस्या नसुल्झने बरु आफ्नो पीडाबाट आमा झन बढी दुःखी हुने भन्ने ठानेर अनिश्चित गन्तव्यको बाटो समाती पसल्नी दिदी मार्फत शोभा भाउजू (म) पात्रकहाँ आइ पुगेको वर्णनलाई सरिताले आत्मगत शैलीमा प्रस्तुत गरेकी छन् । अन्त्यमा म पात्रले सरितालाई आफ्नो समस्याका विरुद्धमा लड्न साथ दिने प्रतिबद्धता जनाउँदै उपन्यासले बिट मारेको छ । यही कथानकका परिधिमा अन्य प्रासङ्गिक कथाहरूको पनि उपन्यासमा समावेश गरिएको छ ।

### ३.९.६.३ पात्रविधान

**प्रश्नचिह्न** उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको छ । लघु आकारमा संरचित भए पनि यसमा अट्ठाइस पात्रहरूको प्रत्यक्ष-परोक्ष भूमिका रहेको छ । उपन्यासमा प्रमुख नारीपात्र सरिता र प्रमुख पुरुष पात्र भीम पराजुली रहेका छन् । सहायक पात्रका रूपमा सरिताका आमाबाबु, सासू-ससुरा, शोभा भाउजू आदि छन् भने गौण पात्रका रूपमा हरि, बसुधा, रामु, भाउजू, भरिया, पसल्नी दिदी, फुपू, बहिनी, सुन्तली, रवि, कुलचन्द्र, बैदार काका, पुम्दीका बराल आदि देखिएका छन् ।

सरिता यस उपन्यासकी मुख्य नारी पात्र हो । उसले आफ्नो इतिहासलाई मुख्य रूपमा र आमाको कहानीलाई आंशिक रूपमा व्यक्त गर्दै नारीले भोग्नु परेका समस्यालाई प्रस्तुत गरेकी छे । दाइजो प्रथाले गर्दा नारीहरू सौता बेहोर्न बाध्य हुनु, छोरी जन्मिएकै भरमा सौता भित्र्याइनु जस्ता आमा-छोरीले भोगेको जीवनकहानीले सरिताको कारुणिक अवस्थाको चित्रण गरेको छ । सानै उमेरमा बिहे भएर गए पनि घर परिवार र लोग्नेबाट माया नपाएकी, तिरस्कृत भएकी बेसहारा जीवन बाँच्न बाध्य सरिताको गन्तव्यहीन यात्रालाई देखाएर नारीको जीवन नै अनिश्चित छ भन्ने कुरालाई उसका माध्यमबाट व्यक्त गरिएको छ ।

भीम पराजुली यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ सरिताको श्रीमान् हो । पेसाले शिक्षक भए पनि दाइजो नल्याएको निहुँमा श्रीमतीलाई दुर्व्यवहार गर्ने पत्नीको प्रेमलाई बुझ्न नसक्ने, बहुविवाह गरी पत्नी र बच्चामाथि अमानवीय व्यवहार गर्ने, वैयक्तिक स्वार्थ र वासनामा लिप्त हुने, पारिवारिक उत्तरदायित्व वहन गर्न नसक्ने, धोकेबाज, अविश्वासी, अत्याचारी र क्रूर पतिका रूपमा उसको भूमिका देखिएको छ । उसकै प्रताडना र तिरस्कारले गर्दा समाज र परिवारबाट पनि तिरस्कृत हुनु परेपछि काखकी नाबालक छोरी लिएर गन्तव्यहीन यात्रामा निक्लिनु परेको छ ।

शोभा भाउजू उपन्यासमा सरिताको जीवनकहानी सुन्ने श्रोताका रूपमा अवस्थित छन् । घटनाक्रम सुनिसकेपछि सरितालाई जीवन सङ्घर्षमा लड्न प्रेरित गर्ने र यस्तै नारी समस्यालाई उन्मुलन गर्न आफू पनि प्रतिबद्ध रहेको विचार व्यक्त गर्ने सुधारवादी नारी चरित्रको प्रतिनिधित्व शोभा भाउजूले गरेकी छन् । छोरी पाएकै भरमा आमामाथि सौता हाल्ने सरिताको बाबु रवि प्रतिकूल चरित्रको देखिन्छ । छोरीको भविष्य बिग्रँदा पनि त्यसप्रति वास्ता नगर्ने उत्तरदायित्व विहीन अभिभावकका रूपमा ऊ आएको छ । सुब्बिनी सरिताकी आमा हुन् जसले सौता बेहोर्नु पर्दा पनि लोग्नेप्रति आदर्शको भाव व्यक्त गर्ने, आफ्नो पीडा अरू कसैलाई नभन्ने अन्तर्मुखी प्रवृत्ति भएकी परम्परित नेपाली नारीकी प्रतिनिधि पात्र हुन् । सरिताका सासू-ससुरा प्रतिकूल चरित्रका हुन् । बुहारीभन्दा बढी सम्पत्तिलाई महत्त्व दिने, आफ्नो हैसियत बिर्सिएर अर्काको सम्पत्तिमाथि आँखा गाड्ने, बुहारीलाई शारीरिक, मानसिक यातना दिने, अमानवीय चरित्र भएका पात्रहरू हुन् ।

उपन्यासमा यी पात्रहरू बाहेक अन्य पात्रहरू पनि बीच-बीचमा आंशिक भूमिकामा देखिएका छन् । कतिपय पात्रहरू उपन्यासको उद्देश्यमा अनुकूल छन् भने कतिपय प्रतिकूल वातावरणमा उपस्थित छन् । उपन्यासमा प्रयोग भएका प्रायः सबै पात्रहरू विशृङ्खल र विसङ्गत जीवन बिताउँदै आ-आफ्नो अस्तित्वको खोजीमा भौँतारिएको देखिन्छ ।

**तालिका नं. ९**

**पात्रको शैलीवैज्ञानिक वर्गीकरण**

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | सरिता | – | + | + | – | – | + | – | + | – | + | – | – | + | + | – |
| २. | शोभा | – | + | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ३. | भीम | + | – | + | – | – | – | + | + | – | – | + | – | + | | + |
| ४. | रवि | + | – | – | + | – | – | + | + | – | + | – | – | + | + | – |
| ५. | सुब्बिनी | – | + | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ६. | सासू | – | + | – | + | – | – | + | – | + | – | + | – | + | + | – |
| ७. | ससुरा | + | – | – | + | – | – | + | – | + | – | + | – | + | + | – |

माथिको तालिका हेर्दा यस उपन्यासमा प्रमुख नारीपात्र सरिता र प्रमुख पुरुष पात्र भीम पराजुली, सहायक पात्र सरिताका आमाबाबु, सासू-ससुरा, शोभा भाउजू, गौण पात्रका रूपमा हरि, बसुधा, रामु, भाउजू, भरिया, पसल्नी दिदी, फुपू, बहिनी, सुन्तली, रवि, कुलचन्द्र, बैदार काका, पुम्दीका बराल आदि देखिएका छन् ।

## ३.९.६.४ परिवेश

**प्रश्नचिह्न** उपन्यासमा ग्रामीण जनजीवन र सामाजिक वातावरणपरक परिवेश चित्रण गरिएको छ । प्रजातन्त्र काल अगाडिदेखिकै घटनाक्रमलाई प्रस्तुत गरेको यस उपन्यासमा स्थानगत रूपमा कालीमाटी, पुम्दी, बनारस, काठमाडौं, सिंगापुर, बैंकक, राम्दीघाट, हस्तिनापुर, जिल्ला कार्यालय, बाहुनगाम, कामीगाम, साउने पँधेरो, धौलागिरि, माछापुच्छ्रे, सिम्पानी, रिस्ती, पसल आदि परिवेशको चित्रण गरिएको छ । ऐतिहासिक परिवेशका रूपमा राजा वीरेन्द्रको राज्याभिषेक, चुनावको चहलपहल, काङ्ग्रेस पार्टीका गतिविधि, हिन्दी चलचित्रको कथन, सामाजिक परिवेशका रूपमा बालविवाह, बहुविवाह, अशिक्षा, रूढिवादी परम्परा, पारिवारिक झैझगडा, ग्रामीण जनजीवन, पर्यावरणीय परिवेशका रूपमा हिमाल, पहाड, वन-जङ्गल, बाटो-घाटो, सहरी परिवेशका रूपमा एयरपोर्ट, सडक, पसल र धार्मिक सांस्कृतिक परिवेशका रूपमा विभिन्न चाडपर्व र मान्यतालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

## ३.९.६.५ उद्देश्य

**प्रश्नचिह्न** उपन्यासको उद्देश्य नेपाली नारीहरूले भोग्नु परेका पीडाहरूको चित्रण गर्नु रहेको छ । पुरुष वर्गबाट नारीहरू शोषित हुँदै आएको, पुरुषबाट नारीले लात, घात,

पीडा, प्रताडना, दमन, हिंसा, बुहार्तन, बहुविवाह, दाइजो प्रथा, प्रेम-वासना खप्नु परे पनि नारी नारकीय घरलाई स्वीकार्न विवश छ भन्ने देखाइएको छ (सापकोटा, २०६७ : ५९) । ग्रामीण नारीको जीवन र उनीहरूको वास्तविकतालाई देखाउँदै लैङ्गिक विभेदको अन्त्य, नारी स्वतन्त्रता र नारी अस्तित्वलाई स्वीकार गर्नुपर्ने उद्देश्यलाई मूलरूपमा प्रस्तुत गरिएको छ । उपन्यासको विषय समाजभन्दा बाहिर छैन तर भित्रैबाट पनि अत्यन्त निष्ठुरता प्रदर्शन गर्ने हृदय विहीन पुरुषको वास्तविकता देखिएको छ । आफ्नै प्रणय जीवनमा बाँधिएको लोग्ने मान्छे प्रणयिनी मायालुलाई बदली-बदली कसरी त्यसैको पीडक बन्न सक्छ, यो यथार्थलाई उपन्यासले देखाएको छ (अधिकारी, २०६५ : भूमिका) । समग्रमा उपन्यासले नारी हिंसा, दाइजो प्रथा, बालविवाह, बहु-विवाहजस्ता समस्यालाई प्रस्तुत गरी नारीको अधिकार स्थापित गर्ने र लैङ्गिक समानता कायमका लागि जनचेतना फैलाउन आग्रह गरेको छ । पारिवारिक पीडाबाट आक्रान्त नारीहरूको मानसिक पीडाको मनोवैज्ञानिक विश्लेषण गर्नु पनि यस उपन्यासको उद्देश्यभित्र पर्दछ ।

### ३.९.६.६ भाषाशैली

**प्रश्नचिह्न** उपन्यासमा ग्रामीण जनजीवनमा आधारित भाषाको प्रयोग गरिएकाले यसको भाषा सबैले बुझ्ने सरल किसिमको छ । कथानकलाई प्रस्तुत गर्न वृत्ताकारीय शैली, संवादात्मक शैली, संस्मरणात्मक शैली र आत्मालापीय शैलीको प्रयोगमा जोड दिइएको छ । घटनालाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिए पनि बीच-बीचमा पूर्वस्मृति, तर्कवितर्क, शङ्का, ग्लानिजस्ता भावनात्मक पक्ष पनि प्रस्तुत भएका छन् । उपन्यासको ठाउँ-ठाउँमा काव्यात्मक भाषा, आलङ्कारिक भाषा, संस्कृत उक्तिको प्रयोग, उखान टुक्काको प्रयोगका साथै प्रशस्त बिम्ब प्रतीकको प्रयोग भएको देखिन्छ । व्याकरणिक हिसाबले वर्णविन्यासगत त्रुटि केही मात्रामा भेटिए पनि उपन्यासको भाव प्रवाहमा भने त्यसको असर देखिँदैन । केही भाषिक नमुनाहरू यसप्रकार छन् :

**क) संस्कृत उक्तिको प्रयोग :**

अ) “यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता” (पृ. २७)

आ) “परोपकारः पुण्याय पापाय परपीडनम्” (पृ. २७)

**ख) उखान टुक्काको प्रयोग :**

अ) “मनको वह कसैलाई नकह” (पृ. २९)

आ) “सप्रे सुत्केरी, बिग्रे काल ।” (पृ. ७३)

**ग) आत्मालापीय शैलीको प्रयोग :**

अ) "ऊ पनि बदमास पो पर्ने हो कि ? उल्टै धन मात्रै खोज्ने हो कि ?" (पृ. ५४)

**घ) संवादात्मक शैली :**

अ) "रोग सर्छ क्या ! ए त्यसो पो !" (पृ. ६४)

**ङ) प्रकृतिको मानवीकरण :**

अ) "शरदले पनि कोल्टे फेर्‍यो, हेमन्तले टाउको उठाउन सुरु गर्‍यो ।" (पृ. ६५)

**च) आलङ्कारिक शैली :**

अ) "आइमाइ भनेको त पृथ्वी हो । रामकी सीतालाई त त्यो भवसागर सहनु परेको थियो, द्रौपदीले सहेर नै हस्तिनापुरकी साम्राज्ञी बन्न पुगिन् ।" (पृ. ७१)

## ३.९.६.७ दृष्टिबिन्दु

**प्रश्नचिह्न** उपन्यासमा कथयिता सरिता हुन् र उपन्यासकी द्रष्टा शोभा भाउजू हुन् । उपन्यास संस्मरणात्मक शैलीमा लेखिएको छ । शोभा भाउजूका अगाडि सरिताले आफ्नो जीवनगाथालाई आत्मपरक शैलीमा प्रस्तुत गरेकी हुनाले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भए पनि उपन्यासको आरम्भ र अन्त्यमा भने तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ । मुख्य कथावस्तु म पात्रका माध्यमबाट र उक्त कथालाई जोड्ने सूत्रधार पात्रका रूपमा शोभा भाउजू र पसल्नीको भूमिका रहेकाले यसमा मिश्रित दृष्टिबिन्दुको प्रयोग भएको मान्न सकिन्छ ।

## ३.९.६.८ निष्कर्ष

उपन्यासमा सरिताको आन्तरिक तथा बाह्य द्वन्द्वको चित्रण प्रभावकारी छ । जीवन बचाइका क्रममा अनेक सङ्घर्ष गर्दै बाँचेकी उसको जीवनमा अनेकौं प्रश्नचिह्नहरू खडा हुनुले पनि उसभित्र थुप्रै आन्तरिक द्वन्द्वहरू सल्बलाएका छन् भन्ने देखाउँछ । उपन्यासमा सामाजिक संस्कारको द्वन्द्व, आर्थिक पक्षले निम्त्याएको द्वन्द्व र लैङ्गिक असमानताको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । बहुविवाह, बालविवाह, दाइजो प्रथा जस्ता सामाजिक कुसंस्कारहरूले पनि द्वन्द्वको सिर्जना गरेका छन् । उपन्यासमा सरल, छोटा र प्रभावकारी

संवादको योजना गरिएको छ । संवादहरू पात्रको स्तर, विषयवस्तु र परिवेश सुहाउँदो नै छन् । औपचारिक र अनौपचारिक दुवै किसिमका संवादको प्रयोग गरिएकाले उपन्यासको घटनाक्रम गतिशील बनेको छ । लोग्नेले सौता ल्याएर घरबाट अनिश्चित यात्राका लागि निस्किएकी सरिताको र काखे छोरीको जीवन अब के हुने हो ?, घरेलु हिंसाको कहालीलाग्दो स्थितिको अन्त्य कहिले हुने हो ? मानिस किन कठोर बन्छ ? मानिसले आफ्नी र अर्काकी छोरीमा किन विभेद गर्छ ?, आफ्नो छोरी तिरस्कृत हुँदा टाउको ठोकीठोकी रुने व्यक्ति अर्काकी छोरीलाई पीडा दिँदा किन काखी ठोकेर रमाउँछ ? जस्ता प्रश्नहरू उपन्याससँग सम्बन्धित भएर आएका छन् । यिनै प्रश्नहरूको उत्तर खोज्ने उद्देश्यले उपन्यास लेखिएकाले उपन्यासको शीर्षक **प्रश्नचिह्न** सार्थक देखिन्छ ।

यसप्रकार नारी समस्यामा केन्द्रित सामाजिक यथार्थवादी उपन्यास **प्रश्नचिह्न**ले नारी अस्तित्व संरक्षण गर्न आग्रह गर्दै लैङ्गिक समानता र सामाजिक कुसंस्कारको पर्दाफास गरेको छ । ग्रामीण परिवेशमा लेखिएको र सरल भाषाशैलीमा प्रवाहित यस उपन्यासले नारी समस्यालाई समाधान गर्न र आवश्यक कदम चाल्न थुप्रै प्रश्नचिह्नहरू खडा गर्दै उपयुक्त उत्तरको खोजी गरेको छ ।

## ३.९.७ औपन्यासिक तत्त्वका आधारमा 'दुखेका दिन' उपन्यासको अध्ययन

### ३.९.७.१ परिचय

चितवनकी साहित्य स्रष्टा शारदा ढुङ्गानाको चौथो औपन्यासिक कृतिका रूपमा **दुखेका दिन** (२०६९) प्रकाशनमा आएको छ । दश वर्षे जनयुद्धबाट प्रताडित जनसमुदाय र त्यसमा पनि नारीले भोग्नुपरेका युद्धजन्य पीडालाई उपन्यासले आफ्नो विषयवस्तु बनाएको छ । हिंसा र प्रतिहिंसाको द्वन्द्वमा प्रत्यक्ष सहभागी हुने व्यक्तिका परिवारको पीडालाई वास्तविकताको पृष्ठभूमिमा राखेर यो उपन्यास लेखिएको कुरा उपन्यासकार बताउँछिन् ( शोधनायकसँग मिति २०७१।१०।१८ मा लिएको अन्तर्वार्ताबाट) । जम्माजम्मी अठार परिच्छेद रहेको यस उपन्यासमा परिच्छेदलाई एक, दुई अङ्कले विभाजित गर्दै अन्त्य वर्गाकार तीनवटा स-साना कोष्ठबाट गरिएको छ । एक सय चार पृष्ठमा समेटिएको उपन्यासमा गीता केशरीको *दुखेका दिनभित्र पस्दा* भूमिका लेख, *प्रकाशकीय* लेख र शारदा ढुङ्गानाको *लेखनको परिवेश* मन्तव्यलाई समावेश गरिएको छ । ब्रह्म बसुन्धरा प्रतिष्ठानले प्रकाशनमा

ल्याएको यस उपन्यासको बाहिरी आवरणको अघिल्लो भागमा कृतिको शीर्षक र लेखकको नाम राखिएको छ साथै युद्धको वातावरणलाई देखाउन हतियारधारी सेना र त्यसको प्रभावबाट पीडित भएकी नारीको चित्रलाई राखिएको छ । पछिल्लो भागमा भने शारदा ढुङ्गानाको अर्धकदको तस्वीर र व्यक्तिगत विवरणलाई उल्लेख गर्दै अन्त्यमा प्रमुख वितरकको नाम र ठेगाना उल्लेख गरिएको छ । लामा-छोटा परिच्छेद योजनाबाट निर्मित यस उपन्यासले नेपालमा चलेको माओवादीको दशवर्षे जनयुद्ध, आन्दोलन र क्रान्तिलाई मूलभूत विषयका रूपमा प्रस्तुत गरेको छ ।

### ३.९.७.२ कथानक

युद्धग्रस्त नेपाली समाज र त्यसको प्रभावलाई समेट्नु नै यस उपन्यासको मुख्य कथानक बनेको छ । प्राकृतिक सौन्दर्यको वर्णनबाट प्रारम्भ भएको उपन्यासमा भकुण्डेबेंसीको सौन्दर्य र त्यहाँका अतुलनीय जनजीवनलाई प्रस्तुत गरिएको छ । जेठा कार्कीले बडाबाको सम्पूर्ण आज्ञा पालन गरे पनि छोरी पुतलीलाई नपढाउनु, पुतलीले पढ्न नपाएकोमा विद्रोह गर्नु, सन्ते र माया सँगै पढ्नु, माया प्रथम द्वितीय हुनु, सन्ते सदैव अनुत्तीर्ण हुनु, आफ्ना बाबुको सोझोपनको फाइदा उठाउनु, मायालाई सत्य भन्नु, विषय लागेर पास हुनु, घरभरिका काम सकी माया उत्कृष्ट निस्कनु, सन्ते सात कक्षा पास भएपछि अध्यक्षका अनुरोधमा नेपाल प्रहरीमा भर्ती हुनु, तालिम पश्चात् ऊ आफ्नो कर्तव्यमा जुट्नु, बिहेको प्रस्ताव बडाबाले ल्याउनु, केटाको विचार सोध्नु, सन्तेले मायाप्रति प्रेम उजागर गर्नु, दुवै मगर र क्षेत्रीको सन्तान भएकाले सम्भव होला कि नहोला भन्ने सोचमा डुब्नु, अन्तमा कुरो फैलिनु, गँजडी हल्दारको छोरो जँड्याहा रिट्ठेसँग मामाको बिहा छिनिनु, ऊ भागेर सन्ते भएको ठाउँ पुग्नु, सबै साथीको अनुरोधमा पोखराको विन्ध्यवासिनीमा बिहे गर्नु, घर परिवारले पनि सामान्यतया करकापमा स्विकार्नु, आमाले बुहारी स्विकार्न नचाहनु, देशमा माओवादीको जनयुद्ध लहर आउनु, दुवै पक्षीय जनताको बेहाल हुनु, सन्ते यसको सिकार हुनु, मायाको बाबु कामका लागि कालीकोट हवाइजहाज ग्राउन्ड बनाउन जाँदा सेनाबाट मारिनु, मायाको लोग्नेको सरकारी क्षतिपूर्ति स्वरूप दश लाख आउनु, कार्कीले मनमनै सोझी बुहारीको पैसा हात पार्नु, ओखलेको खेत किन्नु, यी

सबैबाट माया परिचित हुनु, सासूको टोकसोबाट सैनिकका विधवालाई दिएको सिलाइ-बुनाइ तालिम लिन नजानु, व्यवसाय चलाउन खोज्दा एकल महिलामा परेका समस्याबाट माओवादीका कार्यकर्ताहरूको विचारमा पार्टी प्रवेश गर्नु, दुवैतर्फको कथा-व्यथा अवगत हुनु, त्यहाँ पनि आफ्नो अस्तित्व खतरामा परेपछि भाग्नु र काठमाडौंमा गई डि.एस.पी. शिशिरचन्द्र विष्टलाई भेट्नु, उनले नचिन्नु, आफैँले चिनाउनु, के गरौँ अब भन्ने क्रममा जोगिनी बन्न सल्लाह दिनु, विपश्यना ध्यान केन्द्रमा गई जोगिनी बनी आचार्य बन्नु, यसरी अन्त्यमा समाजसेवी भई नारी उत्थान केन्द्रको स्थापना गर्नु, आत्मिक शान्ति अध्यात्मवादी चिन्तनबाट नै सम्भव हुने कुरा बुझ्नु, दुःखका दिन सकिनु र नयाँ गोरेटोमा यात्रारत हुनुजस्ता कथानकका घटनाक्रमलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

मुख्य कथानकका साथै यसमा राजनैतिक परिवेशका रूपमा माओवादीको जनयुद्धको घोषणा, समाजका प्रतिष्ठित व्यक्तिको हत्या, सम्पत्ति अधिग्रहण (कब्जा), बलात्कार, अढाइसय वर्षको राजतन्त्रको अन्त्य, ऐतिहासिक जनआन्दोलन आदि प्रासङ्गिक कथानकलाई पनि उपन्यासमा राखिएको छ । उपन्यासमा सामाजिक यथार्थको चित्रणमा भने गुरूप्रसाद मैनालीका कथाहरूको प्रभाव परेको देखिन्छ ।

### ३.९.७.३ पात्रविधान

**दुखेका दिन** उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको छ । यसमा उपस्थित भएका पात्रहरूले प्रत्यक्ष-परोक्ष रूपमा कथावस्तुलाई गतिशील तुल्याएका छन् । उपन्यासमा माया, सन्तबहादुर प्रमुख पात्रका रूपमा डी.एस.पी. शिशिरचन्द्र विष्ट, बडाबा, कार्की जेठा, कर्किनी जेठी, पुतली, फुर्के, अध्यक्ष आदि पात्र सहायक पात्रका रूपमा र बिर्खे कामी, गोविन्द, जिम्दार, शिक्षक, शिक्षिका, माइलो गुरुङ, पोक्चे, पासाङ, जिते, रत्ने, शिल्पा, जिमुवाल, कान्छा, फिस्टी, पूर्णे, मुकुन्दे, इन्जिनियर, प्रहरी, सैनिक, पार्वती आदि गौण पात्रको भूमिकामा उपस्थित छन् ।

माया यस उपन्यासकी प्रमुख स्त्री पात्र तथा नायिका हो । पढाइमा अब्बल रहे पनि गरिबीका कारणले पढाइलाई बीचमा नै बिट मार्न बाध्य भएकी युवती हो । बाल्यकालदेखि नै सन्तबहादुरसँग प्रेममा बाँधिएकी मायालाई परिवारले जबर्जस्ती जँड्याहा रिठ्ठेसँग बिहे गर्न

लागिदिँदा ऊ विद्रोह गरेर सन्तेको शरणमा पुग्छे । यसरी सन्तेसँग बिहे गरेकी माया प्रेमका लागि विद्रोह गर्ने विद्रोही नारी पात्र हो । जनयुद्धको चपेटामा परेर आफ्नो लोग्ने मरे पनि घर परिवारमा आदर्श बुहारीको भूमिकामा ऊ देखिएकी छ । सासूले बुहारीमाथि गरेको अत्याचार र ससुराको सम्पत्तिमाथिको गिद्धे दृष्टिलाई पनि सहँदै बसे पनि अन्त्यमा गृह त्याग गरेर माओवादीको जनयुद्धमा प्रवेश गरेकी छ । जनयुद्धको मूलभूत उद्देश्य मुक्ति र स्वतन्त्रता भए पनि त्यहाँभित्रको आन्तरिक परिवेशमा शोषण, बलात्कार, भेदभावजस्ता विकृति र विसङ्गतिको बिगबिगी भएपछि त्यहाँबाट सुटुक्क आफ्नो पहिचान र हतियार बिसाउँदै भौतिक सुखलाई त्यागेर आध्यात्मिक सुखको खोजीमा अग्रसर हुने माया उपन्यासको अन्त्यमा आध्यात्मिक, सुधारवादी र समाजसेवी व्यक्तित्वका रूपमा देखिएकी छे ।

सन्ते उपन्यासको छोटो भूमिकामा आए पनि यस उपन्यासको प्रमुख पुरुष पात्र हो । मायालाई बालापनैदेखि प्रेम गर्ने सन्तेले आफूले प्रहरीको जागिर खाएर राष्ट्रसेवा गर्ने र पारिवारिक मुक्तिको लागि काम गर्ने व्यक्तिका रूपमा देखिएको छ । जनयुद्धले गर्दा प्रहरीको जागिर छोड्नका लागि आमा, बाबु र श्रीमतीले कर गरे पनि देश र जनताका लागि लडिरहने तर लाचार नबन्ने बहादुर, शाहसी र राष्ट्रप्रेमीका रूपमा ऊ आएको छ । अन्तरजातीय विवाह गरेर समाजलाई नै चुनौती दिएको सन्ते जनयुद्धको मारमा परेर वीर शहीदमा परिणत हुने प्रतिनिधि पात्र हो ।

हेमप्रसाद भण्डारी (बडाबा) यस उपन्यासका सहयोगी पुरुष पात्रका रूपमा उपस्थित छन् । समाजका आदर्शवादी, निस्वार्थी, त्यागी र प्रियपात्रका रूपमा उनी आएका छन् । पुतली सन्तेकी दिदी हो । छोरालाई पढाउने र छोरीलाई घरमा कजाउने तात्कालीन सामाजिक परिपाटीको सिकार बनेकी पुतलीले आफू पढ्न नपाएकोमा बाबु आमाले गरेको लैङ्गिक विभेदको विद्रोह गरेकी छे । पारिवारिक आर्थिक पृष्ठभूमिलाई उकास्ने उद्देश्यले कालिकोट जहाज ग्राउण्ड बनाउन जाँदा जनयुद्धको चपेटामा परी ज्यान गुमाउने मायाको बाबु फुर्के त्यस्ता मजदुर वर्गको प्रतिनिधि पात्र पनि हो । जनयुद्धको चपेटामा पति र ज्वाइँलाई गुमाएकी फिस्टीले एक्लो जीवनमा आई परेका समस्यासँग सङ्घर्ष गर्दै बाँच्ने नारीपात्रको प्रतिनिधित्व गरेकी छ । कार्की जेठा र कर्किनी जेठी मायाका ससुरा र सासू हुन् । बुहारीप्रति अत्याचार गर्ने सासू र ससुरा सम्पत्ति मात्रै हडप्न खोज्ने उनीहरूको

प्रकृतिले पनि नीच पात्रका रूपमा चिनिएका छन् । अध्यक्ष सन्तेलाई प्रहरीमा जागिर दिलाइदिने सहयोगी पात्र हुन् ।

उपन्यासमा यी पात्रहरू बाहेक डी.एस.पी. शिशिरचन्द्र विष्ट, विकास, शिल्पाजस्ता पात्रको पनि आंशिक भूमिका देखिन्छ । डि.एस.पी.ले मायालाई असल मार्ग देखाइदिने काम गरेका छन् भने विकास र शिल्पाले जनयुद्धको नेतृत्व लिएका छन् । जसबारे तालिकाले नै अझ बढी प्रस्ट पार्ने देखिन्छ ।

**तालिका नं. १०**

**पात्रको शैलीवैज्ञानिक वर्गीकरण**

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | माया | – | + | + | – | – | + | – | + | – | + | – | – | + | + | – |
| २. | सनबहादुर | + | – | + | – | – | + | – | + | – | + | – | – | + | – | + |
| ३. | हेम प्र. भण्डारी (बडाबा) | + | – | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ४. | पुतली | – | + | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ५. | फुर्के | + | – | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ६. | फिस्टी | – | + | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ७. | कार्कीजेठा | + | – | – | + | – | – | + | + | – | – | + | – | + | – | + |
| ८. | कर्किनी जेठी | – | + | – | + | – | – | + | + | – | – | + | – | + | – | + |
| ९. | अध्यक्ष | + | – | – | + | – | + | – | + | – | + | – | – | + | – | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायिका माया, नायक सन्ते (सन्तबहादुर), सहायक पात्र, डी.एस.पी., शिशिरचन्द्र, बडाबा, कार्की जेठा, कर्किनी जेठी, पुतली, फुर्के, अध्यक्ष र गौण प्रवृत्तिका पात्रहरूमा बिर्खेकामी, गोविन्द, जिम्दार, शिक्षक, शिक्षिका, माइलो गुरुङ, पोक्चे, पासाङ, जिते, रत्ने, शिल्पा, जिमुवाल, कान्छा, पूर्णे, मुकुन्दे, इन्जिनियर, प्रहरी, सैनिक, पार्वती आदि देखिएका छन् ।

### ३.९.७.४ परिवेश

**दुखेका दिन** उपन्यासमा सामाजिक, राजनैतिक र ऐतिहासिक विषयलाई तत्कालीन परिवेशका आधारमा प्रस्तुत गरिएको छ । दशवर्षे जनयुद्धको केन्द्रीयतामा घटनाक्रम घुमे पनि यसले लगभग पैँतीस वर्षको समयावधिलाई समेटेको छ । स्थानगत परिवेशका रूपमा बाग्लुङ, पोखरा, काठमाडौं, कालिकोट, गुल्मी, दाङ, मर्स्याङ्दी नदी, भकुन्डेबेसी, भारत, काशी, बैतडी, ढुङ्गेसाँघु, लाँकुरी डाँडा, डाहागाउँ, विन्ध्यवासिनी, टारीगाउँ, होलेरी, सिफेलको जङ्गल, धुर्सेलीको वन, सडक, एयरपोर्ट, कलंकी, बौद्ध, जमल, थानकोट, ब्यारेक, त्रिशूली, बेनी बजार आदि परिवेशका रूपमा आएका छन् । सामाजिक परिवेशका रूपमा छिमेकीप्रतिको सहयोग, अन्तरजातीय विवाह, काजक्रिया, मेलापर्व, जात्रा, विद्यालयजस्ता परिवेश र दशवर्षे जनयुद्ध क्रान्ति, आन्दोलन, प्राप्तिजस्ता राजनैतिक परिवेशको पनि चित्रण गरिएको छ ।

### ३.९.७.५ उद्देश्य

दशवर्षे जनयुद्धको प्रभावबाट नेपाली समाज ग्रसित भएको र त्यसमा पनि युद्धको प्रभावबाट नेपाली नारीहरूले भोग्नुपरेको मानसिक र शारीरिक पीडालाई देखाउनु यस उपन्यासको मूलभूत उद्देश्य हो । उपन्यासमा जनयुद्धको परिणाम स्वरूप राजतन्त्रको अन्त्य र लोकतन्त्रको प्राप्तिलाई देखाइएको छ । जनयुद्धमा धेरै क्रान्तिकारीहरूले वीरगति प्राप्त गरी नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन सफल भएका घटनालाई प्रस्तुत गर्दै असल नागरिकले राष्ट्र सेवाका लागि ज्यान दिन सक्नु पर्छ भन्ने उद्देश्य उपन्यासमा रहेको छ । उपन्यासमा नारी स्वयम्ले आफ्नो अस्तित्वको खोज आफैले गर्नुपर्छ र अरू दिग्भ्रमित भएका नारीहरूलाई बाटो देखाउने र उनीहरूलाई सहयोग गर्ने जस्ता काम पनि नारीले नै गर्नुपर्छ भन्ने सन्देश जतातते छरिएको पाइन्छ (केशरी, २०६९ : छ) ।

### ३.९.७.६ भाषाशैली

**दुखेका दिन** उपन्यासमा भाषिक प्रयोग सरल र सहज देखिन्छ । ग्रामीण परिवेशमा आधारित भएकाले गाउँले कथ्य भाषाको प्रयोग र सामान्य बोलीचालीको भाषालाई

राखिएको छ । वर्णनात्मक शैलीमा लेखिएको यो उपन्यास अलङ्कार, बिम्ब, प्रतीक, रस र व्यञ्जनाका दृष्टिले पनि सफल प्रयोग भएको मानिन्छ । मायाको मनोवैज्ञानिक तथ्यको उद्घाटन गरिएकाले यसमा आत्मगत प्रस्तुतिलाई पनि समेटिएको छ । प्रशस्त उखान टुक्काको प्रयोग, संवादात्मक शैली, पत्रात्मक शैली र केही ठाउँमा अशिष्ट भाषाको समेत प्रयोग भएको यो उपन्यास भाषाशैलीको दृष्टिले उपयुक्त नै मानिन्छ । केही भाषिक प्रयोगका नमुना यसप्रकार छन् :

**क) उखान टुक्काको प्रयोग :**

अ) "मेरो गोरुको बाह्रै टक्का" (पृ. ३६)

आ) "के खोज्छस् कानो आँखो" (पृ. ४१)

इ) "नखाऊँ भने दिनभरिको शिकार, खाऊँ भने कान्छा बाबुको अनुहार" (पृ. ४५)

ई) "हुलमुलमा जिउ जोगाउनु, अनिकालमा बिउ जोगाउनु" (पृ. ५४)

उ) "हुनेहार दैव नटार" (पृ. ५९)

**ख) प्राकृतिक बिम्बको प्रयोग :**

अ) "पूर्णिमाको जून झ्यालको चरबाट झिकेर उनीहरूको थोत्रो सिरकमा परिरहेको थियो । " (पृ. १४)

**ग) कथ्य भाषाको प्रयोग :**

अ) "ए बा, ए आमा ! भात खान झट्टै घर आऊ ।"

आ) "एकछिन पख आम्दै छौ, कति कराएकी" (पृ. १५)

**घ) अपभाषाको प्रयोग :**

अ) "ए, अलच्छिनी पोइ टोकुई, तँलाई मगरको थेप्चो नाक लिएर हाम्रा घरआँ बस्न सरम लाग्दैन ।" (पृ. ६७)

**ङ) आलङ्कारिक भाषाको प्रयोग :**

अ) "उसलाई संसार नै दुष्ट मानिसको सञ्जाल नै रहेछ जस्तो भयो ।" (पृ. ७८)

आ) "जटिलताका पहाडहरू उसको अगाडि अग्ला बनेर आए ।" (पृ. ७८)

### ३.९.७.७ दृष्टिबिन्दु

**दुखेका दिन** उपन्यासमा कथावस्तुलाई अगाडि बढाउन तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । सहभागीका रूपमा माया, सन्तेजस्ता पात्रलाई चयन गरेर घटनाको प्रस्तुति गरिएको छ । उपन्यासकारले घटनाको गतिलाई अगाडि बढाउने जिम्मा अरू नै पात्रलाई सुम्पिएकाले यो तृतीय पुरुष दृष्टिबिन्दुमा आधारित छ । उपन्यासभित्र उपन्यासकारको प्रत्यक्ष उपस्थिति नदेखिनुले पनि यो कुराको पुष्टि गर्छ ।

### ३.९.७.८ निष्कर्ष

उपन्यासमा द्वन्द्व विधान र संवाद योजनाको पनि प्रयोग गरिएको छ । ठाउँ-ठाउँमा संवाद राखिएको छ । पात्र, परिवेश र विषयवस्तु सुहाउँदो संवादले गर्दा उपन्यास अझ प्रभावकारी बनेको छ । दश वर्षसम्मको जनयुद्धबाट बनेका नेपाली जनता, सुरक्षाकर्मी, नेपाली नारी, माया र सन्तेजस्ता पात्रहरूमा आन्तरिक तथा बाह्य द्वन्द्वको प्रबलता देखिएको छ । द्वन्द्वको समयमा जीवन जिउने सङ्घर्षलाई पनि यसमा देखाइएको छ । जनयुद्धले हरेक नेपालीको र त्यसमा पनि नेपाली नारीको हृदय छियाछिया भएको उक्त समयमा कुनै दिन पनि हाँसिखुसी बिताउन नपाएको अवस्थालाई **दुखेका दिन** शीर्षकले सार्थक तुल्याएको छ ।

**दुखेका दिन** उपन्यास युद्धग्रस्त पृष्ठभूमिमा देखिएको सामाजिक यथार्थवादी उपन्यास हो । युद्धको आतङ्क, सन्त्रास, पीडा र भयभीत वातावरणमा मानव जीवनको कहालीलाग्दो अवस्थालाई चित्रण गर्न यो उपन्यास सफल देखिन्छ । ग्रामीण परिवेशमा आधारित भए पनि यसमा सहरी तथा राष्ट्रिय, अन्तराष्ट्रिय परिवेशको पनि चित्रण पाइन्छ । युद्धजन्य पीडाको सामान्यीकरण गरी युद्धबाट शान्तितर्फ यात्रा गर्नुपर्ने तथ्यलाई यसमा समेटिएको छ । भाषाशैलीका दृष्टिले सरल र सुबोध्य मानिने उपन्यासको शीर्षक पनि विषयवस्तु सुहाउँदो नै देखिन्छ ।

## ३.१० निरूपा प्रसूनको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतित्वको अध्ययन

चितवन जिल्लाको साहित्यिक इतिहासमा महिला उपन्यासकारका रूपमा चिनिएकी निरूपा प्रसूनले साहित्यका कविता, कथा र उपन्यासका क्षेत्रमा कलम चलाएको देखिन्छ ।

उनको उपन्यास क्षेत्रमा **अभिषेक** (२०६६) कवितासङ्ग्रहका रूपमा **अभिलाषा** (२०६३) कृति प्रकाशित भएको छ । आफ्ना साहित्यमा आधुनिक प्रेम-प्रणय र जीवन पद्धतिको प्रयोग गर्न रुचाउने प्रसूनको औपन्यासिक कृति एउटा मात्रै प्रकाशित भए पनि यसको भाषाशैली सङ्गठन र प्रस्तुतिले यिनको उपन्यासकला नौलो प्रयोगका साथ देखापरेको छ । फुटकर रूपमा कथा पनि लेख्ने प्रसूनको कथासङ्ग्रहको कृति **तिम्रो लोग्ने र म** प्रकाशनको पर्खाइमा रहेको छ । चितवनका नारी उपन्यासकारको परम्परामा उमेरका हिसाबले र लेखनका हिसाबले अहिलेसम्मकै कान्छी उपन्यासकारका रूपमा देखिएकी छन् । उनको **अभिषेक** औपन्यासिक कृतिको सैद्धान्तिक अध्ययन गर्ने क्रममा जीवनीगत विवरण र व्यक्तित्वका विविध पक्षका बारेमा पनि जानकारी राख्नुपर्ने हुन्छ ।

### ३.१०.१ निरूपा प्रसूनको जीवनी

पुर्ख्यौली थलो उपरदाङ्गगढी शेरबास भए पनि कुमरोज-९, चितवनमा वि.सं. २०४१ कार्तिक १९ गते पिता हरिबहादुर ढुङ्गाना (चितवन शिखरबास) र माता शान्ति ढुङ्गानाको चौथो सन्तानका रूपमा निरूपा प्रसूनको जन्म भएको हो । कपिया मा.वि. बाट प्रवेशिका उत्तीर्ण गरेकी प्रसूनले शहीद स्मृति बहुमुखी क्याम्पस, रत्ननगर, चितवन, कन्या क्याम्पस काठमाडौं र हाल त्रिचन्द्र क्याम्पसबाट उच्च शिक्षा स्नातकोत्तर गर्दै गरेकी निरूपाको बाल्यकालदेखि नै साहित्यप्रति अभिरुचि देखिन्छ । एउटा उपन्यास र एउटा कवितासङ्ग्रह प्रकाशन गरेकी प्रसूनले राष्ट्रिय खुला कविता प्रतियोगिता-२०६४ मा विशेष पुरस्कार प्राप्त गरेको देखिन्छ । सम्पन्न परिवारमा जन्मिएकी साथै शिक्षित परिवारमा हुर्किएकी हुनाले उनको बाल्यकालका साथै पालन-पोषण, शिक्षा-दीक्षाका सम्बन्धमा परिवारले विशेष ध्यान पुऱ्याएको पाइन्छ । साहित्यिक कृतिको अध्ययन गर्न, शिक्षामूलक चलचित्र हेर्न र विभिन्न अध्ययन अनुसन्धान र भ्रमण गर्न विशेष रुचि राख्ने प्रसून खास गरेर बङ्गाली साहित्यको अध्ययन गर्न रुचाउँछिन् ।

### ३.१०.२ निरूपा प्रसूनको व्यक्तित्व

नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान गरेकी हुनाले उनको साहित्यिक व्यक्तित्व बढी फस्टाएको छ भने सामाजिक व्यक्तित्व, अध्ययनशील व्यक्तित्व पनि मुख्य

रहेका छन् । उनको बाह्य व्यक्तित्वलाई हेर्दा मझौलो कद, गोरो वर्ण, छोटो र कैलो केश, देब्रे गालामा कोठी, लाम्चो अनुहार भएकी निरूपाको भावुक, मृदुभाषी र बहिर्मुखी व्यक्तित्वलाई चिनाउन सकिन्छ । मनका भावनालाई अरू सामु सहजै प्रस्तुत गर्ने क्षमता भएकी निरूपाले आफूलाई निर्भिक, मिलनसार र स्पष्ट वक्ताका रूपमा आफ्नो व्यक्तित्वको परिचय दिएकी छन् । उनको आन्तरिक व्यक्तित्वका रूपमा साहित्यिक व्यक्तित्व रहेको छ । साहित्य अन्तर्गत कवयित्री व्यक्तित्व उनको प्रमुख व्यक्तित्व हो । कविता क्षेत्रमा **अभिलाषा** कवितासङ्ग्रह प्रकाशन गरेकी हुन् । त्यस्तै उनको **अभिषेक** उपन्यासले उपन्यासकार व्यक्तित्वको निर्माण गरेको देखिन्छ । फुटकर रूपमा प्रकाशित हुने र प्रकाशोन्मुख अवस्थामा रहेको **तिम्रो लोग्ने र म** कथासङ्ग्रह उनको कथाकार व्यक्तित्वको परिचायक हो । साहित्येतर व्यक्तित्वका रूपमा उनले केही गैर सरकारी सङ्घसंस्थाहरूमा पनि आबद्ध भई काम गरेको देखिन्छ । घण्टाघर साहित्य सङ्गमकी अध्यक्ष भएर उनले साङ्गठनिक व्यक्तित्वको पनि परिचय दिएकी छन् ।

### ३.१०.३ साहित्यिक लेखनको प्रेरणा र उपन्यासप्रतिको दृष्टिकोण

बाल्यकालदेखि नै विभिन्न साहित्यिक गतिविधिमा भाग लिँदै प्रथम, द्वितीय पुरस्कारसमेत जित्दै आएकी निरूपा प्रसूनले आफ्नो साहित्यिक लेखनको प्रेरणाको स्रोत आफ्नै निरन्तरको अभ्यास र लगनशीलतालाई मानेकी छन् । तत्कालीन राजा महेन्द्रको उनन्पचासौं जन्मोत्सव-२०२५ का उपलक्ष्यमा आनन्ददेव भट्टको बाहुलीबाट चितवनमा स्वर्णपदकबाट सम्मानित हरिबहादुर ढुङ्गाना स्वयम् विशिष्ट कवि भएकाले आफ्नो बाबुको रगतमै काव्यको सञ्चार भएकाले वंशीय रूपमा आफूमा पनि उक्त गुण प्रवाहित भएको कुरा उपन्यासकारले बताएकी छन् (निरूपा प्रसूनसँगको अन्तर्वार्ता) । विशिष्ट साहित्यकारका साहित्यिक कृतिको अध्ययनबाट पनि आफूमा साहित्यिक लेखनको प्रेरणा मिलेको बताएकी छन् । प्रसूनका दृष्टिमा साहित्य भनेको अनुभव र अनुभूतिको प्रस्तुति हो भने उपन्यास जीवनको सगरमाथा हो । उनका दृष्टिमा जीवन र जगतका विविध पक्षलाई चित्रण गर्दागर्दै सगरमाथाको उचाइ प्राप्त गर्न सक्ने क्षमता उपन्यास विधामा भएकाले अन्य विधाभन्दा उपन्यास सशक्त र प्रभावकारी मानिन्छ (निरूपा प्रसूनसँगको अन्तर्वार्ता) ।

चितवनमा जन्मिएर साहित्यका कविता, कथा र उपन्यास विधामा कलम चलाएकी निरूपा प्रसूनले सानो उमेरमा नै विशिष्ट साहित्यिक कृतिको सिर्जना गरेर नेपाली साहित्यमा अतुलनीय गुन लगाएकी छन् । विभिन्न साहित्यिक कृतिको अध्ययन गर्न रुचाउने निरूपाले आफ्नो साहित्यिक लेखनको प्रेरणा स्रोत आफू, आफ्नो परिवार र विशिष्ट साहित्यिक कृतिलाई मानेकी छन् । लेखनका दृष्टिले यो उनको प्रारम्भिक समय भएकाले उनीबाट अझै परिष्कृत र विशिष्ट साहित्यिक कृतिहरू रचना हुने प्रबल सम्भावना देखिन्छ ।

## ३.१०.४ औपन्यासिक सिद्धान्तका आधारमा 'अभिषेक' उपन्यासको अध्ययन

### ३.१०.४.१ परिचय

निरूपा प्रसूनद्वारा लेखिएको एकमात्र औपन्यासिक कृति **अभिषेक**मा आधुनिक जीवनपद्धति र साइबर प्रेमको नमुनालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । आयामका दृष्टिले सानो भए पनि एउटै उपन्यासभित्र अर्को उपन्यासलाई जोड्न सक्नु प्रसूनको औपन्यासिक क्षमता हो । सतहत्तर पृष्ठको बाह्य संरचनामा आबद्ध यस उपन्यासको संरचनात्मक स्वरूपलाई दुई प्रकारबाट हेर्न सकिन्छ । उपन्यासभित्रकै एक सहभागीले उपन्यास लेखेको झल्को दिने गरी तयार गरिएको यस उपन्यासमा २९औं पृष्ठदेखि ७५ पृष्ठसम्मको अर्को उपन्यास तयार गरी उपन्यासभित्रै अनुस्यूत गरिएको छ । २९औं पृष्ठदेखि सुरु भनिएको उपन्यास 'क' देखि 'ठ' सम्म गरी बाह्र भागमा विभाजित छ भने उपन्यासकार र उसका साथीको क्रियाकलाप एकदेखि नौसम्म गरी नौ भागमा विभाजित छ । उपन्यासको भूमिका लेख्ने दुई अग्रज उपन्यासकारमध्ये ध्रुवचन्द्र गौतमद्वारा पूरै उपन्यासको भूमिका लेखिएको छ भने कृष्ण धरावासीको भूमिका उपन्यासकै प्रमुख सहभागीले लेखिएको भनिएको उनन्तीस पृष्ठदेखि सुरु भएको उपन्यासमा मात्र केन्द्रित छ ( लुइटेल, २०६८ : १०१) । उपन्यासमा प्रकाशकीय लेख पनि समावेश गरिएको छ । ज्योति साहित्य प्रतिष्ठानले प्रकाशनमा ल्याएको **अभिषेक** उपन्यासको बाहिरी आवरणको अघिल्लो भागमा कृतिको नाम, लेखकको नाम राखिएको छ भने एउटी युवतीको अर्धकदको ठूलो तस्वीर र युवकको पूरा कदको सानो तस्वीर राखिएको छ । अगाडिकै पृष्ठको भित्रीभागमा उपन्यासभित्रका महत्त्वपूर्ण संवादलाई राखिएको छ । त्यस्तै आवरणकै पछिल्लो भागमा

ध्रुवचन्द्र गौतम, कृष्ण धरावासी, नवराज लम्साल र ठाकुर शर्माको उपन्यास सम्बन्धी टिप्पणीलाई राखिएको छ । पूजनीय हजुरबुबाहरू र हजुरमुमाहरूप्रति समर्पण गरिएको यस उपन्यासको विषयवस्तुगत संरचना आधुनिक शैली र प्रयोगवादी किसिमको रहेको छ ।

### ३.१०.४.२ कथानक

**अभिषेक** उपन्यासमा आधुनिक पुस्ताका युवा-युवतीको प्रेम सन्दर्भलाई विभिन्न कोणबाट प्रस्तुत गर्ने प्रयास गरिएको छ । उपन्यासकारकै डायरीजस्तो लाग्ने यस उपन्यासमा यथार्थ र तथ्यपरक कुराहरूका साथै भावुकताले पनि प्रशस्त ठाउँ पाएको देखिन्छ । उपन्यासमा दुईओटा कथानक समेटिए पनि तिनीहरूका बीचमा सम्बन्ध जोडिएको छ । उपन्यासकारले लेखेको उपन्यास र त्यही उपन्यासभित्रकी सहभागी सारिकाले लेखेको उपन्यासलाई यसमा प्रस्तुत गरिएको छ । उपन्यासको बीचैमा सारिकाको उपन्यास सुरु भएको र त्यसलाई उपन्यासकारले औपचारिक रूपमै प्रस्तुत गर्न कृतिको बीचमै भूमिका लेखनलाई समावेश गर्नु र उपन्यासकार आफू भएर पनि सारिकालाई त्यसको स्थान दिनुले यो उपन्यास परम्परित उपन्यासभन्दा भिन्न शैली र संरचनामा सङ्गठित भएको सामाजिक उपन्यास हो ।

विद्यार्थी जीवनकालमा आफू असफल भएपछि त्रि.वि. नै जलाइदिने आक्रोश व्यक्त गर्ने सारिकाको वैचारिक चिन्तनबाट उपन्यास उठान भएको छ । उपन्यासमा म पात्रलाई सारिकाले आफ्ना व्यक्तिगत कुराहरू सुनाएकी छे । यो उपन्यासकारकै उपस्थितिमा वर्णन गरिएको छ । कोठा खोज्ने क्रममा सारिकाको म पात्रसँग भेट भएको हो । म पात्र र सारिकाको सँगै बसाइका क्रममा म पात्रले अचानक सारिकाको डायरी फेला पार्नु, डायरीमा उसका बाल्यकालका विभिन्न घटनाहरू समेटिनु, ती सबै घटनाहरू म पात्रले थाहा पाउनु, अब के भयो भन्ने जिज्ञासा राख्नु, सारिकाले प्रेमका सम्बन्धमा आफ्ना विचारहरू प्रस्तुत गर्नु, अभिषेकसँगको सम्बन्धका बारेमा पनि म पात्रलाई अवगत हुनु, सारिकाले आफूले लेखेको **अभिषेक** उपन्यास म पात्रलाई दिनु, त्यसपछि मात्रै गर्भभित्र लुकेको उपन्यासको प्रारम्भ हुनु, उपन्यासमा शिष्या र अभिषेकको बाल्यकाल गाउँले वातावरणमा हाँसीखेली सँगै बित्नु, पढाइका क्रममा उनीहरू छुट्टिनु, शिष्याले अभिषेकलाई एकोहोरो प्रेम गर्नु, वार्तालापका क्रममा पूजा, आकाङ्क्षासँगको सम्बन्ध अभिले जाहेर गर्नु, शिष्याले अप्रत्यक्ष रूपमा टेलिफोनलाई नै प्रेमको आधार बनाउनु, शिष्या चौबिस वर्ष अगाडि त्रिवेणीमा

सालनालसँगै भेटिएपछि निःसन्तान योगमायाले छोरीका रूपमा पालन-पोषण गर्नु, आफू लत्तिएको पर्यावरणमा छोरी नलत्तियोस् भनी पढ्न काठमाडौं पठाउनु, योगमाया योगावस्थामै समाधिस्थ हुनु, अनेक चर्चा परिचर्चा हुनु, युटियल बिल्डिङ अगाडि शिष्याको बम विस्फोटमा परी मृत्यु भएको खबर अभिषेकको कानमा पर्नु, पूजाले आफूलाई भेट्न आग्रह गर्दा भेट्न नजानु, आकाङ्क्षाप्रति आफ्नो प्रेमोत्कर्ष भए पनि नेवार भएकाले छुट्नु, उनी अर्कैसँग विवाह बन्धनमा बाँधिनु, म पात्रले सारिकालाई अभिषेकको घरतर्फ जान आग्रह गर्नु, दुवै जाने क्रममा विवाहको तयारी देख्नु, त्यहाँबाट सरासर म पात्र र सारिका फर्कनु, सारिकाको अपरिचित प्रेमबाट निम्तिएको दुःखद घटनाले म पात्रलाई मान्छेसँग बस्ने बानीको पाठ सिकाएको प्रसङ्गसँगै उपन्यासको दुःखान्तक अन्त्य भएको छ ।

## ३.१०.४.३ पात्रविधान

**अभिषेक** उपन्यासमा कम पात्रको प्रयोग गरिएको छ । उपन्यासभित्र अर्को उपन्यास गाँसिए पनि दुवै उपन्यासमा प्रमुख चरित्रको प्रभुत्व रहेकाले उपन्यासमा कम पात्रको प्रयोग भएको मान्न सकिन्छ । जम्माजम्मी दश-बाह्र पात्रको उपस्थिति रहेको उपन्यासको नायक वा प्रमुख पुरुष पात्र अभिषेककै नामबाट कृतिको शीर्षक राखिएको छ । समग्र कृतिकै नायिकाका रूपमा सारिका देखिएकी छे भने उपन्यासभित्र सारिकाले लेखेको उपन्यासमा भने प्रमुख स्त्री नायिका पात्र शिष्या रहेकी छे । सारिका नायिका भइकन पनि उपन्यासकार बनेकी छे । आफू नायिका बनिरहँदा शिष्यालाई नायिका बनाएर उपन्यासको रचना गर्नु सारिकाको दोहोरो चरित्रले उपन्यासलाई अझ रोचक बनाएको छ ।

यस उपन्यासको अभिषेक प्रमुख पुरुष पात्र हो । ऊ उपन्यासको सम्पूर्ण क्रियाकलापमा सहभागी छ । उपन्यासकारको उपन्यास र सारिकाले लेखेको उपन्यासमा समान भूमिका रहेको अभिषेकले आधुनिक युवा पुस्ताको प्रतिनिधित्व गरेको छ । विभिन्न प्रेम प्रणयको जालोमा जेलिएको अभिषेक कतै अर्काले गरेको एकोहोरो प्रेमलाई बुझ्न नसकेर त कतै आफ्नो प्रेम असफल भइदिँदा उसको जीवन अस्तव्यस्त बनेको छ । जीवनभर प्रेमका सम्बन्धमा अनेक ठक्कर खाए पनि उपन्यासका अन्त्यमा उसलाई वैवाहिक जीवनमा बाँधिएर सुखमय जीवन बिताएको देखिन्छ । प्रेम गरेर पनि व्यक्त गर्न नसक्ने, समाजका अगाडि विद्रोह गर्न नसक्ने र अर्काको आत्मिक प्रेमलाई बुझ्न नसक्ने निरीह, लाचार र गतिहीन पात्रका रूपमा उसको चरित्र आएको छ ।

सारिका यस उपन्यासकी प्रमुख नायिका हो । पहिलो उपन्यासमा नायिका र दोस्रो उपन्यासकी लेखिका बनेर आएकी सारिका अभिषेकलाई एकोहोरो प्रेम गर्ने प्रेमिका हो । अभिषेकको जीवनका विविध पक्षहरूको जानकारी म पात्रलाई दिएपछि अभिषेक उपन्यास लेखेकी सारिकाले अन्त्यमा उपन्यासमा वर्णन भएकै अभिषेकको घर देखाउन म पात्रलाई लैजाँदा अभिषेकको विवाह हुँदै गरेको देखेपछि सारिकामा नैराश्य, वैराग्य र जीवनको निस्सारता देखिएको छ । शिष्या यस **अभिषेक** उपन्यासकी गर्भे उपन्यासकी नायिका हो । सारिकाले लेखेको उपन्यास भए पनि यसमा शिष्याले सारिकाकै प्रेमी अभिषेकलाई प्रेम गरेकी छ । शिष्याले अभिषेकप्रति प्रेमको भाव व्यक्त गरे पनि अभिषेक आकाङ्क्षाको प्रेममा परेकाले उसको प्रेमलाई त्यति महत्त्व दिँदैन । अभिषेककै प्रेमिका बन्ने रहरै रहरमा शिष्याको बम विस्फोटमा परी मृत्यु भएको छ । पूजा अभिषेककै अर्की प्रेमिका हो । अभिषेकलाई प्रेम गरेर उसलाई पाउन सके आफ्नो रोग निको हुने विश्वासमा परेकी पूजाले अभिषेक प्राप्त नगर्दैमा मृत्यु वरण गर्न पुगेकी छे । आकाङ्क्षा अभिषेककी प्रेमिका हो । जातीय रूपमा भिन्न-भिन्न जातका यी दुईको प्रेम सम्बन्ध प्रगाढ भए पनि सामाजिक परिबन्धका कारण वैवाहिक जीवनमा बाँधिन नसकेर अर्कैसँग बिहे गरी जान बाध्य आकाङ्क्षा यस उपन्यासकी निरीह पात्र हो । म पात्र उपन्यासको सूत्राधार तथा साक्षी पात्रका रूपमा आएकी छ । पहिला उपन्यासमा प्रत्यक्ष सहभागी भएर समिराका जीवनघटनालाई जान्ने सुन्ने मौका पाएकी म पात्र दोस्रो उपन्यासमा उपन्यासको स्रोता बनेर आएकी छे । उपन्यासको प्रारम्भ र अन्त्यमा पनि देखिने म पात्रले पहिलो र दोस्रो उपन्यासका बीच सम्बन्ध जोड्ने काम गरेकी छन् ।

उपन्यासमा यी पात्रहरू बाहेक घरबेटी आमा, फुच्चे, दिदी, योगमाया, विवेक, लोग्ने-स्वास्नी आदि पात्रहरूको भूमिका देखिएको छ । बेवारिसे शिष्यालाई सहारा दिएर जीवन बनाइदिने योगमायाको चरित्रले त्याग, सेवा र सहयोगको उदात्त भावनालाई चरितार्थ गरेको छ ।

## तालिका नं. ११

## पात्रको शैलीवैज्ञानिक वर्गीकरण

उपन्यासकारले आफ्नो लेखकीय उद्देश्यपूर्ति गर्नका निम्ति, उद्देश्यलाई कार्यरूप दिनका निम्ति यस उपन्यासमा विभिन्न पात्रहरू प्रयोग गरेका छन्, जसलाई शैली वैज्ञानिक तालिकामा समेत यसरी देखाउन सकिन्छ :

| क्र. सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | अभिषेक | + | – | + | – | – | + | – | – | + | + | – | – | + | + | – |
| २. | सारिका | – | + | + | – | – | + | – | – | + | + | – | – | + | + | – |
| ३. | म | – | + | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ४. | पूजा | – | + | – | + | – | + | – | + | – | + | – | – | + | – | + |
| ५. | शिष्या | – | + | – | + | – | + | – | + | – | + | – | – | + | + | – |
| ६. | आकाङ्क्षा | – | + | – | + | – | + | – | – | + | + | – | – | + | – | + |

माथिको तालिका हेर्दा यस उपन्यासमा नायक अभिषेक, नायिका सारिका, शिष्या पूजा, शिष्या, आकाङ्क्षा, सहायक पात्र घरवेटी आमा, फुच्चे, दिदी, योगमाया, विवेक आदि पनि देखिन्छन् ।

## ३.१०.४.४ परिवेश

**अभिषेक** उपन्यासमा ग्रामीण तथा सहरी परिवेशको चित्रण गरिएको छ । उपन्यासको प्रारम्भ सहरी परिवेशबाट भए पनि पात्रको बाल्यकालीन पृष्ठभूमिको चित्रणमा ग्रामीण परिवेशलाई आधार बनाइएको छ । उपन्यासमा लगभग बाइस-पच्चीस वर्षको समयावधिलाई समेटिएको छ । स्थानगत रूपमा परीक्षा हल, छात्रावास, कीर्तिपुर, नयाँ बजार, सेन्ट्रल लाइबेरी, दार्जिलिङ्ग, बालुवाटार, न्युरोड, पुतली सडक, शङ्करदेव क्याम्पस, विशालनगर, महादेव चौर, देवघाट, नारायणी नदी, गलेश्वर आश्रम, टुँडाल देवी, सिन्धुपाल्चोक, वनजङ्गल, काली नदी, बैंक, अस्पताल जस्ता क्षेत्रहरू चित्रण भएका छन् । सामाजिक सांस्कृतिक परिवेशका रूपमा भूतप्रेत, विवाह, प्रेम प्रसङ्ग, अन्तर्जातीय सम्बन्धजस्ता पक्षलाई देखाइएको छ । बम विस्फोटको दृश्यबाट तात्कालिक जनयुद्धको सङ्केत पनि पाइन्छ ।

## ३.१०.४.५ उद्देश्य

**अभिषेक** उपन्यास सामाजिक विषयवस्तुमा आधारित भए पनि यसले प्रेमप्रणयका विभिन्न सन्दर्भलाई उल्लेख गरेको छ । आत्मिक प्रेमको अभिव्यक्तिका साथै युगीन यथार्थका विविध सन्दर्भको प्रकटीकरण गर्नु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ (लुइटेल, २०६८ : १०१) ।

प्रेम सरल र सहज भयो भने पूरै जीवन सरल हुन्छ तर प्रेमलाई ग्रहण गर्दा नै रहस्यका रूपमा ग्रहण गरियो भने त्यो रहस्यभन्दा बढी जटिल र जीवनका लागि दुःखदायी साबित हुन्छ । प्रेमप्रति युवापुस्तामा बढ्दै गएको आकर्षण र त्यही आकर्षणका कारण अन्तर्मुखी हुँदै गएको प्रेम कतिपय ठाउँमा अभिशाप साबित भएको छ (दाजुभाइ, २०६७ : २९) । यही कुरालाई उपन्यासले आफ्नो उद्देश्य बनाएको छ । नयाँ पुस्ताको हतारको प्रेम र फेसनी प्रेमले वास्तविक जीवनको सुख नदिने यथार्थतालाई व्यक्त गर्दै प्रेममा अमरता, त्याग र सुमधुर सम्बन्ध हुनुपर्ने भावलाई उपन्यासले समेटेको छ । बालप्रेम उपन्यासको मूलमर्म हो । बाल-बालिका बीचको प्रेम या बालककालको प्रेमले युवा अवस्थामा हुने ह्याङओभर नै उपन्यासको सार हो (दाजुभाइ, २०६७ : २९) ।

यसरी उपन्यासमा युवा प्रेमका विभिन्न अवस्थाको चित्रण गर्नु र आधुनिक साइबर प्रेमको बढ्दो प्रेमलाई देखाउनु उपन्यासको मूलभूत उद्देश्य हो ।

## ३.१०.४.६ भाषाशैली

**अभिषेक** उपन्यास शैलीका हिसाबले वर्णनात्मक भए पनि यसको संरचना र कथन शैली भने प्रयोगवादी देखिन्छ । एउटै उपन्यासमा अर्को उपन्यास गाभ्ने प्रवृत्तिलाई यस उपन्यासले अँगालेको छ । शैलीगत नवीनतालाई हेर्ने हो भने यसमा प्रविधि प्रेमको प्रतीकात्मक सङ्केतलाई उल्लेख गरिएको छ । मूल उपन्यास ५८ पृष्ठको भए पनि यसलाई कुनै लामो कथा भन्न सुहाउँछ तर पढ्दै जाँदा प्रसूनको भाषिक मिठास प्रस्तुति शैलीको चुम्बकीयता र केही घटनाहरूले यसलाई सयौं पृष्ठको उपन्यासको स्थानमा स्थापित गराउँछ (घिमिरे, २०६६ : ५५) । उपन्यासमा नवीन शैलीगत प्रयोगका साथै प्रशस्त काव्यात्मक भाषाको प्रयोग गरिएको छ । यसमा आत्मालापीय शैली, दैनिकी शैली र संवादात्मक शैलीलाई अँगालिएको छ । भाषिक प्रयोगका दृष्टिले काव्यात्मक भाषा, आलङ्कारिक भाषाका साथै पुराकथाको प्रयोग, उखान-टुक्का, रस, बिम्ब, अलङ्कारलाई पनि उचित रूपमा प्रयोग गरिएको छ । केही भाषिक नमुनाहरू यसप्रकार छन् :

**क) आलङ्कारिक भाषाको प्रयोग :**

अ) "कसरी एघार महिना बित्यो त चार पलझैँ सर्प चिप्लिएझैँ एक निमेषमै" ( पृ. ३९)

**ख) उखानको प्रयोग :**

अ) "सङ्गत गुनाको फल" (पृ. ५५)

**ग) संवादात्मक शैलीको प्रयोग :**

अ) "ल धन्यवाद तिमीलाई ।"

"मेरो पनि धन्यवाद ।"

"अनि मैले के भन्ने ।"

"जे मन लागेको छ भने हुन्छ ।" (पृ. ५५)

आ) "मलाई पनि ठिकै छ । सुनाऊ न नयाँ हाल खबर ।"

"केही छैन, सबै कुरा उस्तै हो ।" (पृ. ३९)

**घ) काव्यात्मक भाषाको प्रयोग :**

अ) "प्रेमले नै जिन्दगी चलेको छ । प्रेम ब्रह्माण्ड हो । प्रेमले मान्छेको जिन्दगी कुहिएको छ, गन्हाएको छ । नराम्रो कुरा पनि अटाएको छ संसारमा ।" (पृ. २१)

## ३.१०.४.७ दृष्टिबिन्दु

**अभिषेक** उपन्यासमा प्रथमपुरुष तथा तृतीय पुरुष दृष्टिबिन्दु दुवैको प्रयोग गरिएको छ । एउटै कृतिभित्र दुई वटा उपन्यास गाँसिएकाले पहिलो घटनाक्रममा प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग भएको छ, जहाँ म पात्रले आफ्नै उपस्थितिमा सारिकाको जीवन परिधिलाई देखाउन सफल भएकी छ । यसमा उपन्यासकारको प्रत्यक्ष संलग्नता म पात्रका माध्यमबाट भएको छ । उपन्यासभित्रको दोस्रो उपन्यासमा सारिकाले अभिषेक र शिष्याको जीवनगाथालाई बताउँदै अभिषेकको जीवनसँग जोडिएका विभिन्न पात्रहरूका बारेमा वर्णन गरेकाले उक्त उपन्यासभित्र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासको अन्त्य भने म पात्रकै उपस्थितिमा गरिएकाले प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग भेटिन्छ । यसरी हेर्दा उपन्यासको आदि र अन्त्यमा प्रथमपुरुष र बीचमा तृतीय पुरुषको प्रयोग भएको छ ।

## ३.१०.४.८ निष्कर्ष

उपन्यासलाई शैलीगत संरचनाका आधारमा प्रस्तुत गर्दै यसमा द्वन्द्व र संवाद योजनालाई पनि प्रभावकारी बनाउन खोजिएको छ । अभिषेकको जीवनसँग जोडिएर आउन

खोज्ने सबै युवती पात्रहरू प्रेमको आकर्षण र प्राप्तिका लागि सङ्घर्ष गर्दा उनीहरूमा अनेकप्रकारका द्वन्द्वको सिर्जना भएको छ भने अभिषेकमा पनि प्रेम सफल नहुँदा आन्तरिक द्वन्द्व मडारिएको छ । सामाजिक रूपमा अस्वीकृत भएको अन्तरजातीय प्रेमले पनि द्वन्द्व सिर्जना गरेको छ ।

यसका साथै उपन्यासलाई गतिशील बनाउन पात्र, परिवेश र विषय सुहाउँदा संवाद योजनालाई सङ्गठित गरिएको छ । उपन्यासको केन्द्रीय भूमिकामा रहेको अभिषेकलाई उपन्यासको शीर्षकका रूपमा राखिएको छ । नारीकेन्द्री उपन्यासको शीर्षक राख्ने नेपाली औपन्यासिक परम्परामा पुरुष पात्रको केन्द्रीयतालाई मध्यनजर राखी पुरुषलाई नै उपन्यासको शीर्षकको अधिकार दिने नेपाली उपन्यासको परम्परामा विरलै रहेको यस्तो प्रयोगलाई निरूपाले निरन्तरता दिनु पनि शीर्षकविधानका दृष्टिले नयाँ प्रयोग नै मान्नुपर्छ ।

**अभिषेक** उपन्यास नयाँ पुस्ताका बीचमा मौलाएको जीवनवादी दृष्टिकोण प्रस्तुत भएको कृति हो । मौलिक र सामाजिक उपन्यास भए पनि प्रेम प्रणयलाई मुख्य आधार मानिएको उपन्यासले युगीन जीवनका नयाँ प्रविधि, सोच र विचारलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ । एउटै उपन्यासभित्र अर्को उपन्यास समेत प्रस्तुत गरिएकाले यसमा शैलीगत नवीनता भेटिन्छ । यसको संरचना र शैलीगत प्रयोगलाई हेर्दा उपन्यास प्रस्तुत गर्ने नयाँ प्रयोगका रूपमा यो आएको छ । भाषाशैली दृष्टिले सरल तर नवीन प्रवृत्तिको भए पनि विचारगत सरलताले उपन्यास प्रभावकारी बन्न पुगेको छ ।

## ३.११ प्रवृत्तिका आधारमा चितवनका नारी उपन्यासकारका उपन्यासहरूको अध्ययन

आधुनिक नेपाली उपन्यास परम्परामा देखिएका विभिन्न धारा र प्रवृत्तिहरूबाट चितवनको साहित्य पनि अछुतो हुन सकेको छैन । चितवनका नारी स्रष्टाद्वारा रचित औपन्यासिक कृतिमा सबै प्रकारका धाराहरू प्रयोग नभए पनि औपन्यासिक प्रवृत्तिका आधारमा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, नारीवादी धारा, प्रगतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा आदिको प्रयोग भएको पाइन्छ । अहिलेसम्म चितवनमा भेटिएका पाँचजना नारी उपन्यासकार र तिनका एघार वटा औपन्यासिक कृतिमा पाइने धारागत प्रवृत्तिको अध्ययन यस शीर्षक अन्तर्गत गरिन्छ ।

चितवनका पाँचैजना उपन्यासकार र औपन्यासिक कृति क्रमशः शोभा रानाको **बेवारिसे र सिकार**, सरला जोशीको **अन्तिम स्वीकार**, जलेश्वरी श्रेष्ठको **मेहनती गौरी, सुनपरी, नियतिचक्र**, शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व, अचानो परेको जीवन, प्रश्न चिह्न, दुखेका दिन** र निरूपा प्रसूनको **अभिषेक** कृति प्रकाशित छन् । यी पाँचै जना नारी उपन्यासकारहरू आधुनिक उपन्यास लेखनका स्रष्टा हुन् । राना, जोशी, श्रेष्ठ र ढुङ्गानाका उपन्यासमा खासगरी सामाजिक यथार्थवादी र नारीवादी प्रवृत्तिको प्रधानता देखिन्छ भने प्रसूनको उपन्यासमा सामाजिक यथार्थताभित्रै विसङ्गति र प्रयोगवादी प्रवृत्तिको प्रयोग पाइन्छ ।

शोभा रानाको **बेवारिसे** र **सिकार** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हुन् । यिनीहरूमा सामाजिक पक्षका विभिन्न यथार्थ घटनालाई प्रस्तुत गरिएको छ । समाजमा नारीले भोग्नु परेका पीडालाई समेट्दै नारी अस्तित्व र नारी आवाजलाई महत्त्व दिएकाले यी दुवै उपन्यास नारीवादी उपन्यास हुन् । सामाजिक यथार्थवादी र नारीवादी धाराको प्रभुत्व रहे पनि यी उपन्यासभित्र अस्तित्व चेतना, आदर्शवादिता र विसङ्गत पक्षलाई पनि प्रवृत्तिका रूपमा प्रस्तुत गरिएको छ ।

सरला जोशीको **अन्तिम स्वीकार** उपन्यास सामाजिक यथार्थवादी प्रवृत्तिमा आधारित छ । यो पनि नारीवादी उपन्यास नै हो । उपन्यासको बीच बीचमा विसङ्गतिवादी, अस्तित्ववादी, प्रगतिवादी चिन्तन देखा परे पनि सामाजिक समस्याका रूपमा रहेको लैङ्गिक विभेदलाई विषयवस्तु बनाई नारी केन्द्री रहेकाले प्रवृतिका आधारमा यस उपन्यासलाई सामाजिक यथार्थवादी र नारीवादी मान्न सकिन्छ ।

जलेश्वरी श्रेष्ठका **मेहनती गौरी, सुनपरी** (बाल उपन्यास) र **नियति चक्र** उपन्यास रहेका छन् । बाल उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्तिका साथै बालबालिकाको मनोविश्लेषणात्मक प्रवृत्तिलाई पनि देखाइएको छ । बाल उपन्यास भएकाले काल्पनिक र अतियथार्थवादी प्रवृत्तिको प्रयोग दुवै बाल उपन्यासमा देखिएको छ । **नियति चक्र**, उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्तिलाई अँगालिएको छ । पहिलेका उपन्यासमा जस्तै नारी समस्यामा रही नारीवादी उपन्यास लेखनको परम्परामा रहेको यस उपन्यासमा स्वच्छन्दतावादी प्रवृत्तिलाई पनि प्रयोग गरिएको छ । कुनै कुनै पात्रका मनोदशाको चित्रण र विकृत मानसिकताको प्रस्तुति गरिएकाले आंशिक रूपमा मनोविश्लेषणात्मक प्रवृत्ति पनि उपन्यासमा पाइन्छ ।

शारदा ढुङ्गानाका **अन्तिमद्वन्द्व, अचानो परेको जीवन, प्रश्नचिह्न** र **दुखेका दिन** गरी चारओटा औपन्यासिक कृतिहरू प्रकाशित छन् । सबै उपन्यासमा प्रायः एउटै विषयवस्तु र शैलीको प्रयोग गरिए पनि प्रारम्भका तीनओटा उपन्यासमा सामाजिक यथार्थवादी प्रवृत्ति र नारी समस्यालाई केन्द्रित गरिएको छ भने पछिल्लो उपन्यास **दुखेका दिन**मा युद्धजन्य वातावरणबाट सृजित समस्यालाई सामाजिक पृष्ठभूमिमा प्रस्तुत गरिएकाले उनका चारैवटा उपन्यास सामाजिक यथार्थवादी हुन् । यसका साथै मनोवैज्ञानिक, अस्तित्ववादी, विसङ्गतिवादी, नारीवादी, प्रगतिवादी प्रवृत्तिलाई पनि अँगालेको देखिन्छ ।

निरूपा प्रसूनको **अभिषेक** उपन्यास आधुनिक चिन्तन शैलीबाट प्रभावित छ । उपन्यासमा सामाजिक यथार्थको वर्णन भएपनि यसमा युवा पुस्ताको प्रेम प्रणयले बढी महत्त्व पाएको देखिन्छ । साइबर प्रेमलाई प्रस्तुत गर्न नवीन शैली र ढाँचा अँगालेकाले उपन्यासमा प्रयोगवादको छनक पनि भेटिन्छ । स्वच्छन्दतावादी प्रवृत्तिलाई पनि अँगालिएको यस उपन्यासमा सामाजिक यथार्थवादी, विसङ्गतिवादी, अस्तित्ववादी, मनोवैज्ञानिक प्रवृत्तिलाई पनि सूक्ष्म रूपमा प्रयोग गरेको देखिन्छ ।

यसरी चितवनका नारी साहित्य स्रष्टामा सामाजिक यथार्थवादी र नारीवादी प्रवृत्ति मुख्य रूपमा पाइन्छ भने आंशिक रूपमा विसङ्गतिवादी अस्तित्ववादी, स्वच्छतावादी, प्रगतिवादी, प्रयोगवादी, मनोवैज्ञानिक, अतियथार्थवादी र आदर्शवादी धाराको प्रयोग देखिन्छ । धारागत प्रवृत्तिका आधारमा चितवनका नारी स्रष्टाका उपन्यासहरू लगभग एउटै प्रवृत्तिका देखिनुले प्रवृत्तिगत विविधताका आधारमा चितवनको नारी उपन्यास परम्परा केही कमजोर रहेको महसुस हुन्छ ।

## ३.१२ निष्कर्ष

नेपाली साहित्यको समग्र इतिहास र गतिविधिमा चितवन जिल्लाको साहित्यिक गतिविधिको पनि प्रत्यक्ष प्रभाव परेको छ । साहित्यिक उर्वरताका दृष्टिले चितवनको माटो निकै उर्वर रहेको कुरा यहाँको क्रियाशील साहित्यिक गतिविधिले स्पष्ट पारेको छ । चितवनमा प्रमुख रूपमा कविताविधा फस्टाएको छ भने त्यसपछि कथा, निबन्ध, उपन्यास, नाटक-एकाङ्की र समालोचना विधाले विस्तारित हुने मौका पाएका छन् । तुलनात्मक रूपमा चितवन जिल्ला राजधानी बाहिरकै साहित्यिक गतिविधिमा एउटा अध्ययनको केन्द्र बन्ने

सम्भावनाहरू प्रसस्त देखिन्छन् । चितवनको उपन्यास लेखन परम्परा वि.सं. २०३३ मा प्रकाशित रामबाबु घिमिरेको **रित्तो आकाश** उपन्यासबाट प्रारम्भ भएको हो । २०३३ देखि प्रारम्भ भए पनि उपन्यास लेखन परम्परामा २०४७ सालपछि मात्र गतिशीलता र सक्रियता आएको देखिन्छ । यस पछि चितवन जिल्लामा विभिन्न धारा र प्रवृत्तिमा आधारित रही उपन्यास लेख्ने कार्यलाई सक्रियताका साथ निरन्तरता दिएको देखिन्छ । चितवन जिल्लामा उपन्यास लेख्ने पुरुष स्रष्टाहरूका साथै नारी स्रष्टाहरूको पनि उल्लेख्य सहभागिता रहेको छ । नारी उपन्यासकारको उपस्थिति वि.सं. २०५२ सालमा प्रकाशित शोभा रानाको **बेवारिसे** उपन्यासबाट भएको हो । नारी उपन्यासकारका रूपमा अहिलेसम्म चितवन जिल्लाले पाँच जना स्रष्टाहरूलाई जन्म दिइसकेको छ भने अझै पनि यस्ता स्रष्टाहरू जन्मने तर्खरमा देखिन्छन् । अन्य विधाका तुलनामा चितवन जिल्लामा नारी उपन्यासकारहरूको उपस्थिति सङ्ख्या कम देखिए पनि उनीहरूको साहित्य, लेखन शैली र प्रस्तुति कला भने केन्द्रीय साहित्यकै तुलनामा प्रतिस्पर्धा योग्य छन् । केन्द्रीय साहित्यका तुलनामा चितवनको साहित्यले सबै विधामा हातेमालो गर्ने क्षमता बोकेको छ । यो क्षमता उपन्यास विधामा पनि देखिन्छ । चितवनका नारी स्रष्टाहरूले सामाजिक विषयवस्तु, युगीन यथार्थ, प्रेम प्रणय, नारी अस्तित्व जस्ता विषयवस्तुलाई अँगालेर उपन्यास रचना गरेका छन् । प्रवृत्तिका आधारमा आदर्शोन्मुख यथार्थवादी, सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, मनोविश्लेषणवादी, प्रयोगवादीजस्ता उपन्यासहरू रहेका छन् । औपन्यासिक संरचना र तत्त्वका आधारमा पनि यी उपन्यासहरू उत्कृष्ट ठहरिएका छन् । समग्र नेपाली नारी उपन्यासकारको परम्परामा चितवनका नारी उपन्यासकारहरूले पनि आफ्नो लेखनका क्षेत्रबाट महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

परिच्छेद : चार

# चितवनका नारी स्रष्टाका औपन्यासिक प्रवृत्ति, साहित्यिक योगदान र मूल्याङ्कन

## ४.१ चितवनका नारी स्रष्टाका औपन्यासिक प्रवृत्ति

चितवनका नारी उपन्यासकार र तिनीहरूका औपन्यासिक कृतिको अध्ययन र विश्लेषण गरिसकेपछि उनीहरूको औपन्यासिक लेखनको प्रवृत्ति र विशेषतालाई देखाउन सजिलो हुन्छ । उपन्यास लेखनका आधारहरू, उपन्यास लेखनको उद्देश्य र उपन्यास लेखन शैलीका आधारमा कुनै पनि उपन्यासकारको औपन्यासिक प्रवृत्ति थाहा पाउन सकिन्छ । चितवनका पाँचजना नारी उपन्यासकार शोभा राना, सरला जोशी, जलेश्वरी श्रेष्ठ, शारदा ढुङ्गाना र निरूपा प्रसूनका औपन्यासिक कृतिका आधारमा उनीहरूको औपन्यासिक प्रवृत्तिको अध्ययन गरिएको छ ।

### ४.१.१ उपन्यासकार शोभा रानाका औपन्यासिक प्रवृत्ति

शोभा राना आधुनिक नेपाली नारी उपन्यासकार हुन् । चितवनको साहित्य क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएकी रानाले **बेवारिसे**-२०५२, **सिकार**-२०५६ उपन्यास कृति प्रकाशन गरेकी छन् । चार वर्षको अन्तरालमा प्रकाशित भएका युवा उपन्यासकार रानाको यिनै दुई उपन्यासका आधारमा औपन्यासिक प्रवृत्तिलाई देखाउन सकिन्छ ।

शोभा राना सामाजिक यथार्थवादी उपन्यासकार हुन् । समाजमा घटेका घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्नु उनको प्रवृत्ति हो । सामाजिक यथार्थतामा पनि नारीका समस्यालाई मूलभूत विषयवस्तु बनाई नारी चेतना र नारी अस्तित्वको पक्षमा उनका उपन्यासहरू देखिएका छन् । तात्कालिक समाजको वस्तुस्थिति र विसङ्गतपक्षको चित्रण गर्ने उनका उपन्यासमा बाल विवाह, बहु विवाह र अनमेल विवाहले निम्त्याएका सामाजिक, पारिवारिक समस्या र व्यक्तिगत जीवनका दुर्घटित पक्षलाई चित्रण गर्न उनका उपन्यासहरू सफल देखिन्छन् । सामाजिक घटनालाई वर्णनात्मक र रैखिक ढाँचामा प्रस्तुत गर्नु र भाषिक

सरलतालाई जोड दिनु उनको उपन्यासगत प्रवृत्ति हो । ग्रामीण र सहरी दुवै परिवेशको चित्रण पाइने उनका उपन्यासमा सामाजिक, आर्थिक र साँस्कृतिक पक्षका विविध प्रसङ्गलाई उल्लेख गरेको देखिन्छ । सहज एवम् सरल शैलीमा आफ्नो मनमा लागेको अनुभूतिलाई औपन्यासिक रूपमा व्यक्त गर्न सक्नु उपन्यासकार रानाको खुवी नै मान्नु पर्छ । कलिलो उमेरमा नै सामाजिक यथार्थलाई विषयवस्तुमा टिपेर उपन्यासको क्षेत्रमा कलम चलाउनु उपन्यासकार रानाको उज्यालो पक्ष हो (श्रेष्ठ र रिजाल, २०६२ : १९) । लघु आयाममा उपन्यास लेख्ने रानाले दुवै उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेकी छन् । उपन्यासमा विषयवस्तु सुहाउँदो र स्वभाविक पात्र चयन गर्ने शोभा रानाका दुवै उपन्यासमा एउटै प्रवृत्ति हावी रहेकाले उनमा प्रवृत्तिगत विविधता भने रहेको देखिँदैन ।

समग्रमा भन्नुपर्दा सामाजिक विषयवस्तुमा आधारित रहेर विकृति, विसङ्गति र नारी समस्यामा केन्द्रित रहने रानाले सरल भाषामा उपन्यासको प्रस्तुति गर्नु नै उनको उपन्यासगत विशेषता र प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.१.२ उपन्यासकार सरला जोशीका औपन्यासिक प्रवृत्ति

सरला जोशी आधुनिक नेपाली उपन्यासकार हुन् । चितवनको साहित्यमा एउटा औपन्यासिक कृति दिएर उपन्यासकारका रूपमा दरिएकी जोशीले पनि सामाजिक विषयवस्तुलाई नै उपन्यासमा समावेश गरेकी छन् । उनको **अन्तिम स्वीकार** उपन्यासका आधारमा औपन्यासिक प्रवृत्तिलाई केलाउन सकिन्छ । उनका उपन्यासमा सामाजिक विकृति विसङ्गतिका साथै युवा सुलभ, हार्दिक एवम् स्वच्छ प्रेमको प्रस्तुति साथै वर्गीय विभेद, सङ्कीर्ण सामाजिक सोचाइप्रति विद्रोह गरेको देखिन्छ । उनका उपन्यासमा मध्यम वर्गीय नेपाली ग्रामीण तथा सहरिया परिवेशको चित्रण पाइन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित तथा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग पाइनु जोशीका उपन्यासगत विशेषता हुन् । अभिव्यक्तिगत प्रस्तुति, भाषिक प्रयोग र शैलीका दृष्टिले सरल र सुबोध हुनु, औपन्यासिक घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गर्नु, नेपाली रूढिवादी समाजको चित्रण गर्नु, नारी माथि हुने शारीरिक र मानसिक शोषणको विरुद्ध आवाज उठाउनु, ग्रामीण जीवनका विविध पक्षको चित्रण गर्नु उनका औपन्यासिक प्रवृत्तिहरू हुन् । परिवेशको स्पष्ट किटान हुन नसके

पनि पात्र र घटनालाई उपयुक्त वातावरणमा चित्रण गर्दै उपन्यासको कलात्मक पक्षमा जोड दिने प्रवृत्ति पनि जोशीमा देखिएको छ ।

यस प्रकार सरला जोशी सामाजिक यथार्थवादी र नारीवादी प्रवृत्तिका साथमा देखिएकी छन् । सामाजिक समस्यालाई वर्णनात्मक शैलीमा प्रस्तुत गर्नु उनको औपन्यासिक प्रवृत्ति हो ।

## ४.१.३ उपन्यासकार जलेश्वरी श्रेष्ठका औपन्यासिक प्रवृत्ति

चितवनकी नारी उपन्यासकार जलेश्वरी श्रेष्ठले **मेहनती गौरी, सुनपरी** र **नियति चक्र** गरी तीन वटा उपन्यास प्रकाशन गरेकी छिन्, जसमध्ये **मेहनती गौरी** र **सुनपरी** बाल उपन्यास हुन् । बाल-बालिकाको मानसिकताको चित्रण गर्दै सामाजिक यथार्थसँग सम्बन्धित विविध पक्षको प्रस्तुति दिनु यिनको औपन्यासिक प्रवृत्ति हो ।

श्रेष्ठले बाल उपन्यासमा बाल-बालिकाका विभिन्न समस्यामा आधारित रहेर उपन्यास लेखन गरेकी छन् । समाजमा रहेको लैङ्गिक विभेदलाई देखाउनु, परम्परित समाजको चित्रण गर्नु, समाजका विकृति, विसङ्गति र यौनको स्वतन्त्र पक्षको चित्रण गर्नु उनका उपन्यासगत विशेषता हुन् । बाल-उपन्यासमा आकर्षक र विषयवस्तुसँग मिल्ने चित्रणहरूको समावेश गर्दै सरल भाषामा घटनाको वर्णन गरिएको देखिन्छ । लघु आकारमा उपन्यास लेख्ने उपन्यासकार श्रेष्ठले आफ्ना उपन्यासमा बाल बालिकाको इच्छा, चाहना उनीहरूका समस्यालाई देखाउने प्रयास गरेकी छन् । उनले दुई ओटा बाल उपन्यास र एउटा सामाजिक उपन्यास लेखेकी छन् । यिनै उपन्यासका आधारमा उनको औपन्यासिक लेखनको यात्रालाई दुई चरणमा अध्ययन गर्न सकिन्छ :

पहिलो चरण : वि.सं. २०६१-२०६३

दोस्रो चरण : वि.सं. २०६३- हालसम्म

पहिलो चरण बाल उपन्यास लेखनको चरण हो । यसमा बाल-मानसिकता, बाल समस्या र बालबालिकाको आवश्यकतालाई प्रस्तुत गर्न खोजिएको छ । सरल भाषामा बाल-बालिकाको मानसिकताको चित्रण गर्नु र अति काल्पनिक विषयलाई समावेश गर्नु यस चरणका औपन्यासिक प्रवृत्ति मानिन्छन् ।

दोस्रो चरणमा श्रेष्ठको **नियति चक्र** उपन्यास प्रकाशित छ । यो चरण मौलिक सामाजिक उपन्यास लेखनको चरण हो । यसमा सामाीजक यथार्थवादी विषयवस्तुलाई समेटिएको छ । नारी समस्यालाई चित्रण गर्नु, प्रेमका विविध रूपको वर्णन गर्नु, भौतिक-तथा आध्यात्मिक दर्शनको महत्त्वलाई उल्लेख गर्नु श्रेष्ठको दोस्रो चरणको प्रमुख औपन्यासिक प्रवृति हो ।

यसप्रकार जलेश्वरी श्रेष्ठमा लेखनका हिसाबले दुई चरण देखिएका छन् । पहिलो चरण बाल उपन्यास लेखन र दोस्रो चरण मौलिक सामाजिक उपन्यास लेखन भए पनि समग्रमा सामाजिक यथार्थको वर्णनात्मक चित्रण गर्नु र नारी समस्यालाई महत्त्व दिँदै समाजका विविध पक्षको रहस्योद्घाटन गर्नु श्रेष्ठको औपन्यासिक प्रवृत्ति हो ।

## ४.१.४ उपन्यासकार शारदा ढुङ्गानाका औपन्यासिक प्रवृत्ति

चितवनकी साहित्य स्रष्टा शारदा ढुङ्गानाले वि.सं. २०३२ सालदेखि नै साहित्य सिर्जना गर्न प्ररम्भ गरे पनि उपन्यास प्रकाशनका दृष्टिले उनको औपन्यासिक यात्रा २०६२ देखि प्रारम्भ भएको हो । त्यस समयदेखि अहिलेसम्म ढुङ्गानाका **अन्तिम द्वन्द्व**-२०६२, **अचानो परेको जीवन**-२०६३, **प्रश्न चिह्न**-२०६५ र **दुखेका दिन**-२०६९ गरी चारवटा औपन्यासिक कृति प्रकाशित भइसकेका छन् । समाजका यथार्थ पक्षलाई चित्रण गर्ने उनका सुरुका तीनओटा उपन्यासहरू विषयवस्तुका दृष्टिले मिल्दा जुल्दा नै देखिन्छन् भने **दुखेका दिन** उपन्यासमा तात्कालिक जनयुद्धको प्रभावबाट नेपाली समाजमा परेको असरलाई चित्रण गरिएको छ । यस आधारमा उनको औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गर्नु सान्दर्भिक देखिन्छ :

क) पहिलो चरण : वि.सं. २०६२-२०६५ सम्म

ख) दोस्रो चरण : वि.सं. २०६६ देखि हालसम्म

पहिलो चरणमा शारदा ढुङ्गानाका तीन वटा उपन्यासहरू प्रकाशित छन् । **अन्तिमद्वन्द्व, अचानो परेको जीवन** र **प्रश्न चिह्न** उपन्यासमा सामाजिक यथार्थतालाई प्रस्तुत गरिएको छ । लघुआकारमा संरचित यिनका सबै उपन्यासमा ग्रामीण नारीका दुर्गति र पीडालाई विषयवस्तु बनाइएको छ । घर परिवारमा देखिने लैङ्गिक विभेदको प्रस्तुति पाइने

यिनका उपन्यास नारी शोषणको विरोधी नभई पलायनतर्फ उन्मुख देखिन्छन् (लुइँटेल, २०६८ : ८९) । यस चरणमा सामाजिक विकृतिको चित्रणका साथै विभिन्न पात्रको मनोविश्लेषणलाई पनि प्रस्तुत गरिएको छ । सामाजिक धरातलमा रहेर बहु-विवाह, अनमेल विवाह, बालविवाह आदि समस्यालाई प्रस्तुत गर्नु, एकल महिलाका समस्यालाई चित्रण गर्नु यस चरणका औपन्यासिक प्रवृत्ति हुन् ।

सामाजिक समस्यामा मात्र आधारित नभई तात्कालिक जनयुद्धको प्रभावबाट नेपाली समाजलाई परेको प्रत्यक्ष प्रभावको चित्रण दोस्रो चरणको उपन्यास दुखेका दिनमा गरिएको छ । युद्धको भयावह वातावरणको चित्रण गर्नु, युद्धबाट प्रभावित बालबालिका र नारीहरूको समस्यालाई उजागर गर्नु साथै आध्यात्मिक शान्ति र समझदारीको आग्रह गर्नु ढुङ्गानाको दोस्रो चरणको औपन्यासिक प्रवृत्ति हो ।

आफ्ना उपन्यासमा सामाजिक विषयवस्तुको प्रस्तुतिलाई जोड दिने ढुङ्गानाले सामाजिक यथार्थवादी पक्षको उद्घाटन गर्दै नारीको एक्लो जीवनको निरीहता, विवशता र संवेदनशीलतालाई कुशलतापूर्वक चित्रण गरेकी छन् । युद्धको नकारात्मक प्रभावलाई देखाउनु नारीहरूको समस्यामा केन्द्रित रहनु र प्रस्तुतिगत हिसाबले भाषाशैली सरल हुनु ढुङ्गानाका समग्र औपन्यासिक प्रवृत्ति हुन् ।

## ४.१.५ उपन्यासकार निरूपा प्रसूनका औपन्यासिक प्रवृत्ति

चितवनकी पाँचौ नारी उपन्यासकार तथा युवा स्रष्टा निरूपा प्रसूनको **अभिषेक** उपन्यास २०६६ प्रकाशित भएको छ । प्रसून पनि आधुनिक उपन्यासकार हुन् । उनको एकमात्र उपन्यास प्रकाशित भएकाले यसैका आधारमा उनको औपन्यासिक प्रवृत्तिलाई केलाइएको छ ।

आधुनिक उपन्यासकार भएकाले उनका उपन्यासमा पनि आधुनिक जीवन शैलीको प्रभाव पाइन्छ । स्वतन्त्रता र प्रेम-प्रणयलाई सामाजिक यथार्थको पृष्ठभूमिमा प्रस्तुत गर्नु र परम्परित सामाजिक संरचनाभन्दा भिन्न साइबर संस्कृतिलाई आवलम्बन गर्नु उनको औपन्यासिक प्रवृत्ति हो । युवा पुस्ताको प्रेम-प्रणयलाई नवीन शैलीमा लेखिएको छ । उपन्यासभित्रै अर्को उपन्यास सिर्जना गर्नुले यसमा प्रयोगवादी चिन्तन पनि पाइन्छ । विसङ्गतिवादी, अस्तित्ववादी चेतना, मनोविश्लेषणात्मक प्रस्तुति र आधुनिक युवा पुस्ताको

स्वतन्त्र जीवनयापनलाई उपन्यासमा प्रस्तुत गर्नु उनको उपन्यासगत विशेषता हो । उपन्यासमा प्रवल द्वन्द्वको सिर्जना गर्नु, संवादलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्नु र ग्रामीण तथा सहरी वातावरणको चित्रण गर्नु पनि उनका औपन्यासिक प्रवृत्ति हुन् ।

आधुनिक तथा युवा उपन्यासकार निरूपा प्रसूनले आधुनिक चिन्तन, युवा पुस्ताको प्रेमप्रणय, स्वच्छन्दतावादी शैली र प्रयोगवादी चिन्तनलाई उपन्यासको प्रवृत्तिका रूपमा भित्र्याएकी छन् । कलिलो उमेरमै परिष्कृत र भिन्न एवम् नवीन शैलीको उपन्यास लेखेर आफ्नो छुट्टै औपन्यासिक व्यक्तित्व बनाउन सफल रहेकी प्रसून आधुनिक उपन्यास परम्पराकी युवा उपन्यासकारका रूपमा परिचित छन् ।

## ४.२ चितवनका नारी उपन्यासकारका साहित्यिक योगदान

चितवनको भूमिमा रहेर साहित्य सिर्जना गर्ने नारीलाई चितवनका नारी स्रष्टा भनिन्छ भने चितवनको साहित्यिक क्षेत्र अन्तर्गत उपन्यास विधामा कलम चलाउने नारीलाई चितवनका नारी उपन्यासकार मानिएको छ । हुन त साहित्य स्रष्टाको कुनै भौगोलिक सीमा हुँदैन तापनि जन्म र कर्मका आधारमा विभिन्न स्थानका साहित्यकार भनेर चिनाएको पाइन्छ भने लैङ्गिक आधारमा पुरुष साहित्यकार र नारी साहित्यकार भनेर पनि वर्गीकरणको आधार बनाएको देखिन्छ । चितवनका सन्दर्भमा यहाँका नारीहरूले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । साथै चितवनका नारी उपन्यासकार भनेर चिनिने नारीहरूले पनि साहित्यका अन्य विधामा समेत कलम चलाएको देखिन्छ । उनीहरूले दिएको योगदान चितवनको साहित्यमा मात्र नभएर समग्र नेपाली साहित्यकै लागि महत्त्वपूर्ण योगदान बनेको छ । आधि आकाश ओगटेका नारीहरूको साहित्यिक प्रतिभाबाट समग्र नेपालीसाहित्यको क्षेत्रमा के कस्तो योगदान पुगेको छ, चितवनका नारी उपन्यासकारहरूको समग्र साहित्यिक योगदान कस्तो छ, यस विषयमा उनीहरूका विधागत, कलात्मक र सिर्जनात्मक योगदानको चर्चा यस शीर्षक अन्तर्गत गर्नु विषय सान्दर्भिक देखिन्छ ।

### ४.२.१ विधागत योगदान

चितवनका नारी उपन्यासकारले मूल रूपमा उपन्यास लेखनलाई आफ्नो लेखनको क्षेत्र माने पनि साहित्यका कविता, गीत-गजलजस्ता पद्य विधा र आख्यानविधामा कलम चलाएको देखिन्छ । शोभा रानाले फुटकर कविता लेखेर सिङ्गो कृति प्रकाशित नगरे पनि

विभिन्न पत्रपत्रिकामा कविता प्रकाशित हुनुले उनको उपन्यासबाहेक कविता विधामा योगदान देखिन्छ । त्यस्तै उपन्यासकार सरला जोशीको **शब्दको सुवास**-२०६३ (गजल संग्रह) र **अन्तिम स्वीकार**-२०५८ उपन्यास प्रकाशित छन् । यिनले गजल र उपन्यासविधामा सिङ्गो कृति प्रकाशन गरेकी भए पनि फुटकर रूपमा प्रशस्त कथा र कविताहरू लेखेको पाइन्छ । समग्रमा जोशीले उपन्यास, कथा, कविता र गजल विधामा महत्त्वपूर्ण योगदान पुऱ्याएकी छन् । उपन्यासकार जलेश्वरी श्रेष्ठले उपन्यास, बालकथा, बाल-उपन्यास, कथा, गीत कविताजस्ता विधामा योगदान पुऱ्याएकी छन् । उनका बाल साहित्यमा **परीको घर**, **तिसाको जन्मदिन** बाल कथासङ्ग्रह, **शान्ताको इच्छा** लामो बालकथा, **मेहनती गौरी, सुनपरी** बालउपन्यास र **लाभाका बाफहरू**, **मौन विद्रोह** कथासङ्ग्रह प्रकाशित भएका छन् । उपन्यास विधामा उनको **नियति चक्र** उपन्यास प्रकाशित छ भने फुटकर रूपमा लेखिएका गीत-कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित रहेका छन् । शारदा ढुङ्गानाले साहित्यका कविता, खण्डकाव्य, उपन्यास र कथा विधामा कलम चलाएकी छन् । उनका **अन्तिम द्वन्द्व, अचानो परेको जीवन, प्रश्नचिह्न, दुखेका दिन** उपन्यास र **बसुन्धरा स्मृति काव्य** खण्डकाव्य कृतिका रूपमा प्रकाशित छन् भने गीत-कविता र कथाहरू फुटकर रूपमा प्रकाशित भएका देखिन्छन् । युवा उपन्यासकार निरूपा प्रसूनले **अभिषेक** उपन्यास प्रकाशन गरे पनि अन्य विधा कथा र कविताका क्षेत्रमा फुटकर रचना गरेकी छन् । यसरी हेर्दा निरूपा प्रसूनले साहित्यका कथा, कविता र उपन्यास विधामा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

चितवनमा रहेका नारी उपन्यासकारहरूले नेपाली साहित्यको विकासमा गीत-गजल, कविता र खण्डकाव्य जस्ता पद्य विधा र कथा, उपन्यासजस्ता आख्यान विधाको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनीहरूको समग्र साहित्यिक योगदानलाई चितवनमा मात्र नभएर केन्द्रीय स्तरबाटै मूल्याङ्कन गरिनु आवश्यक देखिन्छ ।

## ४.२.२ कलात्मक योगदान

चितवनमा रहेका नारी उपन्यासकारहरूको समग्र साहित्यिक गतिविधिमा विधागत योगदानका साथै कलात्मक योगदान पनि रहेको छ । साहित्य लेखनका सन्दर्भमा कलात्मक योगदान भनेको साहित्यिक कृतिको विषयवस्तुको छनौट, संरचना, प्रस्तुतिगत शैली र भाषिक प्रयोगलाई मान्ने गरिन्छ । साहित्य स्रष्टाले सिर्जना गरेका रचनाहरू केवल

सङ्ख्यापूरक मात्र नभई गुणात्मक हिसाबले उत्कृष्ट ठहरिनु नै साहित्यको कलात्मक गुण मानिन्छ । यही कलात्मक पक्षको प्रस्तुतिमा चितवनका नारी उपन्यासकारहरूको उपस्थिति के कस्तो रहेको छ, उनीहरूले रचना गरेका साहित्यिक रचनामा के कस्तो कलात्मक मूल्य रहेको छ भन्ने विषयमा यस शीर्षक अन्तर्गत चर्चा गरिन्छ ।

उपन्यासकार शोभा रानाले मूलरूपमा उपन्यास र फुटकर रूपमा कविता लेखे पनि कलात्मक मूल्यका दृष्टिले उपन्यास विधा नै अग्र पङ्क्तिमा देखिएको छ । उनले उपन्यासमा सामाजिक विषयवस्तुलाई वर्णनात्मक तरिकाले प्रस्तुत गर्दै सामान्य पाठकले पनि बुझ्न सक्ने शैलीमा लेखेकी छन् । भाषिक प्रवाहमयता, काव्यिक परिवेश र विभिन्न अलङ्कार, रस, बिम्ब र प्रतीकको प्रयोगले कृति थोरै भए पनि गुणात्मक स्तरमा कलात्मक ठहरिएका छन् ।

उपन्यासकार सरला जोशीले उपन्यासमा **अन्तिम स्वीकार** कृति र गजल सङ्ग्रहका रूपमा **शब्दको सुवास** कृति प्रकाशित गरेकी छन् । फुटकर रूपमा गीत कविता र कथा विधामा योगदान दिए पनि कलात्मक प्रस्तुति भने गजल र उपन्यास विधामा पाइन्छ । गजलकै राजधानीमा बसेर लेखिएका गजल सङ्ग्रहले गजलको गेयात्मकता, विषयवस्तु, प्रस्तुति शैली र काव्यात्मक प्रवाहलाई समेट्दै काव्यको रसास्वादन गर्न समेत सहयोग पुऱ्याएका छन् । गजलमा शब्द चयनको चातुर्यदेखि लिएर साङ्गीतिक झङ्कारको समेत उद्घोष हुनुले कविता विधाको उपविधा गजलका क्षेत्रमा जोशीको कलात्मक योगदानको सहजै अनुमान गर्न सकिन्छ । त्यस्तै उपन्यास लेखन परम्परा र त्यसमा पनि सङ्ख्यात्मक रूपमा पातलो देखिने नारी उपन्यासकारका रूपमा रहेर उपयुक्त सामाजिक पृष्ठभूमि, पात्र चयन, परिवेश प्रयोग र भाषा शैलीगत प्रयुक्तिले उनको उपन्यासगत कलात्मक योगदानलाई पनि पुष्टि गरेको छ ।

उपन्यासकार जलेश्वरी श्रेष्ठले पाँचओटा बालसाहित्यका कृतिहरू प्रकाशन गरेकी छन्, जसमध्ये पाँचवटा कथा विधा र तिनवटा उपन्यास विधासँग सम्बन्धित छन् । त्यस्तै अन्य साहित्यिक सिर्जनामा उनका दुईओटा कथा सङ्ग्रह र एउटा उपन्यास प्रकाशित देखिन्छ । बालकालिकाका लागि उपयोगी र शिक्षाप्रद मानिने उनका बालसाहित्यिक कृतिहरू रोचकता, कौतुहलता र आकर्षक चित्र प्रयोगले निकै कलात्मक बन्न पुगेका छन् । त्यस्तै उपन्यास र कथा सङ्ग्रहमा मानवीय जीवनका विविध पक्षलाई चित्रण गर्न उपयुक्त परिवेश,

भाषाशैली र पात्र चयन गरिएकाले कथा र उपन्यासमा पनि उनको कलात्मक प्रस्तुति भेटिन्छ ।

उपन्यासकार शारदा ढुङ्गानाले उपन्यास विधामा चारवटा कृति **अन्तिमद्वन्द्व**, **अचानो परेको जीवन**, **प्रश्नचिह्न**, **दुखेका दिन** प्रकाशन गरेकी छन् भने कविता विधाको खण्डकाव्य उपविधामा **बसुन्धरा स्मृति शोककाव्य** प्रकाशन गरेकी छन् । कथा विधामा समेत फुटकर रूपमा कलम चलाए पनि उनको कलात्मक योगदान भनेको कविता र उपन्यास नै हुन् । कविताको मध्यमरूप खण्डकाव्य र त्यसमा पनि शोककाव्य र स्मृति काव्यका रूपमा पाएको **बसुन्धरा स्मृति शोककाव्य**ले अर्को कलात्मक योगदानलाई राम्रोसँग पुष्टि गरेको छ । सासूको मृत्युको शोकको घडीमा लेखिएको यस काव्यले सासू बुहारीको आत्मिक प्रेमलाई आँशुको काव्यमा परिणत गरिदिएको छ । शोकलाई पनि काव्यात्मक रसास्वादनमा परिणत गर्न सक्नु उनको काव्यमा देखिएको कलात्मक योगदान हो । सङ्ख्यात्मक रूपमा चितवन जिल्लामै धेरै उपन्यास लेख्ने ढुङ्गानाले गुणात्मक दृष्टिले पनि उत्कृष्ट उपन्यास सिर्जना गरेकी छन् । सबै उपन्यासमा औपन्यासिक स्वरूप र ढाँचाको पालना गरी प्रभावकारी पठनीय र सुबोध्य उपन्यास सिर्जना गर्नु उनको कलात्मक योगदान नै मान्न सकिन्छ ।

उपन्यासकार निरूपा प्रसूनले सिङ्गो कृतिका रूपमा **अभिषेक** उपन्यास लेखेकी छन् । गीत-गजलहरू फुटकर रूपमा प्रकाशित छन् । चितवन जिल्लाकै लेखन र उमेरका हिसाबले कान्छी उपन्यासकार भए पनि उनको उपन्यास कान्छो उपन्यास भन्न सुहाउने छैन । यसको कथनशैली र प्रस्तुतिगत ढाँचाले उनलाई आधुनिक नवीन शैलीकी स्रष्टाका रूपमा लिन सकिन्छ । उपन्यासभित्रै उपन्यासको गर्भाधान गराउन सक्ने उनको प्रस्तुतिगत क्षमता र प्रयोगशील चिन्तनले उनको कलात्मक योगदानलाई प्रमाणित गरिदिएको छ । एउटै कृति लेखेर पनि उक्त कृतिले विभिन्न दृष्टिकोणबाट सकारात्मक श्रेय पाउनु उनको कलात्मक योगदान हो ।

### ४.२.३ चितवनका नारी उपन्यासकारहरूको मूल्याङ्कन र स्तर निर्धारण

चितवन जिल्लाका नारी उपन्यासकार र तिनका औपन्यासिक कृतिहरूको अध्ययन विश्लेषण पश्चात् उनीहरूको विधागत र कलात्मक योगदानका बारेमा चर्चा गरिसकेपछि उनीहरूको मूल्याङ्कन र उपन्यास परम्परामा स्तर निर्धाराण गर्नु पनि आवश्यक देन्खिन्छ ।

चितवन जिल्लामा रहेर उपन्यासकारका रूपमा स्थापित भए पनि साहित्यका अन्यविधामा समेत उनीहरूले योगदान पुऱ्याएका छन् । चितवनका नारी उपन्यासकारको उपस्थिति वि.सं. २०५२ बाट प्रारम्भ भएको र त्यसले वर्तमानसम्म पनि विभिन्न शैली र प्रवृत्तिका साथमा विकसित हुने मौका पाएको छ । वीस वर्षे लामो औपन्यासिक इतिहास लिएर देखा परेका नारी उपन्यासकारको यति छोटो पृष्ठभूमिमा जम्मा पाँचजना नारी उपन्यासकारले उपन्यासमा कलम चलाउने साहस गरेका छन् । केन्द्रीय स्तरमा कलम चलाउने नारी उपन्यासकार भन्दा सङ्ख्यात्मक र गुणात्मक हिसाबले कुनै कमी नदेखिएका चितवनका नारी स्रष्टाले केन्द्रीय स्तरबाट कुनै सहयोग, सम्मान र मूल्याङ्कन पाउन सकेका छैनन् । प्रतिस्पर्धाकै रूपमा हेर्ने हो भने पनि यहाँका नारी साहित्यकारका उपन्यासहरू केन्द्रीय स्तरमा अब्बल दर्जामा दरिन पुग्छन् । यसरी सङ्ख्यात्मक र गुणात्मक हिसाबले पनि समग्र नेपाली साहित्यको परम्परा र विकासमा साथ दिँदै आएका चितवनका नारी उपन्यासकारले आफ्नो सिर्जनाद्वारा नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

चितवनभित्रकै नारी उपन्यासकारको परम्परालाई हेर्दा सबैभन्दा पहिलो नारी उपन्यासकारका रूपमा शोभा रानाले आफ्नो स्थान बनाएकी छन् । बिसै वर्षको उमेरमा पहिलो उपन्यास लेखी चितवन जिल्लालाई नारी उपन्यास लेखनको भूमिका रूपमा स्थापित गरेकी उनी उमेरका हिसाबले सबैभन्दा सानो उमेरमा उपन्यास लेख्ने उपन्यासकार समेत हुन् । २०५६ सालमा **सिकार** नामक उपन्यास प्रकाशित भएपछि अहिलेसम्म पनि कुनै कृति प्रकाशित भएको नदेखिएकाले साहित्य लेखनप्रति उनको सक्रियता घट्दै गएको हो कि भन्ने सम्भावनाका प्रश्नहरू प्रशस्त देखिन्छन् । चितवन जिल्लामा रहेर बाल उपन्यासका क्षेत्रमा कलम चलाउने पहिलो उपन्यासकारका रूपमा जलेश्वरी श्रेष्ठले आफ्नो स्थान बनाएकी छिन् । उनले चितवन जिल्लालाई दुईवटा बाल उपन्यास सुम्पिएर चितवन जिल्लाकै पहिलो र एकमात्र बाल उपन्यासकारका रूपमा आफ्नो नाम सुरक्षित गरेकी छन् । सङ्ख्यात्मक रूपमा चितवन जिल्लामा सबैभन्दा धेरै उपन्यास लेख्ने नारी उपन्यासकासकारमा शारदा ढुङ्गानाको नाम अग्रपङ्क्तिमा आउँछ । हुन त उनका चारवटै उपन्यासहरू गुणात्मक दृष्टिले पनि उत्कृष्ट नै छन् । यस सन्दर्भमा पनि ढुङ्गानाको उपन्यासकार व्यक्तित्वले अग्रासन जमाएको देखिन्छ । त्यस्तै उपन्यासकार भएर पनि कविताको खण्डकाव्य विधामा कलम चलाउने नारी कवयित्रीका रूपमा पनि ढुङ्गानालाई लिन सकिन्छ । चितवनकी अर्की उपन्यासकार निरूपा प्रसून चितवनको नारी उपन्यासकारको परम्परामा लेखनका दृष्टिले

सबैभन्दा कान्छी भए पनि उनको एकमात्र उपन्यास **अभिषेक**ले चितवन जिल्लाकै नारी उपन्यासकारको नौलो आयाम र प्रयोगवादी चिन्तनले भरिएको पहिलो उपन्यास हुने मौका पाएको छ । यसभन्दा अघिल्ला सबै नारी साहित्यकारका कृतिहरू परम्परित र यथास्थितिवादी भए पनि उनको यो उपन्यासले चितवनको औपन्यासिक यात्रालाई नयाँ मोड प्रदान गरेको छ । सरला जोशीको एकमात्र उपन्यास **अन्तिम स्वीकार** कृतिले उपन्यासको लेखन परम्परालाई निरन्तरता दिएको देखिन्छ । यसभित्रको औपन्यासिक प्राप्ति भने उपलब्धिमूलक नै रहेको मान्न सकिन्छ । उपन्यासकार भएर गजल सङ्ग्रह प्रकाशन गर्ने उनी चितवनकी सशक्त गजलकार पनि हुन् । यी सबै पक्षहरूको अध्ययन गर्दा चितवनका पाँचजना नारी साहित्यकारहरूको साहित्यिक पृष्ठभूमि, साहित्यिक लेखन, गुणात्मक पक्ष, सङ्ख्यात्मक पक्ष, प्रस्तुति शैली, भाषाशैली, जीवनबोध, उपन्यासको सङ्ख्या, चिन्तन, विचार र प्रवृत्तिका आधारमा स्तर निर्धारण गर्नुपर्ने हुन्छ । उनीहरूका उपन्यास कृतिले पाठकमा पारेको प्रभाव, केन्द्रीय साहित्यसँगको सम्बन्ध र गुणात्मक पक्षको मूल्याङ्कनलाई आधार मानेर चितवनका नारी उपन्यासकारहरूको स्तर निर्धारण यसरी गरिएको छ :

| **स्तर क्रम** | **उपन्यासकारको नाम** |
|---|---|
| प्रथम स्तर | शारदा ढुङ्गाना |
| द्वितीय स्तर | जलेश्वरी श्रेष्ठ |
| तृतीय स्तर | निरूपा प्रसून |
| चतुर्थ स्तर | शोभा राना |
| पाँचौ स्तर | सरला जोशी |

## ४.२.४ निष्कर्ष

चितवनका नारी उपन्यासकारहरूले सामाजिक विषयवस्तुमा आधारित रहेर औपन्यासिक कृतिको रचना गरेको देखिन्छ । सामाजिक विसङ्गति, नारीमाथि हुने अन्याय अत्याचार, लैङ्गिक विभेद, वर्गीय द्वन्द्व जस्ता विषयगत परिधिमा उपन्यासहरू बाँधिएका छन् । केन्द्रीय साहित्य स्तरमै प्रतिस्पर्धी रहेका चितवनका नारी उपन्यासकारका औपन्यासिक कृतिहरू सङ्ख्यात्मक र गुणात्मक हिसाबले पनि प्रभावकारी र सशक्त छन् । लगभग बीस वर्षको लामो इतिहास बनेको नारी उपन्यास साहित्यिक यात्रामा चितवनअझै थुप्रै नारी उपन्यासकारको सहभागिता देखिने प्रवल सम्भावनाहरू रहेका छन् ।

## परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

### ५.१ पृष्ठभूमि

**चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्रमा अध्ययन विश्लेषण गरिएका विभिन्न परिच्छेदका निष्कर्षहरूलाई यस परिच्छेदमा उल्लेख गरिएको छ । यसका साथै सम्पूर्ण परिच्छेदको समग्र उपसंहारलाई पनि यहाँ राखिएको छ ।

### ५.२ परिच्छेद : एकको निष्कर्ष

यस परिच्छेदमा **चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन** शीर्षकको शोधपत्रमा आधारित रही शोधपत्रको विषय परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । यसमा विषयपरिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, सामग्री सङ्कलन विधि, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखालाई राखिएको छ ।

### ५.३ परिच्छेद : दुईको निष्कर्ष

यस परिच्छेदमा उपन्यासको सैद्धान्तिक स्वरूप र परिभाषा, उपन्यासका प्रमुख संरचक घटक वा तत्त्वलाई उल्लेख गरिएको छ । यसका साथै नेपाली उपन्यास लेखनको विकास प्रक्रिया, धरा वा प्रवृत्तिका रूपमा नेपाली उपन्यासको वर्गीकरणका साथै उपन्यास र साहित्यका अन्य विधा (कथा, नाटक, महाकाव्य) सँगको तुलनात्मक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

### ५.४ परिच्छेद : तीनको निष्कर्ष

यस परिच्छेदमा चितवनको साहियिक गतिविधि, चितवन जिल्लाले कविता, कथा, उपन्यास, निबन्ध, नाटक र समालोचना विधामा पुऱ्याएको योगदानलाई उल्लेख गरिएको छ । विशेष गरी चितवनको उपन्यास विधाको गतिविधिलाई देखाइएको यस परिच्छेदमा चितवनको साहित्य र केन्द्रीय साहित्यका बीचमा अन्तरसम्बन्धको चर्चा गरिएको छ । चितवनका नारी उपन्यासकारको चर्चा गर्दै उनीहरूको सङ्क्षिप्त जीवनवृत्त, व्यक्तित्वका

आयामहरू र तिनीहरूले रचना गरेका औपन्यासिक कृतिको अध्ययन र विश्लेषण गरिएको छ, जस अन्तर्गत पाँचजना नारी उपन्यासकार र एघारवटा औपन्यासिक कृति रहेका छन् ।

## ५.५ परिच्छेद : चारको निष्कर्ष

यस परिच्छेदमा चितवनका नारी उपन्यासकारहरूको औपन्यासिक प्रवृत्ति र विशेषता उल्लेख गर्दै चितवनको साहित्यमा उनीहरूले दिएको योगदानको अध्ययन गरिएको छ । उनीहरूको विधागत, सिर्जनात्मक र कलात्मक योगदानको अध्ययन गरी मूल्याङ्कन र स्तर निर्धारण पनि यस परिच्छेदमा गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष एवम् उपसंहार

नेपालको छहत्तरौँ जिल्ला भनेर चिनिने चितवन प्राकृतिक दृष्टिले सौन्दर्ययुक्त, सामाजिक-आर्थिक दृष्टिले विविधतायुक्त र सम्पन्न, साहित्यिक सिर्जनाका दृष्टिले अत्यन्तै उर्बर भूमि रहेको जिल्ला हो । समग्र जीवनलाई चित्रण गर्न सक्ने र आजको विश्व परिवेशमा चर्चाको विषय बन्न सफल एवम् पाठकका लागि लोकप्रिय उपन्यास विधा चितवनको साहित्यमा पनि वि.सं. २०३३ बाट लेखिएको देखिन्छ । चितवनले औपन्यासिक कृति २०३३ देखि प्राप्त गरे पनि नारी उपन्यासकार जन्माउन भने चितवनलाई लगभग बिस वर्ष कुर्नु परेको थियो । २०५२ सालमा शोभा रानाले लेखको **बेवारिसे** उपन्यास नै चितवनका साहित्यको पहिलो नारी स्रष्टाकृत उपन्यास बनेको छ । त्यसपछि चितवनको उपन्यास लेखनमा सरला जोशी, जलेश्वरी श्रेष्ठ, शारदा ढुङ्गाना र निरूपा प्रसूनले कलम चलाएको देखिन्छ । अहिलेसम्म चितवन जिल्लामा पाँच जना नारी उपन्यासकार र तिनीहरूका एघारवटा औपन्यासिक कृति भेटिएका छन् । चितवनका नारी उपन्यासकारहरूले लेखेका **बेवारिसे, सिकार, अन्तिम स्वीकार, अन्तिम द्वन्द्व, अचानो परेको जीवन, प्रश्नचिह्न, दुखेका दिन, अभिषेक, मेहनती गौरी, सुनपरी** र **नियतिचक्र** उपन्यासको सिर्जना गरेका छन् । **बेवारिसे** उपन्यास सामाजिक विषयवस्तुमा आधारित छ । यसले बेवारिसे जीवनको कारुणिक पक्षलाई चित्रण गरेको छ । **सिकार** उपन्यासले नेपाली नारीहरू विभिन्न बहानामा पुरुष वर्गको सिकार बन्नु परेको मार्मिक पक्षलाई उद्घाटन गरेको छ । **अन्तिम स्वीकार** उपन्यासले नारीवादी समस्यामै आधारित बहुविवाह, बालविवाह जस्ता नारी अस्तित्वसँग जोडिएका विषयवस्तुलाई प्रस्तुत गर्दै सामाजिक यथार्थताको चित्रण गरेको छ । **मेहनती**

**गौरी** र **सुनपरी** बाल उपन्यास हुन् । बालबालिकाको मानसिकताको उद्घाटन गर्ने यी उपन्यासमा अतिकाल्पनिक घटनाको साथै बाल-मानसिकताको विश्लेषण गरिएको छ । **नियति चक्र** उपन्यासमा नेपाली नारीहरूको बाध्यता, विवशता र संवेदनशीलताजस्ता पक्षलाई चित्रण गर्दै नियतिको चक्रले जीवनलाई कसरी घुमाउँछ भन्ने तथ्यलाई उल्लेख गरिएको छ । **अन्तिमद्वन्द्व** उपन्यासमा जीवन द्वन्द्व र सङ्घर्षमा बाँचेको कुरा नेपाली नारीका माध्यमबाट प्रस्तुत गरिएको छ भने **अचानो परेको जीवन** उपन्यासमा नारीमाथि पुरुषको अन्याय, शोषण र अत्याचारको पर्दाफास गर्दै जीवनलाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ । **प्रश्नचिह्न** उपन्यास पनि नारी समस्यामै आधारित देखिन्छ । यसमा सङ्घर्षशील जीवनको दुःखद पक्षहरूलाई चित्रण गरिएको छ । दुदेका दिन उपन्यासमा जनयुद्धको प्रभावबाट नेपाली समाज र नेपाली नारीहरूलाई परेको प्रत्यक्ष प्रभावलाई देखाइएको छ । **अभिषेक** उपन्यास नयाँ पुस्ताका युवाहरूको प्रेम प्रणयलाई सामाजिक पृष्ठभूमिमा प्रस्तुत गरिएको नयाँ शैली र ढाँचाको रहेको छ ।

चितवनका नारी उपन्यासकारहरूले आफ्ना उपन्यासमा समाजका यथार्थघटनालाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । खासगरी नारीवादी समस्यालाई मुख्य विषयवस्तु बनाइएको भए पनि यी उपन्यासमा जीवन सङ्घर्ष, प्रेम प्रणय, गरिबी, अशिक्षा, लैङ्गिक विभेदजस्ता विषयलाई पनि समेटिएको छ । चितवनमा लेखिएका यी उपन्यासहरू चितवन जिल्लाको चार दिवारभित्र मात्र नभएर समग्र नेपाली उपन्यास क्षेत्रकै महत्त्वपूर्ण उपलब्धि बन्न पुगेका छन् । चितवनका नारी उपन्यासकारहरूले उपन्यासमा मात्र नभएर कथा, कविता, निबन्ध, जस्ता विधामा पनि साहित्यिक रचना दिएर साहित्यको श्रीबृद्धिमा अविस्मरणीय योगदान पुऱ्याएका छन् । उनीहरूको विधागत सिर्जनात्मक र कलात्मक योगदानले गर्दा चितवन जिल्ला आफैमा गौरवको विषय बनेको छ । नेपाली साहित्यलाई अग्रगति प्रदान गर्न आफ्नो क्षेत्रबाट पाँचजना उपन्यासकार र एघारवटा औपन्यासिक कृति सिर्जना गर्ने चितवन जिल्ला औपन्यासिक विधाका तर्फबाट धन्यवादको पात्र बनेको छ । चितवन जिल्लाका नारी उपन्यासकारमा लेखनका क्रममा केही त्रुटि र कमजोरी भेटिए पनि उपन्यासका क्षेत्रमा जीवनभर लागिपर्ने यी अथक परिश्रमी नारी स्रष्टालाई चितवन जिल्लाले मात्र होइन राष्ट्रले नै उचित मूल्याङ्कन गरेर उनीहरूको सेवाको कदर गर्नुपर्ने देखिएको छ ।

# सम्भावित शोध शीर्षकहरू

१. चितवनका नारी केन्द्रित उपन्यासको अध्ययन

२. जलेश्वरी श्रेष्ठको **मेहनती गौरी** उपन्यासको कृतिपरक अध्ययन

३. जलेश्वरी श्रेष्ठको **सुनपरी** उपन्यासको कृतिपरक अध्ययन

४. जलेश्वरी श्रेष्ठको **नियतिचक्र** उपन्यासको कृतिपरक अध्ययन

५. निरूपा प्रसूनको **अभिषेक** उपन्यासको कृतिपरक अध्ययन

६. शारदा ढुङ्गानाको **अन्तिम द्वन्द्व** उपन्यासको कृतिपरक अध्ययन

७. शारदा ढुङ्गानाको **अचानो परेको जीवन** उपन्यासको कृतिपरक अध्ययन

८. शारदा ढुङ्गानाको **प्रश्नचिह्न** उपन्यासको कृतिपरक अध्ययन

९. शारदा ढुङ्गानाको **दुखेका दिन** उपन्यासको कृतिपरक अध्ययन

१०. शोभा रानाको **बेवारिसे** उपन्यासको कृतिपरक अध्ययन

११. शोभा रानाको **सिकार** उपन्यासको कृतिपरक अध्ययन

१२. सरला जोशीको **अन्तिम स्वीकार** उपन्यासको कृतिपरक अध्ययन

१३. साहित्यकार निरूपा प्रसूनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

१४. साहित्यकार सरला जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

१५. साहित्यकार शोभा रानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

# परिशिष्ट : एक

यस शोधकार्यका लागि सामग्री सङ्कलनका क्रममा शोध शीर्षक अन्तर्गत रहेर उपन्यासकार र अन्य व्यक्तित्वसँग मौखिक कुराकानी र टेलिफोन अन्तर्वार्ता गरिएको छ । ती व्यक्तिहरूको वर्णानुक्रमिक नामावली र मोबाइल नम्बर यसप्रकार रहेको छ :

| क.सं. | नाम थर | सम्पर्क नं. |
|---|---|---|
| १. | जलेश्वरी श्रेष्ठ, उपन्यासकार | ९८४९४६८६६७, ०१-४४१४४९१ |
| २. | निरूपा प्रसून, उपन्यासकार | ९८४९०४४८५७ |
| ३. | पुष्प आचार्य, नाटककार | ९४४५१७८१३७ |
| ४. | शारदा ढुङ्गाना, उपन्यासकार | ९८४१८१७००९, ०१-४८८०६६४ |
| ५. | शोभा राना, उपन्यासकार | ९८४१५७९१३८ |
| ६. | सरला जोशी, उपन्यासकार | ९८४५०२४२४१, ०५६-५२१४२२ |

# सन्दर्भसामग्री

## क) सन्दर्भग्रन्थसूची


अधिकारी, अच्युतरमण (२०६५), *शारदाको प्रश्नचिह्नमाथि,* **प्रश्न चिह्न,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

उपाध्याय, केशवराज (२०६७), **साहित्य प्रकाश,** सातौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

केशरी, गीता (२०६९), *दुखेका दिनभित्र पस्दा,* **दुखेका दिन,** शारदा ढुङ्गाना, चितवन : ब्रह्म बसुन्धरा स्मृति प्रतिष्ठान ।

———— (२०६३), *अचानो परेको जीवनलाई नियाल्दा,* **अचानो परेको जीवन,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

———— (२०६५), *प्रश्नचिह्न किन,* **प्रश्नचिह्न**, काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

गैरे, ईश्वरीप्रसाद (२०६३), **आधुनिक नेपाली आख्यान,** काठमाडौं : क्षितिज प्रकाशन, २०६३ ।

गौतम, ध्रुवचन्द्र (२०६६), *अभिषेक सम्भावनाको छाल,* **अभिषेक,** काठमाडौं : ज्योति साहित्य प्रतिष्ठान ।

———— (२०६९), *औपन्यासिक यात्रालाई शुभकामना,* **नियतिचक्र,** काठमाडौं : सहयोगी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०५२), **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान,** ललितपुर : साझा प्रकाशन ।

जोशी, सरला (२०५८), **अन्तिम स्वीकार,** वाराणसी : मुकेश प्रकाशन ।

टण्डन, गोविन्द (२०५६), *शुभेच्छा,* **सिकार,** शोभाराना, स्वयं ।

ढुङ्गाना, शारदा (२०६२), **अन्तिम द्वन्द्व,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

———— (२०६३), **अचानो परेको जीवन,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

———— (२०६५), **प्रश्नचिह्न,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

———— (२०६९), **दुखेका दिन,** चितवन : ब्रह्म-वसुन्धरा स्मृति प्रतिष्ठान ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६०), **नेपाली कथा र उपन्यास,** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

त्रिपाठी, सुधा (२०६७), **नारीवादको कठघरामा नेपाली साहित्य,** ललितपुर : साझा प्रकाशन ।

———— (२०६८), **नारीवादी सौन्दर्य चिन्तन,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

———— (२०६८), **नेपाली उपन्यासमा नारीवाद,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

धराबासी, कृष्ण (२०६६), *साइबरप्रेमको एक नमुना,* **अभिषेक,** काठमाडौं : ज्योति साहित्य प्रतिष्ठान ।

न्यौपाने, विजयराज (२०६८), **लमजुङको साहित्यिक इतिहास,** काठमाडौं : ईश्वरीदेवी न्यौपाने ।

पाण्डे, ज्ञानु (२०६९), **नेपाली उपन्यासमा लैङ्गिकता,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अरू (सम्पा.) (२०५५), **नेपाली वृहत शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६८), **उपन्यास समालोचना** (प्रवृत्ति र विश्लेषण), काठमाडौं : भुँडीपुराण प्रकाशन ।

———— (२०६९), **समकालीन नेपाली साहित्य चिन्तन र उपन्यास समालोचना,** पोखरा : सुलोचना खनाल ।

———— (२०६९), **नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप,** पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

———— (२०६९), **नेपाली उपन्यासमा सामाजिक यथार्थवाद,** पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्र सिंह (२०५२), **साझा समालोचना,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

———— (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो संस्करण, पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

प्रसून, निरूपा (२०६६), **अभिषेक,** काठमाडौं : ज्योति साहित्य प्रतिष्ठान ।

बन्धु, चूडामणि (सम्पा.) (२०६०), **नेपाली साहित्यको इतिहास,** प्रथम खण्ड, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

———— (२०६४), **साहित्य र समाज,** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

भट्टराई, ऋषिराम (२०६७), **चितवनका नारी साहित्य स्रष्टाहरूको सर्वेक्षण र विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

भट्टराई, प्रभा (२०६२), *अन्तिम द्वन्द्वका बारेमा केही कुरा,* **अन्तिम द्वन्द्व,** शारदा ढुङ्गाना, काठमाडौं : नारी साहित्य प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (२०५८), **नेपाली उपन्यासका आधारहरू,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

राना, शोभा (२०५२), **बेवारिसे,** चितवन : नवीन राना ।

———— (२०५६), **सिकार,** काठमाडौं : स्वयम् ।

रिजाल, सरस्वती (२०५२), *मेरो विचारमा,* **बेवारिसे,** शोभा राना, चितवन : नवीन राना ।

लम्साल, नवराज (२०६६), आवरण पृष्ठ, **अभिषेक,** काठमाडौं : ज्योति साहित्य प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (सम्पा.) (२०५८), **नेपाली प्रकृति प्रत्यय कोश,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

———— (२०६९), **नेपाली उपन्यासको इतिहास,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, लीला (२०६८), **नेपाली महिला उपन्यासकार,** ललितपुर : साझा प्रकाशन ।

विकल, रमेश (२०६२), *एउटा छोटो र मीठो बालकथा,* **मेहनती गौरी,** दोस्रो संस्करण, विराटनगर : बनिता प्रकाशन ।

शर्मा, ठाकुर (२०६६), आवरण पृष्ठ, **अभिषेक,** काठमाडौं : ज्योति साहित्य प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६३), **समकालीन समालोचना सिद्धान्त,** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६२), **शोधविधि,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, गायत्री र सरस्वती रिजाल (२०६२), **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू,** चितवन : नारायणी कला मन्दिर ।

श्रेष्ठ, जलेश्वरी (२०६२), **मेहनती गौरी,** दोस्रो संस्करण, विराटनगर : वनिता प्रकाशन ।

———————— (२०६६), **सुनपरी,** विराटनगर : वनिता प्रकाशन ।

———————— (२०६९), **नियतिचक्र,** काठमाडौं : सहयोगी प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, भागीरथी (२०६६), *सुनपरीका सुनको पखेंटा समात्दै,* **सुनपरी,** दोस्रो संस्करण, विराटनगर : वनिता प्रकाशन ।

सापकोटा, पार्वती (२०६७), **साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

———————— (२०६९), **समसामयिक नेपाली उपन्यासको अध्ययन,** काठमाडौं : पैरवी प्रकाशन ।

———————— (२०६९), *सामाजिक दुर्नियतिको नियति चक्र : जलेश्वरी श्रेष्ठको औपन्यासिक सिर्जना चेत,* **नियतिचक्र,** काठमाडौं : सहयोगी प्रकाशन ।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पा.) (२०६८), **रत्न वृहत् नेपाली समालोचना,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

## ख) सन्दर्भपत्रिकासूची

अधिकारी, पूर्णप्रसाद (२०६५), *चितवनको आख्यान विगत र वर्तमान,* **चितवन महोत्सव स्मारिका,** चितवन : उद्योग वाणिज्य संघ, पृ. १६५-१७० ।

अधिकारी, ज्ञानु (२०६९), *चितवन जिल्लामा नारी साहित्यकारहरूको उपस्थिति : सङ्क्षिप्त आकलन,* **चितवन महोत्सव स्मारिका,** चितवन : उद्योग वाणिज्य संघ, पृ. १६५-१६८ ।

खनाल, हरिहर (२०५७), *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका,** चितवन : उद्योग वाणिज्य संघ ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), *उपन्यासमा नारीवादी चेतना समेतको अभिव्यक्ति : नियतिचक्र* (पुस्तक चर्चा), **गरिमा,** वर्ष ३०, अङ्क ७, पूर्णाङ्क ३५५, असार, पृ. ४२५-४२६) ।

———— (२०७०), स्वर्ण महोत्सव विशेषाङ्क, **मारूनी** १४औं फन्को, चितवन : नारायणी कला मन्दिर, पृ. १३९ ।

घिमिरे, रमण (२०६६), *शैलीगत नवीनता,* **नेपाल पत्रिका,** फागुन १६, पृ. ५५ ।

'दाजुभाइ', दीपकमणि (२०६७), *घटना र विचार,* **साप्ताहिक,** मङ्सिर २९ ।

त्रिपाठी, वासुदेव र अरू (सम्पा.) (२०४१/०४२), *एक पालुवा अनेकौं याम उपन्यासको पात्रविधान,* **वाङ्मय,** कीर्तिपुर : ने.के.शि., वर्ष ५, पूर्णाङ्क ५, पृ. ६८ ।

ढकाल, रजनी (२०६९), *अन्यायले उरालेको नारी आवाज : जलेश्वरी श्रेष्ठ,* **गरिमा,** वर्ष ३१, अङ्क ४, पूर्णाङ्क ३६४, चैत्र, पृ. ८९-९५ ।

प्रभात, रमेश (२०६४), *चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन,* **रामेश्वर स्मारिका,** चितवन : रामेश्वर पुस्तकालय, पृ. १२५-१३९ ।

बास्तोला, ज्ञानप्रसाद (२०६७), *निरूपा र प्रेमको ह्याङओभर,* **शब्द र शब्दहरू** (साप्ताहिक), मङ्सिर २९ ।

भट्टराई, धनेश्वर (२०६९), *अन्तिम स्वीकार उपन्यासमा पाइने प्रणय चेतना,* **कायाकैरन,** वर्ष ७, अङ्क १३५, फागुन २२ गते, पृ. २ ।

विनोदी, गोविन्दराज (२०६७), *चितवनका स्रष्टा र साहित्य,* **चितवन महोत्सव स्मारिका,** चितवन : उद्योग वाणिज्य संघ, पृ. ४१-४६ ।